बङ्गलादेश	५.६	६.१	९.०	९.७	१०.०	९.२
भूटान	८.२	५.९	४.५	४.३	२.६	४.०
भारत	५.५	६.७	५.४	४.६	२.१	४.७
माल्दिभ्स	०.२	२.६	२.६	१.४	३.५	३.०
नेपाल	३.६	६.३	७.८	५.४	४.१	३.१
श्रीलङ्का	६.०	४५.२	१७.४	१.२	#	#
अफगानिस्तान	७.८	१०.६	-७.७	-४.३	२.९	#
पाकिस्तान	८.९	१२.१	२९.२	२३.४	४.५	७.२
चीन	०.९	२.०	०.२	०.२	०.२	१.२

स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल २०२६ # प्रक्षेपण नगरेको।

१.१३ सन् २०२६ मा दक्षिण एशियाली मुलुकमध्ये भारत, भूटान र पाकिस्तानबाहेक अन्य मुलुकको उपभोक्ता मुद्रास्फीति सन् २०२५ को तुलनामा घट्ने प्रक्षेपण छ। नेपालमा उपभोक्ता मुद्रास्फीति सन् २०२५ मा ४.१ प्रतिशत रहेकोमा सन् २०२६ मा ३.१ प्रतिशत रहने प्रक्षेपण छ।

१.१४ सन् २०२१ देखि २०२५ सम्म नेपालको औसत मुद्रास्फीति ५.८ प्रतिशत रहेको छ। यस अवधिमा भारत र चीनको औसत मुद्रास्फीति क्रमश: ४.९ प्रतिशत र ०.७ प्रतिशत रहेको छ। सन् २०२६ मा नेपाल र भारत बाहेक चीनको मुद्रास्फीति पछिल्लो पाँच वर्षको औसत भन्दा बढी रहने प्रक्षेपण छ।

चार्ट १(ख): नेपाल, भारत र चीनको मुद्रास्फीतिको तुलनात्मक विवरण (प्रतिशतमा)



स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२६

१.१५ मध्यपूर्वी एशियामा जारी युद्ध, ऊर्जा पूर्वाधारमा भएको क्षति, इन्धन आपूर्तिमा देखिएको अवरोध लगायतका कारण अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम पदार्थको मूल्य उच्च रहने प्रक्षेपण छ। सन् २०२५ मा प्रति ब्यारेल औसत ६७.७ अमेरिकी डलर रहेको कच्चा पेट्रोलियम पदार्थको मूल्य सन् २०२६ मा औसत ८२.२ अमेरिकी डलर पुग्ने प्रक्षेपण छ। सुन, चाँदी लगायत अन्य धातुको मूल्यमा पनि उच्च वृद्धि हुने प्रक्षेपण छ।

विश्व व्यापार

१.१६ सन् २०२१ मा उच्च दरले वृद्धि भएको विश्व व्यापारको आयतन त्यसपश्चातका वर्षमा सामान्य वृद्धि भएको छ। रुस-युक्रेन युद्ध, अन्तर्राष्ट्रिय व्यापारमा देखिएको तनाव, अतिरिक्त भन्सार दर लगाउने प्रतिस्पर्धाका साथै सन् २०२६ को शुरुवातसँगै मध्यपूर्वी एशियामा जारी युद्ध लगायतका कारणले विश्व व्यापार प्रभावित भएको छ। फलस्वरुप सन् २०२६ मा विश्व व्यापारको वृद्धिदर २.६ प्रतिशतमा सीमित हुने प्रक्षेपण रहेको छ।

तालिका १(घ): विश्व व्यापारको आयतन (वार्षिक प्रतिशत परिवर्तन)

विवरण	२०२१	२०२२	२०२३	२०२४	२०२५	२०२६*
विश्व व्यापार आयतन	१०.८	५.९	०.९	३.७	५.१	२.८
निकासी आयतन						
विकसित अर्थतन्त्र	९.७	६.२	०.६	२.१	३.७	२.५
उदीयमान तथा विकासशील अर्थतन्त्र	१२.७	४.५	१.४	६.६	७.४	३.५
पैठारी आयतन						
विकसित अर्थतन्त्र	१०.१	७.५	-०.८	२.२	४.७	२.६
उदीयमान तथा विकासशील अर्थतन्त्र	१२	४.१	३.८	६	५.७	२.७

स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२६ *प्रक्षेपण

१.१७ सन् २०२६ मा विकसित र उदीयमान तथा विकासशील अर्थतन्त्रको निकासी र पैठारी सन् २०२५ को तुलनामा न्यून रहने प्रक्षेपण छ। सन् २०२५ मा ३.७ प्रतिशतले वृद्धि भएको विकसित अर्थतन्त्रको निकासीको आयतन १.२ प्रतिशत विन्दुले घटेर सन् २०२६

मा २.५ प्रतिशत रहने प्रक्षेपण छ। यसैगरी, उदीयमान तथा विकासशील अर्थतन्त्रको निकासी सन् २०२५ मा ७.४ प्रतिशतले वृद्धि भएकोमा सन् २०२६ मा ३.५ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ।

चालु खाता सन्तुलन

१.१८ दक्षिण एशियाका मुलुकमध्ये नेपालबाहेक अन्य मुलुकको चालु खाता घाटामा रहेको छ। सन् २०२५ मा नेपालको चालु खाता कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ६.७ प्रतिशतले बचतमा रहेकोमा सन् २०२६ मा ०.२ प्रतिशत विन्दुले थप वृद्धि भई ६.९ प्रतिशतले बचतमा रहने प्रक्षेपण छ। दक्षिण एशियाली मुलुकमध्ये कुल गार्हस्थ्य उत्पादनको अनुपातमा भुटानको चालु खाता सबैभन्दा बढी घाटामा रहने प्रक्षेपण छ। सन् २०२६ मा चीनको चालु खाता कुल गार्हस्थ्य उत्पादनको ३.५ प्रतिशत बचतमा रहने प्रक्षेपण छ।

तालिका १(ङ): दक्षिण एशियाली मुलुक र चीनको चालु खाता सन्तुलन

(कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)

मुलुक	२०२१	२०२२	२०२३	२०२४	२०२५	२०२६
बङ्गलादेश	-१.१	-४.१	-२.६	-१.४	०.०	-०.६
भूटान	-११.२	-२९.५	-३५.०	-२०.४	-१८.९	-१९.३
भारत	-१.३	-२.१	-०.७	-०.६	-०.९	-२.०
माल्दिभ्स	-८.७	-१६.३	-२१.२	-१८.७	-८.४	-१७.६
नेपाल	-७.७	-१२.६	-०.९	३.९	६.७	६.९
श्रीलङ्का	-३.७	-२.०	१.७	१.२	#	#
पाकिस्तान	-०.८	-४.७	-१.०	-०.५	-०.१	-०.४
अफगानिस्तान	-०.१	-१८.५	-२०.३	-३९.६	-४०.२	#
चीन	१.९	२.४	१.४	२.२	३.७	३.५

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२६ * प्रक्षेपण # प्रक्षेपण नगरेको

राष्ट्रिय अर्थतन्त्र

१.१९ विश्व भू-राजनीतिक तनाव, मध्यपूर्वी एशियामा जारी युद्ध र इन्धनको मूल्यमा भएको भारी वृद्धि लगायतका कारणबाट मुलुकको अर्थतन्त्र प्रभावित हुन पुगेको छ। खासगरी मध्यपूर्वी एशिया लगायतका मुलुकमा कार्यरत नेपाली कामदारको रोजगारी प्रत्यक्ष प्रभावित भई विप्रेषण आप्रवाहमा प्रतिकूल असर पर्नसक्ने जोखिम रहेको छ। साथै मध्यपूर्वी एशियाका मुलुक भई नेपाल भित्रिने पर्यटकको सङ्ख्या प्रभावित हुने र पर्यटन/भ्रमणबाट प्राप्त हुने आम्दानी समेत घट्ने सम्भावना रहेको छ। युद्धले गर्दा बढेको पेट्रोलियम पदार्थको मूल्यका कारण उपभोग्य वस्तु लगायत निर्माण सामग्रीको मूल्यमा वृद्धि हुन गई समग्र मूल्यस्तर तुलनात्मक रुपमा बढेको छ।

१.२० तराई क्षेत्रमा धान रोप्ने समयमा परेको खडेरीका कारण धान रोपाई भएको क्षेत्रफलमा आएको कमीको साथै धान भित्र्याउने समयमा भएको अधिक वर्षाको कारण धानको उत्पादन घटेको र तद्अनुरुपको प्रभाव कृषि क्षेत्रमा परेको छ। विद्युत उत्पादन बढेर ४ हजार १ सय ५ मेगावाट पुगेको छ। सेवा क्षेत्रको वृद्धि सामान्य रहेको छ।

१.२१ आर्थिक वर्षको मध्यसम्म न्यून रहेको उपभोक्ता मुद्रास्फीति मध्यपूर्वी एशियाको युद्ध र सोबाट उत्पन्न परिस्थितिबाट पेट्रोलियम पदार्थको बढ्दो मूल्यका कारण पछिल्लो अवधिमा केही बढ्न गएको छ। तथापि उपभोक्ता मुद्रास्फीति लक्षित सीमाभित्र रहेको छ।

१.२२ राजस्व परिचालन बढे पनि राजस्व वृद्धिदर तुलनात्मक रुपमा न्यून छ। सङ्घीय खर्चमा वृद्धि भएतापनि पुँजीगत खर्च घटेको छ। सङ्घीय खर्चको तुलनामा राजस्व परिचालनको वृद्धिदर न्यून रहँदा स्रोत व्यवस्थापनका लागि ऋणमाथिको निर्भरता बढेको छ। फलस्वरुप सार्वजनिक ऋण २०८२ फागुन मसान्तमा रु.२८ खर्ब ७८ अर्ब पुगेको छ।

१.२३ चालु आर्थिक वर्षमा बाह्य क्षेत्रका परिसूचक सकारात्मक रहेका छन्। कुल वस्तु व्यापारमा निकासीको अंश बढेको छ। यद्यपि भ्रमण आयमा भने केही कमी आएको छ। विप्रेषण आप्रवाहको साथै अन्य व्यवसायिक सेवा र सूचना प्रविधिको निकासीबाट प्राप्त आम्दानी लगायत बढेकोले चालु खाता र शोधनान्तर स्थिति दुवै उच्च बचतमा रहेका छन्। फलस्वरुप विदेशी विनिमय सञ्चिति हालसम्मकै उच्च रही १८.५ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

१.२४ वित्तीय पहुँचमा वृद्धि हुँदै गएको छ। विद्युतीय भुक्तानी कारोबारमा वृद्धि भएको छ। बैङ्क तथा वित्तीय संस्थामा अधिक तरलता र कर्जाको ब्याजदर न्यून रहँदा समेत निजी क्षेत्रतर्फ अपेक्षितस्तरमा कर्जा प्रवाह हुन सकेको छैन। बैङ्क तथा वित्तीय संस्थाको निष्क्रिय कर्जा बढेको छ। बीमाको पहुँच विस्तार भएसँगै बीमा प्रिमियम सङ्कलन बढेको छ। पुँजी बजारमा उच्च उतारचढाव कायमै छ।


आर्थिक वृद्धि

१.२५ मुलुकको अर्थतन्त्र चालु आर्थिक वर्षमा न्यून दरमा विस्तार हुने अनुमान छ। विद्युत तथा ग्यास क्षेत्रमा उल्लेख्य वृद्धि भएता पनि यातायात तथा भण्डारण, सूचना तथा सञ्चार, खुद्रा व्यापार लगायत क्षेत्रमा भएको सामान्य वृद्धि र कृषि क्षेत्रको न्यून वृद्धिका कारण आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धि ३.८५ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो वृद्धि ४.४३ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्ष मुलुकको अर्थतन्त्र आधारभूत मूल्यमा ३.६८ प्रतिशतले विस्तार हुने अनुमान छ। गत आर्थिक वर्ष यस्तो विस्तार ३.८० प्रतिशत रहेको थियो।

१.२६ धान बालीको उत्पादन घटेता पनि गहुँ, मकै, कोदो, औद्योगिक बाली र पशुजन्य उत्पादन, फलफूल लगायत हिउँदे बालीको उत्पादनमा भएको वृद्धिका कारण कृषि क्षेत्रको मूल्य अभिवृद्धिको वृद्धिदर तुलनात्मक रुपमा न्यून रहने अनुमान छ। विद्युत उत्पादन, यातायात, थोक तथा खुद्रा व्यापार वित्तीय क्षेत्रको कारोबारमा भएको वृद्धि तथा सूचना प्रविधि सेवामा भएको विस्तारले सेवा क्षेत्रमा वृद्धि हुने अनुमान छ।

१.२७ आर्थिक वर्ष २०८२/८३ को कृषि र गैरकृषि क्षेत्रको उत्पादन (कुल मूल्य अभिवृद्धि) क्रमश:१.५८ प्रतिशत र ४.५४ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष यस्तो उत्पादन ३.०५ प्रतिशत र ४.१२ प्रतिशतले बढेको थियो। चालु आर्थिक वर्ष धानको उत्पादन ४.१६ प्रतिशतले घट्ने अनुमान छ। धान बाहेकका खाद्यान्न बाली, औद्योगिक बाली, पशुपन्छीजन्य उत्पादन, फलफूल तथा केही हिउँदे बालीको उत्पादनमा सामान्य वृद्धि हुने अनुमान रहेकोले कृषि क्षेत्रको मूल्य अभिवृद्धिको वृद्धिदर न्यून रहने अनुमान छ। विद्युत तथा ग्यास, थोक तथा खुद्रा व्यापार, लगायतका क्षेत्रको मूल्य अभिवृद्धिको वृद्धिदर उच्च रहने अनुमान रहेकोले गैरकृषि क्षेत्रको कुल अभिवृद्धि तुलनात्मक रुपमा बढ्ने अनुमान छ।


चार्ट १(ग): कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (प्रतिशतमा)



स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१.२८ चालु आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २४.० प्रतिशत र गैरकृषि क्षेत्रको योगदान ७६.० प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान क्रमश: २४.५ प्रतिशत र ७५.५ प्रतिशत रहेको थियो। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको औसत योगदान २५.० प्रतिशत र गैरकृषि क्षेत्रको योगदान ७५.० प्रतिशत रहेको छ।

चार्ट १(घ): कुल गार्हस्थ्य उत्पादनमा कृषि र गैरकृषि क्षेत्रको योगदान (प्रतिशतमा)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

उपभोग

१.२९ मुलुकको अर्थतन्त्र उपभोग केन्द्रित रहेको छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश ९०.८ प्रतिशत रहेको छ। चालु आर्थिक वर्ष यस्तो अंश ९०.३ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष ७.४ प्रतिशतले बढेको कुल उपभोग चालु आर्थिक वर्ष ३.२ प्रतिशतले बढ्ने अनुमान छ।

चार्ट १(ङ): उपभोगको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१.३० निजी उपभोगको तुलनामा सरकारी उपभोग न्यून छ। चालु आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा सरकारी क्षेत्र र निजी क्षेत्रको उपभोगको अनुपात क्रमश: ५.९८ प्रतिशत र ८२.४० प्रतिशत रहने अनुमान छ। यसैगरी गैर-नाफामूलक संस्थाको उपभोगको अनुपात १.९२ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो अनुपात क्रमश: ८.३८

प्रतिशत, ८२.८४ प्रतिशत र १.८९ प्रतिशत रहेको थियो। पछिल्लो दशकमा यस्तो अनुपात क्रमश: ७.९ प्रतिशत, ८१.१ प्रतिशत र १.७ प्रतिशत रहेको छ।

१.३१ चालु आर्थिक वर्ष सरकारी क्षेत्र, निजी क्षेत्र र गैर-नाफामूलक संस्थाको उपभोगको अनुपात क्रमश: ६.६२ प्रतिशत, ९१.२६ प्रतिशत र २.१२ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो अनुपात क्रमश: ९.०१ प्रतिशत, ८८.९६ प्रतिशत र २.०३ प्रतिशत रहेको थियो। विगत दशकमा यस्तो अनुपात क्रमश: ८.७३ प्रतिशत, ८९.३८ प्रतिशत र १.९ प्रतिशत रहेको छ।


चार्ट १(च): सरकारी, निजी तथा गैरनाफामूलक संस्थाको उपभोग (कुल उपभोगको प्रतिशत)



स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१.३२ कुल निजी उपभोगमध्ये खाद्य वस्तुको अंश बढी छ। कुल निजी उपभोगमा खाद्य वस्तुको अंश घट्ने र सेवा तथा गैर खाद्य वस्तुको अंश सामान्य वृद्धि हुने अनुमान छ। चालु आर्थिक वर्ष कुल निजी उपभोगमा खाद्य वस्तु, गैरखाद्य वस्तु र सेवाको अंश क्रमश: ४८.३० प्रतिशत, १८.४६ प्रतिशत र ३३.२४ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो अंश क्रमश: ४८.८४ प्रतिशत, १८.३४ प्रतिशत र ३२.८२ प्रतिशत रहेको थियो। पछिल्लो दशक कुल निजी उपभोगमा खाद्य, गैर-खाद्य वस्तु र सेवाको अंश वार्षिक औसत क्रमश: ४८.७५ प्रतिशत, १८.६७ प्रतिशत र ३२.५८ प्रतिशत रहेको छ।

चार्ट १(छ): आर्थिक वर्ष २०८२/८३ मा निजी क्षेत्रको उपभोग संरचना (प्रतिशतमा)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१.३३ कुल गार्हस्थ्य बचत र कुल राष्ट्रिय बचतमा सुधार भएको छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य बचत ६.९ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष २.८ प्रतिशत विन्दुले सुधार भई ९.७ प्रतिशत पुग्ने अनुमान छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य बचत वार्षिक औसत ९.२ प्रतिशत रहेको छ।

चार्ट १(ज): कुल गार्हस्थ्य बचत र कुल राष्ट्रिय बचत

(कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१.३४ विप्रेषण आप्रवाहमा भएको उल्लेख्य वृद्धि, लगानी सङ्कुचन लगायतका कारण कुल राष्ट्रिय बचत बढ्दै गएको छ। चालु आर्थिक वर्ष कुल राष्ट्रिय बचत कुल गार्हस्थ्य उत्पादनको ४४.७७ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो अनुपात ३८.३९ प्रतिशत रहेको थियो। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा कुल राष्ट्रिय बचत वार्षिक औसत ३७.० प्रतिशत रहेको छ।

लगानी

१.३५ न्यून पुँजीगत खर्च र सुस्त कर्जा लगानीका बाबजुद पनि कुल लगानी बढेको छ। गत आर्थिक वर्ष कुल लगानी १०.७ प्रतिशतले वृद्धि भएकोमा चालु आर्थिक वर्ष यस्तो लगानी १५.६ प्रतिशतले बढेर रु.२१ खर्ब ७ अर्ब ९० करोड पुग्ने अनुमान छ। पछिल्लो दशक कुल लगानी कुल गार्हस्थ्य उत्पादनको औसत ३४.२६ प्रतिशत रहेको छ।


चार्ट १(झ): लगानी (कुल पुँजी निर्माण) को प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)



स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१.३६ चालु आर्थिक वर्ष कुल स्थिर लगानी १८.६ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष यस्तो लगानी १०.९ प्रतिशतले बढेको थियो। गत आर्थिक वर्ष कुल स्थिर लगानी कुल गार्हस्थ्य उत्पादनको २३.५७ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष २६.२६ प्रतिशत पुग्ने अनुमान छ। पछिल्लो दशक कुल लगानी र कुल स्थिर लगानी कुल गार्हस्थ्य उत्पादनको वार्षिक औसत क्रमशः ३४.२६ प्रतिशत र २८.४५ प्रतिशत रहेको छ।

चार्ट १(ञ): स्थिर लगानी संरचना (कुल स्थिर लगानीको प्रतिशतमा)



स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित


१.३७ निजी क्षेत्रको कुल स्थिर लगानीमा समेत उल्लेख्य वृद्धि भएको छ। कुल स्थिर लगानीमा निजी क्षेत्रको लगानी करिब तीन चौथाई रहेको छ। चालु आर्थिक वर्ष कुल स्थिर लगानी रु.१७ खर्ब ३३ अर्ब २३ करोड रहने अनुमान छ। कुल स्थिर लगानीमध्ये सरकारी (सार्वजनिक संस्थानसहित) र निजी लगानीको अंश क्रमशः २६.५ प्रतिशत र ७३.५ प्रतिशत अनुमान छ। गत आर्थिक वर्ष यस्तो अंश क्रमशः ४२.३ प्रतिशत र ५७.७ रहेको थियो। चालु आर्थिक वर्ष तीन तहका सरकारको पुँजीगत खर्च तुलनात्मक रुपमा न्यून रहने अनुमानका आधारमा सरकारी लगानीमा उल्लेख्य कमी आउने अनुमान छ। पछिल्लो दशक कुल स्थिर लगानीमा निजी क्षेत्र र सरकारी क्षेत्रको अंश वार्षिक औसत क्रमशः ६८.३ प्रतिशत र ३१.७ प्रतिशत रहेको छ।

बचत-लगानी अन्तर

१.३८ लगानीका लागि गार्हस्थ्य बचत अझै पनि अपर्याप्त छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा बचत-लगानी अन्तर २०.९ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो अन्तर २.८ प्रतिशत विन्दुले कमी आई १८.१ प्रतिशत रहने अनुमान छ। पछिल्लो दशकमा यस्तो अन्तर सबैभन्दा बढी आर्थिक वर्ष २०७६/७७ मा रहेको थियो।

चार्ट १(ट): कुल गार्हस्थ्य बचत-लगानी अन्तर


(कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)



स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१.३९ आर्थिक वर्ष २०७८/७९ मा ८.० प्रतिशतले ऋणात्मक रहेको राष्ट्रिय बचत र लगानीको अन्तर त्यस पछिका आर्थिक वर्षमा धनात्मक हुँदै गएको छ। खासगरी विप्रेषण आप्रवाहको साथै अन्य व्यावसायिक सेवा र सूचना प्रविधिको निकासीबाट प्राप्त आम्दानीमा भएको उल्लेख्य वृद्धिको प्रभावस्वरुप कुल राष्ट्रिय बचत समेत उल्लेख्य बढेको हो। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा राष्ट्रिय बचत र लगानी बीचको अन्तरको अनुपात ९.० प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो अनुपात १२.८ प्रतिशत रहने अनुमान छ।

चार्ट १(ठ): कुल राष्ट्रिय बचत-लगानी अन्तर (कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

प्रतिव्यक्ति आय

१.४० आर्थिक क्रियाकलापमा आएको शिथिलता, न्यून आर्थिक वृद्धि लगायतका कारणले प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर न्यून रहेको छ। गत आर्थिक वर्ष प्रतिव्यक्ति

कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.२ लाख ६ हजार ६ सय २५ रहेकोमा चालु आर्थिक वर्ष ५.५ प्रतिशतले वृद्धि भई रु.२ लाख १७ हजार ९ सय ४६ पुग्ने अनुमान छ। पछिल्लो दशक प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनको वार्षिक औसत वृद्धिदर ८.८ प्रतिशत रहेको छ। चालु आर्थिक वर्ष अमेरिकी डलरसँग नेपाली रुपैयाँ ५.७ प्रतिशतले अवमूल्यन हुने अनुमानको आधारमा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन घटेर १ हजार ५ सय १३ अमेरिकी डलर रहने अनुमान छ। गत आर्थिक वर्ष प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १ हजार ५ सय १६ अमेरिकी डलर रहेको थियो।


चार्ट १(ड): प्रचलित मूल्यमा प्रतिव्यक्ति आयको वृद्धिदर (प्रतिशत)



स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१.४१ आर्थिक वर्ष २०८२/८३ मा प्रतिव्यक्ति राष्ट्रिय आय र प्रतिव्यक्ति कुल राष्ट्रिय खर्चयोग्य आय दुवैमा सामान्य वृद्धि भएको छ। चालु आर्थिक वर्ष प्रतिव्यक्ति कुल राष्ट्रिय आय ५.७ प्रतिशतले वृद्धि हुने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो आय ६.३ प्रतिशतले वृद्धि भएको थियो। गत आर्थिक वर्ष १ हजार ५ सय ३५ अमेरिकी डलर रहेको प्रतिव्यक्ति राष्ट्रिय आय चालु आर्थिक वर्षमा समेत सोही बराबर रहने अनुमान छ। गत आर्थिक वर्ष प्रतिव्यक्ति कुल खर्चयोग्य आय १ हजार ९ सय ९४ अमेरिकी डलर रहेकोमा चालु आर्थिक वर्ष २ हजार ४४ अमेरिकी डलर पुग्ने अनुमान छ।

चार्ट १(ढ): प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलर)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना

१.४२ विद्युत उत्पादनमा भएको उल्लेख्य वृद्धि र निर्माण लगायतका क्षेत्रमा भएको सुधारले द्वितीयक क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धिदर गत आर्थिक वर्षको तुलनामा उच्च दरले बढेको छ। धान उत्पादनमा आएको कमी तथा सेवा क्षेत्रका गतिविधिमा आएको शिथिलताले प्राथमिक र सेवा क्षेत्रको वृद्धिदर भने न्यून रहेको छ।

१.४३ आर्थिक वर्ष २०८२/८३ मा प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र र सेवा क्षेत्रको वृद्धिदर क्रमशः १.६३ प्रतिशत, ५.७७ प्रतिशत र ४.२१ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो वृद्धिदर क्रमशः ३.०१ प्रतिशत, ३.४० प्रतिशत र ४.३६ प्रतिशत रहेको थियो। पछिल्लो दशक प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र र सेवा क्षेत्रको वार्षिक औसत वृद्धिदर क्रमशः ३.२० प्रतिशत, ५.८९ प्रतिशत र ४.५१ प्रतिशत रहेको छ।


चार्ट १(ण): कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर (प्रतिशत)



स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१.४४ कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान घट्दै गएको छ भने सेवा क्षेत्रको योगदान बढ्दै गएको छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीयक र सेवा क्षेत्रको योगदान क्रमशः २४.९६ प्रतिशत, १३.२५ प्रतिशत र ६१.८० प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो योगदान क्रमशः २४.४६ प्रतिशत, १३.७३ प्रतिशत र ६१.८१ प्रतिशत रहने अनुमान छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र र सेवा क्षेत्रको योगदान वार्षिक औसत क्रमशः २५.५२ प्रतिशत, १३.६० प्रतिशत र ६०.८८ प्रतिशत रहेको छ।

चार्ट १(त): कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीयक र सेवा क्षेत्रको योगदान (प्रतिशतमा)



स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१.४५ गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमश: २४.५ प्रतिशत, १३.७ प्रतिशत र ६१.८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो योगदान क्रमश: २४.० प्रतिशत, १४.२ प्रतिशत र ६१.८ प्रतिशत रहने अनुमान छ।

क्षेत्रगत वर्गीकरण अनुसार कुल मूल्य अभिवृद्धि

कृषि क्षेत्र

१.४६ कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान घट्दै गए तापनि अर्थतन्त्रको मुख्य सम्वाहकको रुपमा कृषि क्षेत्र नै रहेको छ। गत आर्थिक वर्ष यस क्षेत्रको कुल मूल्य अभिवृद्धि ३.०५ प्रतिशतले वृद्धि भएकोमा चालु आर्थिक वर्ष यस्तो वृद्धिदरमा कमी आई १.५८ प्रतिशतमा सीमित रहने अनुमान छ। धान उत्पादनमा आएको कमी, अन्य प्रमुख खाद्यान्न बाली, मासु, अण्डा, माछा उत्पादनमा भएको सामान्य वृद्धि लगायतका कारण कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर गत वर्षभन्दा कम हुने अनुमान छ।

उद्योग क्षेत्र


१.४७ गत आर्थिक वर्ष **खानी तथा उत्खनन् क्षेत्र**को कुल मूल्य अभिवृद्धिको वृद्धिदर १.३९ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो वृद्धिदर ३.५२ प्रतिशत रहने अनुमान छ। निर्माण क्षेत्रमा भएको सुधार र खानी तथा उत्खनन् क्षेत्रको रोयल्टी सङ्कलनमा भएको वृद्धिले यस क्षेत्रको कुल मूल्य अभिवृद्धिमा सुधार हुने अनुमान छ। गत आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा खानी तथा उत्खनन् क्षेत्रको योगदान ०.४५ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ०.४३ प्रतिशत रहने अनुमान छ।

१.४८ आर्थिक वर्ष २०८०/८१ मा **उत्पादनमूलक उद्योग**को कुल मूल्य अभिवृद्धि घटेकोमा त्यस पछिका आर्थिक वर्षमा कुल मूल्य अभिवृद्धि बढेको छ। सिमेण्ट, वनस्पति घ्यू, कंक्रीट, फलामे रड, खोटो, सूर्तीजन्य पदार्थ, वायरिङ्ग तार, जुट, वियर लगायतका वस्तुको

उत्पादनमा भएको वृद्धि, भट्मासको कच्चा तेल, फलामे रडको कच्चा पदार्थ, कोईला लगायत कच्चा पदार्थको आयातमा भएको वृद्धि र उत्पादित वस्तुको मागमा भएको वृद्धिका कारण उद्योग क्षेत्रको वृद्धिमा सुधार भई २.८३ प्रतिशत पुग्ने अनुमान छ। गत आर्थिक वर्ष यस्तो वृद्धिदर २.२७ प्रतिशत रहेको थियो।

१.४९ पछिल्लो दशक उत्पादनमूलक उद्योग क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर औसत ४.०३ प्रतिशत रहेको छ। औद्योगिक कच्चा पदार्थको आयात र आन्तरिक उत्पादनमा समेत भएको वृद्धिले उत्पादनमूलक उद्योग क्षेत्रको योगदान केही बढ्ने अनुमान छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान ५.६६ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ५.७२ प्रतिशत पुग्ने अनुमान छ।


चार्ट १(थ): कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योग क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)



स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१.५० जलविद्युत उत्पादनमा भएको वृद्धि, विद्युत प्रसारण संरचनाको विस्तारका साथै विद्युत उपभोगमा समेत भएको वृद्धिले **विद्युत तथा ग्यास क्षेत्र**को कुल मूल्य अभिवृद्धि चालु आर्थिक वर्ष समेत उल्लेख्य वृद्धि भई २०.९३ प्रतिशत पुग्ने अनुमान छ। गत आर्थिक यस्तो वृद्धिदर १२.७१ प्रतिशत रहेको थियो। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान १.८१ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष २.०८ प्रतिशत पुग्ने अनुमान छ।


चार्ट १(द): कुल गार्हस्थ्य उत्पादनमा विद्युत, ग्यास तथा वाष्प र वातानुकूलित आपूर्ति सेवाको योगदान र वृद्धिदर (प्रतिशत)



स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१.५१ कुल गार्हस्थ्य उत्पादनमा **पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलाप**को योगदान पछिल्ला केही वर्षदेखि घट्दै गएको छ। गत आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ०.४२ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो योगदान ०.४० प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०८१/८२ मा पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलाप क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर २.०५ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष १.९९ प्रतिशत रहने अनुमान छ।


चार्ट १(ध): कुल गार्हस्थ्य उत्पादनमा पानी आपूर्ति, ढल व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलाप क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा)



स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१.५२ निर्माण सामग्रीको पैठारी तथा निर्माणजन्य औद्योगिक वस्तुको आन्तरिक उत्पादनमा भएको वृद्धि लगायतका कारण चालु आर्थिक वर्ष **निर्माण क्षेत्र**को कुल मूल्य अभिवृद्धिमा सुधार हुने अनुमान छ। आर्थिक वर्ष २०७९/८० र आर्थिक वर्ष २०८०/८१ मा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि ऋणात्मक रहेतापनि त्यसपछिका आर्थिक वर्षमा धनात्मक रहेको छ। गत आर्थिक वर्ष यस क्षेत्रको वृद्धिदर ०.९६ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष २.२१ प्रतिशत पुग्ने अनुमान छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा निर्माण क्षेत्रको योगदान ५.३५ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ५.५२ प्रतिशत पुग्ने अनुमान छ।

चार्ट १(न): कुल गार्हस्थ्य उत्पादनमा निर्माण क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

सेवा क्षेत्र

१.५३ सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धिमा **थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्र**को योगदान सबैभन्दा बढी रहेको छ। वस्तु आयात र कृषि लगायत व्यापारजन्य वस्तुको आन्तरिक उत्पादनमा भएको वृद्धिका कारण थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्रको वृद्धिदर ४.५१ प्रतिशत पुग्ने अनुमान छ। गत आर्थिक वर्ष यस्तो वृद्धिदर ३.८८ प्रतिशत रहेको थियो।

१.५४ आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादनमा थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्रको योगदान १३.७६ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष १४.०९ प्रतिशत रहने अनुमान छ। पछिल्लो दशक यस क्षेत्रको औसत वृद्धिदर ४.२७ प्रतिशत र कुल गार्हस्थ्य उत्पादनमा औसत योगदान १४.८५ प्रतिशत रहेको छ।


चार्ट १(प): कुल गार्हस्थ्य उत्पादनमा थोक, खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मतसेवा क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)



स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१.५५ यातायातका साधनको आयात, आन्तरिक तथा विदेशी पर्यटकको सङ्ख्यामा भएको वृद्धि र थोक तथा खुद्रा व्यापार क्षेत्रमा भएको वृद्धिका कारण आर्थिक वर्ष २०८२/८३ मा **यातायात तथा भण्डारण क्षेत्र**को कुल मूल्य अभिवृद्धि ५.७९ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ। गत आर्थिक वर्षमा यस्तो वृद्धिदर ७.०७ प्रतिशत रहेको थियो। विगत दश वर्षको यस क्षेत्रको कुल मूल्य अभिवृद्धिको औसत वृद्धिदर ४.९८ प्रतिशत रहेको छ।


चार्ट १(फ): कुल गार्हस्थ्य उत्पादनमा यातायात तथा भण्डारण क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)



स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१.५६ पर्यटक आगमनमा भएको वृद्धि र आन्तरिक पर्यटकको सङ्ख्यामा भएको सुधारको प्रभावस्वरुप **आवास तथा भोजन सेवा क्षेत्र**को कुल मूल्य अभिवृद्धि चालु आर्थिक वर्ष ३.१२ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष यस्तो वृद्धिदर ४.६१ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा आवास तथा भोजन सेवा क्षेत्रको योगदान २.४४ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान २.४२ प्रतिशत रहेको थियो। पछिल्लो दशक यस क्षेत्रको योगदान वार्षिक औसत २.०४ प्रतिशत र वृद्धिदर ६.८८ प्रतिशत रहेको छ।


चार्ट १(ब): कुल गार्हस्थ्य उत्पादनमा आवास तथा भोजन सेवा क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)



स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१.५७ कम्प्युटर प्रोग्रामिङ्ग तथा सूचना सेवाका क्रियाकलापमा भएको वृद्धि र इन्टरनेट सेवा प्रदायकको कारोवार तथा तारारहित सञ्चारमा भएको वृद्धिको कारण चालु आर्थिक वर्ष समेत **सूचना तथ सञ्चार क्षेत्र**को कुल मूल्य अभिवृद्धि ५.५३ प्रतिशत पुग्ने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको कुल मूल्य अभिवृद्धि ४.८८ प्रतिशतले वृद्धि भएको थियो। चालु आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान १.९३ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो योगदान १.९२ प्रतिशत रहेको थियो। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वार्षिक औसत २.१३ प्रतिशत र वृद्धिदर ५.२२ प्रतिशत रहेको छ।


चार्ट १(भ): कुल गार्हस्थ्य उत्पादनमा सूचना तथा सञ्चार क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)



स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१.५८ बैङ्क तथ वित्तीय संस्थाको निक्षेप तथा ऋण प्रवाहमा भएको वृद्धि, बीमा प्रिमियम सङ्कलनमा भएको वृद्धिका साथै अन्य गैरबैकिङ्ग संस्थाको आयमा भएको वृद्धिका कारण चालु आर्थिक वर्ष **वित्तीय तथा बीमा क्षेत्र**को कुल मूल्य अभिवृद्धि ९.१६ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको कुल मूल्य अभिवृद्धि ७.५५ प्रतिशतले बढेको थियो।

चार्ट १(म): कुल गार्हस्थ्य उत्पादनमा वित्तीय तथा बीमा क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१.५९ गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा वित्तीय तथा बीमा क्षेत्रको योगदान ६.७८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष बढेर ६.७२ प्रतिशत पुग्ने अनुमान छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वार्षिक औसत ६.६० प्रतिशत र वृद्धिदर ७.१४ प्रतिशत रहेको छ।

१.६० घरजग्गा कारोबारमा भएको सामान्य वृद्धि र निजी आवास तथा भाडाका क्रियाकलापमा भएको उल्लेख्य वृद्धिका कारण **घरजग्गा कारोबार सेवा क्षेत्र**को कुल मूल्य अभिवृद्धि २.६९ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको कुल मूल्य अभिवृद्धि २.७७ प्रतिशतले बढेको थियो।

चार्ट १(य): कुल गार्हस्थ्य उत्पादनमा घरजग्गा कारोबार क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१.६१ चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा घरजग्गा कारोबार क्षेत्रको योगदान ८.०७ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान ८.१९ प्रतिशत रहेको थियो।

पछिल्लो दशक यस क्षेत्रको योगदान वार्षिक औसत ८.६३ प्रतिशत र वृद्धिदर २.६५ प्रतिशत रहेको छ।

१.६२ अध्ययन, अनुसन्धान र प्राविधिक क्रियाकलापमा भएको वृद्धिसँगै **पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप क्षेत्र**को कुल मूल्य अभिवृद्धि ३.२७ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको कुल मूल्य अभिवृद्धि ४.०३ प्रतिशतले बढेको थियो। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ०.९७ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ०.९५ प्रतिशत रहने अनुमान छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वार्षिक औसत ०.९८ प्रतिशत र वृद्धिदर ४.१२ प्रतिशत रहेको छ।


चार्ट १(र): कुल गार्हस्थ्य उत्पादनमा पेशागत वैज्ञानिक तथा प्राविधिक क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)



स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१.६३ प्रशासनिक सेवाका लागि विभिन्न संस्थासँग लिने सेवा, रोजगारी सेवा र आन्तरिक तथा विदेशी पर्यटकमा भएको वृद्धि लगायतका कारण **प्रशासनिक तथा सहयोगी सेवा**का क्रियाकलाप बढ्दै गएका छन्। चालु आर्थिक वर्ष प्रशासनिक तथा सहयोगी सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि ४.५२ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष यस्तो वृद्धिदर ३.७३ प्रतिशत रहेको थियो। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ०.७३ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ०.७४ प्रतिशत पुग्ने अनुमान छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वार्षिक औसत ०.७२ प्रतिशत र वृद्धिदर ६.५२ प्रतिशत रहेको छ।


चार्ट १(ल): कुल गार्हस्थ्य उत्पादनमा प्रशासनिक तथा सहयोगी सेवाका क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)



स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१.६४ तीनै तहको सरकारको सार्वजनिक प्रशासन र रक्षामा भएको खर्च न्यून दरले बढेकोले **सार्वजनिक प्रशासन र रक्षा क्षेत्र**को कुल मूल्य अभिवृद्धि ०.२३ प्रतिशतले मात्र बढ्ने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको कुल मूल्य अभिवृद्धि ३.० प्रतिशतले बढेको थियो। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ८.६७ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ७.९२ प्रतिशत रहने अनुमान छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वार्षिक औसत ८.० प्रतिशत र वृद्धिदर ४.२४ प्रतिशत रहेको छ।


चार्ट १(व): कुल गार्हस्थ्य उत्पादनमा प्रशासन, रक्षा र अनिवार्य सामाजिक सुरक्षा क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)



स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१.६५ सरकारी शैक्षिक संस्थामा विद्यार्थी सङ्ख्या घटेको, निजी शैक्षिक संस्थामा विद्यार्थी सङ्ख्या न्यून वृद्धि भएको तथा शिक्षा क्षेत्रको खर्चमा समेत कमी आएकोले चालु आर्थिक वर्ष **शिक्षा क्षेत्र**को कुल मूल्य अभिवृद्धि १.५० प्रतिशतले मात्र बढ्ने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको कुल मूल्य अभिवृद्धि २.३६ प्रतिशतले बढेको थियो। चालु आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ९.२२ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान ८.८६ प्रतिशत रहेको थियो। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वार्षिक औसत ८.१८ प्रतिशत र वृद्धिदर ४.१६प्रतिशत रहेको छ।


चार्ट १(श): कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)



स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१.६६ राज्यको स्वास्थ्य क्षेत्रमा बढ्दो लगानी, निजी स्वास्थ्य संस्थाको विस्तार लगायतका कारण स्वास्थ्य सेवामा आम नागरिकको पहुँच बढेको छ। गत आर्थिक वर्ष **मानव स्वास्थ्य तथा सामाजिक कार्य क्षेत्र**को कुल मूल्य अभिवृद्धि ४.६९ प्रतिशतले वृद्धि भएकोमा चालु आर्थिक वर्ष ४.०४ प्रतिशतले वृद्धि हुने अनुमान छ। चालु आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान १.७८ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान १.८३ प्रतिशत रहेको थियो। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वार्षिक औसत १.७१ प्रतिशत र वृद्धिदर ६.०२ प्रतिशत रहेको छ।

चार्ट १(ष): कुल गार्हस्थ्य उत्पादनमा मानव स्वास्थ्य तथा सामाजिक कार्य क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)



स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१.६७ सामुदायिक तथा सामाजिक क्षेत्रमा बढ्दै गएको खर्च र निजी क्षेत्रबाट सञ्चालित मनोरञ्जनात्मक तथा अन्य आर्थिक गतिविधिमा भएको बढोत्तरीका कारण **अन्य सेवाका क्रियाकलाप क्षेत्र** (कला, मनोरञ्जन तथा अन्य रोजगारदाता घरपरिवारका क्रियाकलाप र आफ्नो उपयोगको लागि घरपरिवारको वस्तु तथा सेवा उत्पादनका क्रियाकलाप) को कुल मूल्य अभिवृद्धि २.६५ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको कुल मूल्य अभिवृद्धि ४.०६ प्रतिशतले बढेको थियो। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ०.७० प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यस्तो योगदान ०.७२ प्रतिशत रहने अनुमान छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वार्षिक औसत ०.६२ प्रतिशत र वृद्धिदर ४.२६ प्रतिशत रहेको छ।

२. सार्वजनिक वित्त

२.१ चालु आर्थिक वर्षको फागुनसम्म सार्वजनिक वित्तका अधिकांश परिसूचक मिश्रित रहेका छन्। यस अवधिमा सङ्घीय सरकारको राजस्वमा सामान्य वृद्धि भएको छ। सङ्घीय खर्च बढे पनि पुँजीगत खर्चमा सुधार हुन सकेको छैन। सरकारको बजेट घाटा बढेको छ भने राजस्व बचत घटेको छ। यस अवधिमा सङ्घीय सरकारको वित्त सन्तुलन रु.५८ अर्ब १ करोडले घाटामा रहेको छ। साथै गत आर्थिक वर्षको सोही अवधिमा बचतमा रहेको प्राथमिक सन्तुलन यस अवधिमा रु.९ अर्ब ३९ करोडले घाटामा रहेको छ। २०८२ फागुनसम्म सरकारको तिर्न बाँकी कुल सार्वजनिक ऋण रु.२८ खर्ब ७८ अर्ब ३० करोड पुगेको छ।

२.२ सार्वजनिक वित्तीय क्षेत्रलाई सुदृढ बनाउन "तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति (२०८२-२०८७)" र "वित्तीय क्षेत्र विकास रणनीति" कार्यान्वयनमा आएका छन्। स्रोत सुनिश्चितता र सहमति प्रदान गर्ने कार्यलाई पद्धतिगत बनाउन "बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८२" समेत कार्यान्वयनमा आएको छ। बजेट तर्जुमाको समयसीमा, कोष व्यवस्थापन र विद्युतीय प्रणालीमार्फत् रकम फिर्ता गर्ने विषयलाई व्यवस्थापन गर्न "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७" संशोधन भएको छ।

२.३ एकीकृत वित्त व्यवस्थापन सेवा (IPFMS) सङ्घ र प्रदेशका सबै कार्यालयमा लागू भएको छ। मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) पूर्ण रुपमा वेबमा आधारित भएको छ। एकीकृत वित्तीय प्रतिवेदन तयार गर्न सरकारी सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS), एकीकृत वित्त व्यवस्थापन सेवा र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) बीच अन्तरआबद्धता कायम भएको छ।

२.४ सरकारी आम्दानी र खर्चको वर्गीकरणलाई GFS Manual, 2014 अनुकूल हुने गरी परिमार्जन गरिएको छ। सरकारी कारोबारलाई क्रमशः नगदरहित बनाउँदै लगिएको छ।


२.५ भन्सार ऐन, २०८२ र भन्सार नियमावली, २०८३ कार्यान्वयनमा आएका छन्। करदाता सेवा कार्यालय खारेज भई यी कार्यालयबाट प्रवाह हुँदै आएको सेवा स्थानीय तह र कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत् हुने व्यवस्था गरिएको छ। राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) र अन्तर्राष्ट्रिय भुक्तानी प्रणाली (IPS) बीच अन्तरआबद्धता कायम भएको छ। भन्सार जाँचपास तथा मूल्याङ्कनलाई जोखिम सूचकसँग आवद्ध गरी आशिकुडा प्रणालीलाई थप परिष्कृत गरिएको छ।

सङ्घ, प्रदेश र स्थानीय तहको एकीकृत वित्तीय विवरण

एकीकृत राजस्व

२.६ आर्थिक वर्ष २०८१/८२ मा तीन तहका सरकारको राजस्व सङ्कलन (समग्र सञ्चित कोष र विभाज्य कोषमा जम्मा भएको राजस्व) ११.४ प्रतिशतले वृद्धि भई रु.१२ खर्ब ८१ अर्ब ७० करोड पुगेको छ। कुल सङ्कलित राजस्वमध्ये सङ्घबाट सङ्कलित राजस्वको हिस्सा ९२.१ प्रतिशत र प्रदेश तथा स्थानीय तहबाट सङ्कलित राजस्वको हिस्सा ७.९ प्रतिशत रहेको छ। त्यसैगरी कुल सङ्कलित राजस्वमध्ये कर राजस्व ८७.१ प्रतिशत र गैरकर राजस्व १२.९ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा तीन तहका सरकारको राजस्व सङ्कलन १०.४ प्रतिशतले बढेको थियो।

चार्ट २(क): तीन तहका सरकारको राजस्वको आकार (जीडीपीको प्रतिशतमा)



स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२

२.७ आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय इकाइ (सङ्घ, प्रदेश र स्थानीय तह) को सञ्चित कोषको राजस्व ११.३ प्रतिशतले वृद्धि भई रु.१२ खर्ब ७२ अर्ब ७५ करोड पुगेको छ। कुल राजस्वमध्ये सङ्घ, प्रदेश र स्थानीय तहको सञ्चित कोषमा रहेको राजस्वको हिस्सा क्रमशः ८१.१ प्रतिशत, ८.४ प्रतिशत र १०.५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा तीन तहका सरकारको सञ्चित कोषको राजस्व १०.४ प्रतिशतले बढेको थियो।

एकीकृत आय (राजस्व, अनुदान र अन्य प्राप्ति)


२.८ आर्थिक वर्ष २०८१/८२ मा तीन तहका सरकारको कुल आय (बाँडफाँट गर्न बाँकी राजस्व बाहेक) १०.४ प्रतिशतले वृद्धि भई रु.१३ खर्ब २६ अर्ब ३१ करोड पुगेको छ। कुल आयमध्ये राजस्वको हिस्सा ९६.० प्रतिशत र वैदेशिक अनुदान, अन्य प्राप्ति

तथा आन्तरिक ऋण लगानी फिर्ताको हिस्सा ४.० प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा तीन तहका सरकारको कुल आय (बाँडफाँट गर्न बाँकी राजस्व बाहेक) ६.५ प्रतिशतले बढेको थियो।

एकीकृत प्राप्ति (राजस्व, अनुदान, अन्य प्राप्ति र सार्वजनिक ऋण परिचालन)

२.९ आर्थिक वर्ष २०८१/८२ मा अनुदान हस्तान्तरण बाहेक तीन तहका सरकारको कुल प्राप्ति (बाँडफाँट गर्न बाँकी राजस्व र अन्य समायोजन बाहेक) १५.० प्रतिशतले वृद्धि भई रु.१७ खर्ब ८२ अर्ब ४० करोड (जिडिपिको २८.७ प्रतिशत) पुगेको छ। कुल प्राप्तिमध्ये सङ्घ, प्रदेश र स्थानीय तहको हिस्सा क्रमशः ८६.३ प्रतिशत, ६.१ प्रतिशत र ७.६ प्रतिशत रहेको छ। कुल प्राप्तिमध्ये ऋण परिचालनको हिस्सा २५.६ प्रतिशत र राजस्व, अनुदान तथा अन्य आयको हिस्सा ७४.४ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा अनुदान हस्तान्तरण बाहेक तीन तहका सरकारको कुल प्राप्ति (बाँडफाँट गर्न बाँकी राजस्व र अन्य समायोजन बाहेक) ३.३ प्रतिशतले बढेको थियो।

चार्ट २(ख): अनुदान हस्तान्तरण बाहेकको एकीकृत प्राप्ति संरचना



स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२

राजस्व बाँडफाँट

२.१० आर्थिक वर्ष २०८१/८२ मा तीन तहका सरकारमा बाँडफाँट हुने राजस्व १२.२ प्रतिशतले वृद्धि भई रु.५ खर्ब १ अर्ब १० करोड (जिडिपिको ८.१ प्रतिशत) पुगेको छ। यसमध्ये रु.४ खर्ब ९२ अर्ब १६ करोड राजस्व तीन तहका सरकारमा बाँडफाँट भएको छ भने रु.८ अर्ब ९४ करोड बाँडफाँट हुन बाँकी रहेको छ। बाँडफाँट भएको राजस्वमध्ये सङ्घ, प्रदेश र स्थानीय तहले प्राप्त गरेको राजस्वको हिस्सा क्रमशः ६६.२ प्रतिशत, १७.१ प्रतिशत र १६.७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा

तीन तहका सरकारमा बाँडफाँट हुने राजस्व ५.८ प्रतिशतले बढेर रु.४ खर्ब ४६ अर्ब ४६ करोड पुगेको थियो।

तालिका २(क): बाँडफाँट हुने राजस्वको विवरण (रु. करोडमा)

राजस्व शीर्षक	सङ्कलित राजस्व	बाँडफाँट भएको राजस्व			बाँडफाँट हुन बाँकी राजस्व
		सङ्घ	प्रदेश	स्थानीय तह	
आर्थिक वर्ष २०८१/८२					
मूल्य अभिवृद्धि कर	३४१९१.११	२३९३३.७७	५१२८.६७	५१२८.६७	०.००
अन्तःशुल्क (आ. उत्पादन)	१२२०५.६२	८५४३.९३	१८३०.८४	१८३०.८४	०.००
बाँडफाँट हुने कर, रजिष्ट्रेशन शुल्क तथा अन्य प्रशासनिक सेवा शुल्क	२१८९.७०	०.२८	१२९४.२३	८७४.४७	२०.७३
बाँडफाँट हुने प्राकृतिक स्रोतको रोयल्टी	१५०२.२२	११४.९८	१३१.६७	३८८.६५	८६६.९३
अन्य बाँडफाँट हुने राजश्व	२१.६४	०.८०	९.३९	४.७१	६.७३
जम्मा	५०११०.२९	३२५९३.७७	८३९४.८०	८२२७.३३	८९४.३९
		४९२१५.९०			

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२

२.११ आर्थिक वर्ष २०८१/८२ मा बाँडफाँट हुने राजस्वमध्ये मूल्य अभिवृद्धि कर ६८.२ प्रतिशत, अन्तःशुल्क (आन्तरिक उत्पादन) २४.४ प्रतिशत र रोयल्टी लगायत अन्य राजस्वको हिस्सा ७.४ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो हिस्सा क्रमशः ६९.५ प्रतिशत, २३.० प्रतिशत र ७.५ प्रतिशत रहेको थियो।

वित्तीय हस्तान्तरण

२.१२ आर्थिक वर्ष २०८१/८२ मा तीन तहका सरकारबीच भएको अनुदान हस्तान्तरण (वित्तीय समानीकरण, सशर्त, विशेष र समपुरक अनुदान) ३.७ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ७३ अर्ब ९८ करोड पुगेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो हस्तान्तरण १४.९ प्रतिशतले सङ्कुचन भई रु.३ खर्ब ६० अर्ब ६३ करोड रहेको थियो।

तालिका २(ख): अन्तरसरकारी वित्तीय हस्तान्तरण (रु. करोडमा)

वित्तीय हस्तान्तरण	आर्थिक वर्ष			वृद्धिदर (प्रतिशतमा)	
	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८०/८१	२०८१/८२
सङ्घबाट भएको अनुदान हस्तान्तरण	३९७३६.०३	३३९४१.६२	३४९३६.३७	-१४.६	२.९
प्रदेश	९९६६.४३	७६०१.९९	७६७५.६२	-२३.७	१.०

वित्तीय हस्तान्तरण	आर्थिक वर्ष			वृद्धिदर (प्रतिशतमा)	
	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८०/८१	२०८१/८२
स्थानीय तह	२९७६९.६१	२६३३९.६३	२७२६०.७५	-११.५	३.५
प्रदेशबाट स्थानीय तहमा भएको अनुदान हस्तान्तरण	२६३९.४५	२१२०.९८	२४६१.६१	-१९.६	१६.१
तीन तहका सरकारबीच भएको अनुदान हस्तान्तरण	**४२३७५.४८**	**३६०६२.६०**	**३७३९७.९८**	**-१४.९**	**३.७**
राजस्व बाँडफाँट	१४१२६.११	१४८७६.३९	१६६२२.१३	५.३	११.७
प्रदेश	७१४५.७४	७५४८.९५	८३९४.८०	५.६	११.२
स्थानीय तह	६९८०.३८	७३२७.४४	८२२७.३३	५.०	१२.३
राजस्व बाँडफाँट सहित कुल वित्तीय हस्तान्तरण	**५६५०१.५९**	**५०९३८.९८**	**५४०२०.११**	**-९.८**	**६.०**
प्रदेश	१७११२.१६	१५१५०.९४	१६०७०.४१	-११.५	६.१
स्थानीय तह	३९३८९.४३	३५७८८.०४	३७९४९.६९	-९.१	६.०
राजस्व बाँडफाँट सहित कुल वित्तीय हस्तान्तरण (जिडिपिको प्रतिशतमा)	**१०.५३**	**८.८४**	**८.७१**		

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२

नोटः अनुदान हस्तान्तरणतर्फ वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदानको रुपमा भएको हस्तान्तरण मात्र समावेश गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा तीन तहका सरकारबीच भएको अनुदान हस्तान्तरणको विवरण यस अघिको आर्थिक सर्वेक्षणमा केही फरक पर्न गएकोले सोको यथार्थ विवरण संशोधनसहित यहाँ समावेश गरिएको छ।

२.१३ आर्थिक वर्ष २०८१/८२ मा सङ्घबाट प्रदेश र स्थानीय तहमा भएको अनुदान हस्तान्तरण २.९ प्रतिशतले बढेर रु.३ खर्ब ४९ अर्ब ३६ करोड र प्रदेशबाट स्थानीय तहमा भएको अनुदान हस्तान्तरण १६.१ प्रतिशतले बढेर रु.२४ अर्ब ६२ करोड पुगेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो हस्तान्तरण क्रमशः १४.६ प्रतिशत र १९.६ प्रतिशतले सङ्कुचन भएको थियो।

२.१४ आर्थिक वर्ष २०८१/८२ मा राजस्व बाँडफाँटमार्फत् प्रदेश र स्थानीय तहले प्राप्त गरेको राजस्व ११.७ प्रतिशतले बढेर रु.१ खर्ब ६६ अर्ब २२ करोड पुगेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो राजस्व ५.३ प्रतिशतले बढेको थियो।

२.१५ आर्थिक वर्ष २०८१/८२ मा राजस्व बाँडफाँट र अनुदान हस्तान्तरण गरी प्रदेश र स्थानीय तहमा भएको कुल वित्तीय हस्तान्तरण ६.० प्रतिशतले बढेर रु.५ खर्ब ४० अर्ब २० करोड (जिडिपिको ८.७१ प्रतिशत) पुगेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो

हस्तान्तरण ९.८ प्रतिशतले सङ्कुचन भई रु.५ खर्ब ९ अर्ब ३९ करोड (जिडिपिको ८.८४ प्रतिशत) रहेको थियो।

२.१६ अन्तरसरकारी अनुदान हस्तान्तरणमध्ये सशर्त अनुदानको अंश उच्च रहँदै आएको छ। आर्थिक वर्ष २०८१/८२ मा तीन तहका सरकारबीच भएको अनुदान हस्तान्तरणमध्ये सशर्त अनुदानको हिस्सा ५५.५६ प्रतिशत रहेको छ। त्यसैगरी वित्तीय समानीकरण अनुदान ३८.३४ प्रतिशत, समपुरक अनुदान ३.३७ प्रतिशत र विशेष अनुदान २.७२ प्रतिशत रहेको छ।

तालिका २(ग): अन्तरसरकारी अनुदान हस्तान्तरणको स्थिति

अनुदान हस्तान्तरण	ईकाइ	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२
वित्तीय समानीकरण	रु. करोडमा	१५९५३.०१	१५३७६.१०	१३१७५.२४	१४३४०.१८
अंश	प्रतिशतमा	३७.००	३६.२९	३६.५३	३८.३४
सशर्त	रु. करोडमा	२४३४७.२८	२४१५२.७०	२०२७८.९०	२०७७८.४६
अंश	प्रतिशतमा	५६.४८	५७.००	५६.२३	५५.५६
विशेष	रु. करोडमा	१२२१.६९	१२६२.६९	११०६.४१	१०१७.७०
अंश	प्रतिशतमा	२.८३	२.९८	३.०७	२.७२
समपुरक	रु. करोडमा	१५८९.३०	१५८३.९८	१५०२.०५	१२६१.६३
अंश	प्रतिशतमा	३.६९	३.७४	४.१७	३.३७
अनुदान जम्मा	**रु. करोडमा**	**४३१११.२८**	**४२३७५.४८**	**३६०६२.६०**	**३७३९७.९८**
जम्मा अंश	**प्रतिशतमा**	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२

एकीकृत खर्च

२.१७ आर्थिक वर्ष २०८१/८२ मा तीन तहका सरकारको एकीकृत खर्च ८.२ प्रतिशतले वृद्धि भई रु.१७ खर्ब ७५ अर्ब ४७ करोड पुगेको छ। एकीकृत खर्चमध्ये चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको खर्चको हिस्सा क्रमशः ५३.२ प्रतिशत, २८.० प्रतिशत र १८.८ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो हिस्सा क्रमशः ५६.१ प्रतिशत, २७.३ प्रतिशत र १६.६ प्रतिशत रहेको थियो।

२.१८ आर्थिक वर्ष २०८१/८२ मा खुद चालु खर्च (अनुदान हस्तान्तरणबाहेक) २.७८ प्रतिशतले बढेर रु.९ खर्ब ४५ अर्ब ७९ करोड पुगेको छ। त्यसैगरी एकीकृत पुँजीगत खर्च १०.८९ प्रतिशतले बढेर रु.४ खर्ब ९६ अर्ब ६२ करोड र वित्तीय व्यवस्थातर्फको खर्च २२.१८ प्रतिशतले बढेर रु.३ खर्ब ३३ अर्ब ६ करोड पुगेको छ। आर्थिक वर्ष २०८०/८१ मा खुद चालु खर्च १.३१ प्रतिशत र पुँजीगत खर्च १५.०९ प्रतिशतले घटेको थियो भने वित्तीय व्यवस्थातर्फको खर्च ३८.९२ प्रतिशतले बढेको थियो।

तालिका २(घ): तीन तहका सरकारको एकीकृत खर्चको स्थिति (रु. करोडमा)

खर्च शीर्षक	आर्थिक वर्ष			वृद्धिदर	
	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८०/८१	२०८१/८२
खुद चालु खर्च@	**९३२३९.६०**	**९२०२१.१२**	**९४५७८.५२**	**-१.३१**	**२.७८**
पारिश्रमिक/सुविधा	३०७५५.०२	३०७५४.६८	३१०२६.०२	०.००	०.८८
मालसामान तथा सेवाको उपयोग	१७९१२.९५	१६२७४.९१	१६९५९.२६	-९.१४	४.२०
ब्याज, सेवा शुल्क तथा बैङ्क कमिशन	७३१९.२९	८२२५.०७	७०६८.८०	१२.३८	-१४.०६
सहायता	१९१८.६९	१९५१.४६	२२२४.६९	१.७१	१४.००
अनुदान@	११०५१.३३	१०२७४.७१	१०९१६.३६	-७.०३	६.२४
सामाजिक सुरक्षा	२२८३७.९७	२३४९४.३९	२५२६२.३५	२.८७	७.५३
अन्य खर्च	१४४४.३६	१०४५.९०	११२१.०३	-२७.५९	७.१८
पुँजीगत खर्च	**५२७४४.७१**	**४४७८६.६९**	**४९६६२.०६**	**-१५.०९**	**१०.८९**
वित्तीय व्यवस्था	**१९६२२.५४**	**२७२५९.८०**	**३३३०६.१४**	**३८.९२**	**२२.१८**
जम्मा एकीकृत खर्च@	**१६५६०६.८५**	**१६४०६७.६१**	**१७७५४६.७२**	**-०.९३**	**८.२२**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२ @दोहोरो गणना हटाएपछिको खर्च

२.१९ आर्थिक वर्ष २०८१/८२ मा तीन तहका सरकारको एकीकृत खर्चमध्ये सङ्घ, प्रदेश र स्थानीय तहबाट भएको खर्चको हिस्सा क्रमशः ६५.६ प्रतिशत, ९.८ प्रतिशत र २४.६ प्रतिशत रहेको छ।

तालिका २(ङ): आर्थिक वर्ष २०८१/८२ मा तहगत खर्च स्थिति (रु.करोडमा)

विवरण	कुल खर्च			खुद खर्च
	सङ्घ	प्रदेश	स्थानीय तह	
चालु खर्च	**९५६५८.८५**	**७७८१.४३**	**२८५३६.२२**	**९४५७८.५२**
पारिश्रमिक-सुविधा	१५६५९.३०	१४५३.७८	१३९१२.९४	३१०२६.०२
मालसामान तथा सेवाको उपयोग	४१६५.९१	२८४३.२०	९९५०.१५	१६९५९.२६
व्याज र सेवा खर्च	७०४४.८७	०.००	२३.९३	७०६८.८०
सहायता (सब्सीडी)	६४.६९	३४.९०	२१२५.१०	२२२४.६९
अनुदान (ग्रान्ट्स)	४३९०२.३६	२८९२.१८	१५१९.८०	१०९१६.३६@
सामाजिक सुरक्षा	२४४२६.१०	१७९.९७	६५६.२८	२५२६२.३५
अन्य खर्च	३९५.६२	३७७.३९	३४८.०३	११२१.०३
पुँजीगत खर्च	**२२३९७.८५**	**१२०९८.८८**	**१५१६५.३३**	**४९६६२.०६**
वित्तीय व्यवस्था	**३३२६७.८९**	**०.००**	**३८.२५**	**३३३०६.१४**
जम्मा खर्च (अनुदान हस्तान्तरणबाहेक)	**११६३८८.२२**	**१७४१८.७०**	**४३७३९.८१**	**१७७५४६.७३@**
जम्मा खर्च (अनुदान हस्तान्तरणसहित)	**१५१३२४.५९**	**१९८८०.३१**	**४३७३९.८१**	**२१४९४४.७१**
जम्मा खर्च (कुल गार्हस्थ्य उत्पादनको	**२४.४१**	**३.२१**	**७.०५**	**२८.६४@**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२ @दोहोरो गणना हटाएपछिको खर्च

तीन तहका सरकारको सञ्चित कोषको अवस्था

२.२० आर्थिक वर्ष २०८१/८२ मा सङ्घ, प्रदेश र स्थानीय तहको सञ्चित कोष (सङ्घीय इकाइका सञ्चित कोषको जम्मा) रु.७ अर्ब ९५ करोडले बचतमा रहेको छ। यस अवधिमा सङ्घीय सञ्चित कोष रु.२८ अर्बले बचतमा रहेको छ भने प्रदेश सञ्चित कोष रु.१४ अर्ब २६ करोड र स्थानीय तहको सञ्चित कोष रु.५ अर्ब ७८ करोडले ऋणात्मक रहेको छ।

२.२१ सङ्घीय सञ्चित कोष २०८२ असार मसान्तमा रु.२ खर्ब ३६ करोडले ऋणात्मक रहेको छ भने प्रदेश सञ्चित कोष रु.३६ अर्ब ६५ करोड र स्थानीय तहको सञ्चित कोष रु.५४ अर्ब ७२ करोडले धनात्मक रहेको छ। समग्रमा २०८२ असार मसान्तमा तीन तहका सरकारको सञ्चित कोष रु.१ खर्ब ८ अर्ब ९९ करोडले ऋणात्मक रहेको छ। कानून बमोजिम स्थापना भएका सरकारी कोष (सञ्चित कोष बाहेक) मा २०८२ असार मसान्तमा नगद मौज्दात रु.२ खर्ब १३ अर्ब १३ करोड रहेको छ। तीन तहका सरकारको नगद मौज्दात २०८२ असार मसान्तमा रु.१ खर्ब ४ अर्ब १४ करोड रहेको छ।

तालिका २(च) : तीन तहका सरकारको सञ्चित कोषको विवरण (रु. करोडमा)

असारमसान्त	सञ्चित कोष			
	सङ्घ	प्रदेश	स्थानीय तह	जम्मा
२०७७	-२१६६९.५६	७५९४.१६	८४२४.७८	-५६५०.६२
२०७८	-१११९६.३३	६१३९.७५	८२६४.४४	३२०७.८७
२०७९	-५३९१.१४	७९१८.८७	१०२३२.५८	१२७६०.३१
२०८०	-१८१२६.७४	६४४१.८७	७८६४.४४	-३८२०.४३
२०८१	-२२८३५.७७	५०९०.९९	६०५०.८१	-११६९३.९७
२०८२	-२००३६.१६	३६६४.६९	५४७२.४२	-१०८९९.०६

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२

तीन तहका सरकारको वित्त परिसूचकहरू

२.२२ आर्थिक वर्ष २०८१/८२ मा तीन तहका सरकारको बजेट घाटा (Budget Deficit) २.१ प्रतिशतले बढेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो घाटा कुल गार्हस्थ्य उत्पादनको ७.५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा ७.१ प्रतिशत कायम भएको छ।

तालिका २ (छ): तीन तहका सरकारको वित्त परिसूचकहरू


विवरण	रु. करोडमा			जीडिपीको प्रतिशतमा		
	२०७९/८०	२०८०/८१	२०८१/८२	२०७९/८०	२०८०/८१	२०८१/८२
एकीकृत खर्च	**१६५६०६.८५**	**१६४०६७.६१**	**१७७५४६.७३**	**३०.९**	**२८.५**	**२८.६**
चालु खर्च	९३२३९.६०	९२०२१.१२	९४५७८.५२	१७.४	१६.०	१५.३
पुँजीगत खर्च	५२७४४.७१	४४७८६.६९	४९६६२.०७	९.८	७.८	८.०
वित्तीय व्यवस्था	१९६२२.५४	२७२५९.८०	३३३०६.१४*	३.७	४.७	५.४
कुल राजस्व	१०४२६४.२२	११५०९८.६५	१२८१६९.७४	१९.४	२०.०	२०.७
कुल आय	**११३६२९.५५**	**१२०९६४.२५**	**१३३५२५.२८**	**२१.२**	**२१.०**	**२१.५**
बजेट सन्तुलन	**-५१९७७.२९**	**-४३१०३.३७**	**-४४०२१.४६**	**-९.७**	**-७.५**	**-७.१**
राजस्व सन्तुलन	**११०२४.६३**	**२३०७७.५२**	**३३५९१.२१**	**२.१**	**४.०**	**५.४**

स्रोतः महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क, २०८२ बाट गणना गरिएको।

* आर्थिक वर्ष २०८१/८२ मा १६ वटा स्थानीय तहले नगर विकास कोषबाट रु.३७ करोड १९ लाख ३६ हजार आन्तरिक ऋण परिचालन गरेका थिए।

२.२३ आर्थिक वर्ष २०८१/८२ मा तीन तहका सरकारको राजस्व सन्तुलन (Revenue Balance) रु.३ खर्ब ३५ अर्ब ९१ करोडले बचतमा रहेको छ, जुन कुल गार्हस्थ्य उत्पादनको ५.४ प्रतिशत हो। आर्थिक वर्ष २०८०/८१ मा यस्तो बचत कुल गार्हस्थ्य उत्पादनको ४.० प्रतिशत रहेको थियो।

चार्ट २(ग): तीन तहका सरकारको वित्त परिसूचकहरू



स्रोतः महालेखा नियन्त्रकको कार्यालयको तथ्याङ्क, २०८२ बाट गणना गरिएको।

एकीकृत खर्चको कार्यात्मक संरचना

२.२४ आर्थिक वर्ष २०८१/८२ मा वातावरण संरक्षण, मनोरञ्जन, संस्कृति तथा धर्म र शिक्षा बाहेकका अन्य शीर्षकमा सङ्घीय सरकारबाट भएको खर्च (चालु र पुँजीगत खर्च) को अनुपात बढी रहेको छ। यस अवधिमा वातावरण संरक्षण शीर्षकमा तीन तहका सरकारबाट भएको खर्चमध्ये सङ्घबाट भएको खर्चको अंश सबैभन्दा कम रहेको छ।

तालिका २(ज): एकीकृत खर्चको कार्यात्मक संरचना* (शीर्षकगत खर्चको प्रतिशतमा)

विवरण	२०८०/८१				२०८१/८२			
	सङ्घ	प्रदेश	स्थानीय	जम्मा	सङ्घ	प्रदेश	स्थानीय	जम्मा
सामान्य सार्वजनिक सेवा	७७.०	६.०	१६.९	१००.०	७४.८	६.८	१८.५	१००.०
रक्षा	९९.९	०.१	०.००	१००.०	९९.९	०.१	०.०	१००.०
सार्वजनिक शान्ति सुरक्षा	९६.०	२.९	१.१	१००.०	९६.१	२.८	१.२	१००.०
आर्थिक मामिला	५३.८	२२.७	२३.५	१००.०	५७.६	२१.२	२१.२	१००.०
वातावरण संरक्षण	२५.०	२९.९	४५.१	१००.०	२२.३	३५.१	४२.६	१००.०
आवास तथा सामुदायिक सुविधा	३२.०	२८.८	३९.३	१००.०	३६.५	२८.६	३४.९	१००.०
स्वास्थ्य	५०.२	१८.४	३१.४	१००.०	४९.६	१७.४	३३.०	१००.०
मनोरञ्जन,संस्कृति तथा धर्म	२८.५	१९.२	५२.३	१००.०	२१.७	१८.३	६०.०	१००.०
शिक्षा	२६.५	३.६	६९.९	१००.०	२६.८	४.६	६८.६	१००.०
सामाजिक सुरक्षा	९२.८	१.१	६.१	१००.०	९४.९	१.२	३.९	१००.०

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२ * वित्तीय व्यवस्था बाहेक

नोटः यस सम्बन्धी विस्तृत विवरण अनुसूची २.७ मा समावेश गरिएको।

२.२५ आर्थिक वर्ष २०८१/८२ को एकीकृत खर्चमध्ये सबैभन्दा बढी सामान्य सार्वजनिक सेवा शीर्षकमा ३४.६ प्रतिशत रहेको छ। त्यसैगरी आर्थिक मामिलामा २१.९ प्रतिशत, सामाजिक सुरक्षामा ११.० प्रतिशत, शिक्षामा ११.० प्रतिशत र रक्षा, सामुदायिक सुविधा, स्वास्थ्य लगायतका अन्य शीर्षकमा २१.५ प्रतिशत रहेको छ।

सङ्घीय सरकारका वित्त परिसूचक

२.२६ आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय खर्चको तुलनामा सङ्घीय आयको वृद्धि उच्च रहेकोले सङ्घीय सरकारको समग्र वित्त स्थितिमा सुधार भएको छ। यस अवधिमा अनुदान सहितको सङ्घीय सरकारको समग्र वित्त सन्तुलन (Overall Fiscal Balance including Grants) २९.९ प्रतिशतले सुधार भई रु.१ खर्ब १ अर्ब १४ करोड घाटामा रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो घाटा रु.१ खर्ब ४४ अर्ब २४ करोड रहेको थियो।

२.२७ आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय सरकारको प्राथमिक सन्तुलन (Primary Balance) ५०.६ प्रतिशतले सुधार भई रु.३० अर्ब ६९ करोड घाटामा रहेको छ। त्यसैगरी यस अवधिमा सङ्घीय सरकारको वित्त घाटा (वित्तीय सम्पत्तिको खुद प्राप्ति सहित) २४.७ प्रतिशतले सुधार भई रु.१ खर्ब ३९ अर्ब ९८ करोड रहेको छ।


तालिका २ (झ): सङ्घीय सरकारका वित्त परिसूचकहरू

सङ्घीय वित्त सन्तुलन	आर्थिक वर्ष					
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२
कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा						
समग्र वित्त सन्तुलन (Overall Fiscal Balance)-अनुदान बाहेक	-५.६६	-४.८२	-३.६९	-६.३१	-२.९२	-२.११
समग्र वित्त सन्तुलन (अनुदान सहित)	-४.९०	-४.००	-३.२१	-५.८८	-२.५०	-१.६३
प्राथमिक सन्तुलन (Primary Balance)	-४.२३	-३.२०	-२.३०	-४.५२	-१.०८	-०.४९
वित्त सन्तुलन (वित्तीय सम्पत्तिको खुद प्राप्ति सहित)	-६.४०	-५.३४	-४.४१	-६.५१	-३.२३	-२.२६

स्रोतः महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क, २०८२ बाट गणना गरिएको।
नोटः यस सम्बन्धी विस्तृत विवरण अनुसूची २.९ मा रहेको।

२.२८ आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय सरकारको वित्त सन्तुलन (अनुदान सहित) कुल गार्हस्थ्य उत्पादनको १.६३ प्रतिशत र वित्त सन्तुलन (अनुदान बाहेक) २.११ प्रतिशत घाटामा रहेको छ। यसैगरी यस अवधिमा सङ्घीय सरकारको वित्त सन्तुलन (वित्तीय सम्पत्तिको खुद प्राप्ति सहित) कुल गार्हस्थ्य उत्पादनको २.२६ प्रतिशत र प्राथमिक सन्तुलन ०.४९ प्रतिशतले घाटामा रहेका छन्।

चार्ट २(घ): सङ्घीय सरकारको वित्त परिसूचकहरू (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)




स्रोतः एकीकृत वित्तीय विवरण, महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क, २०८२ बाट गणना गरिएको।

२.२९ आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय सरकारको बजेट घाटा ५.४ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ३१ अर्ब १८ करोड रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो घाटा रु.४ खर्ब ९ अर्ब २३ करोड रहेको थियो।

२.३० आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय सरकारको राजस्व सन्तुलन रु.७५ अर्ब ८१ करोडले बचतमा रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो सन्तुलन रु.८ करोडले घाटामा रहेको थियो। सङ्घीय सरकारको चालु खर्च ३.० प्रतिशतले बढे पनि सङ्घीय राजस्व ११.१ प्रतिशतले बढेकाले यस अवधिमा राजस्व सन्तुलन उल्लेख्य सुधार भई बचतमा रहेको हो।

चार्ट २(ङ): सङ्घीय सरकारको बजेट र राजस्व सन्तुलन



स्रोतः एकीकृत वित्तीय विवरण, महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क, २०८२ बाट गणना गरिएको।

२.३१ आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सङ्घीय सरकारको बजेट सन्तुलन ६.९५ प्रतिशतले घाटामा रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो अनुपात ७.१० प्रतिशतले घाटामा रहेको थियो। त्यसैगरी आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सङ्घीय सरकारको राजस्व सन्तुलन १.२२ प्रतिशतले बचतमा रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा राजस्व सन्तुलन सीमान्त घाटामा रहेको थियो।

सङ्घीय सञ्चित कोष

२.३२ आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय सञ्चित कोष रु.२७ अर्ब ९९ करोड ६० लाखले धनात्मक रहेको छ। यससँगै सङ्घीय सरकारको सञ्चित कोषमा सुधार भई २०८२ असारसम्म रु.२ खर्ब ३६ करोडले ऋणात्मक रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा सञ्चित कोष रु.४७ अर्ब ९ करोड ३ लाखले ऋणात्मक रहेको थियो।

तालिका २(ञ): सङ्घीय सञ्चित कोषको वार्षिक स्थिति (रु.करोडमा)

विवरण	आर्थिक वर्ष				
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२
कुल सरकारी खर्च	११९६६७.५९	१३१०००.०८	१४२१३२.७०	१३९३४०.१६	१५१३२४.५९
सङ्घीय राजस्व	८२४९४.६४	९३८२७.८५	८३४०५.९५	९२९०४.७८	१०३२३९.४१
वैदेशिक अनुदान	३५४४.७७	२४१४.९०	२३००.८९	२४००.९४	२९६५.२५
अन्य प्राप्ति	४०४३.३०	४८५०.४९	५३३०.२५	२३८५.४७	१७३८.५०
आन्तरिक ऋण लगानी फिर्ता	३२२.३५	२९३.८५	११८१.४१	७२६.१०	२६३.४२
कुल सङ्घीय आय	९०४०५.०६	१०१३८७.०९	९२२१८.५१	९८४१७.२८	१०८२०६.५७
आन्तरिक ऋण परिचालन	२२२७७.८७	२२७७३.०७	२४८७३.८३	२३४४२.१४	३२९०७.६३
बाह्य ऋण परिचालन	१७४१८.३५	१३५९४.२१	१२३०४.७६	११३२७.१४	१२६९४.७६
सङ्घीय सरकारको कुल प्राप्ति (ऋणसहित)	१३०१०१.२८	१३७७५४.३६	१२९३९७.१०	१३३१८६.५७	१५३८०८.९७
सङ्घीय सञ्चित कोष (समायोजन बाहेक)	१०४३३.६९	६७५४.२८	-१२७३५.६०	-६१५३.५९	२४८४.३७
अन्य समायोजन	०.००	०.००	०.००	१४४४.५६	३१५.२३#
सङ्घीय सञ्चित कोष (समायोजन सहित)	**१०४३३.६९**	**६७५४.२८**	**-१२७३५.६०**	**-४७०९.०३**	**२७९९.६०**

स्रोतः एकीकृत वित्तीय विवरण, महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क, २०८२ बाट गणना गरिएको।

#सङ्घतर्फ आन्तरिक ऋणमा भएको रोलओभर नाफा र आर्थिक वर्ष २०८०/८१ को रोयल्टी बाँडफाँटको रकम समायोजन गरिएको।

सङ्घीय सरकारको वित्त स्थिति (वार्षिक तथ्याङ्कमा आधारित)

२.३३ आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय सरकारी खर्च ८.६ प्रतिशतले वृद्धि भई रु.१५ खर्ब १३ अर्ब २५ करोड पुगेको छ। यस अवधिमा चालु खर्च ३.० प्रतिशत, पुँजीगत खर्च १६.६ प्रतिशत र वित्तीय व्यवस्थातर्फको खर्च २२.२ प्रतिशतले वृद्धि भएको छ। यस अवधिमा ऋणको सावाँ भुक्तानीतर्फको खर्च ३०.४ प्रतिशतले बढेकाले चालु र पुँजीगत खर्चको तुलनामा वित्तीय व्यवस्थातर्फको खर्चको वृद्धिदर उच्च रहेको छ।

तालिका २(ट): सङ्घीय सरकारको वित्त स्थिति (वार्षिक)

शीर्षक	रु. करोडमा			कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा		
	२०७९/८०	२०८०/८१	२०८१/८२	२०७९/८०	२०८०/८१	२०८१/८२
कुल गार्हस्थ्य उत्पादन	५३६७००	५७६०२३	६१९९८७	१००.००	१००.००	१००.००
सङ्घीय खर्च	१४२१३३	१३९३४०	१५१३२५	२६.४८	२४.१९	२४.४१
चालु	९९१५१	९२९१३	९५६५९	१८.४७	१६.१३	१५.४३
पुँजीगत	२३४६२	१९२०३	२२३९८	४.३७	३.३३	३.६१
वित्तीय व्यवस्था	१९५२०	२७२२५	३३२६८	३.६४	४.७३	५.३७
सङ्घीय राजस्व	८३४०६	९२९०५	१०३२३९	१५.५४	१६.१३	१६.६५
कर	७४८४२	८२०७०	९१०७३	१३.९४	१४.२५	१४.६९
गैरकर	८५६४	१०८३५	१२१६७	१.६०	१.८८	१.९६
वैदेशिक अनुदान	२३०१	२४०१	२९६५	०.४३	०.४२	०.४८
अन्य प्राप्ति	५३३०	२३८५	१७३८	०.९९	०.४१	०.२८
आन्तरिक ऋण लगानी फिर्ता	११८१	७२६	२६३	०.२२	०.१३	०.०४
सङ्घीय आय	९२२१९	९८४१७	१०८२०७	१७.१८	१७.०९	१७.४५
वैदेशिक ऋण परिचालन	१२३०५	११३२७	१२६९५	२.२९	१.९७	२.०५
आन्तरिक ऋण परिचालन	२४८७४	२३४४२	३२९०८	४.६३	४.०७	५.३१
वैदेशिक सहायता प्रतिबद्धता	२१८०५	१२७८९	२७३०५	४.०६	२.२२	४.४०
शेयर तथा ऋण लगानी	४५४८	४८९७	४१४८	०.८५	०.८४	०.६७
संस्थानमा ऋण लगानी	३२०७	४१७६	३५९६	०.६०	०.७२	०.५८
संस्थानमा शेयर लगानी	१३२०	६९९	४९८	०.२५	०.१२	०.०८
वैदेशिक शेयर लगानी	२१	२२	५४	०.००	०.००	०.०१
तिर्न बाँकी सार्वजनिक ऋण	२३०१५९	२४३८५०	२६७४०५	४२.८८	४२.३३	४३.१३
वैदेशिक ऋण	११७२४९	१२५७६०	१४०५८२	२१.८५	२१.८३	२२.६८
आन्तरिक ऋण	११२९१०	११८०९०	१२६८२२	२१.०४	२०.५०	२०.४६
ऋण सेवा खर्च	२२२६१	३०५३८	३६१६५	४.१५	५.३१	५.८४
सावाँ भुक्तानी खर्च	१४९७१	२२३२८	२९१२०	२.७९	३.८८	४.७०
ब्याज सेवा खर्च	७२८९	८२१०	७०४५	१.३६	१.४३	१.१४

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२ को तथ्याङ्कबाट गणना गरिएको।

२.३४ आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय राजस्व ११.१ प्रतिशतले वृद्धि भई रु.१० खर्ब ३२ अर्ब ३९ करोड पुगेको छ। यस अवधिमा सङ्घीय कर राजस्व ११.० प्रतिशत र गैरकर राजस्व १२.३ प्रतिशतले बढेको छ। त्यसैगरी सङ्घीय आय ९.९ प्रतिशतले वृद्धि भई रु.१० खर्ब ८२ अर्ब ७ करोड पुगेको छ।


२.३५ आर्थिक वर्ष २०८१/८२ मा आन्तरिक ऋण रु.३ खर्ब २९ अर्ब ८ करोड र वैदेशिक ऋण रु.१ खर्ब २६ अर्ब ९५ करोड गरी जम्मा रु.४ खर्ब ५६ अर्ब ३ करोड सार्वजनिक ऋण परिचालन भएको छ। यस अवधिमा सरकारले सार्वजनिक ऋणको सावाँतर्फ रु.२ खर्ब ९१ अर्ब २० करोड भुक्तानी गरेको छ। ऋणको सावाँ भुक्तानी कटाएर सरकारको खुद सार्वजनिक ऋण परिचालन रु.१ खर्ब ६४ अर्ब ८३ करोड रहेको छ। यस अवधिमा अनुदान र ऋण गरी जम्मा रु.१ खर्ब ५६ अर्ब ६० करोड बराबरको वैदेशिक सहायता प्राप्त भएको छ।

२.३६ सरकारको तिर्न बाँकी सार्वजनिक ऋण २०८२ असार मसान्तमा रु.२६ खर्ब ७४ अर्ब ५ करोड पुगेको छ। तिर्न बाँकी सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण र वैदेशिक ऋणको अंश क्रमशः ४७.४ प्रतिशत र ५२.६ प्रतिशत रहेको छ।

२.३७ आर्थिक वर्ष २०८१/८२ मा सरकारबाट भएको शेयर तथा ऋण लगानी खर्च १५.३ प्रतिशतले घटेर रु.४१ अर्ब ४८ करोड रहेको छ। यस अवधिको शेयर तथा ऋण लगानीमध्ये संस्थानमा भएको शेयर तथा ऋण लगानी रु.४० अर्ब ९४ करोड र वैदेशिक शेयर लगानी रु.५४ करोड रहेको छ।

चार्ट २(च): सङ्घीय खर्च, सङ्घीय आय र सार्वजनिक ऋण परिचालन

(कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)



स्रोतः महालेखा नियन्त्रक कार्यालय/राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२

२.३८ आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सङ्घीय खर्च २४.४ प्रतिशत, सङ्घीय राजस्व १६.७ प्रतिशत र सङ्घीय आय १७.५ प्रतिशत रहेको छ।


त्यसैगरी कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सार्वजनिक ऋण परिचालन ७.४ प्रतिशत र वैदेशिक सहायता प्राप्ति २.५ प्रतिशत रहेको छ।

२.३९ कुल गार्हस्थ्य उत्पादनको अनुपातमा २०८२ असार मसान्तमा सरकारको तिर्न बाँकी सार्वजनिक ऋण ४३.१३ प्रतिशत पुगेको छ। यसैगरी ऋण सेवा खर्च कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ५.८३ प्रतिशत पुगेको छ। ऋण सेवा खर्च भन्दा सार्वजनिक ऋण परिचालन रु.९४ अर्ब ३८ करोड बढी छ।

सङ्घीय खर्च र राजस्व संरचना

२.४० आर्थिक वर्ष २०८१/८२ को कुल सङ्घीय खर्चमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको अंश क्रमशः ६३.२ प्रतिशत, १४.८ प्रतिशत र २२.० प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो अंश क्रमशः ६६.७ प्रतिशत, १३.८ प्रतिशत र १९.५ प्रतिशत रहेको थियो।


चार्ट २(छ): सङ्घीय खर्च संरचना (कुल सङ्घीय खर्चको प्रतिशतमा)



स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२

२.४१ आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय सरकारले सङ्कलन गरेको कुल राजस्वमध्ये सबैभन्दा बढी योगदान मूल्य अभिवृद्धि करको २९.० प्रतिशत रहेको छ। त्यसैगरी आय करको योगदान २५.२ प्रतिशत, भन्सार महशुल १९.६ प्रतिशत, अन्तःशुल्क १४.८ प्रतिशत, अन्य कर ०.३ प्रतिशत र गैरकर राजस्वको योगदान ११.० प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा मूल्य अभिवृद्धि करको योगदान २९.३ प्रतिशत, आयकर २६.७ प्रतिशत, भन्सार महशुल १९.० प्रतिशत, अन्तःशुल्क १३.८ प्रतिशत, अन्य कर ०.३ प्रतिशत र गैरकर राजस्वको योगदान १०.८ प्रतिशत रहेको थियो।

चार्ट २(ज): राजस्व संरचना (कुल राजस्वको प्रतिशतमा)



स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२

सङ्घीय सरकारी वित्तको तुलनात्मक स्थिति (फागुनसम्म)

२.४२ आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म सङ्घीय खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १०.४ प्रतिशतले बढेर रु.९ खर्ब २७ अर्ब पुगेको छ। यस अवधिमा चालु खर्च र वित्तीय व्यवस्थातर्फको खर्च क्रमशः ९.९ प्रतिशत र १९.४ प्रतिशतले बढेको छ भने पुँजीगत खर्च ४.७ प्रतिशतले घटेको छ। गत आर्थिक वर्षको सोही अवधिमा सङ्घीय खर्च ४.७ प्रतिशतले बढेको थियो।

तालिका २(ठ): सङ्घीय सरकारको वित्त स्थिति (फागुनसम्म)

विवरण	फागुनसम्म				
	रु. करोडमा			वृद्धिदर (प्रतिशतमा)	
	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८१/८२	२०८२/८३
कुल सरकारी खर्च	८०१५८	८३९००	९२६५९	४.७	१०.४
चालु खर्च	५८२११	५८४१३	६४२१५	०.३	९.९
पुँजीगत खर्च	८१२१	८२३३	७८४९	१.४	-४.७
वित्तीय व्यवस्था	१३८२६	१७२५४	२०५९५	२४.८	१९.४
सङ्घीय राजस्व	५६०८८	६३१८०	६५१७१	१२.६	३.२
कर	५०२६२	५५३१०	५८३८२	१०.०	५.६
गैर कर	५८२५	७८७०	६७८८	३५.१	-१३.७
वैदेशिक अनुदान	१००६	९१६	६३४	-८.९	-३०.८
नगद मौज्दात र बेरूजु	२२०३	९३१	४५८	-५७.७	-५०.९
आन्तरिक ऋण लगानी फिर्ता	४४८	९६	९७	-७८.६	१.७
सङ्घीय आय	५९७४४	६५१२३	६६३६०	९.०	१.९
ब्याज सेवा खर्च	४९४८	४२७६	४८६३	-१३.६	१३.७

विवरण	फागुनसम्म				
	रु. करोडमा			वृद्धिदर (प्रतिशतमा)	
	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८१/८२	२०८२/८३
आन्तरिक ऋण परिचालन	१६३३१	२६९१५	२४३६७	६४.८	-९.५
वैदेशिक ऋण परिचालन	५५५६	६५४७	५६८०	१७.८	-१३.२
वैदेशिक सहायता प्रतिबद्धता	१०१२०	२२२००	७२२३	११९.४	-६७.५

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२/सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८२

२.४३ चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय राजस्व ३.२ प्रतिशतले बढेर रु.६ खर्ब ५१ अर्ब ७१ करोड पुगेको छ। यस अवधिमा सङ्घीय कर राजस्व ५.६ प्रतिशतले बढेको छ भने गैरकर राजस्व १३.७ प्रतिशतले घटेको छ। गत आर्थिक वर्षको फागुनसम्म सङ्घीय राजस्व १२.६ प्रतिशतले बढेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय आय १.९ प्रतिशतले बढेर रु.६ खर्ब ६३ अर्ब ६० करोड पुगेको छ।

२.४४ चालु आर्थिक वर्षको फागुनसम्म आन्तरिक र वैदेशिक ऋण गरी कुल सार्वजनिक ऋण परिचालन १०.२ प्रतिशतले सङ्कुचन भई रु.३ खर्ब ४७ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा सार्वजनिक ऋण परिचालन ५२.९ प्रतिशतले वृद्धि भएको थियो।

२.४५ चालु आर्थिक वर्षको फागुनसम्म अनुदान र ऋण गरी कुल वैदेशिक सहायता प्रतिबद्धता ६७.५ प्रतिशतले सङ्कुचन भई रु.७२ अर्ब २३ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो प्रतिबद्धता रु.२ खर्ब २२ अर्ब रहेको थियो।

शेयर तथा ऋण लगानी

२.४६ चालु आर्थिक वर्षको फागुनसम्म सरकारको कुल ऋण तथा शेयर लगानी १५.९ प्रतिशतले सङ्कुचन भई रु.११ अर्ब ४० करोड रहेको छ। यस अवधिमा शेयर तथा ऋण लगानीको सावाँ फिर्ताबापत सरकारले रु.९७ करोड प्राप्त गरेको छ। यस अवधिमा खुद ऋण तथा शेयर लगानी १७.३ प्रतिशतले घटेर रु.१० अर्ब ४२ करोड रहेको छ।

तालिका २(ङ): सङ्घीय सरकारको शेयर तथा ऋण लगानीको तुलनात्मक स्थिति (रु. करोडमा)

विवरण	फागुनसम्म			वृद्धिदर	
	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८१/८२	२०८२/८३
संस्थानमा ऋण लगानी	१०८९.७	१०८५.१	९८४.३	-०.४	-९.३
संस्थानमा शेयर लगानी	११०.५	२३५.६	११५.७	११३.१	-५०.९
वैदेशिक शेयर लगानी	२१.६	३४.९	३९.७	६१.५	१३.७
कुल ऋण तथा शेयर लगानी	**१२२१.९**	**१३५५.५**	**११३९.७**	**१०.९**	**-१५.९**
ऋण तथा शेयर लगानीको	४४७.६	९५.७	९७.३	-७८.६	१.७
खुद ऋण तथा शेयर लगानी	**७७४.३**	**१२५९.८**	**१०४२.३**	**६२.७**	**-१७.३**

स्रोतः महालेखा नियन्त्रक कार्यालय/सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८२

सङ्घीय सरकारको वित्त सन्तुलनको अवस्था

२.४७ चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय सरकारको बजेट घाटा ४०.० प्रतिशतले बढेर रु.२ खर्ब ६२ अर्ब ९९ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा रु.१ खर्ब ८७ अर्ब ७७ करोड रहेको थियो।

तालिका २(ढ): सङ्घीय सरकारको वित्त परिसूचकहरू (रु. करोडमा)

वित्त सन्तुलन	फागुनसम्म		
	२०८०/८१	२०८१/८२	२०८२/८३
बजेट सन्तुलन	-२०४१४.६	-१८७७७.३	-२६२९९.२
राजस्व सन्तुलन	-२१२३.३	४७६६.५	९५६.०
समग्र वित्त सन्तुलन (अनुदान सहित)	-७२४८.४	-१९०४.४	-५८०१.३
प्राथमिक सन्तुलन	-२३००.९	२३७१.१	-९३८.७

स्रोतः महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कबाट गणना गरिएको।

२.४८ चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय सरकारको राजस्व सन्तुलन बचतमा रहे पनि तुलनात्मक रुपमा यस्तो बचत घटेको छ। गत आर्थिक वर्षको फागुनसम्म राजस्व सन्तुलन रु.४७ अर्ब ६७ करोडले बचतमा रहेकोमा चालु आर्थिक वर्षको फागुनसम्म रु.९ अर्ब ५६ करोडले बचतमा रहेको छ।

२.४९ चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय सरकारको समग्र वित्त घाटा बढेको छ। गत आर्थिक वर्षको फागुनसम्म सङ्घीय सरकारको समग्र वित्त घाटा रु.१९ अर्ब ४ करोड रहेकोमा चालु आर्थिक वर्षको फागुनसम्म रु.५८ अर्ब १ करोड पुगेको छ।

२.५० चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय सरकारको प्राथमिक सन्तुलन (Primary Balance) रु.९ अर्ब ३९ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सन्तुलन रु.२३ अर्ब ७१ करोडले बचतमा रहेको थियो।

सङ्घीय आय संरचना

२.५१ आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म सङ्घीय आय संरचनामा सङ्घीय राजस्वको हिस्सा ९८.२ प्रतिशत र अन्य (अनुदान, सावाँ फिर्ता र अन्य प्राप्ति) को हिस्सा १.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः ९७.० प्रतिशत र ३.० प्रतिशत रहेको थियो।

तालिका २(ण): सङ्घीय आय संरचना (रु. करोडमा)

विवरण	फागुनसम्म			फागुनसम्म	
	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८१/८२	२०८२/८३
सङ्घीय राजस्व	५६०८८	६३१८०	६५१७१	१२.६	३.२
कर राजस्व	५०२६२	५५३१०	५८३८२	१०.०	५.६

विवरण	फागुनसम्म			फागुनसम्म	
	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८१/८२	२०८२/८३
गैरकर राजस्व	५८२५	७८७०	६७८८	३५.१	-१३.७
वैदेशिक अनुदान प्राप्ति	१००६	९१६	६३४	-८.९	-३०.८
आन्तरिक ऋण लगानीको सावाँ फिर्ता	४४८	९६	९७	-७८.६	१.७
अन्य प्राप्ति	२२०३	९३१	४५८	-५७.७	-५०.९
कुल सङ्घीय आय	**५९७४४**	**६५१२३**	**६६३६०**	**९.०**	**१.९**

स्रोतः महालेखा नियन्त्रक कार्यालय/सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८२

सङ्घीय खर्च स्रोत

२.५२ आर्थिक वर्ष २०८२/८३ फागुनसम्म कुल सङ्घीय खर्चमा सङ्घीय राजस्वको अनुपात ७०.४ प्रतिशत, आन्तरिक ऋण २६.३ प्रतिशत, वैदेशिक ऋण ६.१ प्रतिशत र अन्यको अनुपात १.२ प्रतिशत रहेको छ।

तालिका २(त): सङ्घीय सरकारी खर्चमा आय, राजस्व, अनुदान र ऋणको अनुपात

विवरण	फागुनसम्म					
	रु. करोडमा			कुल सरकारी खर्चको प्रतिशतमा		
	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८०/८१	२०८१/८२	२०८२/८३
सङ्घीय राजस्व	५६०८८	६३१८०	६५१७१	७०.०	७५.३	७०.४
अन्य प्राप्ति	२२०३	९३१	४५८	२.७	१.१	०.५
वैदेशिक अनुदान	१००६	९१६	६३४	१.३	१.१	०.७
आन्तरिक ऋण लगानी	४४८	९६	९७	०.६	०.१	०.१
आन्तरिक ऋण	१६३३१	२६९१५	२४३६७	२०.४	३२.१	२६.३
वैदेशिक ऋण प्राप्ति	५५५६	६५४७	५६८०	६.९	७.८	६.१
कुल प्राप्ति	८१६३०	९८५८६	९६४०७	१०१.८	११७.५	१०४.०
सङ्घीय सरकारी खर्च	**८०१५८**	**८३९००**	**९२६५९**	**१००.०**	**१००.०**	**१००.०**

स्रोतः महालेखा नियन्त्रक कार्यालय/सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८२

नोटः फागुनसम्मको सङ्घीय आय/ राजस्वमा रोयल्टी बाँडफाँट समावेश गरिएको छैन।

आन्तरिक र वस्तु आयातमा आधारित कर राजस्व संरचना

२.५३ चालु आर्थिक वर्षको फागुनसम्मको कर राजस्वमध्ये आयातमा आधारित कर राजस्व र आन्तरिक तर्फको राजस्वको योगदान क्रमशः ४७.१ प्रतिशत र ५२.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्ष यस्तो योगदान क्रमशः ४४.९ प्रतिशत र ५५.१ प्रतिशत रहेको थियो।

तालिका २(थ): आन्तरिक र आयातमा आधारित कर राजस्व संरचना (रु. करोडमा)

विवरण	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३*
कर राजस्व	**९८४३३**	**८६५६३**	**९४४५७**	**१०४९९२**	**६७६६२**
आयातमा आधारित कर	**४९७३८**	**३८३०३**	**४१८२३**	**४७१५७**	**३१८६०**
भन्सार राजस्व (निकासी कर बाहेक)	२४१५५	१८१७७	२००७३	२३००७	१५४५५
मूल्य अभिवृद्धि कर (आयात)	१९८४४	१६९०८	१८०३५	१९५०७	१३१७२
अन्तःशुल्क (आयात)	५७३९	३२१८	३७१५	४६४४	३२३३
कर राजस्वमा आयातमा आधारित करको हिस्सा (प्रतिशतमा)	**५०.५**	**४४.२**	**४४.३**	**४४.९**	**४७.१**
आन्तरिक कर राजस्व	**४८६९६**	**४८२६०**	**५२६३५**	**५७८३४**	**३५८०२**
आय कर	२५९९९	२५१७४	२८३१४	२९७८२	१७०८४
मूल्य अभिवृद्धि कर (उत्पादन)	११५८४	११७५५	१३०३६	१४७२४	९५१६
अन्तःशुल्क (उत्पादन)	१०९३९	११०८८	१०९२१	१२८६९	८८०४
निकासीमा लाग्ने कर	४०	३५	२९	८३	१३५
अन्य कर	१३३	२०७	३३५	३७६	२६४
कर राजस्वमा आन्तरिक तर्फको कर राजस्वको हिस्सा (प्रतिशतमा)	**४९.५**	**५५.८**	**५५.७**	**५५.१**	**५२.९**

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०८२ को तथ्याङ्कका आधारमा गणना गरिएको। *फागुनसम्मको

राजस्व बाँडफाँटको स्थिति

२.५४ चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय विभाज्य तथा सञ्चित कोषमा दाखिला भएको कुल राजस्व रु.७ खर्ब ४७ अर्ब ३२ करोड रहेको छ, जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.७ प्रतिशतले बढी हो। गत आर्थिक वर्षको फागुनसम्म यस्तो राजस्व १२.७ प्रतिशतले वृद्धि भएको थियो।

तालिका २(द): सङ्घीय विभाज्य/सङ्घीय सञ्चित कोषमा सङ्कलित राजस्व (रु. करोडमा)

सङ्घीय विभाज्य/सञ्चित कोषमा दाखिला भएको राजस्व	आर्थिक वर्ष			फागुनसम्म	
	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८१/८२	२०८२/८३
कुल राजस्व	**९५७३५**	**१०५८९०**	**११७९८२**	**७२०३५**	**७४७३२**
कर राजस्व	८६५६३	९४४५७	१०४९९२	६३८८०	६७६६२
गैरकर राजस्व	९१७२	११४३३	१२९९०	८१५५	७०६९
बाँडफाँट नहुने राजस्व	**५६०५७**	**६४००१**	**७०७६२**	**४३१८४**	**४३५१७**
कर राजस्व	४७४९३	५३१६६	५८५९५	३५३१४	३६७२९
गैरकर राजस्व	८५६४	१०८३५	१२१६७	७८७०	६७८८
बाँडफाँट हुने राजस्व	**३९६७८**	**४१८९०**	**४७२२०**	**२८८५१**	**३१२१४**

सङ्घीय विभाज्य/सञ्चित कोषमा दाखिला भएको राजस्व	आर्थिक वर्ष			फागुनसम्म	
	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८१/८२	२०८२/८३
मूल्य अभिवृद्धि कर	२८६६०	३१०३७	३४१९१	२१००६	२२५५०
अन्तःशुल्क (आ.)	१०४१०	१०२५४	१२२०६	७५६०	८३८४
रोयल्टी	६०८	५९८	८२३	२८५	२८१

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०८२

२.५५ चालु आर्थिक वर्षको फागुनसम्म बाँडफाँट हुने राजस्व बाहेक सङ्घीय सरकारले सङ्कलन गरेको राजस्व ०.८ प्रतिशतले बढेर रु.४ खर्ब ३५ अर्ब १७ करोड पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो राजस्व १२.६ प्रतिशतले बढेको थियो।

२.५६ चालु आर्थिक वर्षको फागुनसम्म मूल्य अभिवृद्धि कर, अन्तःशुल्क (आन्तरिक) र बाँडफाँट हुने रोयल्टी सहित तीन तहमा बाँडफाँट हुने राजस्व ८.२ प्रतिशतले वृद्धि भई रु.३ खर्ब १२ अर्ब १४ करोड पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो राजस्व १२.९ प्रतिशतले बढेको थियो।

तालिका २(ध): बाँडफाँट पछिको राजस्व विवरण (रु. करोडमा)

विवरण	आर्थिक वर्ष			फागुनसम्म	
	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८१/८२	२०८२/८३
सङ्घ	**८३४०६**	**९२९०५**	**१०३२३९**	**६३१८०**	**६५१७१**
कर राजस्व	७४८४२	८२०७०	९१०७३	५५३१०	५८३८२
गैरकर राजस्व	८५६४	१०८३५	१२१६७	७८७०	६७८८
प्रदेश र स्थानीय तह	**११७२१**	**१२३८८**	**१३९१९**	**८५७०**	**९२८०**
कर राजस्व	११७२१	१२३८८	१३९१९	८५७०	९२८०
गैरकर राजस्व	०	०	०	०	०
बाँडफाँट हुने रोयल्टी	**६०८**	**५९८**	**८२३**	**२८५**	**२८१**
सङ्घबाट संकलित कुल राजस्व	**९५७३५**	**१०५८९०**	**११७९८२**	**७२०३५**	**७४७३२**

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०८२

२.५७ चालु आर्थिक वर्षको फागुनसम्म प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व रु.९२ अर्ब ८० करोड रहेको छ। यस अवधिमा सङ्घबाट संकलित बाँडफाँट हुने रोयल्टी रु.२ अर्ब ८१ करोड रहेको छ।

तालिका २(न): रोयल्टी सङ्कलनको विवरण (रु. करोडमा)

रोयल्टीको शिर्षक	आर्थिक वर्ष			फागुनसम्म	
	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८१/८२	२०८२/८३
पर्वतारोहण	९४.७१	९१.६९	९९.८७	२०.५७	३६.९५
विद्युत	३१५.५२	३४५.१४	३९३.७७	१०३.५१	१५१.९२
वन	५९.३३	७५.८२	१६९.४४	३८.२४	३८.७८
खानी तथा खनिज	६२.८०	८५.२३	१५९.९३	१२२.६१	५३.३१
अन्य बाँडफाँड हुने राजस्व संकलन	०.२८	०.२०	०.०८	०.०८	०.०६
जम्मा रोयल्टी	**५३२.६४**	**५९८.०९**	**८२३.१०**	**२८५.००**	**२८१.०२**
प्रदेशबाट सङ्कलित रोयल्टी	७५.४४	७४.५५	०.००	०.००	०.००
जम्मा रोयल्टी	**६०८.०८**	**६७२.६४**	**८२३.१०**	**२८५.००**	**२८१.०२**

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०८२

नोट: प्रदेश सरकारबाट संकलित रोयल्टी राष्ट्रिय वन तर्फको बाँडफाँड हुने वन क्षेत्रको रोयल्टी हो।

२.५८ चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय सरकारले सङ्कलन गरेको रोयल्टी (बाँडफाँट हुने) १.४ प्रतिशतले सङ्कुचन भई रु.२ अर्ब ८१ करोड पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो रोयल्टी रु.२ अर्ब ८५ करोड रहेको थियो।

करको दायरा विस्तार

२.५९ २०८२ फागुन मसान्तसम्म स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या २०८२ असार मसान्तको तुलनामा ८.६ प्रतिशतले वृद्धि भई ७६ लाख ३ सय १६ पुगेको छ। चालु आर्थिक वर्षको फागुनसम्म ६ लाख ९ सय ६६ स्थायी लेखा नम्बर लिने करदाता थप भएका छन्। २०८२ फागुनसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ६९ हजार ५० र अन्तःशुल्कमा दर्ता भएका करदाता १ लाख ३० हजार ९ सय २ पुगेको छ।

तालिका २(प): व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

दर्ताको प्रकार	२०८२	चालु आर्थिक वर्षको	२०८२
व्यावसायिक स्थायी लेखा नम्बर (BPAN)	२०६०७५८	७१४४६	२१३२२०४
व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN)	४९०२७२२	५२८३८१	५४३११०३
करकट्टी गर्ने निकायले लिएको स्थायी	३५८७०	११३९	३७००९
जम्मा स्थायी लेखा नम्बर#	**६९९९३५०**	**६००९६६**	**७६००३१६**
मूल्य अभिवृद्धि कर	३५१७३५	१७३१५	३६९०५०
अन्तःशुल्क	१२४९९७	५९०५	१३०९०२


स्रोत: आन्तरिक राजस्व विभाग, २०८२

सक्रिय स्थायी लेखा नम्बरको दर्ता सङ्ख्या मात्र समावेश गरिएको।

वैदेशिक सहायता प्राप्ति

२.६० पछिल्ला आर्थिक वर्षमा वैदेशिक सहायता प्राप्तिमा कमी आएकोमा आर्थिक वर्ष २०८१/८२ मा १४.१ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ५६ अर्ब ६० करोड प्राप्त भएको छ। आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय सञ्चित कोषमा प्राप्त वैदेशिक अनुदान रु.२९ अर्ब ६५ करोड र वैदेशिक ऋण रु.१ खर्ब २६ अर्ब ९५ करोड रहेको छ। यस अवधिको कुल वैदेशिक सहायता प्राप्तिमध्ये ऋण र अनुदानको अंश क्रमशः ८१.१ प्रतिशत र १८.९ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा वैदेशिक सहायता प्राप्ति २.५३ प्रतिशत रहेको छ।

चार्ट २(झ): वैदेशिक सहायता प्राप्तिको संरचना



स्रोतः महालेखा नियन्त्रक कार्यालय/राष्ट्रिय तथ्याङ्क कार्यालय २०८२

नोटः प्रयोग गरिएका तथ्याङ्कहरू सङ्घीय सञ्चित कोषको वैदेशिक अनुदान र ऋण प्राप्तिमा आधारित भएकाले सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको ऋण तथ्याङ्क र यस अघिका आर्थिक सर्वेक्षणमा राखिएका वैदेशिक ऋण तथा अनुदानको तथ्याङ्कसँग केही फरक पर्न गएको छ।

२.६१ चालु आर्थिक वर्षको फागुनसम्म वैदेशिक अनुदान रु.६ अर्ब ३४ करोड र वैदेशिक ऋण रु.५६ अर्ब ८० करोड गरी कुल वैदेशिक सहायता प्राप्ति रु.६३ अर्ब १४ करोड रहेको छ, जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १५.४ प्रतिशतले न्यून हो। गत आर्थिक वर्षको फागुनसम्म वैदेशिक सहायता प्राप्ति १३.८ प्रतिशतले बढेको थियो।

सार्वजनिक ऋण

२.६२ २०८२ फागुनसम्म आन्तरिक ऋण रु.१३ खर्ब ४८ अर्ब १२ करोड र बाह्य ऋण रु.१५ खर्ब ३० अर्ब १८ करोड गरी सरकारको सार्वजनिक ऋण रु.२८ खर्ब ७८ अर्ब ३० करोड पुगेको छ। कुल गार्हस्थ्य उत्पादनको अनुपातमा २०८१ फागुनमा सरकारको सार्वजनिक ऋण ४३.२ प्रतिशत रहेकोमा २०८२ फागुनमा ४३.६ प्रतिशत पुगेको छ।

२.६३ पछिल्लो एक वर्षको अवधिमा कुल सार्वजनिक ऋणमध्ये वैदेशिक ऋणको अंश बढेको छ। २०८२ फागुनसम्म तिर्न बाँकी कुल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण र बाह्य ऋणको अनुपात क्रमशः ४६.८ प्रतिशत र ५३.२ प्रतिशत रहेको छ। २०८१ फागुनसम्म यस्तो अनुपात क्रमशः ४९.२ प्रतिशत र ५०.८ प्रतिशत रहेको थियो।

२.६४ चालु आर्थिक वर्षको फागुनसम्म आन्तरिक र बाह्य ऋण प्राप्ति १०.२ प्रतिशतले सङ्कुचन भई रु.३ खर्ब ४७ करोड रहेको छ। यस अवधिमा खुद ऋण प्राप्ति (सावाँ भुक्तानी घटाएर बाँकी रहेको रकम) ३९.५ प्रतिशतले घटेर रु.१ खर्ब ६ अर्ब २७ करोड पुगेको छ।

२.६५ चालु आर्थिक वर्षको फागुनसम्म सार्वजनिक ऋणको सावाँतर्फ रु.१ खर्ब ९४ अर्ब २० करोड र ब्याजतर्फ रु.४८ अर्ब ६३ करोड भुक्तानी भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो भुक्तानी क्रमशः रु.१ खर्ब ५८ अर्ब ९८ करोड र रु.४२ अर्ब ७५ करोड रहेको थियो।

२.६६ पछिल्ला वर्षमा सरकारको ऋण सेवा खर्च (सावाँ र ब्याज भुक्तानी) बढ्दै गएको छ। चालु आर्थिक वर्षको फागुनसम्म सरकारको ऋण सेवा खर्च २०.४ प्रतिशतले बढेर रु.२ खर्ब ४२ अर्ब ८३ करोड पुगेको छ, जुन यस अवधिको सङ्घीय सरकारी खर्चको अनुपातमा २६.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा सङ्घीय सरकारी खर्चको अनुपातमा ऋण सेवा खर्च २४.० प्रतिशत रहेको थियो।

२.६७ आर्थिक वर्ष २०८१/८२ मा रु.१ अर्ब २४ करोड बराबरको विशेष ऋणपत्र (IMF Bond) जारी भई २०८२ फागुनसम्म IMF Bond अन्तर्गत भुक्तानी गर्नुपर्ने रकम रु.५ अर्ब १६ करोड पुगेको छ। २०८१ फागुनसम्म यस्तो रकम रु.३ अर्ब ९२ करोड थियो।

तालिका २(फ): सार्वजनिक ऋण विवरण (रु.करोडमा)

विवरण	आर्थिक वर्ष			फागुनसम्म	
	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८१/८२	२०८२/८३
सरकारको तिर्न बाँकी ऋण					
कुल वैदेशिक ऋण	११७२४९	१२५७६०	१४०५८२	१३६४८७	१५३०१८
कुल आन्तरिक ऋण	११२९१०	११८०९०	१२६८२२	१३१५५८	१३४८१२
आन्तरिक ऋण*	११२५१९	११७६९९	१२६३०६	१३११६६	१३४२९६
विशेष ऋणपत्र#	३९२	३९२	५१६	३९२	५१६
कुल सार्वजनिक ऋण	**२३०१५९**	**२४३८५०**	**२६७४०५**	**२६८०४४**	**२८७८३०**
कुल ऋण प्राप्ति/निष्काशन					
वैदेशिक ऋण	१२२१०	१३००७	१२९९६	६५४७	५६८०
आन्तरिक ऋण	२५६००	२३४४२	३२९९९	२६९१५	२४३६७
विशेष ऋणपत्र	१२९	०	१२४	०	०
जम्मा प्राप्ति/निष्काशन	**३७९३९**	**३६४४९**	**४६११९**	**३३४६३**	**३००४७**
सावाँ भुक्तानी खर्च					
वैदेशिक ऋण	३४६२	४०७२	४७२९	२४५०	३०४२
आन्तरिक ऋण	११५०९	१८२६२	२४३९१	१३४४८	१६३७८
विशेष ऋणपत्र	०.००	०.००	०.००	०.००	०.००
जम्मा सावाँ भुक्तानी खर्च	**१४९७१**	**२२३३५**	**२९१२०**	**१५८९८**	**१९४२०**
खुद ऋण प्राप्ति/निष्काशन					
वैदेशिक ऋण	८७४८	८९३५	८२६७	४०९७	२६३८
आन्तरिक ऋण	१४०९०	५१८०	८६०८	१३४६८	७९८९
विशेष ऋणपत्र	१२९	०.००	१२४	०.००	०.००
खुद ऋण प्राप्ति/निष्काशन	**२२९६८**	**१४११५**	**१७०००**	**१७५६५**	**१०६२७**
ब्याज खर्च					
वैदेशिक ऋण	८२६	९२६	१०१७	५७७	७६०
आन्तरिक ऋण	६४४९	७२८३	६०२८	३६९७	४१०३
जम्मा ब्याज खर्च	**७२७६**	**८२१०**	**७०४५**	**४२७५**	**४८६३**
ऋण सेवा खर्च (सावाँ र	२२२४७	३०५४४	३६१६५	२०१७३	२४२८३
सङ्घीय खर्चमा ऋण	**१५.७**	**२१.९**	**२३.९**	**२४.०**	**२६.२**

स्रोत : सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८२

* विशेष ऋणपत्र बाहेक

विशेष ऋणपत्र अन्तर्गत अन्तर्राष्ट्रिय मुद्रा कोष मूल्याङ्कन समायोजन बापत नेपाल सरकारबाट अन्तर्राष्ट्रिय मुद्रा कोषलाई तिर्नुपर्ने रकमका लागि ब्रेटन उड्स सम्झौता ऐन, २०१८ अनुरुप नेपाल राष्ट्र बैंकको नाममा जारी ऋणपत्रहरू समावेश गरिएको छ।


नोट: यस तालिकामा प्रयोग गरिएको नेपाल सरकारको सार्वजनिक ऋण सम्बन्धी सबै तथ्याङ्क सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्याङ्कमा आधारित छ। नेपाल राष्ट्र बैंकको Advance Account बाट सङ्घीय सञ्चित कोषमा ट्रान्सफर नभएको ऋण रकम समेत यसमा समावेश गरिएकोले महालेखा नियन्त्रक कार्यालयको ऋण तथ्याङ्कसँग फरक पर्न गएको छ।

२.६८ २०८२ फागुनसम्म तिर्न बाँकी कुल वैदेशिक ऋणमध्ये द्विपक्षीय ऋण रु.१ खर्ब ४२ अर्ब ५८ करोड (९.३२ प्रतिशत) र बहुपक्षीय ऋण रु.१३ खर्ब ८७ अर्ब ६० करोड (९०.६८ प्रतिशत) रहेको छ।

२.६९ २०८२ फागुनसम्म विभिन्न दश मुद्रामा वैदेशिक ऋण प्राप्त भएको छ। यस अवधिसम्मको तिर्न बाँकी कुल वैदेशिक ऋणमध्ये Special Drawing Rights (SDR) अङ्कित ऋण सबैभन्दा बढी ७१.४२ प्रतिशत रहेको छ। त्यसैगरी अमेरिकन डलर अङ्कित ऋण २१.०८ प्रतिशत, जापानीज येन अङ्कित ऋण ३.८३ प्रतिशत र चाईनिज यूआन अङ्कित ऋण २.४४ प्रतिशत रहेको छ। यूरो, पाउण्ड स्टर्लिङ्ग, कुवेती दिनार, कोरियन वन, साउदी रियाल र डेनिस क्रोनर अङ्कित ऋण १.२३ प्रतिशत रहेको छ।

२.७० विनिमय दर परिवर्तनका कारण आर्थिक वर्ष २०८०/८१ मा वैदेशिक ऋणमा रु.४ अर्ब २३ करोड नाफा भएकोमा आर्थिक वर्ष २०८१/८२ मा रु.६५ अर्ब ५५ करोड घाटा भएको छ। अमेरिकी डलर र SDR सँग नेपाली रुपैयाँ तीव्र दरले अवमूल्यन भएकाले चालु आर्थिक वर्षको फागुनसम्म विनिमय दर नोक्सानी रु.९७ अर्ब ९८ करोड रहेको छ। यस अवधिमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ७.२ प्रतिशतले अवमूल्यन भएको छ।


चार्ट २(ञ): विनिमय दर परिवर्तनको कारण वैदेशिक ऋणमा परेको प्रभाव (रु. करोडमा)



स्रोत: सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८२ *फागुनसम्म

२.७१ पछिल्ला वर्षमा तिर्न बाँकी कुल आन्तरिक ऋणमा मध्यमकालीन ऋणपत्र (टी-वण्ड) को अंश बढ्दै गएको छ भने अल्पकालीन ऋणपत्र (ट्रेजरी बिल) को अंश घट्दै गएको छ। २०८२ फागुनसम्मको आन्तरिक ऋण दायित्वमा विकास ऋणपत्रको अंश तीन चौथाई नाघेको छ भने ट्रेजरी बिलको अंश २३.० प्रतिशतमा झरेको छ। त्यसैगरी अन्य ऋणपत्र (वैदेशिक रोजगार बचतपत्र, नागरिक बचतपत्र र IMF Bond) को अंश १.४ प्रतिशत रहेको छ। २०८० असार मसान्तमा ट्रेजरी बिलको अंश ४०.५ प्रतिशत रहेको थियो।


चार्ट २(ट): आन्तरिक ऋण संरचना (तिर्न बाँकी आन्तरिक ऋणको प्रतिशतमा)



स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८२


२.७२ आर्थिक वर्ष २०७९/८० पश्चात सरकारी ऋणपत्रको ब्याजदर क्रमशः घट्दै गएको छ। आर्थिक वर्ष २०७९/८० मा विभिन्न सरकारी ऋणपत्रको औसत ब्याजदर ८.८४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा घटेर ३.८३ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा सरकारी ऋणपत्रमध्ये ट्रेजरी बिलको औसत ब्याजदर २.९४ प्रतिशत र विकास ऋणपत्रको औसत ब्याजदर ४.७३ प्रतिशत रहेको छ।


चार्ट २(ठ): सरकारी ऋणपत्रको औसत ब्याजदर (प्रतिशतमा)



स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८२

चार्ट २(ड): कुपन दर र डिस्काउन्ट दरको प्रवृत्ति (प्रतिशतमा)





स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८२

अन्तर-सरकारी वित्त हस्तान्तरण

२.७३ आर्थिक वर्ष २०८१/८२ मा सङ्घबाट प्रदेश र स्थानीय तहमा भएको अनुदान हस्तान्तरण २.९ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ४९ अर्ब ३६ करोड रहेको छ। यस अवधिमा राजस्व बाँडफाँट अन्तर्गत प्रदेश र स्थानीय तहमा बाँडफाँट भएको राजस्व १२.४ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ३९ अर्ब १९ करोड पुगेको छ। आर्थिक वर्ष २०७९/८०, आर्थिक वर्ष २०८०/८१ र आर्थिक वर्ष २०८१/८२ मा सङ्घबाट सङ्कलित बाँडफाँट हुने रोयल्टी तीन तहका सरकारबीच बाँडफाँट हुन सकेको छैन।

तालिका २(ब): अन्तर सरकारी वित्त हस्तान्तरण (रु. करोडमा)

विवरण	२०८०/८१		२०८१/८२		२०८२/८३*	
	प्रदेश	स्थानीय तह	प्रदेश	स्थानीय तह	प्रदेश	स्थानीय तह
अनुदान हस्तान्तरण	**७६०२.०**	**२६३३९.६**	**७६७५.६**	**२७२६०.८**	**५७००.९**	**२२४६८.१**
वित्तीय समानीकरण अनुदान	४३४७.९	८१२२.६	५५०५.६	८०७४.१	४०८९.९	६०९०.४
सशर्त अनुदान	२३५३.८	१७१३०.१	१५५६.३	१८१३९.३	१४०१.८	१६००७.९
विशेष अनुदान	३५२.९	६०१.६	२५९.१	५९९.१	११४.१	१८३.२
समपूरक अनुदान	५४७.४	४८५.४	३५४.६	४४८.३	९५.०	१८६.६
राजस्व बाँडफाँट	**६१९३.८**	**६१९३.८**	**६९५९.५**	**६९५९.५**	**५४४४.७**	**५४४४.७**
मूल्य अभिवृद्धि कर	४६५५.६	४६५५.६	५१२८.७	५१२८.७	३९२१.२	३९२१.२
अन्तशुल्क (आन्तरिक)	१५३८.२	१५३८.२	१८३०.८	१८३०.८	१५२३.४	१५२३.४
रोयल्टी बाँडफाँट	-	-	-	-	-	-
जम्मा	**१३७९५.७**	**३२५३३.४**	**१४६३५.१**	**३४२२०.३**	**१११४५.६**	**२७९१२.८**

स्रोतः महालेखा नियन्त्रकको कार्यालय, २०८२ * चैत सम्मको

नोटः आर्थिक वर्ष २०८०/८१ मा बाँडफाँट गर्न बाँकी रोयल्टी रु.६ खर्ब ७२ अर्ब ६४ करोड ३० लाख रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा यस्तो रकम रु.८ अर्ब २३ करोड रहेको छ।

२.७४ आर्थिक वर्ष २०८०/८१ मा सङ्घबाट भएको अनुदान हस्तान्तरण र राजस्व बाँडफाँट गरी प्रदेश तथा स्थानीय तहको प्राप्ति ५.४५ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ८८ अर्ब ५५ करोड रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो प्राप्ति रु.४ खर्ब ६३ अर्ब २९ करोड रहेको थियो।

२.७५ चालु आर्थिक वर्षको चैतसम्म सङ्घबाट प्रदेश र स्थानीय तहमा भएको अनुदान हस्तान्तरण रु.२ खर्ब ८१ अर्ब ६९ करोड र राजस्व बाँडफाँट (बाँडफाँट हुने रोयल्टी बाहेक) अन्तर्गत प्रदेश र स्थानीय तहमा बाँडफाँट भएको राजस्व रु.१ खर्ब ८ अर्ब ८९ करोड रहेको छ। अनुदान हस्तान्तरण र राजस्व बाँडफाँट गरी यस अवधिमा प्रदेश र स्थानीय तहले प्राप्त गरेको रकम रु.३ खर्ब ९० अर्ब ५८ करोड रहेको छ।

सार्वजनिक संस्थान

२.७६ २०८२ असारसम्म नेपाल सरकारको पूर्ण तथा अधिकांश स्वामित्व भएका सार्वजनिक संस्थानको सङ्ख्या ४५ रहेको छ।

२.७७ २०८२ असार मसान्तमा सार्वजनिक संस्थानको कुल सम्पत्ति ९.५ प्रतिशतले वृद्धि भई रु.३२ खर्ब ६ अर्ब ९१ करोड पुगेको छ, जुन कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ५० प्रतिशत भन्दा बढी हो। २०८१ असार मसान्तमा यस्तो सम्पत्ति रु.२९ खर्ब २८ अर्ब ९७ करोड ४६ लाख रहेको थियो।

२.७८ २०८२ असारसम्म सार्वजनिक संस्थानमा नेपाल सरकारको शेयर लगानी रु.३ खर्ब ७० अर्ब २५ करोड २० लाख र ऋण लगानी रु.४ खर्ब २८ अर्ब ३१ करोड १५ लाख गरी कुल रु.७ खर्ब ९८ अर्ब ५६ करोड ३५ लाख रहेको छ। २०८१ असारसम्म सार्वजनिक संस्थानमा नेपाल सरकारको शेयर लगानी रु.३ खर्ब ६४ अर्ब ८६ करोड १६ लाख र ऋण लगानी रु.३ खर्ब ३९ अर्ब ७ करोड ७२ लाख गरी कुल रु.७ खर्ब ३ अर्ब ९३ करोड ८८ लाख रहेको थियो। २०८२ असारसम्म सार्वजनिक संस्थानमा सरकारको कुल लगानी (शेयर तथा ऋण लगानी) २०८१ असारसम्मको तुलनामा १३.४ प्रतिशतले वृद्धि भएको छ।

२.७९ २०८२ असारसम्म सञ्चालनमा रहेका सार्वजनिक संस्थानमध्ये २७ नाफामा र १६ नोक्सानी र दुई बन्द अवस्थामा रहेका छन्। २०८१ असारसम्म सञ्चालनमा रहेका सार्वजनिक संस्थानमध्ये २८ नाफामा, १५ नोक्सानी र दुई बन्द अवस्थामा सञ्चालित थिए। नाफामा सञ्चालन भएका संस्थानबाट आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारले रु.८ अर्ब ३७ करोड ७६ लाख लाभांश प्राप्त गरेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो लाभांश रु.८ अर्ब ८३ करोड ५६ लाख रहेको थियो। आर्थिक वर्ष २०८१/८२ मा सरकारको कुल लगानी १३.४ प्रतिशतले बढे पनि प्राप्त लाभांश भने ५.२ प्रतिशतले घटेको छ।

२.८० आर्थिक वर्ष २०८१/८२ मा सार्वजनिक संस्थानको कुल सञ्चालन आय ०.७ प्रतिशतले बढेर रु.६ खर्ब ७२ अर्ब ४० करोड २६ लाख पुगेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो आय रु.६ खर्ब ६८ अर्ब ३ लाख रहेको थियो। आर्थिक वर्ष २०८१/८२ मा कुल सञ्चालन आय कुल गार्हस्थ्य उत्पादनको १०.८ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो अनुपात ११.६ प्रतिशत रहेको थियो।

२.८१ आर्थिक वर्ष २०८०/८१ मा सार्वजनिक संस्थानको आयकर दायित्व बापतको व्यवस्था रकम २२.४ प्रतिशतले कमी आई रु.११ अर्ब ३६ करोड रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो दायित्व रु.१४ अर्ब ६३ करोड रहेको थियो। आर्थिक वर्ष २०८१/८२

मा सङ्कलन भएको सङ्घीय सरकारको कुल आयकरमा सार्वजनिक संस्थानबाट आयकर दायित्व बापतको व्यवस्था रकमको योगदान ३.८२ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो योगदान ५.१७ प्रतिशत रहेको थियो।

२.८२ २०८२ असार मसान्तमा सार्वजनिक संस्थानमा स्वीकृत ३८ हजार २ सय ८५ दरबन्दीमध्ये ३० हजार ३ सय ५२ कर्मचारी कार्यरत रहेका छन्। २०८१ असार मसान्तमा कार्यरत कर्मचारीको सङ्ख्या ३४ हजार ९ सय ५१ रहेको थियो।

२.८३ २०८२ असारसम्म कोषमा व्यवस्था नगरिएको दायित्व १०.१० प्रतिशतले वृद्धि भई रु.६६ अर्ब ४० करोड ८३ लाख पुगेको छ भने सम्भावित दायित्व ३.०३ प्रतिशतले वृद्धि भई रु.२२ खर्ब ६४ अर्ब ५५ करोड ३७ लाख पुगेको छ।

२.८४ २०८२ असार मसान्तमा सार्वजनिक संस्थानको कुल शेयरधनी कोष (Net worth) ३.९ प्रतिशतले वृद्धि भई रु.१० खर्ब ७३ अर्ब २८ करोड ३१ लाख पुगेको छ। २०८१ असार मसान्तमा यस्तो कोष रु.१० खर्ब ३७ अर्ब ५८ करोड ४६ लाख रहेको थियो। २०८२ असार मसान्तमा ७ संस्थानको शेयरधनी कोष ऋणात्मक रहेको छ। सबैभन्दा धेरै नेपाल वायुसेवा निगमको रु.७ अर्ब ९३ करोड ४४ लाखले ऋणात्मक रहेको छ।

२.८५ आर्थिक वर्ष २०८१/८२ मा सार्वजनिक संस्थानको खुद नाफा १२.० प्रतिशतले वृद्धि भई रु.४५ अर्ब ८ करोड ४९ लाख पुगेको छ। यस अवधिमा नाफामा रहेका संस्थानको खुद नाफा रु.४८ अर्ब ८९ करोड ६ लाख र नोक्सानमा रहेका संस्थानको खुद नोक्सान रु.३ अर्ब ८० करोड ५७ लाख रहेको छ। नाफामा रहेका संस्थानको खुद नाफा १०.६ प्रतिशतले बढेको र नोक्सानमा रहेका संस्थानको खुद नोक्सान ४.१ प्रतिशतले घटेको छ।

२.८६ आर्थिक वर्ष २०८१/८२ मा सार्वजनिक संस्थानको कुल सञ्चित नाफा ९.० प्रतिशतले बढेर रु.१ खर्ब ५ अर्ब ४५ करोड ४२ लाख पुगेको छ। नेपाल विद्युत प्राधिकरण, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड र नेपाल नागरिक उड्ययन प्राधिकरणको सञ्चित नाफा सबैभन्दा धेरै रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा सार्वजनिक संस्थानको कुल सञ्चित नाफा ४१.० प्रतिशतले वृद्धि भई रु.९२ अर्ब ७२ करोड ३६ लाख रहेको थियो।

२.८७ २०८२ असारसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कुल ४६६ कम्पनीमध्ये ७ सार्वजनिक संस्थान रहेका छन्। सूचीकृत सार्वजनिक संस्थानको बजार पुँजीकरणको हिस्सा १५.१ प्रतिशत रहेको छ।

३. मुद्रास्फीति


३.१ अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य न्यून रहेको र तद्अनुरुप नेपालमा पनि पेट्रोलियम पदार्थको मूल्यमा भएको समायोजन र खाद्यान्नको सहज आपूर्ति लगायतका कारण समग्रमा औसत उपभोक्ता मुद्रास्फीति न्यून रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्म औसत उपभोक्ता मुद्रास्फीति २.१३ प्रतिशत रहेको छ।

३.२ पछिल्लो समय मध्य पूर्वी एशिया लगायतमा भू-राजनीतिक तनाव कायमै रहेको, पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि हुँदै गएको र अमेरिकी डलरको तुलनामा नेपाली मुद्रा थप अवमूल्यन हुँदै गएकाले आगामी महिनामा मुद्रास्फीतिमा थप दबाव पर्ने जोखिम छ। यद्यपि चालु आर्थिक वर्षको फागुनसम्म उपभोक्ता मुद्रास्फीति न्यून रहेकोले वार्षिक औसत उपभोक्ता मुद्रास्फीति लक्षित सीमा भित्रै रहने अनुमान छ।

उपभोक्ता मूल्य स्थिति

३.३ चालु आर्थिक वर्षको फागुनसम्म औसत उपभोक्ता मुद्रास्फीति २.१३ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ४.७२ प्रतिशत रहेको थियो। यस अवधिमा खाद्य तथा पेय पदार्थअन्तर्गत दाल तथा गेडागुडी, खाद्य तथा खाद्यजन्य पदार्थ, मरमसला लगायतका वस्तुको मूल्यमा आएको कमीका कारण उपभोक्ता मुद्रास्फीति तुलनात्मक रुपमा न्यून रहेको छ। वार्षिक विन्दुगत आधारमा, २०८२ फागुनमा उपभोक्ता मुद्रास्फीति ३.६२ प्रतिशत रहेको छ। २०८१ फागुनमा यस्तो मुद्रास्फीति ३.७५ प्रतिशत रहेको थियो।

चार्ट ३(क) : उपभोक्ता मुद्रास्फीति दर (प्रतिशतमा)



स्रोत : नेपाल राष्ट्र बैङ्क, २०८२।

*२०८२ फागुनसम्म

३.४ वार्षिक विन्दुगत आधारमा २०८२ फागुनमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ३.६० प्रतिशत रहेको छ। यस समूहअन्तर्गत तरकारी, घ्यू, तेल, फलफूल लगायतका खाद्य पदार्थको मूल्य वृद्धि उच्च रहेको छ। यस्तो मुद्रास्फीति २०८१ फागुनमा ३.३४ प्रतिशत रहेको थियो।

३.५ वार्षिक विन्दुगत आधारमा २०८२ फागुनमा गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.६३ प्रतिशत रहेको छ। यस समूहअन्तर्गत मादक पदार्थ, सूर्ती, लत्ताकपडा तथा जुत्ता, शिक्षा लगायतका वस्तु तथा सेवाको मूल्य वृद्धि तुलनात्मक रुपमा उच्च रहेको छ भने घरपरिवारको उपयोगिताका वस्तु, सूचना सञ्चार, बीमा तथा वित्तीय सेवा लगायतका वस्तु तथा सेवाको मूल्यवृद्धि न्यून रहेको छ। २०८१ फागुनमा यस्तो मुद्रास्फीति ३.९७ प्रतिशत रहेको थियो।

तालिका ३(क): सबैभन्दा उच्च र न्यून मूल्यवृद्धि भएका वस्तु तथा सेवा*

बढी मूल्य वृद्धि भएका वस्तु	वृद्धिदर	न्यून मूल्य वृद्धि भएका वस्तु	वृद्धिदर
विविध वस्तु तथा सेवाहरू	२३	दाल तथा गेडागुडी	-३.७
तरकारीहरू	११	खाद्य तथा खाद्यजन्य पदार्थ	-२.२
घ्यू तथा तेल	९.९	मरमसला	-२
फलफूल	९.६	बीमा तथा वित्तीय सेवाहरु	-०
शिक्षा	७.५	सञ्चार	०.४
मासु तथा माछा	५	चिनी तथा चिनीजन्य वस्तुहरु	१
मदिराजन्य पेय पदार्थ	४.८	घरायसी उपयोगका वस्तुहरु	१
कपडाजन्य तथा जुत्ता चप्पल	४.७	मनोरञ्जन तथा संस्कृति	१.८
सूर्तिजन्य पदार्थहरू	३.६	दुग्ध पदार्थ तथा अण्डा	२.१
फर्निसिङ्ग तथा घरायसी उपकरणहरू	२.९	स्वास्थ्य	२.३

स्रोत : नेपाल राष्ट्र बैङ्क, २०८२। *२०८२ फागुनसम्म

३.६ वार्षिक विन्दुगत आधारमा २०८२ फागुनमा काठमाडौं उपत्यकामा ३.६४ प्रतिशत, तराईमा ४.११ प्रतिशत, पहाडमा ३.११ प्रतिशत र हिमालमा २.८३ प्रतिशत मुद्रास्फीति रहेको छ। २०८१ फागुनमा यी क्षेत्रमा मुद्रास्फीति क्रमशः ३.२५ प्रतिशत, ३.७७ प्रतिशत, ३.७२ प्रतिशत र ४.७७ प्रतिशत रहेको थियो। वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क २०८२ फागुनमा ग्रामीण क्षेत्रको ३.०६ प्रतिशत र सहरी क्षेत्रको ३.८२ प्रतिशतले बढेको छ।

थोक मूल्य सूचकाङ्क

३.७ वार्षिक विन्दुगत आधारमा थोक मुद्रास्फीति २०८२ फागुनमा ३.६४ प्रतिशत रहेको छ। २०८१ फागुनमा यस्तो मुद्रास्फीति ४.४३ प्रतिशत रहेको थियो। २०८२ फागुनमा थोक मूल्यअन्तर्गत प्राथमिक वस्तुको मूल्य ५.७८ प्रतिशत र इन्धन तथा ऊर्जाको मूल्य ५.२८ प्रतिशतले घटेको छ भने उत्पादित वस्तुको मूल्य १०.७५ प्रतिशतले वृद्धि भएको छ।

२०८१ फागुनमा प्राथमिक वस्तुको मूल्य ६.१८ प्रतिशत र उत्पादित वस्तुको मूल्य ४.५८ प्रतिशतले वृद्धि भएको थियो भने इन्धन तथा ऊर्जाको मूल्य २.७१ प्रतिशतले घटेको थियो।

राष्ट्रिय तलब तथा ज्याला सूचकाङ्क


३.८ वार्षिक विन्दुगत आधारमा आर्थिक वर्ष २०८२/८३ को दोस्रो त्रयमासमा तलब तथा ज्याला सूचकाङ्क ६.०३ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही त्रयमासमा उक्त सूचकाङ्क २.८५ प्रतिशतले बढेको थियो।

३.९ वार्षिक विन्दुगत आधारमा औद्योगिक वर्गीकरण (नेपालस्तरीय) बमोजिमको थोक तथा खुद्रा व्यापार, सवारी साधन तथा मोटरसाइकल मर्मत क्षेत्रमा तलब तथा ज्याला सूचकाङ्क सबैभन्दा बढी ७.३५ प्रतिशतले बढेको छ। नेपालस्तरीय पेशागत वर्गीकरण बमोजिमको दक्ष, कृषि, वन तथा माछा पालन श्रमिक समूहमा तलब सूचकाङ्क सबैभन्दा बढी ५.३१ प्रतिशतले बढेको छ।

पेट्रोलियम पदार्थको मूल्य

३.१० स्वदेशी बजारमा २०८२ असार मसान्तमा प्रति लिटर १६० रुपैयाँ रहेको पेट्रोलको खुद्रा मूल्य २०८२ फागुन मसान्तमा १.८८ प्रतिशतले घटी प्रति लिटर १५७ रुपैयाँ कायम भएको छ। यसैगरी २०८२ असार मसान्तमा प्रति लिटर १४८ रुपैयाँ रहेको डिजेलको खुद्रा मूल्य २०८२ फागुन मसान्तमा ४.१ प्रतिशतले घटी प्रतिलिटर १४२ रुपैयाँ कायम भएको छ।

चार्ट ३(ख) : पेट्रोल तथा डिजेल र मट्टीतेलको मूल्य (रूपैयाँमा)




स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२।

मञ्जुषा बक्स ३(क): निर्माण सामग्री मूल्य सूचकाङ्कमा आएको परिवर्तन

नेपाल राष्ट्र बैङ्कले आर्थिक वर्ष २०५६/५७ देखि नै थोक मूल्य तथ्याङ्क सङ्कलन गरी थोक मूल्य सूचकाङ्क (Wholesale Price Index) को गणना र प्रकाशन गर्दै आएको छ। हाल आर्थिक वर्ष २०७४/७५ लाई आधार वर्ष मानी २६२ वस्तुको २४ बजार केन्द्रबाट सङ्कलित थोक मूल्यका आधारमा यस सूचकाङ्कको प्रकाशन हुँदै आएको छ। थोक मूल्य सूचकाङ्क गणना गर्दा पहिले वस्तुहरूको Unweighted Average of Price Relatives निकालिन्छ र त्यसपछि उक्त Price Relatives लाई Arithmetic Laspeyres Index को प्रयोग गरी भारित औसत विधिबाट अन्तिम सूचकाङ्क निकालिन्छ। थोक मूल्य सूचकाङ्क डालोमा रहेका २६२ वस्तुमध्ये बालुवा, सिमेन्ट, स्टिल, मार्बल, ब्लक, छड, कोइला, पाइप लगायतका ३० निर्माण सामग्रीको थोक मूल्यलाई छुट्टै समूहगत रूपमा वर्गीकृत गरी निर्माण सामग्री मूल्य सूचकाङ्क (१४.०३ प्रतिशत कुल भार) गणना गरिन्छ।

आर्थिक वर्ष २०७४/७५ देखि २०८२/८३ फागुनसम्म निर्माण सामग्री मूल्य सूचकाङ्कको तथ्याङ्कीय प्रवृत्तिलाई विश्लेषण गर्दा निर्माण क्षेत्रको लागतमा उल्लेखनीय उतारचढाव र संरचनात्मक चाप देखिएको छ। २०७५ साउनमा ९४.२ विन्दुमा रहेको यस्तो मूल्य सूचकाङ्क २०८२ फागुनमा १४०.९ विन्दु पुगेको छ। यस सूचकाङ्कको गतिशीलतालाई मुख्य तीन चरणमा विभाजन गर्न सकिन्छ। २०७५ साउनदेखि २०७८ असारसम्म सूचकाङ्कमा क्रमिक र सामान्य वृद्धि मात्र भएको थियो। तत्पश्चात निर्माण मूल्य सूचकाङ्कमा उल्लेख्य वृद्धि भई २०७९ चैतमा सूचकाङ्क १४५.२ विन्दु रहेको थियो। यस वृद्धिको प्रमुख कारकका रूपमा रुस-युक्रेन द्वन्द्वका कारण सिर्जित विश्वव्यापी ऊर्जा सङ्कट, कोइला तथा पेट्रोलियम पदार्थको मूल्य वृद्धि र अन्तर्राष्ट्रिय बजारमा फलामजन्य कच्चा पदार्थको मूल्य बढ्नु रहेको थियो। पछिल्लो समयमा सामग्री मूल्य सूचकाङ्कको वृद्धिदरमा सुस्तता देखिएको छ। यस अवधिमा सूचकाङ्कमा केही घटबढ भए तापनि सूचकाङ्क स्थिर नै रहेको छ। पश्चिम एसियाको तनावले पेट्रोलियम पदार्थ, बिटुमिन जस्ता सामग्रीको आपूर्तिमा हुन सक्ने अवरोधका कारण निर्माण सामाग्रीको मूल्यमा थप चाप पर्न सक्ने जोखिम छ।

चार्ट ३ (ख): निर्माण सामग्री मूल्य सूचकाङ्क



स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२।

४. वित्तीय क्षेत्र

४.१ प्रविधिको उपयोगले विद्युतीय माध्यमबाट हुने कारोबारमा आएको वृद्धिसँगै वित्तीय पहुँचमा सुधार आएको छ। बैकिङ्ग क्षेत्र सबलताका मुख्य परिसूचक पुँजी कोष र तरलता अनुपात नियामकीय सीमाभन्दा अधिक र पर्याप्त रहेकोले समग्र वित्तीय स्थायित्व कायम रहेको छ। सरकारले वित्तीय क्षेत्रका कानूनी, नीतिगत र संस्थागत सुधारलाई प्राथमिकतामा राखेकाले वित्तीय गतिविधि विस्तार भई अर्थतन्त्र चलायमान हुँदै जाने देखिन्छ।

४.२ आर्थिक गतिविधिमा आएको सुस्तताका कारण बैङ्क तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जाको वृद्धिदरमा कमी आएको छ। फलस्वरुप व्यवसायहरू प्रभावित भई निष्क्रिय कर्जा बढेको छ। विप्रेषण आप्रवाह उल्लेख्य वृद्धि हुँदा समेत समष्टिगत माग अपेक्षित स्तरमा बढ्न नसक्दा बैकिङ्ग क्षेत्रमा अधिक तरलता कायम भएको छ।

वित्तीय संरचना

४.३ २०८२ फागुनसम्म २० वाणिज्य बैङ्क, १७ विकास बैङ्क, १७ वित्त कम्पनी, ५१ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैङ्क गरी कुल १०६ बैङ्क तथा वित्तीय संस्था सञ्चालनमा रहेका छन्। यसैगरी वित्तीय प्रणालीमा ३७ बीमा कम्पनी, ३० हजार भन्दा बढी सहकारी संस्था, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, निक्षेप तथा कर्जा सुरक्षण निगम तथा म्युचुअल फण्ड (Mutual Fund) समेत सञ्चालनमा रहेका छन्।

४.४ वित्तीय प्रणाली (सहकारी संस्था, सामाजिक सुरक्षा कोष र म्युचुअल फण्ड बाहेक) को सम्पत्ति तथा दायित्व संरचनामा बैकिङ्ग क्षेत्रको अंश उच्च रहेको छ। २०८२ पुस मसान्तमा वित्तीय क्षेत्रको कुल सम्पत्ति तथा दायित्व संरचनामा बैङ्क तथा वित्तीय संस्थाको अंश ८६.२ प्रतिशत रहेको छ। यस्तो अंश २०८२ असार मसान्तमा ८५.९ प्रतिशत रहेको थियो।

४.५ वित्तीय प्रणालीको सम्पत्ति र दायित्वमध्ये नेपाल राष्ट्र बैङ्कको अंश २०.७ प्रतिशत, वाणिज्य बैङ्कको अंश ५५.२ प्रतिशत र बैकिङ्ग क्षेत्रका अन्य वित्तीय संस्थाको अंश १०.३ प्रतिशत रहेको छ। यसैगरी बीमा क्षेत्र तथा सम्झौतित बचत (Contractual Savings) परिचालन गर्ने संस्थाहरूको अंश १३.८ प्रतिशत रहेको छ। बैकिङ्ग तथा सम्झौतित बचत परिचालन गर्ने संस्था (बीमा क्षेत्र सहित) को कुल सम्पत्ति तथा दायित्व कुल गार्हस्थ्य उत्पादनको २५१.८ प्रतिशत रहेको छ।

तालिका ४(क): वित्तीय प्रणालीको सम्पत्ति र दायित्वको संरचना (अंश प्रतिशतमा)*

विवरण	सम्पत्ति र दायित्वमा अंश (प्रतिशतमा)
वित्तीय संस्थाहरू	**८६.२**
नेपाल राष्ट्र बैङ्क	२०.७
वाणिज्य बैङ्कहरू	५५.२
विकास बैङ्कहरू	४.९
वित्त कम्पनीहरू	१.२
लघुवित्त वित्तीय संस्थाहरू	४.०
नेपाल पूर्वाधार बैङ्क	०.३
गैर-वित्तीय संस्थाहरू	**१३.८**
कर्मचारी संचयकोष	४.२
नागरिक लगानी कोष	२.०
बीमा कम्पनी	७.६
जम्मा	**१००.०**

स्रोतः नेपाल राष्ट्र बैङ्क/कर्मचारी सञ्चय कोष/नागरिक लगानी कोष/नेपाल बीमा प्राधिकरण,२०८२।

*२०८२ पुसमसान्तमा

सम्पत्ति

४.६ वित्तीय क्षेत्र सर्वेक्षणअनुसार वित्तीय क्षेत्रको खुद वैदेशिक सम्पत्ति २०८२ असार मसान्तमा रु.२६ खर्ब ६८ अर्ब २ करोड पुगेको छ। वित्तीय क्षेत्रको यस्तो सम्पत्ति २०८१ असार मसान्तमा रु.१९ खर्ब ८२ अर्ब ३२ करोड रहेको थियो।

४.७ २०८२ असार मसान्तमा वित्तीय क्षेत्रको आन्तरिक दाबी रु.७७ खर्ब ९ अर्ब ६४ करोड, वित्तीय क्षेत्रको नेपाल सरकार माथिको खुद दाबी रु.१० खर्ब ७८ अर्ब ३३ करोड, वित्तीय क्षेत्रको सार्वजनिक गैर-वित्तीय संस्था माथिको दाबी रु.४१ अर्ब ६३ करोड र वित्तीय क्षेत्रको निजी क्षेत्र माथिको दाबी रु.६५ खर्ब ८९ अर्ब ४१ करोड पुगेको छ।

तरल दायित्व

४.८ वित्तीय क्षेत्रको तरल दायित्व २०८२ असार मसान्तमा रु.६७ खर्ब ७१ अर्ब ६४ करोड पुगेको छ। वित्तीय क्षेत्रको यस्तो दायित्व २०८१ असार मसान्तमा रु.६० खर्ब २७ अर्ब ९८ करोड रहेको थियो।

४.९ २०८२ असार मसान्तमा वित्तीय क्षेत्र भन्दा बाहिर चलनचल्तीमा रहेको मुद्रा रु.६ खर्ब ५० अर्ब २४ करोड, वित्तीय क्षेत्रको माग निक्षेप दायित्व रु.४ खर्ब २९ अर्ब ६७ करोड र वित्तीय क्षेत्रको अन्य निक्षेप दायित्व रु.५७ खर्ब ९१ अर्ब ७२ करोड पुगेको छ।

वित्तीय स्थायित्व

४.१० चालु आर्थिक वर्षको फागुनसम्म वित्तीय स्थायित्वका सूचकमा केही दबाब देखिए तापनि अधिकांश सूचक नियामकीय सीमा भित्रै रहेका छन्। बैङ्क तथा वित्तीय संस्थाको निष्क्रिय कर्जाको औसत अनुपात २०८१ पुसमा ४.९२ प्रतिशत रहेकोमा २०८२ पुसमा ५.४२ प्रतिशत पुगेको छ।

४.११ २०८२ फागुन मसान्तमा जोखिम भारित सम्पत्तिको तुलनामा प्राथमिक पुँजी र कुल पुँजीको अनुपात क्रमशः ९.६१ प्रतिशत र १२.६४ प्रतिशत रहेको छ। यी अनुपात २०८१ फागुन मसान्तमा क्रमशः १०.१३ प्रतिशत र १२.९५ प्रतिशत रहेको थियो।

४.१२ २०८२ फागुन मसान्तमा बैङ्क तथा वित्तीय संस्थाको कुल निक्षेपमा तरल सम्पत्तिको अंश ३५.३२ प्रतिशत, नगद तथा बैङ्क मौज्दातको अंश ७.६२ प्रतिशत र सरकारी ऋणपत्रको अंश १४.०४ प्रतिशत रहेको छ।

४.१३ २०८२ फागुन मसान्तमा नियामकीय कर्जा निक्षेप अनुपात ७४.०७ प्रतिशत र कुल निक्षेपमा कुल कर्जाको अंश ८०.०७ प्रतिशत रहेको छ। २०८१ फागुन मसान्तमा कर्जा निक्षेप अनुपात ७९.५ प्रतिशत रहेको थियो।

तालिका ४(ख): वित्तीय क्षेत्र सबलताका प्रमुख सूचकहरू

सूचकहरू	२०७९ असार	२०८० असार	२०८१ असार	२०८२ असार	२०८२ फागुन
प्राथमिक पुँजी/जोखिम भारित सम्पत्ति अनुपात	११.१	१०.६	१०.२	१०.१	९.६
पुँजीकोष/जोखिम भारित सम्पत्ति अनुपात	१४.२	१३.४	१२.९	१३.०	१२.६
कर्जा निक्षेप अनुपात (नियामकीय)	८६.२	८१.६	७९.१	७५.८	७४.१
निष्क्रिय कर्जा अनुपात	१.५	३.०	३.९	४.६	५.४*
वाणिज्य बैङ्क	१.४	३.०	३.८	४.४	५.३
विकास बैङ्क	१.३	२.५	३.६	५.०	५.८
वित्त कम्पनी	६.२	७.६	९.९	११.०	११.९
कुल तरल सम्पत्ति/कुल निक्षेप अनुपात	२६.२	२७.१	२६.४	२४.९	३५.३
नगद तथा बैङ्क मौज्दात/कुल निक्षेप अनुपात	९.४	८.१	७.४	८.०	७.६

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२ *२०८२ पुससम्म

वित्तीय प्रगाढता एवं पहुँच

४.१४ निजी क्षेत्रतर्फको कर्जा पछिल्ला वर्षमा न्यून दरमा विस्तार भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६.७ प्रतिशतले वृद्धि भएको छ। यस्तो वृद्धिदर गत आर्थिक वर्षको सोही अवधिमा ६.३३ प्रतिशत रहेको थियो।

४.१५ मौद्रिक सर्वेक्षणअनुसार २०८२ फागुन मसान्तमा कुल गार्हस्थ्य उत्पादनसँग विस्तृत मुद्राप्रदायको अनुपात १३५.१ प्रतिशत, निजी क्षेत्रतर्फ प्रवाहित कर्जाको अनुपात ९५.३ प्रतिशत र कुल निक्षेपको अनुपात १२४.९ प्रतिशत रहेको छ।

४.१६ वित्तीय पहुँचमा वृद्धि हुँदै गएसँगै बैकिङ्ग कारोबार गर्ने जनसङ्ख्या उल्लेख्य रूपमा बढेको छ। २०८२ फागुनमा बैङ्क तथा वित्तीय संस्थाहरूमा निक्षेप खाता ६ करोड २० लाख ६० हजार, कर्जा खाता २० लाख ४० हजार, मोबाइल बैकिङ्ग सेवा प्रयोगकर्ता २ करोड ९४ लाख ६४ हजार र इन्टरनेट बैकिङ्ग सेवाका प्रयोगकर्ता २३ लाख ७४ हजार रहेको छ। गत आर्थिक वर्षको फागुनसम्मको तुलनामा चालु आर्थिक वर्षमा ३६ लाख ६० हजार निक्षेप खाता र १ लाख ३ हजार कर्जा खाता थप भएका छन्।

४.१७ २०८२ फागुनमा बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या (लघुवित्तसमेत) का आधारमा प्रति शाखा जनसङ्ख्या औसत २ हजार ५ सय ४४ पुगेको छ। यस्तो औसत २०८२ असारमा २ हजार ५ सय ३० र २०८१ असारमा २ हजार ५ सय २९ रहेको थियो।

विद्युतीय भुक्तानी कारोबार

४.१८ विद्युतीय भुक्तानी पूर्वाधारमा भएको विकास र विद्युतीय उपकरणमा सर्वसाधारणको पहुँच लगायतका कारण विद्युतीय भुक्तानी कारोबार बढ्दै गएको छ।

तालिका ४(ग): विद्युतीय भुक्तानी कारोबार

विवरण	कारोबार सङ्ख्या			कारोबार रकम (रू.दश लाखमा)		
	असार	असार	फागुन	असार	असार	फागुन
	२०८१	२०८२	२०८२	२०८१	२०८२	२०८२
आर.टि.जि.एस.	८१६०५	९१५८१	६०४१८	६४५११६१	९२१०९०५	५३१५३९४
एटिएम	११२१६०३०	११०७८८६१	९३१२७६५	९१२६१	९३१११	७३५६४
इसिसि	१२९२३६३	१४७८२६८	८९४५४७	६७२७५५	७८७११७	४५३२४३
आइपिएस	५१५०३९३	५४४११६४	२१७३३२६	३५९९९१	४६८२४०	२४४४५२
कनेक्ट आइपिएस	७७८७२८२	१७९८५६०७	१८२४७४८८	६६६५८३	५६२६९९	५१३०११
डेविट कार्ड	१२०४०७८६	११९७१३००	९८१२१६३	९५२६०	९७६३३	७५७३४
क्रेडिट कार्ड	२८२७२८	२८७९८५	२५८९८९	२०७३	२२२२	१९००
प्रिपेड कार्ड	१०७६६३	१५२७६९	११९४४८	७६९	१३२८	७५३
इन्टरनेट बैकिङ्ग	३५१३०१	५६४०४७	५६०२६१	१७७३८	२५३३५	२२२११
मोवाइल बैकिङ्ग	४५६६९३०१	६५५००१५७	६२५४०२९४	३७३९७८	५३०२८५	५४०७६३
शाखारहित बैकिङ्ग	७५५०१	८२४००	५७०७४	१६४९	१८१३	१३७५
वालेट	३२१०५९१७	४०१९०६७८	४४९२०३४२	३८१४७	४८४४१	४८४३५
क्यु.आर.मा आधारित	२०८२५६१५	४०२३६४१३	४९०२७२२८	६१७३७	११३१९६	१२५९१५
पिओएस	१०६८४१७	११३६४१९	६७९७४७	५९२५	६६०४	३७६३
ई कमर्स**	१४५९७७	१९६३२६	१९८०८८	९१३	१४६६	१०६१

स्रोतः नेपाल राष्ट्र बैंक, फागुन २०८२ **कार्डको प्रयोग गरी अनलाइनमार्फत् भएको कारोबार

४.१९ २०८२ फागुनसम्म विद्युतीय कारोबारमा सहजताको लागि बैङ्क तथा वित्तीय संस्था बाहेक ८ भुक्तानी प्रणाली सञ्चालक र २१ भुक्तानी सेवा प्रदायक संस्थाहरू सञ्चालनमा रहेका छन्।

मौद्रिक क्षेत्र

मौद्रिक नीतिको लक्ष्य र स्थिति

४.२० चालु आर्थिक वर्षको मौद्रिक नीतिले वार्षिक औसत मुद्रास्फीति ५.० प्रतिशतको हाराहारीभित्र राख्ने लक्ष्य लिएकोमा चालु आर्थिक वर्षको फागुनसम्म औसत उपभोक्ता मुद्रास्फीति २.१३ प्रतिशत रहेको छ। कम्तीमा ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने विदेशी विनिमय सञ्चिति कायम गर्ने लक्ष्य रहेकोमा २०८२ फागुनमा १८.५ महिनाको वस्तु तथा सेवाको आयात धान्न पुग्ने विदेशी विनिमय सञ्चिति रहेको छ।

४.२१ चालु आर्थिक वर्ष विस्तृत मुद्राप्रदायको विस्तार १३.० प्रतिशत हुने प्रक्षेपण रहेकोमा फागुनसम्म यस्तो विस्तार ६.७४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा विस्तृत मुद्राप्रदाय ४.८३ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०८२ फागुनमसान्तमा विस्तृत मुद्राप्रदाय १४.५४ प्रतिशतले बढेको छ।

४.२२ चालु आर्थिक वर्षको फागुनसम्म सङ्कुचित मुद्राप्रदाय ३.९७ प्रतिशतले बढेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्राप्रदाय ५.१० प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०८२ फागुनमसान्तमा सङ्कुचित मुद्राप्रदाय २०.६६ प्रतिशतले बढेको छ।

तालिका ४(घ): प्रमुख मौद्रिक योगाङ्कको वार्षिक विन्दुगत परिवर्तन (प्रतिशतमा)

शीर्षक/आर्थिक वर्ष	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८१	२०८२
				फागुन	
चलन चल्तीमा रहेको मुद्रा	४.५	१०.०	१२.६	१३.१	९.९
सञ्चित मुद्रा	१.१	७.७	१६.१	१८.७	६.२
चल्ती निक्षेप	-२.०	-१५.२	३८.१	-३.०	-१.२
आवधिक निक्षेप	१७.६	८.५	-३.७	-४.५	-११.४
बचत तथा कल निक्षेप	७.२	२८.५	३३.६	३६.३	४३.४
कुल आन्तरिक कर्जा	९.०	६.१	६.२	१.९	-०.३
निजीक्षेत्र तर्फको कर्जा	३.८	५.८	८.४	६.०	४.४
सङ्कुचित मुद्राप्रदाय	१.२	-१.७	२२.०	५.१	४.०
विस्तृत मुद्राप्रदाय	११.५	१२.९	१२.५	४.८	६.७

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२

४.२३ चालु आर्थिक वर्ष निजी क्षेत्रतर्फको कर्जा १२.० प्रतिशतले वृद्धि हुने प्रक्षेपण रहेकोमा २०८२ फागुनसम्म ४.४३ प्रतिशतले बढेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो वृद्धिदर ६.०१ प्रतिशत रहेको थियो। वार्षिक विन्दुगत आधारमा २०८२ फागुनमसान्तमा यस्तो कर्जा ६.७४ प्रतिशतले बढेको छ।

४.२४ चालु आर्थिक वर्षको मौद्रिक नीति र सोको प्रथम त्रैमासिक समीक्षामार्फत् स्थायी तरलता सुविधा दर, नीतिगत दर र स्थायी निक्षेप सुविधा दरलाई घटाई क्रमशः २.७५ प्रतिशत, ४.२५ प्रतिशत र ५.७५ प्रतिशत कायम गरिएको छ।

४.२५ बैङ्क तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने अनिवार्य नगद अनुपात ४.० प्रतिशत यथावत् रहेको छ। साथै वाणिज्य बैङ्क, विकास बैङ्क तथा वित्त कम्पनीले कायम गर्नुपर्ने वैधानिक तरलता अनुपात क्रमशः १२.० प्रतिशत, १०.० प्रतिशत र १०.० प्रतिशत यथावत् छ।

तालिका ४(ङ): बैङ्कदर, पुनरकर्जादर र अनिवार्य नगद अनुपात (प्रतिशतमा)

उपकरण	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३*
बैङ्क दर	७.०	७.५	७.०	६.५	५.७५
पुनरकर्जा दर					
विशेष पुनरकर्जा	२.०	४.५	४.०	३.५	२.७५
साधारण पुनरकर्जा	२.०	४.५	४.०	३.५	२.७५
लघु, घरेलु तथा साना उद्यम	४.०	४.५	४.०	३.५	२.७५
निर्यात कर्जा#	०.७५	०.७५	०.७५	०.७५	०.७५
अनिवार्य नगद अनुपात					
वाणिज्य बैङ्क	३.०	४.०	४.०	४.०	४.०
विकास बैङ्क	३.०	४.०	४.०	४.०	४.०
वित्त कम्पनी	३.०	४.०	४.०	४.०	४.०
स्थायी तरलता सुविधा दर	७.०	७.५	७.०	६.५	५.७५

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२ *फागुन

#विदेशी मुद्रामा (One Year Benchmark Interest rate मा जोड्ने, २०७८/७९ भन्दा अघि LIBOR मा जोड्ने)

४.२६ चालु आर्थिक वर्षको फागुनसम्म खुला बजार कारोबारका विभिन्न उपकरणमार्फत् रु.३३२ खर्ब ८० अर्ब २५ करोड (कारोबारमा आधारित) तरलता प्रशोचन भएको छ। गत

आर्थिक वर्षको सोही अवधिमा रु.१६० खर्ब ४ अर्ब १५ करोड तरलता प्रशोचन भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म ओभरनाइट तरलता सुविधामार्फत् रु.१२ अर्ब ५० करोड तरलता प्रवाह भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा ओभरनाइट तरलता सुविधामार्फत् रु.२ अर्ब ९० करोड तरलता प्रवाह भएको थियो।

व्याजदर स्थिति

४.२७ बैंकिङ्ग प्रणालीको तरलता सहज स्थितिमा रहेका कारण चालु आर्थिक वर्ष अल्पकालीन व्याजदर, कर्जा तथा निक्षेपको भारित औसत व्याजदर र कर्जाको आधारदर थप घटेको छ। अन्तरबैङ्क कारोबारको भारित औसत व्याजदर स्थायी निक्षेप सुविधा दर (व्याजदर करिडोरको तल्लो सीमा) नजिक रहेको छ। २०८१ फागुनमा ९१-दिने ट्रेजरी बिलको भारित औसत व्याजदर २.९३ प्रतिशत रहेकोमा २०८२ फागुनमा २.४७ प्रतिशत रहेको छ। वाणिज्य बैङ्क बीचको अन्तरबैङ्क कारोबारको भारित औसत व्याजदर २०८१ फागुनमा ३.०० प्रतिशत रहेकोमा २०८२ फागुनमा २.६८ प्रतिशत कायम भएको छ।


तालिका ४(च): व्याजदरको प्रवृत्ति (प्रतिशतमा)

शीर्षक	असार					फागुन
	२०७८	२०७९	२०८०	२०८१	२०८२	२०८२
भारित औसत निक्षेपदर	४.६५	७.४१	७.८६	५.७७	४.१९	३.४५
भारित औसत कर्जादर	८.४६	११.६२	१२.३०	९.९३	७.८५	६.९०
आधार दर	६.६६	९.५४	१०.०३	८.००	६.०२	५.१०
अन्तरबैङ्क दर	४.१२	६.९९	२.९८	२.९९	२.९६	२.६९

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२।

४.२८ २०८२ फागुनमा वाणिज्य बैङ्कले निक्षेपमा प्रदान गर्ने तथा कर्जामा लिने भारित औसत व्याजदर क्रमशः ३.४५ प्रतिशत र ६.९० प्रतिशत रहेको छ। २०८१ फागुनमा यस्तो व्याजदर क्रमशः ४.५४ प्रतिशत र ८.४० प्रतिशत रहेको थियो। २०८१ फागुनमा वाणिज्य बैङ्कको औसत आधार दर ६.३४ प्रतिशत रहेकोमा २०८२ फागुनमा ५.१० प्रतिशत रहेको छ।

चार्ट ४(क): व्याजदरको प्रवृत्ति (प्रतिशतमा)



स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२

* फागुन


निक्षेप परिचालन र कर्जा प्रवाह

४.२९ चालु आर्थिक वर्षको फागुनसम्म बैङ्क तथा वित्तीय संस्थाको निक्षेप ६.६४ प्रतिशतले वृद्धि भई रु.७७ खर्ब ४५ अर्ब ८८ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ४.३० प्रतिशत रहेको थियो।

४.३० चालु आर्थिक वर्षको फागुनसम्म बैङ्क तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ४.४ प्रतिशतले वृद्धि भई रु.५७ खर्ब ४१ अर्ब २४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जाको वृद्धिदर ६.० प्रतिशत रहेको थियो।

४.३१ २०८२ फागुनसम्म कुल निक्षेपमा बचत निक्षेप ४४.१ प्रतिशत, मुद्दती निक्षेप ४०.१ प्रतिशत, चल्ती निक्षेप ६.६ प्रतिशत र अन्य निक्षेपको अंश ९.२ प्रतिशत रहेको छ।

चार्ट ४(ख): बैङ्क तथा वित्तीय संस्थाको निक्षेप परिचालन संरचना (प्रतिशतमा)#




स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२

#२०८२ फागुन

४.३२ २०८२ फागुनसम्म लगानीमा रहेको कर्जामध्ये उपभोग्य कर्जाको अंश २१.९ प्रतिशत, थोक तथा खुद्रा व्यापारको अंश १७.९ प्रतिशत, औद्योगिक उत्पादनको अंश १६.१ प्रतिशत रहेको छ। साथै यातायात, सञ्चार तथा सार्वजनिक सेवाको अंश ८.८ प्रतिशत, सेवा उद्योगको अंश ८.६ प्रतिशत, कृषिको अंश ७.० प्रतिशत र निर्माणको अंश ४.३ प्रतिशत रहेको छ।

चार्ट ४(ग): बैङ्क तथा वित्तीय संस्थाको लगानीमा रहेको कर्जा संरचना (प्रतिशतमा)



स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२ *२०८२ फागुन

४.३३ २०८३ असारसम्म वाणिज्य बैङ्कले कृषि, ऊर्जा र लघु, घरेलु, साना एवम् मझौला उद्यम क्षेत्रमा क्रमशः १३.० प्रतिशत, ८.० प्रतिशत र १३.० प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था छ। चालु आर्थिक वर्षको फागुनसम्म यस्तो कर्जा प्रवाह क्रमशः १३.२२ प्रतिशत, ९.३९ प्रतिशत र ९.९७ प्रतिशत भएको छ।

४.३४ २०८३ असारसम्म विकास बैङ्क र वित्त कम्पनीले कृषि, लघु, घरेलु तथा साना उद्यम/व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्रमा क्रमशः १७ प्रतिशत र १२ प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने नियामकीय व्यवस्था छ।

तालिका ४(छ): तोकिएको क्षेत्रमा प्रवाहित कर्जा (२०८२ फागुनसम्म)

तोकिएको क्षेत्र	रु.करोडमा				प्रतिशतमा			
	वाणिज्य बैङ्क	विकास बैङ्क	वित्त कम्पनी	बैकिङ्ग क्षेत्र	वाणिज्य बैङ्क	विकास बैङ्क	वित्त कम्पनी	बैकिङ्ग क्षेत्र
कृषि	६६१२९	३४८१	७७६	७०३८५	१३.२	६.७	७.५	१३.२
उर्जा	४७००१	८३६	४७	४७८८४	९.४	१.६	०.५	९.४
पर्यटन	२२५८५	३७४०	५४३	२६८६७	४.५	७.२	५.३	४.५

तोकिएको क्षेत्र	रु.करोडमा				प्रतिशतमा			
	वाणिज्य बैङ्क	विकास बैङ्क	वित्त कम्पनी	बैकिङ्ग क्षेत्र	वाणिज्य बैङ्क	विकास बैङ्क	वित्त कम्पनी	बैकिङ्ग क्षेत्र
लघु, घरेलु, साना एवम् मझौला उद्यम	४९८८६	४८८३	७७७	५५५४६	९.९	९.४	७.५	९.९
कुल तोकिएको क्षेत्र कर्जा	**१८५६००**	**१२९४०**	**२१४३**	**२००६८३**	**३७.१**	**२४.९**	**२०.७**	**३७.१**
६ महिना अघिको कुल कर्जा	५००३६२	५२००६	१०३३७	५६२७०५				

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२।

मन्जुषा बक्स ४(क): नियामकीय व्यवस्था

- निजी आवासीय घर निर्माण र खरिद गर्न प्रवाह गर्ने कर्जाको सीमा रु.२ करोडबाट बढाई रु.३ करोड कायम भएको छ। पहिलो घर निर्माण र खरिद गर्दा यस्तो कर्जा प्रवाहको लागि कर्जा मूल्य अनुपात बढीमा ८० प्रतिशतसम्म र अन्यको हकमा बढीमा ७० प्रतिशतसम्म कायम हुने व्यवस्था रहेको छ।
- नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले सम्बन्धित क्षेत्रका लागि सिफारिस गरेका जातका कृषि उपजको उत्पादन अभिवृद्धि गर्ने कृषि परियोजनामा कर्जा प्रवाह गर्दा आधार दरमा बढीमा १.५ प्रतिशतसम्म मात्र प्रिमियम थप गरी कर्जाको व्याजदर तोक्नु पर्ने व्यवस्था रहेको छ।
- कम्तीमा १०० महिलालाई रोजगारी प्रदान गरी न्यूनतम २५ प्रतिशत मूल्य अभिवृद्धि गरी कुल उत्पादनको कम्तीमा २५ प्रतिशत निर्यात गर्ने उद्योगलाई इजाजतपत्र प्राप्त संस्थाले आफ्नो आधारदरमा बढीमा १ प्रतिशत विन्दु प्रिमियम थप गरी कर्जाको व्याजदर कायम गर्न सक्ने व्यवस्था रहेको छ।
- बैङ्क तथा वित्तीय संस्थाले प्रदान गर्ने व्यक्तिगत अधिविकर्ष (Personal Overdraft) कर्जाको विद्यमान सीमा रु.५० लाखबाट वृद्धि गरी रु.१ करोड कायम गरिएको छ। बैङ्क तथा वित्तीय संस्थाबाट शेयर धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको एकल ग्राहक कर्जा सीमा हटाईएको छ।
- बैङ्क तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत गर्ने खर्च गरिब तथा न्यून आय भएका व्यक्ति तथा समुदाय लक्षित बनाउने अभिप्रायले बैङ्क तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी मार्गदर्शन, २०८१ (दोस्रो संशोधन, २०८२) अद्यावधिक भई जारी भएको छ।


- इजाजतपत्र प्राप्त बैङ्क तथा वित्तीय संस्थाले रु.१० लाख वा सोभन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा एकाउन्टपेयी चेकमार्फत् वा सम्बन्धित व्यक्तिको खातामा मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था रहेकोमा यस्तो सीमा घटेर रु.५ लाख कायम भएको छ।
- लघुवित्त वित्तीय संस्थाबाट धितोमा प्रवाह गरिने कर्जाको अधिकतम सीमा रु.७ लाखबाट वृद्धि भई रु.१५ लाख कायम भएको छ।

पुँजीबजार

प्राथमिक बजार

४.३५ चालु आर्थिक वर्षको फागुनसम्म धितोपत्रको प्राथमिक बजारमार्फत् रु.५४ अर्ब १६ करोड बराबरको पुँजी परिचालनका लागि स्वीकृति प्रदान भएको छ, जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ११७ प्रतिशतले अधिक हो। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो परिचालन रु.२४ अर्ब ९२ करोड रहेको थियो।

चार्ट ४(घ): धितोपत्रको प्राथमिक बजारमार्फत् कुल पुँजी परिचालनको स्थिति (रु.करोडमा)



स्रोतः नेपाल स्टक एक्सचेञ्ज लि., २०८२ * फागुन

४.३६ चालु आर्थिक वर्षको फागुनसम्म साधारण शेयरको प्राथमिक निष्काशनमार्फत् रु.८ अर्ब ६९ करोड, हकप्रद शेयर निष्काशनमार्फत् रु.४ अर्ब ९४ करोड, थप शेयर निष्काशनमार्फत् रु.४ करोड ६६ लाख, ऋणपत्रमार्फत् रु.५० करोड, अविमोच्य असञ्चिति अग्राधिकार शेयरमार्फत् रु.१६ अर्ब ८५ करोड र म्युचुअल फण्ड मार्फत् रु.२३ अर्ब १२ करोडको पुँजी परिचालन भएको छ।

४.३७ नेपालको धितोपत्र बजारमार्फत् उद्यमशीलता तथा नवप्रवर्तन प्रवर्द्धन गर्नका लागि वैकल्पिक लगानी कोषको कोष व्यवस्थापन गर्न नेपाल धितोपत्र बोर्डबाट १९ संस्थाले कोष व्यवस्थापनको अनुमति प्राप्त गरेका छन्।

४.३८ स्वीकृत कोष व्यवस्थापकले विभिन्न योजनामार्फत् चालु आर्थिक वर्षको फागुनसम्म रु.४ अर्ब ७५ करोडको योजनासहित हालसम्म रु.४१ अर्ब ७५ करोड पुँजी परिचालन गरेका छन्। चालु आर्थिक वर्षको फागुनसम्म यस्तो पुँजी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ९०.० प्रतिशतले वृद्धि भएको छ।


४.३९ चालु आर्थिक वर्षको फागुनसम्म रु.१९ अर्ब ६४ करोड रकम बराबरको बोनस शेयर धितोपत्र बोर्डमा सूचीकृत भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा रु.१५ अर्ब ५१ करोड रकम बराबरको बोनस शेयर सूचीकृत भएको थियो।

दोस्रो बजार

४.४० चालु आर्थिक वर्षको फागुनसम्म धितोपत्र दोस्रो बजारमा रु.१० खर्ब २८ अर्ब ४७ करोड रकम बराबरको धितोपत्र कारोबार भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कारोबार रु.१४ खर्ब ६५ अर्ब ६६ करोड रहेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म १३८ दिनको कारोबारमा औसत दैनिक कारोबार रकम रु.७ अर्ब ४५ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कारोबार रु.९ अर्ब ८३ करोड रहेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म कारोबार भएका धितोपत्रको सङ्ख्या २७.२ प्रतिशत र कारोबार सङ्ख्या २९.८ प्रतिशतले कमी आएको छ।

४.४१ २०८२ फागुन मसान्तमा नेप्से सूचकाङ्क २८२०.४५ विन्दु कायम भएको छ। २०८१ फागुन मसान्तमा यस्तो सूचकाङ्क २७३६.४९ विन्दु कायम रहेको थियो। त्यसैगरी नेप्से फ्लोट सूचकाङ्क २०८२ फागुन मसान्तमा १९५.०७ विन्दु कायम भएको छ।


चार्ट ४(ङ): नेप्से सूचकाङ्क र नेप्से फ्लोट सूचकाङ्क (विन्दुमा)



स्रोतः नेपाल स्टक एक्सचेञ्ज लि., २०८२ *फागुनमसान्त #आधार वर्ष २०५०, विन्दु १००

४.४२ २०८१ फागुन मसान्तमा धितोपत्र बजारको कुल बजार पुँजीकरण रु.४५ खर्ब ४३ अर्ब ८१ करोड रहेकोमा २०८२ फागुन मसान्तमा ४.४२ प्रतिशतले वृद्धि भई रु.४७ खर्ब ४४ अर्ब ७३ करोड पुगेको छ। कुल बजार पुँजीकरणमा वित्तीय क्षेत्र (बैङ्क तथा वित्तीय संस्था र बीमा कम्पनी) को हिस्सा सबैभन्दा बढी ५२.१९ प्रतिशत, जलविद्युत् कम्पनीको हिस्सा १५.९२ प्रतिशत, लगानी कम्पनीको हिस्सा ७.३९ प्रतिशत रहेको छ। त्यसैगरी उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ७.१५ प्रतिशत, होटेल तथा पर्यटन संस्थाको हिस्सा ३.११ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ४.४० प्रतिशत तथा अन्य समूहका कम्पनीको हिस्सा ९.८३ प्रतिशत रहेको छ।

चार्ट ४(च): धितोपत्रको बजार पुँजीकरणको प्रवृत्ति (रकम रु.अर्बमा)



स्रोतः नेपाल स्टक एक्सचेञ्ज लि., २०८२ * फागुनमसान्त

४.४३ चालु आर्थिक वर्षको फागुनसम्म १४ कम्पनी नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा (नेप्से) सूचीकृत भएपछि नेप्सेमा सूचीकृत कम्पनीको सङ्ख्या २८६ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्ता कम्पनीको सङ्ख्या २६८ रहेको थियो। २०८२ फागुनसम्म नेप्सेमा सूचीकृत शेयरको चुक्ता मूल्य रु.९ खर्ब ११ अर्ब ९९ करोड पुगेको छ। २०८१ फागुनसम्म यस्तो मूल्य रु.८ खर्ब ५७ अर्ब ५० करोड रहेको थियो।

४.४४ चालु आर्थिक वर्षको फागुनसम्म २५ करोड ७६ लाख कित्ता प्राथमिक निष्कासन, १ करोड १० लाख कित्ता सामूहिक लगानी कोषका इकाई, ८ करोड कित्ता हकप्रद शेयर, १२ करोड कित्ता बोनस शेयर, ९ लाख कित्ता थप निष्कासन र १ करोड ७० लाख कित्ता बराबरको संस्थागत ऋणपत्र नेप्सेमा सूचीकृत भएका छन्।

मन्जुषा बक्स ४(ख): अविमोच्य असञ्चिति अग्राधिकार शेयर (PNCPS) निष्काशन।

नेपाल धितोपत्र बोर्डले पहिलोपटक अविमोच्य असञ्चिति अग्राधिकार शेयर (Perpetual Non-Cumulative Preference Share (PNCPS) निष्काशनको अनुमति प्रदान गरेको छ। भुक्तानी अवधि नतोकिएको तर निश्चित प्रतिशतको लाभांश दर प्रदान गर्न सक्ने विशेषता भएको शेयर

नै अविमोच्य अग्राधिकार शेयर हो। परिपत्र विधिबाट निष्काशन हुने यो शेयरमा संस्थागत लगानीकर्ताले मात्र लगानी गर्न पाउँछन्। नेपाल राष्ट्र बैङ्कले गरेको व्यवस्थानुसार यस्तो अग्राधिकार शेयरमा संस्थापक शेयरलाई साधारण शेयरमा परिवर्तन गर्न समेत सकिने व्यवस्था छ। साथै मुनाफा आर्जन गरेको वर्ष मात्र लाभांश वितरण गर्ने व्यवस्था रहेको छ। नोक्सानीमा रहेको वर्ष सञ्चित मुनाफाबाट लाभांश वितरण हुन नसक्ने व्यवस्था रहेकोले यसलाई असञ्चिति प्रकृतिको अग्राधिकार शेयर भनिएको हो।

खासगरी २००७-०९ को विश्वव्यापी वित्तीय संकटको अनुभवपश्चात् वित्तीय संस्थाको पुँजीगत संरचनालाई सुदृढ बनाउन यस्तो उपकरण अन्तर्राष्ट्रिय पुँजी बजारमा प्रयोग हुँदै आएको परिप्रेक्ष्यमा नेपालमा समेत यसको शुरूवात भएको छ। बोर्डले धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा संशोधन गरी नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति पाएका बैङ्क वित्तीय संस्थालाई मात्र यस्तो उपकरण निष्काशनको अनुमति प्रदान गर्न सकिने व्यवस्था गरेको छ। यो उपकरण दोस्रो बजारमा सूचीकरण हुने हुँदा संस्थागत लगानीकर्ताले दोस्रो बजारमा समेत कारोबार गर्न सक्नेछन्। अग्राधिकार शेयरधनीमा निहित अधिकारहरू भने विवरणपत्रमा कम्पनीले उल्लेख गरे बमोजिम हुनेछ। कम्पनी विघटनको समयमा यस शेयरको भुक्तानी साधारण शेयरभन्दा अगाडि र कम्पनीको साहू, निक्षेपकर्ता र पूरक पुँजीभन्दा पछाडि रहन्छ।

यो उपकरणले बैङ्क तथा वित्तीय संस्थालाई दबाव परेको समयमा पुँजीगत संरचना सुदृढ बनाउने हुँदा वित्तीय संकटको जोखिमलाई न्यूनीकरण गर्ने र वित्तीय प्रणालीलाई स्थायित्व प्रदान गर्न सहज पुग्न सक्ने देखिन्छ। साथै लगानीकर्तालाई पनि लगानीको नयाँ उपकरण उपलब्ध हुनेछ। यद्यपि यो शेयर अविमोच्य र असञ्चिति प्रकृतिको भएकोले संस्थागत लगानीकर्ताले लगानी गर्नु अगाडि विवरण पत्र र Risk Disclosure Statement राम्रोसँग अध्ययन गर्नु अनिवार्य छ। साथै आफ्नो जोखिम बहन गर्न सक्ने क्षमता हेरेर मात्र लगानी गर्न उपयुक्त हुन्छ।

ऋणपत्र बजार

४.४५ नेपालमा ऋणपत्रको निष्काशन सरकारी र संस्थागत क्षेत्रबाट हुने गरेको छ। चालु आर्थिक वर्षको फागुनसम्म सूचीकृत सरकारी ऋणपत्रको कारोबारमा ५९.० प्रतिशतले कमी आई रु.२४ करोड २५ लाख बराबरको कारोबार भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा रु.५९ करोड १० लाख बराबरको सरकारी ऋणपत्रको कारोबार भएको थियो।

४.४६ चालु आर्थिक वर्षको फागुनसम्म संस्थागत ऋणपत्रको कारोबार ३९.८ प्रतिशतले वृद्धि भई रु.३ अर्ब २२ करोड पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो कारोबार रु.२ अर्ब ३० करोड बराबरको रहेको थियो।

ओभर द काउण्टर (ओटिसी) बजार

४.४७ नेपाल स्टक एक्सचेञ्ज लिमिटेडबाट दोस्रो बजार कारोबारअन्तर्गत नेप्सेमा सूचीकृत नभएका पब्लिक कम्पनीको धितोपत्रको खरिद विक्रीका लागि ओटिसी बजार सञ्चालन हुँदै आएको छ। चालु आर्थिक वर्षको फागुनसम्म ओटिसी बजारमा रु.३ अर्ब २८ करोड बराबरको धितोपत्र कारोबार भएको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो कारोबार रु.१ अर्ब ७९ करोड रहेको थियो।

धितोपत्र बजारमा लगानीकर्ताको सहभागिता

४.४८ २०८२ असारसम्म डिम्याट खाता (हितग्राही खाता) को सङ्ख्या ६९ लाख ९७ हजार रहेकोमा २०८२ फागुनसम्म यस्तो सङ्ख्या ७६ लाख ३९ हजार पुगेको छ। यो सङ्ख्या कुल जनसङ्ख्याको करिब २६.२ प्रतिशत हो।

४.४९ २०८२ असारसम्म मेरो शेयर खाताको सङ्ख्या ५९ लाख ७६ हजार रहेकोमा २०८२ फागुनसम्म ६६ लाख १३ हजार पुगेको छ। यो सङ्ख्या कुल जनसङ्ख्याको करिब २२.७ प्रतिशत हो।

४.५० चालु आर्थिक वर्षको फागुनसम्म सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा अभौतिकृत धितोपत्रको सङ्ख्या गत आर्थिक वर्षको फागुनसम्मको तुलनामा २३.६ प्रतिशतले वृद्धि भई रु.१५ अर्ब ९० करोड ५५ लाख पुगेको छ। यस अवधिमा धितोपत्र अभौतिकृत गर्ने कम्पनीको सङ्ख्या २७३ पुगेको छ। त्यसैगरी निक्षेप सेवा प्रदान गर्न चालु आर्थिक वर्षको फागुनसम्म सिडिएससीको सदस्यता प्राप्त गर्ने निक्षेप सदस्यको सङ्ख्या १२२ पुगेको छ।

तालिका ४(ज): धितोपत्र अभौतिकीकरणको अवस्था

विवरण	२०७८ असार	२०७९ असार	२०८० असार	२०८१ असार	२०८२ असार	२०८२ फागुन
दर्ता कम्पनीको सङ्ख्या	२०७	२२२	२३०	२५३	२५५	२७३
निक्षेप सदस्यको सङ्ख्या	७८	८२	८८	११२	११९	१२२
हितग्राही खाताको सङ्ख्या (हजारमा)	३७८९	५३४६	५८२३	६३९५	६९९७	७६३९
अभौतिक धितोपत्रको सङ्ख्या (करोडमा)	७०२	८६९	१०७६	१२७१	१३८७	१५९१
मेरो शेयर प्रयोगकर्ताको सङ्ख्या (हजारमा)	२८५५	४३९५	४८२६	५३६९	५९७६	६६१३

स्रोतः सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, २०८२

४.५१ धितोपत्रको दोस्रो बजारमा कारोबार गर्ने लगानीकर्ताको सङ्ख्या बढेको छ। चालु आर्थिक वर्षको फागुनसम्म धितोपत्रको दोस्रो बजारमा अनलाइन कारोबारका लागि लग-इन लिने लगानीकर्ताको सङ्ख्या ३१ लाख ८२ हजार चार सय ६२ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या २५ लाख ४९ हजार ६ सय ९६ रहेको थियो।

तालिका ४(झ): धितोपत्र बजार सहभागिको अवस्था

संस्था	२०७८ असार	२०७९ असार	२०८० असार	२०८१ असार	२०८२ असार	२०८२ फागुन
धितोपत्र बजार	१	१	१	१	१	१
केन्द्रीय निक्षेप सेवा कम्पनी	१	१	१	१	१	१
साख मुल्याङ्कन कम्पनी	२	३	३	३	३	३
सामूहिक लगानी कोष	१४	१४	२०	२१	२४	२४
धितोपत्र व्यापारी	१	१	२	२	२	२
धितोपत्र दलाल व्यवसायी	५०	५०	६७	९०	९०	९०
मर्चेन्ट बैङ्कर	३०	३०	३०	२९	३२	३२
निक्षेप सदस्य	७९	८१	९१	१०९	१२२	१२४
आस्वा सदस्य	५२	४९	४९	४३	४३	४३
योग्य संस्थागत लगानीकर्ता	८८	१११	१३२	१५०	१५०	१५०
सूचीकृत संगठीत संस्था	२१९	२३४	२५४	२७०	२७२	२८६
विशिष्टीकृत लगानी कोष	-	-	१२	१२	१३	१९
जम्मा	**५३७**	**५७५**	**६६२**	**७३२**	**७५३**	**७७५**

स्रोतः नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लि., २०८२

बीमा

४.५२ लघु, जीवन र निर्जीवन बीमाको स्थापना र शाखा विस्तारसँगै चालु आर्थिक वर्षको फागुनसम्म बीमा कम्पनीको शाखा सङ्ख्या बढेको छ। जीवन बीमा १ हजार ७ सय ७४, निर्जीवन बीमा १ हजार १६ र लघुबीमा २०९ गरी २०८२ फागुनसम्म बीमा कम्पनीको शाखा सङ्ख्या २ हजार ९ सय ९९ पुगेको छ। २०८१ फागुनसम्म यस्तो सङ्ख्या क्रमशः १ हजार ७ सय ८३, १ हजार ३७ र १७२ गरी २ हजार ९ सय ९२ रहेको थियो।

४.५३ बीमा कम्पनीको स्वामित्व संरचना अनुसार २०८२ फागुनसम्म कुल बीमा कम्पनी (जीवन तथा निर्जीवनसमेत) ३७ रहेका छन्, जसमध्ये स्वदेशी लगानीका बीमा कम्पनीको हिस्सा सबैभन्दा बढी रहेको छ।

तालिका ४(ञ): बीमा कम्पनीको स्वामित्व संरचना (२०८२ फागुन)

स्वामित्व	कम्पनीको प्रकृति				जम्मा
	जीवन	निर्जीवन	लघुबीमा	पुनर्बीमा	
सरकारी	१	१		१	३
स्वदेशी लगानी	११	१०	७	१	२९
विदेशी	१	२			३
संयुक्त लगानी	१	१			२
जम्मा	**१४**	**१४**	**७**	**२**	**३७**

स्रोतः नेपाल बीमा प्राधिकरण, २०८२

४.५४ वैदेशिक रोजगार म्यादी जीवन बीमाको दायरा बढेसँगै २०८२ फागुनसम्म वैदेशिक रोजगार म्यादी जीवन बीमासहित ४९.९ प्रतिशत जनसङ्ख्यामा जीवन बीमाको पहुँच पुगेको छ। २०८२ असारसम्म यस्तो पहुँच ४८.३ प्रतिशत जनसङ्ख्यामा पुगेको थियो।

तालिका ४(ट): जीवन तथा निर्जीवन बीमासम्बन्धी विवरण

शीर्षक	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३*
जीवन बीमाको दायरामा रहेको जनसङ्ख्या (प्रतिशतमा)					
बैदेशिक रोजगार म्यादी जीवन बीमा	२.९	५.४	६.७	८.३	७.६
बैदेशिक रोजगार म्यादी जीवन बीमासहित जीवन बीमा	४१.२	४४.४	४३.३	४८.३	४९.९
कुल बीमा शुल्क संङ्कलन (रु.करोडमा)					
जीवन	१३८७८.५	१४२९०.९	१५७७८.१	१८२१७.५	१२७६८.८
निर्जीवन	३९१४.७	३७८६.४	३९९३.९	४४९१.३	३२५२.८
जम्मा	**१७७९३.३**	**१८०७७.०**	**१९७७१.९**	**२२७०८.८**	**१६०२१.७**
बीमकबाट भएको लगानी (रु.करोडमा)					
जीवन	४५२३०.४	५३८९१.४	६४९१३.३	७५१३४.३	८२५५९.८#
निर्जीवन	८३०६.७	७६२५.५	८०३२.९	६९७४.२	८०४२.७#
जम्मा	**५३५३७.२**	**६१५१६.९**	**७२९४६.३**	**८२१०८.५**	**९०६०२.५#**

स्रोतः नेपाल बीमा प्राधिकरण, २०८२। *फागुनसम्म #२०८२ पुससम्म

नोटः निर्जीवन बीमामा पुनर्बीमा र लघु निर्जीवन बीमा तथा जीवन बीमामा लघु जीवन बीमा समावेश गरिएको।

४.५५ २०८२ फागुनसम्म जीवन बीमा शुल्क रु.१ खर्ब २७ अर्ब ६९ करोड र निर्जीवन बीमा शुल्क रु.३२ अर्ब ५३ करोड गरी कुल बीमा शुल्क २०८१ फागुनसम्मको तुलनामा १६.१ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ६० अर्ब २२ करोड पुगेको छ। २०८२ फागुनसम्म सक्रिय बीमालेखमध्ये जीवन बीमातर्फको सङ्ख्या १ करोड ६२ लाख ५९

हजार ८ सय ३२ र निर्जीवन बीमातर्फको सङ्ख्या २१ लाख ६८ हजार ४५ रहेको छ।

४.५६ चालु आर्थिक वर्षको फागुनसम्म जीवन बीमातर्फ १ लाख २५ हजार ८ सय ३० बीमा दाबीअन्तर्गत रु.२६ अर्ब ८४ करोड रकम बराबरको दाबी भुक्तानी भएको छ। त्यसैगरी निर्जीवन बीमातर्फ ९४ हजार २ सय १५ बीमा दाबीअन्तर्गत रु.१७ अर्ब ३१ करोड रकम बराबरको कुल दाबी भुक्तानी भएको छ।

४.५७ चालु आर्थिक वर्षको फागुनसम्म बीमा क्षेत्रमा जीवन र लघु जीवन बीमातर्फ गरी जम्मा १२ हजार ४ सय ३० व्यक्तिले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन्। २०८१ फागुनसम्म करिब ४ लाख १२ हजार ४ सय ५२ अभिकर्ता अप्रत्यक्ष रोजगारीमा संलग्न छन्। त्यसैगरी निर्जीवन बीमा व्यवसायको क्षति मूल्याङ्कन गर्ने १ हजार २ सय २४ सर्भेयर र १६ पुनर्बीमा अभिकर्ता इजाजत प्राप्त गरी रोजगारीमा संलग्न छन्।

गैर-बैङ्क वित्तीय संस्था

कर्मचारी सञ्चय कोष

४.५८ २०८२ पुससम्म कर्मचारी सञ्चय कोषको सम्पत्ति तथा दायित्व रु.६ खर्ब ४२ अर्ब ३५ करोड पुगेको छ। यस अवधिमा सञ्चयकर्ताको सञ्चित रकम रु.५ खर्ब ७८ अर्ब ६ करोड रहेको छ। २०८२ पुससम्म यस कोषले विभिन्न क्षेत्रमा गरी रु.२ खर्ब २९ अर्ब ४९ करोड लगानी र रु.३ खर्ब ८१ अर्ब ६१ करोड कर्जा तथा सापटी प्रदान गरेको छ।

नागरिक लगानी कोष

४.५९ २०८२ पुससम्म नागरिक लगानी कोषको सम्पत्ति तथा दायित्व रु.३ खर्ब १९ अर्ब ५० करोड पुगेको छ। यस अवधिमा बचतकर्ताको सञ्चित रकम रु.२ खर्ब ८२ अर्ब ३७ करोड रहेको छ। २०८२ पुससम्म यस कोषले विभिन्न क्षेत्रमा गरी रु.१ खर्ब ९२ अर्ब ९४ करोड लगानी र रु.९१ अर्ब ५६ करोड कर्जा तथा सापटी प्रदान गरेको छ।

निक्षेप तथा कर्जा सुरक्षण

४.६० २०८२ पुससम्म निक्षेप तथा कर्जा सुरक्षण कोषको सम्पत्ति रु.३४ अर्ब ७० करोड पुगेको छ। साथै यस कोषले २०८२ फागुनसम्म विभिन्न ५५ बैङ्क तथा वित्तीय संस्थामा रहेका ५ करोड १८ लाख ७९ हजार निक्षेप खातामा रहेको रु.१७ खर्ब ७३ अर्ब ५५ करोडको निक्षेप सुरक्षण गरेको छ। यस अवधिसम्म कोषले विभिन्न ७४ बैङ्क तथा वित्तीय

संस्थाबाट १८ लाख ७० हजार ऋणीलाई प्रवाह भएको कुल रु.३ खर्ब ६० अर्ब ८२ करोडको कर्जा सुरक्षण गरेको छ।

तालिका ४(ठ): निक्षेप तथा कर्जा सुरक्षण कोषले प्रदान गरेको सुरक्षणको अवस्था

विवरण	२०७९ असार	२०८० असार	२०८१ असार	२०८२ असार	२०८२ फागुन
कर्जा सुरक्षण (रु.करोडमा)	२६४२८	२७४६४	२९६४५	३३०९०	३६०८२
निक्षेप सुरक्षण (रु.करोडमा)	८७९२२	१२३२९५	१४३०४५	१५७९०५	१७७३५४
कर्जा सुरक्षण गर्ने बैङ्क तथा वित्तीय संस्थाको सङ्ख्या	१०८	११३	७८	७४	७४
निक्षेप सुरक्षण गर्ने बैङ्क तथा वित्तीय संस्थाको सङ्ख्या	६२	५५	५५	५५	५५
सुरक्षित ऋणी (सङ्ख्या हजारमा)	१७४४	१६८०	१५०६	१५७९०५	१७७३५४
निक्षेप खाता (सङ्ख्या हजारमा)	३६१४३	४१३८१	४५७९५	५७१३५	५१८७८

स्रोतः निक्षेप तथा कर्जा सुरक्षण कोष, २०८२

सहकारी संस्था

४.६१ २०८२ फागुनसम्म सहकारी संस्थाको सङ्ख्या ३२ हजार ३ सय २५ रहेको छ। यस अवधिसम्म शेयर सदस्य सङ्ख्या १ करोड १ लाख ६० हजार ९ सय ६३ र शेयर पुँजी रु.१ खर्ब ४३ अर्ब २९ करोड रहेको छ। सहकारी क्षेत्रमा रु.१० खर्ब २९ अर्ब ५७ करोड बचत परिचालन भई रु.९ खर्ब ५ अर्ब ४८ करोड कर्जा प्रवाह भएको छ।

४.६२ २०८२ फागुनसम्म सहकारी क्षेत्रमा ८२ हजार २ सय १६ प्रत्यक्ष रोजगार रहेका छन्। सहकारीसम्बन्धी एकीकृत तथ्याङ्कको लागि विकास गरिएको सहकारी तथा गरिबी सूचना व्यवस्थापन प्रणाली (Cooperative & Poverty Management Information System - COPOMIS) मा २०८१ असारसम्म १८ हजार ८ सय ९७ सहकारी संस्था आबद्ध भएकोमा २०८२ फागुनसम्ममा यस्तो सङ्ख्या १९ हजार ९ सय ३ पुगेको छ।

४.६३ राष्ट्रिय सहकारी नियमन प्राधिकरणले नेपालको सहकारी क्षेत्रको नियमन गर्दै ८३४ सहकारी संस्थालाई सञ्चालन इजाजतपत्र प्रदान गरेको छ। यसैगरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२ तथा नियामकीय मापदण्ड, २०८२ (पहिलो संशोधन) जारी भएको छ।

४.६४ समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयबाट समस्याग्रस्त घोषित २३ सहकारी संस्थामध्ये ३ संस्था राफसाफ भइसकेका छन्। बाँकी २० समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी हुन बाँकी रहेको छ। हालसम्म विभिन्न चरणमा कुल ८० हजार ८७ दाबीकर्ताहरूको रु.४७ अर्ब ६० करोड १३ लाख मागदाबी दर्ता

भएकोमा हालसम्म ३ हजार ६ सय ८८ दावीकर्तालाई पूर्ण रुपमा कुल रु.२ अर्ब ५४ करोड ६८ लाख माग दाबी भुक्तान गरिएको छ। साथै चालु आर्थिक वर्षको फागुनसम्म ८ हजार ७ सय ६३ दावीकर्तालाई रु.१२ करोड २३ लाख रकम फिर्ता गरिएको छ।

५. बाह्य क्षेत्र


५.१ बाह्य क्षेत्र थप सबल हुँदै गएको छ। पर्यटन, विप्रेषण आप्रवाह तथा निर्यात व्यापारमा भएको वृद्धिका कारण चालु आर्थिक वर्षको फागुनसम्म शोधनान्तर स्थिति एवं चालु खाता उच्च बचतमा रहेका छन् भने बाह्य क्षेत्रका प्रायः अन्य सूचक सकारात्मक छन्। चालु आर्थिक वर्षमा शोधानान्तर स्थिति र चालु खाता दुवै बचतमा रहने अनुमान छ।

५.२ चालु आर्थिक वर्षको मध्यपछि मध्य पूर्वी एशिया क्षेत्रमा जारी युद्ध लगायतका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बढेसँगै नेपालको आन्तरिक बजारमा समेत इन्धनको मूल्यमा थप चाप पर्ने देखिन्छ।

वैदेशिक व्यापार

५.३ चालु आर्थिक वर्षको फागुनसम्म कुल वस्तु निर्यात २०.८ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ९१ अर्ब ११ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निर्यात ५७.२ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ५८ अर्ब १७ करोड पुगेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म भारत र अन्य मुलुकतर्फको निर्यात क्रमशः २५.३ प्रतिशत र ७.८ प्रतिशतले वृद्धि भएको छ भने चीनतर्फको निर्यातमा ५३.७ प्रतिशतले कमी आएको छ।

चार्ट ५(क): कुल व्यापारमा निर्यात/आयातको अंश (प्रतिशतमा)



स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२

५.४ चालु आर्थिक वर्षको फागुनसम्म कुल वस्तु व्यापारमा निर्यातको अंश १२.९ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो अंश १२.१ प्रतिशत रहेको थियो।


५.५ चालु आर्थिक वर्षको फागुनसम्म भटमासको तेल, अलैंची, पाम तेल, जुटका सामान, चाउचाउ लगायतका वस्तुको निर्यात बढेको छ भने जिङ्क सिट, पार्टिकल बोर्ड, चिया, ऊनी गलैंचा, हस्तकलाका सामानलगायतका वस्तुको निर्यात घटेको छ।

५.६ चालु आर्थिक वर्षको फागुनसम्म कुल वस्तु आयात १२.५ प्रतिशतले वृद्धि भई रु.१२ खर्ब ८९ अर्ब २५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आयात ११.२ प्रतिशतले बढेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमशः ५.१ प्रतिशत, २१.२ प्रतिशत र २६.० प्रतिशतले बढेको छ।

५.७ चालु आर्थिक वर्षको फागुनसम्म भटमासको कच्चा तेल, रासायनिक मल, चाँदी, यातायातका उपकरण, सवारी साधन तथा स्पेयर पार्टस्, दूरसञ्चारका उपकरण तथा पार्ट्सलगायतका वस्तुको आयात बढेको छ भने खाने तेल, हट रोल्ड शिट इन क्वाइल, लसुन, दाल, एम.एस.बिलेट लगायतका वस्तुको आयात घटेको छ।

५.८ चालु आर्थिक वर्षको फागुनसम्म कुल वैदेशिक व्यापार १३.५ प्रतिशतले बढेर रु.१४ खर्ब ८० अर्ब ३६ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वैदेशिक व्यापार १५.३ प्रतिशतले बढेर रु.१३ खर्ब ३ अर्ब ७४ करोड रहेको थियो।

चार्ट ५(ख): बाह्य क्षेत्रका प्रमुख परिसूचकहरू (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)




स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२

निर्यात-आयात मूल्य सूचकाङ्क

५.९ वार्षिक विन्दुगत आधारमा २०८२ फागुनमा निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) २.५ प्रतिशतले वृद्धि भएको छ भने आयात मूल्य सूचकाङ्क १.९ प्रतिशतले बढेको छ। २०८२ फागुनमा व्यापारको शर्त (Terms of Trade) ०.५ प्रतिशतले बढेको छ।

चार्ट ५(ग): निर्यात र आयात एकाइ मूल्य सूचकाङ्क (प्रतिशत परिवर्तन)



स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२

व्यापार सन्तुलन, शोधनान्तर र विप्रेषण

५.१० चालु आर्थिक वर्षको फागुनसम्म कुल वस्तु व्यापार घाटा ११.२ प्रतिशतले वृद्धि भई रु.१० खर्ब ९८ अर्ब १४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा ६.२ प्रतिशतले बढेको थियो। यस अवधिमा निर्यात-आयात अनुपात १४.८ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात १३.८ प्रतिशत रहेको थियो।

५.११ चालु आर्थिक वर्षको फागुनसम्म शोधनान्तर स्थिति रु.६ खर्ब ५८ अर्ब ३५ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बचत रु.३ खर्ब १० अर्ब ३७ करोड रहेको थियो। अमेरिकी डलरमा गत आर्थिक वर्षको सोही अवधिमा २ अर्ब २९ करोडले बचतमा रहेको शोधनान्तर स्थिति चालु आर्थिक वर्षको फागुनसम्म ४ अर्ब ६१ करोडले बचतमा रहेको छ।

तालिका ५(क): विप्रेषण आप्रवाहको अवस्था

विवरण	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३*
विप्रेषण आप्रवाह (रु. अर्बमा)	१००७.३१	१२४०.६९	१४४५.३२	१७२३.२७	१४४९.७
प्रतिशत परिवर्तन	४.८१	२३.१७	१६.४९	१९.२३	३७.७
विप्रेषणको कुल ग्रार्हस्थ्य उत्पादनसँगको अनुपात	२०.२४	२३.१२	२५.०९	२७.८०	-
चालु खाता प्राप्तिमा विप्रेषण आप्रवाहको अनुपात	६६.४२	६७.०६	६७.३९	६७.६०	६९.७७
चालु ट्रान्सफर आयमा विप्रेषण आप्रवाहको अनुपात	८९.४९	९०.०७	९१.६०	९१.३६	९०.५७

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२ *फागुनसम्म

विदेशी विनिमय सञ्चिति

५.१२ २०८२ असार मसान्तमा रु.२६ खर्ब ७७ अर्ब ६८ करोड रहेको कुल विदेशी विनिमय सञ्चिति २७.५ प्रतिशतले वृद्धि भई २०८२ फागुन मसान्तमा रु.३४ खर्ब ३ अर्ब ७७ करोड पुगेको छ। यस्तो सञ्चिति २०८२ असार मसान्तमा १९ अर्ब ५० करोड अमेरिकी डलरमा रहेकोमा २०८२ फागुन मसान्तमा १८.३ प्रतिशतले वृद्धि भई २३ अर्ब ८ करोड अमेरिकी डलर पुगेको छ।

५.१३ चालु आर्थिक वर्षको फागुनसम्मको आयातलाई आधार मान्दा बैङ्किङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति २१.४ महिनाको वस्तु आयात र १८.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।

५.१४ २०८२ फागुन मसान्तको कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चितिको अंश ८८.९ प्रतिशत रहेको छ। यसैगरी कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २१ प्रतिशत रहेको छ।

५.१५ कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८२ असार मसान्तमा रु.२४ खर्ब १४ अर्ब ६४ करोड रहेकोमा २०८२ फागुन मसान्तमा २५.७ प्रतिशतले वृद्धि भई रु.३० खर्ब ३५ अर्ब ११ करोड पुगेको छ।

प्रत्यक्ष वैदेशिक लगानी

५.१६ चालु आर्थिक वर्षको फागुनसम्म कुल प्रत्यक्ष वैदेशिक लगानी २७.९ प्रतिशतले वृद्धि भई रु.१० अर्ब ८४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो लगानी रु.८ अर्ब ४७ करोड रहेको थियो।

५.१७ चालु आर्थिक वर्षको फागुनसम्म विदेशी लगानीकर्ताले लगानी/लाभांश बापत रु.५ अर्ब ७२ करोड फिर्ता लगेका छन्। गत आथिक वर्षको सोही अवधिमा यस्तो रकम रु.२ अर्ब ९८ करोड रहेको थियो।


५.१८ चालु आर्थिक वर्षको फागुनसम्म खुद वैदेशिक लगानी ६.९ प्रतिशतले घटेर रु.५ अर्ब ११ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद प्रत्यक्ष वैदेशिक लगानी रु.५ अर्ब ४९ करोड रहेको थियो।

५.१९ २०८१ असार मसान्तमा प्रत्यक्ष वैदेशिक लगानी दायित्व रु.३ खर्ब ३२ अर्ब ९७ करोड रहेकोमा २०८२ असार मसान्तमा रु.३ खर्ब ४० अर्ब २८ करोड कायम भएको छ।

विनिमय दर

५.२० २०८२ असार मसान्तको तुलनामा २०८२ फागुन मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ७.२ प्रतिशतले अवमूल्यन भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा नेपाली रुपैयाँ ४.२ प्रतिशतले अवमूल्यन भएको थियो। २०८२ फागुन मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१४७.६४ पुगेको छ। २०८२ असार मसान्तमा उक्त विनिमय दर रु.१३७.० रहेको थियो।

चार्ट ५(घ): अमेरिकी डलर एकको नेपाली रूपैयाँसँग खरिद विनिमय दर (नेपाली रूपैंया)




स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२।

मञ्जुषा बक्स ५(क): अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ र सुनको मूल्यमा आएको परिवर्तन

विगतको दशकमा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेल, सुन र चाँदीको मूल्यमा ठूलो उतारचढाव देखिएको छ। अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा देखिएको उतारचढाव मुख्यतः ठूला वैश्विक सङ्कट र भू-राजनीतिक घटनासँग जोडिएको छ। सन् २०२० मा कोभिड-१९ महामारीका कारण विश्वव्यापी रूपमा 'लकडाउन' हुँदा यातायात र औद्योगिक मागमा आएको भारी गिरावटले तेलको मूल्य प्रति ब्यारेल ४३.९६ अमेरिकी डलरसम्म झरेको थियो। यद्यपि सन् २०२२ मा शुरु भएको रुस-युक्रेन युद्धले विश्वव्यापी आपूर्ति शृङ्खलामा ठूलो अवरोध सिर्जना गरेपछि तेलको मूल्य एकाएक बढेर प्रति ब्यारेल ११२.२६ डलर पुग्यो। त्यसपश्चात सन् २०२५ सम्ममा विश्वव्यापी आपूर्ति स्थितिमा केही सुधार आई यसको मूल्य प्रति ब्यारेल ६९.६७ डलरसम्म कायम हुन आएकोमा सन् २०२६ को सुरुमा देखिएको मध्यपूर्वी एशियामा जारी द्वन्द्वका कारणले तेलको मूल्य प्रति ब्यारेल पुनः १०० अमेरिकी डलर आसपास कायम हुन गएको छ।

कच्चा तेलको तुलनामा सुन र चाँदी जस्ता बहुमूल्य धातुहरूको मूल्यमा भने विगत एक दशकदेखि निरन्तर वृद्धिको प्रवृत्ति देखिएको छ। सन् २०१५ डिसेम्बरमा प्रति औंस १,०६८ अमेरिकी डलर रहेको सुनको मूल्य सन् २०२६ को फेब्रुअरीमा झण्डै ४ गुणाले वृद्धि भई ५०१५ डलरको ऐतिहासिक उचाइमा पुगेको छ। सन् २०१५ को डिसेम्बरमा चाँदीको मूल्य १४.१ अमेरिकी डलर रहेको चाँदीको मूल्य सन् २०२६ को फेब्रुअरीमा ८२.५ कायम भएको छ। विशेषगरी अमेरिका र चीन बीचको व्यापारिक तनाव, पश्चिम एशियाको अस्थिरता र प्रमुख अर्थतन्त्रमा देखिएको उच्च मुद्रास्फीतिका कारण लगानीकर्ताले सुन र चाँदीलाई Safe Haven Asset को रूपमा रोज्दा यी धातुको मागमा तीव्र वृद्धि भई तद्अनुरुपको प्रभाव मूल्यमा समेत पर्न गएको छ। समग्रमा विश्वव्यापी आर्थिक एवम् भू-राजनीतिक शक्ति सन्तुलनमा देखिएको अनिश्चितताका कारण अन्तराष्ट्रिय बजारमा यस्ता बहुमूल्य धातुको मूल्यमा उच्च वृद्धि हुन गएको हो।

चार्ट ५(घ): अन्तर्राष्ट्रिय बजारमा कच्चा तेल, सुन र चाँदीको मूल्यमा आएको उतारचढाव




स्रोतः Primary Commodity Price System (PCPS) तथ्यांङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, २०२६।

६. गरिबी निवारण, रोजगारी र सामाजिक सुरक्षा

६.१ नेपालको संविधानले सबै प्रकारका उत्पीडन तथा विभेदको अन्त्य गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने नीति लिएको छ। गरिबी निवारण नीति, २०७६ ले सहकारीमार्फत् गरिबी निवारण गर्ने लक्ष्य राखेको छ। सन् २१०० सम्म निरपेक्ष गरिबीको अन्त्य गर्ने र बहुआयामिक गरिबी तीन प्रतिशतमा सीमित गर्ने लक्ष्य रहेको छ। सोही अनुरुप गरिबी निवारणका लागि नीतिगत, संरचनागत र कार्यक्रमगत प्रबन्धहरू कार्यान्वयनमा छन्।

६.२ सामाजिक सुरक्षा र संरक्षणमा बढ्दै गएको सार्वजनिक लगानी, गरिब लक्षित कार्यक्रमको निरन्तरता, विप्रेषण आय प्राप्त गर्ने परिवारको सङ्ख्यामा भएको वृद्धि, सामाजिक क्षेत्रका परिसूचकमा भएको सुधार लगायतको कारण निरपेक्ष गरिबी २०.२७ प्रतिशत र बहुआयामिक गरिबी १७.४ प्रतिशतमा झरेको छ। मानव विकास सूचकाङ्क ०.६२२ पुगेको छ। उपभोगमा आधारित जिनी गुणक ०.३० र लैङ्गिक विकास सूचकाङ्क ०.८८५ रहेको छ।

चार्ट ६(क): मानव विकास सूचकाङ्कको स्थिति



स्रोतः संयुक्त राष्ट्रसङ्घीय मानव विकास प्रतिवेदनहरु, २०८२

६.३ वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या ६९ लाख नाघेको छ। औपचारिक क्षेत्र, वैदेशिक रोजगार, अनौपचारिक क्षेत्र र स्वरोजगार

क्षेत्रसमेत गरी करिब २८ लाख ५० हजार श्रमिक सामाजिक सुरक्षा कोषमा सूचीकृत भएका छन्।

गरिबी निवारण र रोजगारी

६.४ २०८२ फागुनसम्म ६४ जिल्लामा गरिब परिवार पहिचान तथा राज्य सुविधा परिचय-पत्र वितरण सम्पन्न गरिएको छ।

६.३ **"राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम"** अन्तर्गत चालु आर्थिक वर्षको फागुनसम्म ७ लाख ४५ हजार ४ सय ३५ जना बेरोजगार व्यक्ति सूचीकृत भएका छन्। आर्थिक वर्ष २०८१/८२ मा ७३६ स्थानीय तहमा ७ लाख ९७ हजार ७ सय २५ बेरोजगार व्यक्ति सूचीकृत भएकोमा ५५ हजार १ सय ५१ जनाले औसत ७१.७८ दिनको रोजगारी प्राप्त गरेका थिए। आर्थिक वर्ष २०८१/८२ मा औसत रोजगारी दिनको हिसाबले बागमती प्रदेशभित्रका स्थानीय तहले सबैभन्दा बढी ८० दिन र मधेश प्रदेशका स्थानीय तहले सबैभन्दा कम ४९.१४ दिन रोजगारी प्रदान गरेका छन्।

६.४ बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ बमोजिम हालसम्म १३ वटा स्थानीय तह बाल श्रममुक्त घोषणा भएका छन्।

श्रम

६.५ आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म ३९५ गैर-नेपाली नागरिकले श्रम स्वीकृति प्राप्त गरेका छन् भने ८९० गैर-नेपाली नागरिकको श्रम स्वीकृति नवीकरण भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या क्रमश: ५८२ र १ हजार ८० रहेको थियो।

तालिका ६(क): श्रम स्वीकृति लिने गैर-नेपाली नागरिकको सङ्ख्या

विवरण	आर्थिक वर्ष					फागुनसम्म	
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८१/८२	२०८२/८३
नयाँ श्रम स्वीकृति	१०९०	९५०	१३६९	१०२०	८९२	५८२	३९५
श्रम स्वीकृति नवीकरण	१३००	१२३१	१६२५	१६६५	१६६७	१०८०	८९०

स्रोत: श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८२ * फागुनसम्म

वैदेशिक रोजगार

६.६ २०८२ फागुनसम्म वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिनेको सङ्ख्या ६९ लाख २३ हजार ४ सय ४३ पुगेको छ। यसमध्ये महिला ७.१ प्रतिशत र पुरुष ९२.९ प्रतिशत रहेका छन्।

तालिका ६(ख) : नयाँ श्रम स्वीकृति लिनेको विवरण (प्रतिशतमा)

देश	आर्थिक वर्ष २०८१/८२		जम्मा	आर्थिक वर्ष २०८२/८३*		जम्मा
	महिला	पुरूष		महिला	पुरूष	
युएई	३०.०९	४१.१९	३९.७६	२२.४४	२६.४	२५.८५
साउदी अरब	०.२९	१७.५	१५.२७	०.८	१६.८३	१४.५९
कतार	९.४४	९.७६	९.७२	१०.६८	१०.७८	१०.७६
कुवेत	१३.५१	६.७३	७.६१	१२.९३	७.०३	७.८५
रोमानिया	४.३	४.४४	४.४२	५.२६	५.९६	५.८६
जापान	८.९५	२.९२	३.७	१०.७५	३.०९	४.१५
दक्षिण कोरिया	१.७२	२.८६	२.७१	०	०	०
मलेशिया	०.०७	२.०२	२.०२	१.६८	१२.४५	१०.९५
क्रोएसिया	४.१७	१.८९	२.१८	०	०	०
बहराइन	१.६७	१.२४	१.२९	१.८५	१.३६	१.४३
अन्य	२५.७९	९.१६	११.३१	२२.६	१३.४७	१४.७५
अनुपात जम्मा	१००	१००	१००	१००	१००	१००
जम्मा	**६५५६५**	**४४०३९२**	**५०५९५७**	**३८११२**	**२३५४१८**	**२७३५३०**


स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८२ * फागुनसम्म

६.७ आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या १३.७ प्रतिशतले सङ्कुचन भई २ लाख ७३ हजार ५ सय ३० रहेको छ। त्यसैगरी यस अवधिमा वैदेशिक रोजगारमा जान पुनःश्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या १५.९ प्रतिशतले वृद्धि भई २ लाख ५१ हजार ९ सय ८३ पुगेको छ।

६.८ यस अवधिमा नयाँ र पुनःश्रम स्वीकृति लिने कामदारको सङ्ख्या ५ लाख २५ हजार ५ सय १३ पुगेको छ। यसमध्ये महिला १२.१ प्रतिशत र पुरुष ८७.९ प्रतिशत रहेका छन्। गत आर्थिक वर्षको सोही अवधिमा नयाँ र पुनःश्रम स्वीकृति लिने कामदारको सङ्ख्या ५ लाख ३४ हजार ४ सय ७१ रहेको थियो।

६.९ आर्थिक वर्ष २०८१/८२ मा वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या १०.० प्रतिशतले बढेर ५ लाख ५ हजार ९ सय ५७ र पुनः श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या १८.५ प्रतिशतले बढेर ३ लाख ३३ हजार ३ सय ९ पुगेको थियो।

चार्ट ६(ख): वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिनेको स्थिति (वार्षिक)



स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८२

६.१० सन् २०२६ को जनवरीदेखि मे २१ सम्म ईपिएस प्रणालीमार्फत थप २ हजार ४ सय ८२ नेपाली कामदार दक्षिण कोरिया गएका छन्। यस्तो सङ्ख्या सन् २०२५ मा ११ हजार १ सय ७८ रहेको थियो। हालसम्म पुरुष १ लाख १५ हजार २ सय ४० र महिला ८ हजार ९ सय ७३ गरी जम्मा १ लाख २४ हजार २ सय १३ कामदार वैदेशिक रोजगारीका लागि दक्षिण कोरिया गएका छन्।

६.११ परम्परागत रुपमा खाडी मुलुकहरू नेपाली कामदारको प्रमुख श्रम गन्तव्य रहेकोमा पछिल्लो समयमा खाडी मुलुकका अतिरिक्त रोमानिया, जापान, दक्षिण कोरिया, सर्विया, माल्टा र पोर्चुगलजस्ता युरोपेली एवं विकसित देश आकर्षक गन्तव्य मुलुकको रुपमा विकास भएका छन्। यसले मुलुकको वैदेशिक रोजगारीको संरचनालाई परिवर्तन गरी देशगत विविधिकरण गरेको छ।

६.१२ हाल वैदेशिक रोजगरीको लागि संस्थागत रूपमा १११ देशलाई खुला गरिएको छ। चालु आर्थिक वर्षको फागुनसम्म १ हजार ७ सय ६५ म्यानपावर कम्पनीले वैदेशिक रोजगारीको लागि श्रमिक पठाउने प्रयोजनका लागि ईजाजतपत्र प्राप्त गरेका छन्।

६.१३ आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म वैदेशिक रोजगारीको सिलसिलामा १ हजार ८६ नेपाली कामदारको मृत्यू भएको छ। सोही अवधिमा मृतकका परिवारका सदस्य तथा नजिकका हकवालाले क्षतिपूर्तिबापत रु.६३ करोड २२ लाख प्राप्त गरेका छन्।

६.१४ चालु आर्थिक वर्षको फागुनसम्म वैदेशिक रोजगारीको क्रममा शारीरिक रुपमा अङ्गभङ्ग तथा बिरामी भएका ६०१ कामदारले आर्थिक सहायता प्राप्त गरेका छन्। वैदेशिक रोजगारीमा मृत्यू भएका नेपाली श्रमिकका ३ हजार ४ सय ८७ जना सन्ततिले शिक्षामा छात्रवृत्ति सुविधा लिएका छन्।

तालिका ६(ग): वैदेशिक रोजगारीको क्रममा मृत्यू हुनेको सङ्ख्या र आर्थिक सहायताको विवरण

आर्थिक वर्ष	पुरुष	महिला	जम्मा	आर्थिक सहायता (रु. करोडमा)
२०७२/७३	७९२	२४	८१६	२२.१६
२०७३/७४	७३८	१८	७५६	२२.६३
२०७४/७५	८०१	२०	८२१	४५.६५
२०७५/७६	७३१	२३	७५४	५०.०२
२०७६/७७	६४५	१६	६६१	४१.५४
२०७७/७८	१२१३	२९	१२४२	७३.७७
२०७८/७९	१३५६	३९	१३९५	७२.००
२०७९/८०	११५९	४९	१२०८	६५.५२
२०८०/८१	१४११	४७	१४५८	६९.९९
२०८१/८२	१५०९	७४	१५८३	१११.९४
२०८२/८३*	१०५०	३६	१०८६	६३.२२
जम्मा	**११४०५**	**३७५**	**११७८०**	**६३८.४४**

स्रोतः श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८२ *२०८२ फागुनसम्म

६.१७ आर्थिक वर्ष २०८१/८२ मा वैदेशिक रोजगारजन्य २१५ मुद्दा अदालतमा दायर भई क्षतिपूर्ति स्वरुप रु.३२ करोड ८७ लाख ३७ हजार ४ सय ६५ उपलब्ध गराइएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म २७३ मुद्दा अदालतमा दायर भई क्षतिपूर्ति बापत रु.३ करोड ५० लाख १८ हजार ६ सय उपलब्ध गराइएको छ।

६.१८ संघ, प्रदेश र स्थानीय सरकारको साझेदारीमा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम चौथो चरण (२०२४-२०२८) ७७ जिल्लाका ५५७ स्थानीय तहमा सञ्चालनमा रहेको छ। यस कार्यक्रमबाट चालु आर्थिक वर्षको फागुनसम्म ३ लाख ८ हजार ४ सय १२ व्यक्तिले वैदेशिक रोजगारसम्बन्धी सेवा प्राप्त गरेका छन्।

तालिका ६(घ): वैदेशिक रोजगारीसम्बन्धी सेवा लिनेको सङ्ख्या

आर्थिक वर्ष	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३*
आप्रवासी स्रोत केन्द्रमा सेवा लिन आएका सेवाग्राही	२३७९४६	४०१४२०	७८२८८	४३३३७८	२७१३८२
कानुनी सहायता तथा परामर्श	६६४३	६५०८	७४१४	९५२८	४५०२
सीप विकास तालिम	१७४७	१५२८	२१८७	०	०
मनोसामाजिक परामर्श सेवा	४७४१	३४०८	४२५२	४९७६	४८५८
वित्तीय साक्षरता	१४३२०	१४७६१	१५३०२	७१९१९	२७६७०
जम्मा	**२६५३९७**	**४२७६२५**	**४५२२७२**	**५१९८०१**	**३०८४१२**

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८२ *फागुनसम्म

योगदानमा आधारित सामाजिक सुरक्षा

६.१९ चालु आर्थिक वर्षको फागुनसम्म औपचारिक क्षेत्रका ६ लाख ८५ हजार ४ सय ८७, वैदेशिक रोजगारमा रहेका २१ लाख ६४ हजार १ सय ५९, अनौपचारिक क्षेत्रका ९०४ र स्वरोजगार क्षेत्रका ८३२ गरी २८ लाख ५१ हजार ३ सय ८२ श्रमिक सामाजिक सुरक्षा कोषमा सूचीकृत भएका छन्।

६.२० चालु आर्थिक वर्षको फागुनसम्म औपचारिक तथा अनौपचारिक क्षेत्र, वैदेशिक रोजगार र स्वरोजगार क्षेत्रमा कार्यरत गरी थप ४ लाख ७१ हजार ८ सय ३ श्रमिक सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध भएका छन्। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ५ लाख ८७ हजार ४ सय ६४ रहेको थियो।

तालिका ६(ङ): सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध श्रमिकको विवरण

सूचीकृत योगदानकर्ता	२०८१ फागुनसम्म	२०८२ असारसम्म	२०८२ फागुनसम्म
औपचारिक क्षेत्र	५६८१८८	६०२१८२	६८५४८७
वैदेशिक रोजगार	१५१००६३	१७७६२६३	२१६४१५९
अनौपचारिक क्षेत्र	४४६	७२०	९०४
स्वरोजगार क्षेत्र	३०७	४१४	८३२
जम्मा	**२०७९००४**	**२३७९५७९**	**२८५१३८२**

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,२०८२

६.२१ २०८२ फागुनसम्म २३ हजार २ सय १० रोजगारदाता सामाजिक सुरक्षा कोषमा सूचीकृत भएका छन्। सङ्ख्याको हिसाबले बागमती प्रदेशमा सबैभन्दा बढी र कर्णाली प्रदेशमा सबैभन्दा न्यून रोजगारदाता तथा योगदानकर्ता सूचीकृत भएका छन्। चालु आर्थिक वर्षको फागुनसम्म थप २ हजार २ सय २९ रोजगारदाता सामाजिक सुरक्षा कोषमा सूचीकृत भएका छन्। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या १ हजार ७ सय ६६ रहेको थियो।

तालिका ६(च): सामाजिक सुरक्षा कोषमा आबद्ध रोजगारदाता र योगदानकर्ताको विवरण

विवरण /प्रदेश	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	जम्मा
सूचीकृत रोजगारदाता								
२०७५/७६	२०७	१९९	२४७४	१४०	१६२	२९	५०	३२६१
२०७६/७७	१५८४	२९८	५९७७	४३६	७२८	९५	८४	९२०२
२०७७/७८	६९	१२९	१६९४	१०४	३८८	५१	७३	२५०८
२०७८/७९	२०	१५४	१६७०	११७	१८२	५५	४३	२२४१
२०७९/८०	१८	५४	६४१	५२	३३	२०	१५	८३३
२०८०/८१	१४५	१४१	६७२	७८	१०५	११	१८	११७०
२०८१/८२	२४२	१७२	९८५	१७२	१४१	२४	३०	१७६६
२०८२/८३*	३१६	१७२	११५७	२१०	२७८	२९	६७	२२२९
कुल जम्मा	**२६०१**	**१३१९**	**१५२७०**	**१३०९**	**२०१७**	**३१४**	**३८०**	**२३२१०**
सूचीकृत योगदानकर्ता (औपचारिक)								
२०७५/७६	१०४६	१९७७	१९७५०	६९३	७९०	७४	०	२४३३०
२०७६/७७	१५४५०	९५५२	९६९५९	५५३३	४३९०	२४६	५९२	१३२७२२
२०७७/७८	१२३४५	५३४६	८७५४३	५२८७	५१४०	४८८	५१९	११६६६८
२०७८/७९	५३८०	२३४९	६००७८	२०७५	२६४५	२९१	२०६	७३०२४
२०७९/८०	७९०३	३२०२	६१२६५	२५७१	१८५०	२६४	३१५	७७३७०
२०८०/८१	१२४४४	४८४१	६०५८५	५०१८	३९२१	५५५	५१७	८७८८१
२०८१/८२	१२०३५	४०९४	६४३१४	४८७१	३९०४	५८०	४९८	९०२९६
२०८२/८३*	१३३२१	३६३६	५३३४९	४५४८	६१६३	६३२	१५४७	८३१९६
कुल जम्मा	**७९९२४**	**३४९९७**	**५०३८४३**	**३०५९६**	**२८८०३**	**३१३०**	**४१९४**	**६८५४८७**

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८२ *फागुनसम्म

सामाजिक सुरक्षा कोषमा योगदान

६.२२ सामाजिक सुरक्षा कोषमा २०८२ फागुनसम्म रु.१ खर्ब ४ अर्ब २२ करोड रकम सङ्कलन भएको छ। २०८१ फागुनसम्म कोषमा सङ्कलित यस्तो रकम रु.७५ अर्ब ७५ करोड रहेको थियो।

तालिका ६(छ): दावी भुक्तानीसम्बन्धी विवरण

सुरक्षा योजना	एकाई	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३*	२०८२ फागुनसम्म
औषधी उपचार, स्वास्थ्य तथा मातृत्व	संख्या	१७२१०	७२९४८	१९०११५	३१३७०३	२६६०१९	८६३८०६
	रु.करोड	१८.४	३७.४	६२.८	९२.०६	७४.४	२८९.४
	संख्या	६९६	२०५६	३२३८	४६३७	२९८१	१३७४७

सुरक्षा योजना	एकाई	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३*	२०८२ फागुनसम्म
दुर्घटना तथा अशक्तता	रु.करोड	२.०	५.०	६.५	६.९	४.९	२५.६
आश्रित परिवार	संख्या	३२८४	५५५७	७६९३	११५०९	७१३०	३५६४१
	रु.करोड	३.२	५.१	६.९	१०.३	६.५	३२.५
वृद्ध अवस्था	संख्या	१९९३२	३३११६	३३३४२	३३५२४	१८७२९	१३९८३४
	रु.करोड	१२७.७	२९७.५	३९७.६	४८२.२	२६२.५	१५७६.५
जम्मा	**संख्या**	**४११२२**	**११३६७७**	**२३४३८८**	**३६३३७३**	**२९४८५९**	१०५३०२८
	रु.करोड	**१५१.३**	**३४५.०**	**४७३.७**	**५९१.५**	**३४८.३**	**१९२४.१**

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८२ * फागुनसम्म

६.२३ २०८२ फागुनसम्म १० लाख ५३ हजार २८ योगदानकर्ताको करिब रु.१९ अर्ब २४ करोड दावी भुक्तानी भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म २ लाख ९४ हजार ८ सय ५९ योगदानकर्ताको करिब रु.३ अर्ब ४८ करोड दावी भुक्तानी भएको छ।

७. कृषि, भूमिसुधार र वन

७.१ कृषि, भूमिसुधार र वन क्षेत्र नेपालको अर्थतन्त्र, रोजगारी तथा ग्रामीण जीवनयापनका प्रमुख आधार स्तम्भ हुन्। राष्ट्रिय कृषि गणना, २०७८ अनुसार मुलुकभरका ६६ लाख ६७ हजार घरपरिवारमध्ये ६२.० प्रतिशत परिवार कृषि कार्यमा संलग्न छन्। पाँच दशक अघि कुल गार्हस्थ्य उत्पादनमा करिव तीन चौथाइ रहेको कृषि क्षेत्रको योगदान हालसम्म आईपुग्दा एक चौथाइमा सीमित रहेको छ। यस क्षेत्रले खाद्य सुरक्षा, आयआर्जन, कच्चा पदार्थ आपूर्ति तथा समग्र आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण, औद्योगिकीकरण, बजारीकरण र यान्त्रिकीकरण मार्फत् कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नेतर्फ कृषि क्षेत्रका नीति र कार्यक्रम केन्द्रित रहेका छन्।

७.२ उन्नत प्रविधिको प्रयोग, बीउविजन, पशुनश्ल सुधार तथा कृषि जैविक विविधता संरक्षण एवं प्रवर्द्धन, जातीय विकास तथा प्रविधि प्रवर्द्धन, बालीको क्षेत्र विस्तार एवं उत्पादन, पशुपन्छी रोग नियन्त्रण तथा खोप कार्यक्रम, पशुनश्ल सुधार लगायतका कार्यक्रम सञ्चालनमा रहेका छन्।

७.३ चालु आर्थिक वर्षमा अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि २०८२, बीउ बीजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन कार्यविधि २०८२, कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८२ र स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि २०८२ जारी भई कार्यान्वयनमा आएका छन्। विकास आयोजनाहरूलाई सहजीकरण गर्न वन (तेस्रो संशोधन) नियमावली, २०८२ कार्यान्वयनमा आएको छ।

७.४ सिँचाइ सुविधा विस्तार हुँदै गएको छ। २०८२ फागुनसम्म कृषियोग्य जमिनको ४४.६३ प्रतिशत र सिँचाइयोग्य जमिनको ६२.६१ प्रतिशत जमिनमा सिँचाइ सुविधा विस्तार भएको छ।

७.५ भूमिसुधार क्षेत्रले भूमिको वैज्ञानिक व्यवस्थापन, न्यायोचित वितरण, भूमि अभिलेखीकरण तथा उपयोग व्यवस्थापन मार्फत् कृषि उत्पादन र विकास निर्माणलाई सहजीकरण गरेको छ। भूमि प्रशासन प्रणालीको सुधार, भू-उपयोग नीति कार्यान्वयन तथा भूमिसम्बन्धी समस्या समाधान मार्फत् दिगो विकासको आधार तयार पार्ने प्रयास गरिएको छ।

७.६ वनजन्य स्रोतको दिगो उपयोगले स्थानीय समुदायको आय वृद्धि, रोजगार सिर्जना तथा प्राकृतिक स्रोत संरक्षणमा सहयोग पुऱ्याएको छ। सामुदायिक वन व्यवस्थापन प्रणालीले वन संरक्षण र स्थानीय सहभागिता सुदृढ बनाउन उल्लेखनीय भूमिका खेलेको छ।

कृषि

न्यूनतम समर्थन मूल्य

७.७ कृषि उपजको उत्पादन लागत अनुसारको विक्री मूल्य र बजारको सुनिश्चितता गर्न धान, गहुँ, उखु, दुध, कफी लगायतका बाली तथा पशु उपजहरूको न्यूनतम समर्थन मूल्य/खरिद मूल्य निर्धारण गरी लागू गरिएको छ। आर्थिक वर्ष २०८२/८३ मा धान (मोटा) को लागि रु.३४६३.८१ प्रति क्वीन्टल, धान (मध्यम) को लागि रु.३६२८.३३ प्रति क्वीन्टल, गहुँको लागि रु.३९४५ प्रति क्वीन्टल समर्थन मूल्य तोकिएको छ। उखुको खरीद मूल्य रु.६२० प्रति क्वीन्टल तोकिएको छ।

तालिका ७(क): न्यूनतम समर्थन मूल्य तोकिएका वस्तु

बाली	रुपैयाँ प्रति क्वीन्टल				वृद्धिदर
	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	
धान मोटा	२९६७.०	३१९८.०	३४१०.५	३४६३.८	१.६
धान मध्यम	३१२८.०	३३६२.०	३५८०.६	३६२८.३	१.३
चैते धान	-	२७०७.३	२८००.७	२८५६.५	२.०
गहुँ	३३५१.०	३६५०.१	३८६७.०	३९४५.०	२.०
उखु#	६१०.०	६३५.०	५८५.०	६२०.०	६.०

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय २०८२ #अनुदानसहितको उखुको मूल्य

७.८ आर्थिक वर्ष २०८१/८२ मा खाद्य व्यवस्था तथा व्यापार कम्पनीमार्फत् न्यूनतम समर्थन मूल्यमा ११ हजार ७ सय मे.टन धान खरिद भएको थियो। आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको सहयोगमा सहकारी संस्थामार्फत् ८ हजार मे.टन र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत् १४ हजार ४ सय ५० मेट्रिक टन धान खरिद भएको छ।

तालिका ७(ख): उखु किसानलाई प्रदान गरिएको प्रोत्साहन अनुदान सम्बन्धी विवरण

उखु बाली	उखु उत्पादन र प्रोत्साहन अनुदान				
	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३
उखु उत्पादन (लाख क्विण्टल)	१४२.१	१८८.५	२०३	२३०	-
खरिद मूल्य (रूपैयाँ प्रति क्विण्टल)	५२०.०	५४०.०	५६५.०	५८५	६२०
उखु उत्पादन प्रोत्साहन अनुदान (रूपैयाँ प्रति क्विण्टल)	७०.०	७०.०	७०.०	३५	७०
कुल जम्मा खरिद मूल्य (रूपैयाँ प्रति क्विण्टल)	५९०.०	६१०.०	६३५.०	६२०	६९०

उखु बाली	उखु उत्पादन र प्रोत्साहन अनुदान				
	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३
उखु उत्पादक कृषकलाई प्रोत्साहन अनुदान वितरण (रु. करोडमा)	९९.५	१३२.०	१४२.४	१४४.९	७५.१३

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८२

७.९ आर्थिक वर्ष २०८१/८२ मा उखु उत्पादक कृषकलाई उखु बिक्री गरी क्रसिङ गराए बापत रु.३५ प्रति क्विन्टलका दरले रु.७५ करोड १३ लाख १४ हजार बराबरको रकम प्रोत्साहन अनुदान भुक्तानी भएको थियो। आर्थिक वर्ष २०८२/८३ का लागि उखुको अनुदान ७० रुपैयाँ प्रति क्विण्टल निर्धारण भएको छ।

अनुदान कार्यक्रम

७.१० आर्थिक वर्ष २०८२/८३ मा सङ्घीय सरकारबाट विनियोजित रु.३७ अर्ब ३१ करोड कृषि अनुदान मध्ये २०८२ फागुनसम्म रु.२४ अर्ब २२ करोड (६४.९ प्रतिशत) खर्च भएको छ। आर्थिक वर्ष २०८१/८२ मा रु.३६ अर्ब १५ करोड ३९ लाख कृषि अनुदान वापत विनियोजन भएकोमा रु.३२ अर्ब १३ करोड ७९ लाख (८८.९ प्रतिशत) खर्च भएको थियो।

मलखाद व्यवस्थापन

७.११ आर्थिक वर्ष २०८२/८३ मा ६ लाख मेट्रिक टन रासायनिक मल (यूरिया ३ लाख ९५ हजार, डिएपी १ लाख ८० हजार र पोटास २५ हजार मेट्रिक टन) खरिद गर्ने लक्ष्य रहेकोमा चालु आर्थिक वर्षको फागुनसम्म ४ लाख ९५ हजार ९ सय ७ मेट्रिक टन मल आयातमार्फत् खरिद भएको छ। गत आर्थिक वर्षको मौज्दात समेत गरी चालु आर्थिक वर्षको फागुनसम्म ४ लाख ६ हजार ९१ मेट्रिक टन मल अनुदानमा बिक्री वितरण भई १ लाख ३७ हजार ६ सय ६३ मेट्रिक टन मल मौज्दात रहेको छ।

७.१२ आर्थिक वर्ष २०८१/८२ मा लागत सहभागिताको आधारमा कृषकलाई अनुदानमा मल उपलब्ध गराउने प्रयोजनार्थ कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङ्ग कर्पोरेशनबाट आपूर्ति भएको कुल ४ लाख ८८ हजार ७ सय ३७ मे.टन मध्ये ४ लाख ४१ हजार ३ सय १५ मे.टन मल बिक्री वितरण भएको थियो।

तालिका ७(ग): आर्थिक वर्ष २०८१/८२ मा रासायनिक मलको आपूर्तिको अवस्था (मे.टनमा)

मलखाद	टेण्डर आवह्वान	आयात	बिक्री
युरिया	३१००००	२५५३९०	२७०१६१
डिएपी	२२५०००	१२२४२८	१५४४३९
पोटास	१५०००	१५२६५	१६७१५
जम्मा	५५००००	३९३०८३	४४१३१५

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८२

डिजिटल स्वायल म्याप

७.१३ डिजिटल स्वायल म्यापअन्तर्गत हालसम्म ३८ हजार ४ सय १८ माटोको नमूना परीक्षणको विवरण प्रविष्ट गरिएको छ। माटोको स्वास्थ्य परीक्षणबाट प्राप्त विवरणलाई बाली/विरुवामा प्रयोग गर्ने मलखाद एवं सूक्ष्म पोषक तत्वको मात्रा सिफारिस गर्न तथा माटोको गुणको पूर्वानुमान गर्नको लागि यसको उपयोग गरिएको छ।

किसान सूचीकरण

७.१४ किसानको अलग अलग पहिचान गरी कृषि अनुदानका कार्यक्रमलाई व्यवस्थित गर्न, कृषिसम्बन्धी योजना, कार्यक्रम तथा नीति निर्माण गर्न र कृषकले प्राप्त गर्ने सुविधाको दोहोरोपना न्यूनीकरण गर्न किसान सूचीकरण कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रमअन्तर्गत २०८२ फागुनसम्म मुलुकभरका २३ लाख ८३ हजार भन्दा बढी घरधुरी किसान सूचीकृत भएका छन्। हालसम्म ७५३ पालिकामध्ये ६० पालिकामा कृषक घरधुरी सूचीकृत गर्ने कार्य सम्पन्न भएको छ।

कृषि तथा पशुधन बीमा

७.१५ आर्थिक वर्ष २०८१/८२ मा कृषि तथा पशुधन बीमाको प्रिमियममा अनुदानअन्तर्गत बाली बीमातर्फ रु.१७ करोड ७ लाख, पशुधन बीमा अन्तर्गत रु.१ अर्ब ९ करोड ८९ लाख तथा मत्स्य तर्फ रु.३३ करोड १८ लाख समेत गरी कुल रु.१ अर्ब ६० करोड १७ लाख अनुदान वितरण भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म बाली बीमा तर्फको रु.८९ लाख ९७ हजार बराबरको बीमा शुल्क प्रिमियममा मात्र अनुदान भुक्तानी भएको छ।

तालिका ७(घ): विगत पाँच वर्षको बाली तथा पशुधन बीमाको अवस्था

विवरण	आर्थिक वर्ष				
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२
बीमाङ्क (रु.करोडमा)	४३३०.३०	५००३.५५	५११०.४०	४२१३.५४	३६८४.४९
वृद्धिदर (प्रतिशत)	६४.१	१५.५	२.१३	-१७.५५	-१२.५६
बीमा शूल्क (रु.करोडमा)	१९३.९९	२१९.१९	२३१.३८	२०२.८५	१७०.१३
वृद्धिदर (प्रतिशतमा)	६४.२	१३.०	५.५६	-१२.३३	-१६.१३
अनुदान (रु.करोडमा)	१४५.४९	१६५.०७	१८४.८६	१६१.७२	१६०.१७
वृद्धिदर (प्रतिशतमा)	६४.२	१३.४	१२.०	-१२.५५	-०.९६

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८२/नेपाल बीमा प्राधिकरण, २०८२

७.१६ बाली तथा पशुधन बीमा व्यवस्थापन कार्य अन्तर्गत विद्युतीय प्रणालीमार्फत् आर्थिक वर्ष २०८१/८२ मा १ लाख ५० हजार र चालु आर्थिक वर्षको फागुनसम्म २ लाख ९ हजार गरी २०८२ फागुनसम्म जम्मा ३ लाख ५९ हजार बाली, पशुपन्छी तथा मत्स्य बीमालेख सङ्ख्या जारी भएको छ।

मञ्जुसा बक्स ७(क): आलुको मूल्य श्रृङ्खला विकासमार्फत् आयात प्रतिस्थापनमा योगदान

आलु मूल्य शृङ्खला प्रवर्द्धनका लागि २ सुपरजोन र २० जोन सञ्चालनमा रहेका छन्। यसैगरी स्थानीय सरकार मार्फत् ५८० पकेट विकास कार्यक्रम र प्रदेश सरकार अन्तर्गत १४७ ब्लक विकास कार्यक्रम कार्यान्वयनमा रहेका छन्।

Pre-Basic Seed (PBS) उत्पादनका लागि ८ स्क्रीन हाउस निर्माण तथा सुदृढीकरण, आलु भण्डारणका लागि ८३ रष्टिक स्टोर निर्माण तथा साना प्रकृतिका १० आलु चिप्स उद्योग स्थापना भएका छन्।

हालसम्म देशभर थप ३ हजार ६ सय ६९ हेक्टरमा उन्नत प्रविधि सहित आलु खेती विस्तार भई वार्षिक ८१ हजार ४ सय १५ मे. टन. (२२.१९ टन/हे.) आलु उत्पादन हुने गरेको छ। आलु मूल्य शृङ्खला विकासबाट रु. २ अर्ब ३ करोड (रु. २५/केजी) बराबरको थप आलु उत्पादन स्वदेशी बजारमा उपलब्ध भई आलु आयात प्रतिस्थापनमा सहयोग पुगेको छ।

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८२

कृषि क्षेत्रका कार्यक्रम

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

७.१७ आर्थिक वर्ष २०७३/७४ देखि कार्यान्वयन भैरहेको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम (साबिकको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना) अन्तर्गत १८ वटा प्राथमिकता प्राप्त बालीवस्तुको मूल्य शृङ्खलामा उत्पादनदेखि बजारसम्मका कार्यक्रम सञ्चालन गरी खाद्य तथा पोषण सुरक्षा, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमार्फत् सबै वर्गका किसान, उद्यमी, समूह सहकारी र निजी क्षेत्रमा लाभ पुगेको छ।

७.१८ राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत २०८२ फागुनसम्म विभिन्न बाली/वस्तुका २१ सुपरजोन, २ सय ६ जोन, १ हजार ६ सय ९९ ब्लक र ९ हजार ३ सय ९३ पकेट सञ्चालनमा रहेका छन्। यस कार्यक्रमको कार्यान्वयनबाट वार्षिक रु.१७ अर्ब ४५ करोड बराबरको मौद्रिक आय सृजना भएको, कार्यक्रमको आन्तरिक प्रतिफल दर (IRR) २० प्रतिशत भन्दा बढी रहेको, यान्त्रिकीकरणका माध्यमबाट ३५ प्रतिशतसम्म लागत न्यूनीकरण गर्न सहयोग पुगेको तथा कृषकको कार्यबोझ घटाउन सहयोग पुगेको छ।

७.१९ आर्थिक वर्ष २०८१/८२ मा यस कार्यक्रममार्फत् १३ हजार ३८ पूर्ण र १ लाख ४ हजार ६८ आंशिक गरी कुल १ लाख १७ हजार १ सय ६ रोजगारी सिर्जना भएको छ। यस कार्यक्रम मार्फत् विभिन्न बालीको चक्लाबन्दी (Land consolidation) र एकल बाली खेती (Crop Pooling) गरी २०८२ फागुनसम्म ८ हजार ४ सय ६४ हेक्टरमा चक्लाबन्दी खेती विस्तार भएको छ।

७.२० कृषि यान्त्रिकीकरण प्रवर्द्धनका लागि २०८२ असारसम्म जोन/सुपरजोनतर्फ ६१४ कष्टम हायरिङ्ग सेन्टर स्थापना गरी ६३ हजार १ सय ४९ विभिन्न प्रकारका साना मेशिनरी उपलब्ध गराइएको छ।

७.२१ विभिन्न बालीको क्षेत्र विस्तार तथा बगैंचा स्थापना अन्तर्गत धान, गँहु, मकै लगायतका प्रमुख खाद्यान्न बालीको क्षेत्रफल पछिल्लो एक वर्षमा २ हजार ९ सय ४१ हेक्टर विस्तार भई २०८२ फागुनसम्ममा यस्तो क्षेत्रफल २२ हजार ६ सय ७५ हेक्टर पुगेको छ। साथै चैते धानको क्षेत्रफल पछिल्लो एक वर्षमा ६ हजार १ सय २६ हेक्टर थप भई २०८२ फागुनसम्म १७ हजार ४ सय ८६ हेक्टर पुगेको छ।

७.२२ गत आर्थिक वर्षमा तरकारी बाली ३५२ हेक्टर, फलफूल बाली ७६९ हेक्टर, आलु बाली ३२८ हेक्टर, मसला बाली ८८ हेक्टर, दलहन बाली २०७ हेक्टर र कफी २२ हेक्टरमा थप क्षेत्र विस्तार भएको छ। २०८२ फागुनसम्म ६४.२६ हेक्टरमा उच्च घनत्व स्याउ बगैचा विस्तार भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म गहुँ ७३७ हे., आलु २१३ हे. र तरकारी २८७.०५ हे. क्षेत्रफलमा थप विस्तार भएको छ।

७.२३ २०८२ फागुनसम्म १ हजार ८ सय ७३ हेक्टर क्षेत्रफलमा मत्स्य पोखरीको निर्माण भएको छ र यसबाट प्रति वर्ष ११ हजार १३ मेट्रिक टन थप माछा उत्पादन भईरहेको छ।

७.२४ साना सिँचाइ प्रणाली निर्माण तथा मर्मत सम्भार कार्यक्रम अन्तर्गत गत आर्थिक वर्षमा ५ हजार ८ सय ३० हेक्टर सिँचित क्षेत्र थप भई ३६ हजार ५ सय २४ हेक्टर क्षेत्रमा सिँचाइ सुविधा विस्तार भएको छ। यस कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षको फागुनसम्म १५६ साना सिँचाइ आयोजना निर्माण भई २४८ हेक्टर क्षेत्रमा सिँचाइ सुविधा थप विस्तार भएको छ।

७.२५ गत आर्थिक वर्ष "सिक र कमाउ" मोडल अन्तर्गत १९ प्राविधिक शिक्षालयसँग सहकार्य भई १ हजार २ सय ७ विद्यार्थीले कृषि व्यवसाय सञ्चालनको व्यावहारिक ज्ञान र सिपका साथै आय आर्जनको अवसर प्राप्त गरेका थिए। २०८२ असारसम्म ३३४ प्राविधिक शिक्षालयसँग सहकार्य भई १४ हजार ९ सय ५५ विद्यार्थी लाभान्वित भएका छन्।

७.२६ आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म कृषि ईन्टर्न परिचालन कार्यक्रम अन्तर्गत ९ विश्वविद्यालय, अध्ययन संस्थान तथा क्याम्पससँगको समन्वयमा कृषि स्नातक तहमा अध्ययनरत ५८८ विद्यार्थी कृषि ईन्टर्नका रूपमा परिचालन भएका छन्।

७.२७ बीज वृद्धिसम्बन्धी कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षको फागुनसम्म धान ५६७.५ हेक्टर, मकै १९९ हेक्टर, आलु ६५ हेक्टर र गहुँ ३३० हेक्टर गरी जम्मा १ हजार

१ सय ६२ हेक्टरमा थप बीज वृद्धि भएको थियो। हालसम्म ७ हजार १ सय ९४ हेक्टरमा बीज वृद्धि कार्यक्रम सञ्चालन भएको छ।

७.२८ चालु आर्थिक वर्षको फागुनसम्म ९४ खाद्यान्न बीउ स्रोत केन्द्र, ५७० फलफुल/तरकारी/घाँसबाली नर्सरी स्रोत केन्द्र, १०२ पशु नश्ल श्रोत केन्द्र र ३७ मत्स्य ह्याचरी निर्माण भएका छन्। त्यसैगरी यस अवधिसम्म ६ हजार ७ सय १३ प्लाष्टिक घर/टनेल, १ हजार ९ सय ८२ बाखा/भेडा/च्याङ्ग्रा खोर र १८२ गाईभैंसी गोठ निर्माण भएका छन्।

कृषिजन्य बालीको उत्पादन स्थिति

७.२९ आर्थिक वर्ष २०८२/८३ मा प्रायः बालीको उत्पादन सामान्य रुपमा बढ्ने अनुमान छ। यद्यपि, बेमौसमी वर्षाको कारणले खाद्यान्न बालीको उत्पादन १.६३ प्रतिशतले घट्ने अनुमान छ। नगदेबालीको उत्पादन २.०६ प्रतिशतले बढ्ने अनुमान छ। यस्तै औद्योगिक बालीको उत्पादन १.३८ प्रतिशत, दलहन बाली १.५३ प्रतिशत, मसला बाली २.५० प्रतिशत, फलफूल बाली २.५० प्रतिशत र तरकारी उत्पादन २.०२ प्रतिशतले बढ्ने अनुमान छ।

७.३० चालु आर्थिक वर्षमा धानको उत्पादन ४.२० प्रतिशतले सङ्कुचन भई ५७ लाख ५ हजार १ सय २५ मेट्रिक टन पुगेको छ। धानबालीको औसत उत्पादकत्व ४.१४ मेट्रिक टन प्रति हेक्टर पुगेको छ।

७.३१ कृषि बाली उत्पादन र क्षेत्रफल दुवैमा खाद्यान्न बालीको हिस्सा उच्च रहँदै आएको छ। चालु आर्थिक वर्ष कृषि बाली उत्पादनमध्ये खाद्यान्न बालीको अंश ४५.३ प्रतिशत, तरकारी १८.५ प्रतिशत, नगदेबाली १६.० प्रतिशत, औद्योगिक बाली ११.० प्रतिशत, फलफूल ६.२ प्रतिशत र अन्य बालीको ३.० प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष खाद्यान्न बालीको अंश ४६.२ प्रतिशत, तरकारी १८.२ प्रतिशत, नगदेबाली १५.७ प्रतिशत, औद्योगिक बाली १०.९ प्रतिशत तथा फलफूल ६.० प्रतिशत र अन्य बालीको ३.० प्रतिशत रहेको थियो।

७.३२ चालु आर्थिक वर्ष कृषि बाली लगाइएको क्षेत्रफलमध्ये खाद्यान्न बालीको क्षेत्रफल ७०.४ प्रतिशत रहने अनुमान छ। त्यसैगरी नगदेबाली १०.३ प्रतिशत, तरकारी ७.३ प्रतिशत, दलहन बाली ५.५ प्रतिशत र अन्य बालीको ६.५ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष खाद्यान्न बाली लगाइएको क्षेत्रफल ७०.८ प्रतिशत, नगदेबाली १०.२ प्रतिशत, तरकारी ७.८ प्रतिशत, दलहन बाली ५.५ प्रतिशत र अन्यको ५.७ प्रतिशत रहेको थियो।

तालिका ७(ङ): समग्र कृषि बालीको तीन वर्षको उत्पादन स्थिति

उत्पादन (हजार मेट्रिक टन)/क्षेत्रफल (हजार हेक्टर)/घार सङ्ख्या (हजार)

बालीको नाम	उत्पादन/ क्षेत्रफल	आर्थिक वर्ष			प्रतिशत परिवर्तन	
		२०८०/८१	२०८१/८२	२०८२/८३*	२०८१/८२	२०८२/८३*
खाद्यान्न बाली	क्षेत्रफल	३२९२	३२६१	३२२२.९८	-०.९२	-१.१८
	उत्पादन	११२९४	११६१०	११४२०.७२	२.८०	-१.६३
नगदे बाली	क्षेत्रफल	४५१	४६९	४७३.८३	४.१०	१.०३
	उत्पादन	३७८४	३९५४.७१	४०३६.०५	४.५०	२.०६
औद्योगिक बाली	क्षेत्रफल	८८	८७.१७	८७.६९	-०.६८	०.६०
	उत्पादन	२७९८	२७३२.१५	२७६९.८३	-२.३६	१.३८
दलहन बाली	क्षेत्रफल	२५८	२५१.५२	२५२.१५	०.००	०.२५
	उत्पादन	२७७	२७५.९९	२८०.२१	०.००	१.५३
मसला बाली	क्षेत्रफल	६६	६४.१९	६५.८०	-२.०९	२.५०
	उत्पादन	५०६	४९५.५६	५०७.९५	-२.१०	२.५०
फलफूल	क्षेत्रफल	१३९	१४३.३८	१४६.९३	२.८०	२.४८
	उत्पादन	१५०९	१५१२.८१	१५५०.६३	०.२७	२.५०
तरकारी	क्षेत्रफल	३१२	३२९.७३	३३२.१३	५.७२	०.७३
	उत्पादन	४४४०	४५७२.२७	४६६४.७०	२.९८	२.०२
मह (घार)	घार सङ्ख्या	२५०	२७६.००	२८२.९०	१०.१८	२.५०
	उत्पादन	४.३७	४.२८	४.३९	-२.०६	२.५०

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८२ *अनुमानित

द्रष्टव्यः खाद्यान्न बालीमा धान, गहुँ, मकै, कोदो, जौ र फापर समावेश गरिएको छ। **नगदे बालीमा** आलु र तेलहनलाई समावेश गरिएको छ। **औद्योगिक बालीमा** उखु, जुट, चिया, कफी र कपासलाई समावेश गरिएको छ भने **दलहन बालीमा** मसुरो, चना अरहर, मास भटमास, ग्रास पी, गहत र अन्य दलहनबाली समावेश गरिएको छ। **मसला बालीमा** अलैची, अदुवा, लसुन, बेसार र खुर्सानी समावेश गरिएको छ। उत्पादन सम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको छ।

तरकारी, आलु र मसलाबालीको बीउ तथा बेर्ना उत्पादन

७.३३ तरकारी लगाइएको क्षेत्रफल २०८२ असारसम्म ३ लाख ३२ हजार १ सय ३० हेक्टर रहेको छ। यसको लागि २ हजार ९ सय ८० मे.ट. तरकारीको बीउ आवश्यक रहेकोमा स्वदेशी उत्पादनले २३.५ प्रतिशत मात्र माग धान्ने गरेको छ।

७.३४ आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म सरकारीस्तरबाट विभिन्न मौसमी तरकारी बालीका बेर्नाहरू २५ लाखको सङ्ख्यामा उत्पादन भएको छ। आर्थिक वर्ष २०८१/८२ मा ४३ लाख ५ हजार बेर्ना उत्पादन भएकोमा चालु आर्थिक वर्ष ४० लाख बेर्ना उत्पादन हुने अनुमान छ।

७.३५ आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म सरकारी फार्म केन्द्रहरूमा विभिन्न तरकारी बालीको ९६९ किलोग्राम बीउ उत्पादन भएको छ। गत आर्थिक वर्षमा सरकारी फार्म

केन्द्रमा २ हजार ५ सय ७ के.जी. बीउ उत्पादन भएको थियो। चालु आर्थिक वर्ष २ हजार ५ सय ८७ के.जी बीउ उत्पादन हुने अनुमान छ।

आलु बालीको स्रोत बीउ, टिपिएस तथा पिविएस उत्पादन

७.३६ आर्थिक वर्ष २०८२/८३ मा आलु उत्पादन हुने क्षेत्रफल २ लाख २३ हजार ८ सय ६९ हेक्टर पुग्ने अनुमान छ। यसबाट ३७ लाख ५६ हजार ९ सय ६६ मे.टन आलु उत्पादन हुने अनुमान छ। साथै आलुको उत्पादकत्व १६.८७ मे. टन. प्रति हेक्टर रहने अनुमान छ। हाल ४ लाख २३ हजार १० मेट्रिक टन आलुको बीउ आवश्यक रहेकोमा ५० प्रतिशत मात्र स्वदेशी आलु किसानबाट व्यवस्थापन हुँदै आएको छ।

७.३७ आलु बालीको उत्पादकत्व १७.८६ मेट्रिक टन प्रति हेक्टर पुऱ्याउन सकेमा वा १५ हजार ३ सय ७४ हेक्टर थप क्षेत्रफलमा आलु बालीको उत्पादन विस्तार भएमा मुलुक आलु बालीमा आत्मनिर्भर हुनसक्ने अध्ययनले देखाएको छ।

७.३८ देशभर हाल ९ लाख दाना आलुको पूर्व मूल बीउ (PBS) माग हुने गरेकोमा सरकारी क्षेत्रबाट २ लाख र निजी क्षेत्रबाट ६ लाख गरी जम्मा ८ लाख दाना आलुको पूर्व मूल बीउ उत्पादन हुने गरेको छ। आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म सरकारी फार्मबाट पूर्व मूल बीउ आलु उत्पादन १ लाख ११ हजार १ सय ३० दाना रहेको छ।

७.३९ आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म आलुबाली विकास केन्द्र, निगालेमा टी.पी.एस. (True potato seed- TPS) बियाँ उत्पादन १६ के.जी. रहेको छ। गत आर्थिक वर्ष १९.५ के.जी. बियाँ उत्पादन भएको थियो।

७.४० आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म यस आलुबाली विकास केन्द्र अन्तर्गतका फार्ममा स्रोत बीउ आलु उत्पादन ३०.०६ मे.टन. रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा यस्तो उत्पादन २०.१० मे.टन. रहेको थियो।

अलैंची बालीको स्रोत बीउ तथा विरुवा उत्पादन

७.४१ आर्थिक वर्ष २०८१/८२ मा २ लाख अलैंचीको विरुवा उत्पादन भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म सरकारी क्षेत्रबाट २ लाख ८९ हजार अलैंचीको विरुवा उत्पादन भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म तन्तु प्रजनन् विधिबाट २० हजार अलैंचीका बेर्ना उत्पादन भएको छ। गत आर्थिक वर्षमा यस्तो विधिबाट ५ हजार २ सय बेर्ना उत्पादन भएको थियो।

मौरी पालन तथा मह उत्पादन

७.४२ हाल करिब १२ हजार ६ सय २२ किसानले मेलिफेरा र सेरेना जातको मौरीपालन गरी व्यावसायिक रुपमा उत्पादन गरेका छन्। देशभर हाल करिब २ लाख ७६ हजार मौरी गोला रहेका छन्। एपिस मेलिफेरामा सरदर प्रति गोला २८.५ किलोग्राम, एपिस सेरेनामा मुढे घारमा ६ किलोग्राम र आधुनिक घारमा ९ किलोको दरले मह उत्पादन हुने गरेको छ। गत आर्थिक वर्षमा करिब ४ हजार २ सय ८७ मेट्रिक टन मह उत्पादन भएको थियो। चालु आर्थिक वर्ष ४ हजार ३ सय ८५ मेट्रिक टन मह उत्पादन हुने अनुमान छ।

च्याउ उत्पादन

७.४३ नेपालमा हाल करिब ३२ हजार किसान व्यावसायिक च्याउखेतीमा आबद्ध रहेका छन्। करिब ५० च्याउ बीउ उत्पादन प्रयोगशाला सञ्चालनमा रहेका छन्। व्यावसायिक च्याउ खेती हाल ५८ जिल्लामा विस्तार भएको छ। आर्थिक वर्ष २०८१/८२ मा विभिन्न प्रकारका गरी करिब २५ हजार मेट्रिक टन च्याउ र १ हजार ६ सय मेट्रिक टन बीउ उत्पादन भएको छ।

फलफूल बेर्ना तथा बिरुवा उत्पादन

७.४४ आर्थिक वर्ष २०८१/८२ मा फलफूल बालीको कुल १ लाख ४३ हजार ३ सय ८३ हेक्टर क्षेत्रफलमा १५ लाख १२ हजार ८ सय ५ मेट्रिक टन फलफूल उत्पादन भएको थियो। चालु आर्थिक वर्ष फलफूल लगाइएको क्षेत्रफलमा सामान्य वृद्धि भई १ लाख ४६ हजार ९ सय ३२ हेक्टर पुग्ने अनुमान छ। यसबाट करिब १५ लाख ५० हजार ६ सय २५ मेट्रिक टन फलफूल उत्पादन हुने अनुमान छ भने फलफूलको उत्पादकत्व १०.५५ मेट्रिक टन प्रति हेक्टर पुग्ने अनुमान छ।

७.४५ राष्ट्रिय फलफूल विकास केन्द्र तथा नेपाल कृषि अनुसन्धान परिषद्को सहकार्यमा स्याउका ७ वटा स्थानीय तथा नयाँ जातहरू (गोल्डेन डेलिसियस, रोयल डेलिसियस, रेड डेलिसियस, रिचा रेड डेलिसियस, स्टार्क स्पर गोल्ड, स्टार क्रिमसन डेलिसियस र ब्राइट यन अर्ली) दर्ता भएका छन्।

७.४६ आर्थिक वर्ष २०८१/८२ मा सरकारी फार्म केन्द्रबाट सुन्तला जातका फलफूल विरुवा १ लाख १२ हजार २ सय ३५ वटा, वर्षे फलफूल विरुवा २ लाख ४२ हजार ७ सय ८१ वटा र हिउँदे फलफूल विरुवा ३४ हजार २ सय १२ वटा गरी कुल ३ लाख ८९ हजार २ सय २८ वटा फलफूल विरुवा उत्पादन भएको छ। चालु आर्थिक वर्षमा करिब ४ लाख ५० हजार गुणस्तरीय विरुवा उत्पादन भई १५.६१ प्रतिशतले विरुवा उत्पादनमा वृद्धि हुने अनुमान छ।

प्रमुख कृषि बालीको स्रोत बीउ उत्पादन तथा व्यवस्थापन

७.४७ आर्थिक वर्ष २०८१/८२ मा खाद्यान्न बालीको बीउ प्रतिस्थापन दर २४.२ प्रतिशत, तेलहन बालीको १३.३ प्रतिशत र दलहन बालीको ८.५ प्रतिशत पुगेको छ। गत आर्थिक वर्ष यस्तो दर क्रमशः २३.६१ प्रतिशत, १३.९४ प्रतिशत र ५.३५ प्रतिशत रहेको थियो।

७.४८ आर्थिक वर्ष २०८१/८२ मा सरकारी फार्मबाट धान १ हजार १ सय ६५ मेट्रिक टन, मकै ६८ मेट्रिक टन, गहुँ १ हजार ९ सय ८३ मेट्रिक टन, मुसुरो ३.४ मेट्रिक टन र तोरी १४.३ मेट्रिक टन गरी जम्मा ३ हजार २ सय ३४ मेट्रिक टन स्रोत बीउ उत्पादन भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म धान १०० मेट्रिक टन, मकै ३८ मेट्रिक टन, गहुँ ७५३ मेट्रिक टन, मुसुरो ३ मेट्रिक टन, तोरी १५ मेट्रिक टन र अन्य १३४ मेट्रिक टन गरी जम्मा १ हजार ४३ मेट्रिक टन स्रोत बीउ उत्पादन भएको छ।

७.४९ आर्थिक वर्ष २०८१/८२ मा सरकारी फार्मबाट धान १७ हजार २ सय ७८ मेट्रिक टन, मकै ६५३ मेट्रिक टन, गहुँ १८ हजार ४ सय ३१ मेट्रिक टन, मुसुरो ४४५ मेट्रिक टन र तोरी २११ मेट्रिक टन गरी जम्मा ३७ हजार १८ मेट्रिक टन उन्नत बीउ उत्पादन भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म १७ हजार ३ सय ९० मेट्रिक टन उन्नत बीउ उत्पादन भएको छ।

७.५० आर्थिक वर्ष २०८१/८२ मा खाद्यान्न बालीका १८ जात, फलफूल बालीका ४० जात, तरकारी बालीका ३२ जात, पुष्प बालीका ३९९ जात तथा घाँसे बालीका ४३ जात गरी ५१६ जात तथा १८ इन्ब्रिड जातको उन्मोचन/पञ्जीकरण भएका छन्।

पशुपन्छी तथा मत्स्य क्षेत्रको उत्पादन स्थिति

पशुपन्छीजन्य खाद्य पदार्थको आवश्यकता र उपलब्धता

७.५१ विगत तीन वर्षयता माछामासु र अण्डाको उपलब्धता न्यूनतम आवश्यकता भन्दा बढी रहँदै आएकोमा चालु आर्थिक वर्षदेखि दूध समेतको उपलब्धता न्यूनतम आवश्यकता भन्दा बढी हुन थालेको छ।

तालिका ७(च): माछा र पशुपन्छीजन्य वस्तुको उत्पादन, उपलब्धता र न्यूनतम आवश्यकता

वस्तु	इकाई	आर्थिक वर्ष				प्रति व्यक्ति प्रति वर्ष (गोटा/के.जी./लिटर)	
		२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३•	न्यूनतम आवश्यकता	उपलब्धता@
अण्डा	करोड गोटा	१६०	१६५	१६३	११२	४८	५६
मासु	हजार मे.टन	४३०	४४८	४५६	३०९	१४	१५.७
माछा	हजार मे.टन	११३	१२३	१३१	८२		४.५
दुध	हजार मे.टन	२६१४	२६८४	२७१८	१८३४	९१	९३


स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८२ @आर्थिक वर्ष २०८२/८३ मा •प्रारम्भिक अनुमान

७.५२ विगत तीन दशकदेखि सञ्चालित पशु नश्ल सुधार, कृत्रिम गर्भाधान, पशु आहार विकास, पशुपन्छी रोग नियन्त्रण, पशुपालनमा असल अभ्यासको प्रवर्द्धन लगायतका कार्यक्रमको कार्यान्वयनबाट उन्नत नश्लका पशुको सङ्ख्या तथा उत्पादकत्वमा उल्लेख्य वृद्धि भएको छ। आर्थिक वर्ष २०८१/८२ मा दुध, मासु र माछा उत्पादन क्रमशः १.३ प्रतिशत, १.९ प्रतिशत र ६.३ प्रतिशतले वृद्धि भएको छ।

७.५३ आर्थिक वर्ष २०८१/८२ मा उत्पादित २७ लाख १८ हजार मेट्रिक टन दूधमध्ये ४७.९ प्रतिशत गाईको दूध र ५२.१० प्रतिशत भैंसीको दूध रहेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म १८ लाख ३४ हजार मेट्रिक टन दूध उत्पादन भएको अनुमान छ।

७.५४ आर्थिक वर्ष २०८१/८२ मा बङ्गुर र हाँसको मासु उत्पादनमा कमी आए तापनि राँगाभैंसी, खसीबोका, भेडा तथा कुखुराको मासु उत्पादनमा वृद्धि भएको कारण मासु उत्पादन १.९ प्रतिशतले बढेर ४ लाख ५६ हजार मेट्रिक टन पुगेको थियो। फलस्वरुप प्रति व्यक्ति प्रति वर्ष मासुको उपलब्धता १५.७ किलोग्राम पुगेको थियो। आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म ३ लाख ९ हजार मेट्रिक टन मासु उत्पादन भएको अनुमान छ।

चार्ट ७(क): प्रति व्यक्ति प्रति वर्ष दुधर अण्डाको उपलब्धता



स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८२

७.५५ आर्थिक वर्ष २०८१/८२ मा व्यावसायिक लेयर्स कुखुरा पालनमा आएको कमीको कारण अण्डा उत्पादन ०.९ प्रतिशतले घटेको छ। चालु आर्थिक वर्ष प्रति व्यक्ति प्रति वर्ष अण्डाको उपलब्धता ५६ गोटा पुगेको छ।

७.५६ आर्थिक वर्ष २०८१/८२ मा खाने माछाको उत्पादन ६.३ प्रतिशतले वृद्धि भई कुल १ लाख ३१ हजार मेट्रिक टन उत्पादन भएको थियो। यसबाट प्रति व्यक्ति प्रति वर्ष ४.५ किलोग्राम माछाको उपलब्धता रहेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म ८२ हजार मेट्रिक टन खाने माछाको उत्पादन भएको अनुमान छ।

पशुपन्छी तथा मत्स्यपालन क्षेत्रका स्थिति

पशुपन्छीको विवरण

७.५७ आर्थिक वर्ष २०८२/८३ मा दुधालु भैंसी, भेडा, बाख्रा, सुंगर/बंगुर, गाई/गोरु, राँगा/भैंसी, लेयर्स कुखुरा र हाँस लगायत पशुपन्छीको सङ्ख्या बढ्ने तथा याक/नाक/चौरीको सङ्ख्या घट्ने अनुमान छ। यद्यपि, पशु उत्पादकत्वमा भएको वृद्धिको कारण समग्रमा दुध, मासु र ऊन उत्पादनमा वृद्धि हुने अनुमान छ।

तालिका ७(छ): पशुपन्छीको विवरण (सङ्ख्या हजारमा)

विवरण	आर्थिक वर्ष				
	२०७७/७८	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३*
गाई/गोरु	७४३	४७५०	५१९८	५१४१	५२७०
भैंसी/राँगो	५१३३	३०८१	३३०७	३२९५	३३०३
भेडा/भेडी	७७१	५०२	६३३	६५३	६५४
बाख्रा/बोका/खसी	१३९९१	१४५४१	१५२९०	१५९५४	१६३४६
सुंगुर/बङ्गुर	१५०५	१३५८	१४९७	१४८१	१५०९
कुखुरा	६६८०३	६५२०५	५६९१७	५६३९२	५७८०१
हाँस	६०६	१३२६	७९७	८३२	८३४
दुधालु गाई	१२२३	९१७	१०६३	१०५६	१०६५
दुधालु भैंसी	१६६७	८५१	१२५१	९६६	९७३
फुल दिने कुखुरा	१०१३२	१२७२५	१३४८७	१२४०५	१२७१५
फुल दिने हाँस	३०२	६६२	४४४	३२२	३३०
याक/नाक/चौरी	६३	५३	७२	७१	७१
खरायो	४३	०	४०	४०	४०
घोडा/खच्चड/गधा	५४	१७	३४	३४	३४

स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८२ * प्रारम्भिक अनुमान

पशुपन्छी क्षेत्रमा प्राविधिक सेवा विस्तार

७.५८ चालु आर्थिक वर्षको फागुनसम्म मुलुकका ७१ जिल्लाका ४७४ स्थानीय तहहरूमा गाई, भैंसी, बाख्रा लगायतका पशुमा कृत्रिम गर्भाधानको सेवा विस्तार भएको छ।

७.५९ आर्थिक वर्ष २०८१/८२ मा पशु नश्ल सुधार कार्यक्रम अन्तर्गत १२ लाख ८७ हजार डोज साँढे, राँगो र बोकाको जमेको वीर्य तथा ४ लाख १६ हजार लिटर तरल नाइट्रोजन उत्पादन भई कृत्रिम गर्भाधानकर्तालाई सहुलियत दरमा वितरण भएको थियो। यसबाट ७ लाख ५३ हजार गाईभैंसी तथा बाख्रामा कृत्रिम गर्भाधान गरिएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म पशु नश्ल सुधारको लागि ८ लाख ८९ हजार डोज साँढे, राँगो र बोकाको वीर्य र २ लाख ७ हजार लिटर तरल नाइट्रोजन उत्पादन तथा वितरण भएको छ। यस अवधिमा जम्मा ५ लाख ५ हजार पशुमा कृत्रिम गर्भाधान भएको छ।

तालिका ७(ज): नश्ल सुधारको विवरण (डोज हजारमा)

विवरण	आर्थिक वर्ष				
	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२	२०८२।८३*
कृत्रिम गर्भाधान	७१८	७११	७४०	७५३	५०५
वीर्य उत्पादन	८०१	९८७	१२०७	१२८७	८८९

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८२ * फागुनसम्म

मत्स्य बीज उत्पादन

७.६० व्यावसायिक मत्स्यपालनका लागि विभिन्न जातका मत्स्य बीज (ह्याचलिङ्ग, फ्राई र फिंगरलिङ्ग) को उत्पादन तथा वितरण बढेको छ भने प्राविधिक सेवा प्रवाहमा सुधार भएको छ। आर्थिक वर्ष २०८१/८२ मा सरकारी क्षेत्रबाट १४ करोड १६ लाख ९ हजार (२३.९ प्रतिशत) तथा निजी क्षेत्रबाट ४७ करोड २६ लाख १५ हजार (७६.१ प्रतिशत) गरी ६२ करोड १२ लाख ९ हजार ह्याचलिङ्, फ्राई तथा फिङ्गरलिङ् उत्पादन तथा वितरण भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म यस्तो उत्पादन र वितरण ४६ करोड ६० लाख रहेको अनुमान छ।

तालिका ७(झ): मत्स्य बीज उत्पादन तथा वितरण (लाखमा)

विवरण	आर्थिक वर्ष				
	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३*
सरकारी क्षेत्र	१२८०	१३१२	१३८७	१४१६	-
निजी क्षेत्र	४१७६	४३७८	४५१०	४७२६	-
जम्मा	**५३८७**	**५६९०**	**५८९७**	**६२१२**	**४६६०**
वृद्धिदर (प्रतिशतमा)	४.३	५.६३	४.७६	४.१९	

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८२ * फागुनसम्म

खोप उत्पादन तथा राष्ट्रिय पशुपन्छी रोग नियन्त्रण

७.६१ नेपालमा सरकारीस्तरबाट पशुपन्छीका लागि आवश्यक ११ प्रकारका खोप उत्पादन भईरहेकोमा हाल पि.पि.आर, एच.एस.बि.क्यू., क्लासिकल स्वाइन फिभर लगायतका रोग विरुद्धको खोप उत्पादनमा मुलुक आत्मनिर्भर भएको छ।

७.६२ आर्थिक वर्ष २०८१/८२ मा पशुपन्छीमा लाग्ने सङ्क्रामक रोग विरुद्ध ४ करोड ३४ लाख ५७ हजार डोज खोप सरकारी खोप उत्पादन प्रयोगशालामा उत्पादन भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म यस्तो उत्पादन ७९ लाख डोज खोप रहेको छ।

तालिका ७(ञ): पशुपन्छी खोप उत्पादन तथा वितरण (लाखमा)

विवरण	आर्थिक वर्ष				
	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३*
उत्पादन तथा वितरण	५०२	५३९	४४९	४३५	७९

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८२ * फागुनसम्म

ऊन उत्पादन

७.६३ आर्थिक वर्ष २०८१/८२ मा ऊनको उत्पादन २.५ प्रतिशतले बढेर ३ लाख ९९ हजार के.जी. पुगेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो उत्पादन २.३ प्रतिशतले बढेको थियो।

कृषि अनुसन्धान तथा प्रविधि विकास

७.६४ आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय बीउ बीजन समिति मार्फत् धानको खुमल-१८, स्याउको स्टार क्रिमसन, ब्राइट एण्ड अर्ली र स्टार्क स्पर गोल्ड, एभोकाडोको ह्यास, रीड र इटिन्गर, मेकडेमिया नटको मालेपाटन मेकडेमिया नट, सुन्तलाको पारिपाल्ले अगौटे सुन्तला-२, जुनारको सिन्धुली स्थानीय जुनार र कागतीको पारिपाल्ले सुनौलो गरी जम्मा ११ वटा उन्नत जातहरू सिफारिस भएको थियो। त्यसैगरी मकैका ९ र धानको १ गरी जम्मा १० बहुराष्ट्रिय कम्पनीका वर्णशंकर जात समेत पञ्जीकृत गरेको थियो।

तालिका ७ (ट): स्रोत बीउ उत्पादन र पञ्जीकरण/उन्मोचनको विवरण

आर्थिक वर्ष	स्रोत बीउ उत्पादन (मे.ट.)	जात पञ्जीकरण/उन्मोचन (सङ्ख्या)	कैफियत
२०७०/७१	१००२.८३	१२	धान, गहुँ, मकै, कोदो, तरकारी, घाँसेबाली आदिको प्रजनन, मूल जस्ता स्रोत बीउ
२०७१/७२	९७५.४०	१५	
२०७२/७३	९७०.६७	१०	
२०७३/७४	१०११.८५	११	
२०७४/७५	९०७.२९	१३	
२०७५/७६	९५०.६०	११	
२०७६/७७	९७६.८९	०	
२०७७/७८	१००३.६२	२१	
२०७८/७९	९७५.५४	१२	
२०७९/८०	९९७.३२	१८	
२०८०/८१	७५०.०४	२५	
२०८१/८२	११०७.००	२१	
२०८२/८३*	२५९.००	१५	

स्रोतः नेपाल कृषि अनुसन्धान परिषद् २०८२ *फागुनसम्म

७.६५ चालु आर्थिक वर्षको फागुनसम्म विभिन्न बालीनालीको २५९ मेट्रिक टन स्रोत बीउ (प्रजनन् र मूल) उत्पादन भएको छ। यस आर्थिक वर्षको अन्त्यसम्म ९०० मेट्रिक टन स्रोत बीउ उत्पादन हुने अनुमान छ । गत आर्थिक वर्ष स्रोत बीउ १ हजार १ सय ७ मेट्रिक टन उत्पादन भएको थियो।

प्रयोगशाला सेवा

पशुपन्छी

७.६६ पशुपन्छी रोग अन्वेषण कार्यक्रममार्फत् आर्थिक वर्ष २०८१/८२ मा पशुमा देखापर्ने खोरेत, पि.पि.आर., अफ्रिकन स्वाईन फिवर, लम्पी स्किन, भ्यागुते, चरचरे लगायतका संक्रामक रोगहरूको अन्वेषण, पहिचान एवं नियन्त्रणका लागि देशका विभिन्न स्थानबाट ८१ हजार ९ सय ४५ नमूना सङ्कलन तथा प्रयोगशाला परीक्षण गरी रोग निदान गरिएको थियो।

७.६७ भेटेरिनरी गुणस्तर तथा औषधि नियमन प्रयोगशालाबाट आर्थिक वर्ष २०८१/८२ को अवधिमा देशभित्र उत्पादित तथा आयातित ३५२ पशुपन्छीको खोप तथा औषधिको गुण परीक्षण गरिएको थियो। सङ्कलित ८२ विभिन्न खोपको नमूना मध्ये ५० नमूनाको Antibody Titer परीक्षण गरी खोपको गुणस्तर मापन गरिएको र सङ्कलित ३०२ औषधिको विभिन्न परीक्षण विधिद्वारा गुणस्तर मापन भएको थियो।

बाली विकास

७.६८ केन्द्रीय कृषि प्रयोगशालाअन्तर्गत देशका १२ वटा सङ्घीय कृषि थोक बजारमा विषादी अवशेष द्रूत विश्लेषण प्रयोगशाला एकाइ सञ्चालन भई नियमित रुपमा विषादी अवशेष परीक्षण कार्य भईरहेको छ।

तालिका ७(ठ): विषादी अवशेष द्रूत विश्लेषण प्रयोगशालाबाट नमुना विश्लेषण (सङ्ख्यामा)

आर्थिक वर्ष	हरियो (ईनहिबिसन ३५ प्रतिशत भन्दा न्यून)	पहेलो (ईनहिबिसन ३५ देखि ४५ प्रतिशत)	रातो (ईनहिबिसन ४५ प्रतिशत भन्दा माथि)	जम्मा
२०७७/७८	७९४९१	५५	२७	७९५७३
२०७८/७९	२३९०८	४४	७०	२४०२२
२०७९/८०	१३५६६	३४	६९	१३६६९
२०८०/८१	८५०३	२६	४६	८५७५
२०८१/८२	२९३३६	८३	१७०	२९५८९

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८२

७.६९ चालु आर्थिक वर्ष २०८२/८३ को फागुनसम्ममा विषादी अवशेष द्रूत विश्लेषण प्रयोगशाला एकाइ (RBPR) हरूबाट २२ हजार ८ सय ६० ताजा तरकारी तथा फलफूलका नमूनामा कार्बामेट र अर्गानोफस्फेट समूहका कीटनाशक विषादीको अवशेष परीक्षण गरिएकोमा

११६ नमूना उपभोगको दृष्टिले अयोग्य देखिएकोले नष्ट गरिएको छ। ४६ नमूना ३-४ दिनसम्म क्वारेन्टाइनमा राखे पश्चात पुनः परीक्षण गरिएको छ। गत आर्थिक वर्षमा १४ हजार ३ सय ६५ नमूनामा विषादीको अवशेष परीक्षण गरिएकोमा ७२ नमूना उपभोगको दृष्टिले अयोग्य देखिएकोले नष्ट गरिएको थियो भने ४४ नमूना ३-४ दिनसम्म क्वारेन्टाइनमा राखे पश्चात पुनः परीक्षण गरिएको थियो।

७.७० आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म बीउको गुणस्तर परीक्षण विधिको एकरुपता तथा स्तरीयता (Standardization) का लागि केन्द्रीय कृषि प्रयोगशालाबाट कुल ४०७ वटा बीउ नमूना विश्लेषण भएकोमा उमारशक्तिमा ३५६ बीउको नमूना न्यूनतम मापदण्डभित्र पाईएको छ। ५० बीउको नमूना गुणस्तरीय बीउको लागि आवश्यक न्यूनतम मापदण्ड भन्दा तल रहेको पाईएको छ। गत आर्थिक वर्षमा कुल ७६७ बीउ नमूना विश्लेषण भएकोमा उमारशक्तिमा ६६२ बीउको नमूना न्यूनतम मापदण्डभित्र पाईएको थियो। १०५ बीउको नमूना गुणस्तरीय बीउको लागि आवश्यक न्यूनतम मापदण्ड भन्दा तल रहेको पाइएको थियो।

७.७१ चालु आर्थिक वर्षको फागुनसम्म १४८ माटोको नमूना परीक्षण गर्दा ५४.१ प्रतिशत माटो अम्लीय रहेको, २०.३ प्रतिशत नमूनामा प्राङ्गारिक पदार्थ कम रहेको, १२.८ प्रतिशत नमूनामा नाइट्रोजनको मात्रा कम रहेको, १०.१ प्रतिशत नमूनामा फस्फोरस कम रहेको र १०.१ प्रतिशत नमूनामा पोटासियम कम रहेको पाइएको छ। आर्थिक वर्ष २०८१/८२ मा २७९ माटोको नमूना परीक्षण गर्दा अधिकांश नमूनामा (८८.९ प्रतिशत) माटो अम्लीय रहेको, ४३ प्रतिशत नमूनामा प्राङ्गारिक पदार्थ कम रहेको, २९ प्रतिशत नमूनामा नाइट्रोजनको मात्रा कम रहेको, ७.५ प्रतिशत नमूनामा फस्फोरस कम रहेको र १८.६ प्रतिशत नमूनामा पोटासियम कम रहेको पाईएको थियो।

रोजगारी सिर्जना

७.७२ आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायबाट सञ्चालित कार्यक्रमबाट करिब १ लाख ८७ हजार ४ सय १६ जनाको लागि रोजगारी सिर्जना भएको अनुमान छ। चालु आर्थिक वर्षको फागुनसम्म राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना मार्फत् कुल ५४ हजार ३ सय ६२ रोजगारी सिर्जना भएको अनुमान छ।

चीन र दक्षिण एशियाली मुलुकको प्रमुख बालीको उत्पादकत्वको अवस्था

७.७३ चीन र दक्षिण एशियाली मुलुकमा प्रमुख बाली अन्तर्गत धान, गहुँ र मकै रहेका छन्। सन् २०२४ मा धान बालीको उत्पादकत्व चीनमा सबैभन्दा बढी ७.१५ मेट्रिक टन प्रति हेक्टर र पाकिस्तानमा सबैभन्दा कम ३.७४ मेट्रिक टन प्रति हेक्टर रहेको छ। त्यसैगरी

बङ्गलादेशमा ५.३० मेट्रिक टन प्रति हेक्टर, भुटानमा ४.५६ मेट्रिक टन प्रति हेक्टर, भारतमा ४.३१ मेट्रिक टन प्रति हेक्टर र नेपालमा ४.१९ मेट्रिक टन प्रति हेक्टर रहेको छ।

७.७४ मकैको उत्पादकत्व सबैभन्दा बढी बङ्गलादेशको ९.२५ मेट्रिक टन प्रति हेक्टर र नेपालमा सबैभन्दा कम ३.४९ मेट्रिक टन प्रति हेक्टर रहेको छ। त्यसैगरी, चीनको ६.५९ मेट्रिक टन प्रति हेक्टर, पाकिस्तानको ६.१३ मेट्रिक टन प्रति हेक्टर, भुटानको ३.६७ मेट्रिक टन प्रति हेक्टर र भारतको ३.५४ मेट्रिक टन प्रति हेक्टर रहेको छ।

७.७५ गहुँको उत्पादकत्व सबैभन्दा बढी चीनमा ५.९३ मेट्रिक टन प्रति हेक्टर र भुटानमा सबैभन्दा कम १.१२ मेट्रिक टन प्रति हेक्टर रहेको छ। त्यसैगरी, बङ्गलादेशको ३.७६ मेट्रिक टन प्रति हेक्टर, भारतको ३.५६ मेट्रिक टन प्रति हेक्टर, पाकिस्तानको ३.२७ मेट्रिक टन प्रति हेक्टर र नेपालको २.९८ मेट्रिक टन प्रति हेक्टर रहेको छ।

मन्जुषा बक्स ७(ख): अनुदान प्रणालीको अन्तर्राष्ट्रिय अभ्यास

भारतले सन् १९६५ देखि विभिन्न कृषि बालीको न्यूनतम समर्थन मूल्य तोक्दै आएको छ। हाल २५ वटा बालीको न्यूनतम समर्थन मूल्य तोकिएको छ, जसअन्तर्गत खाद्यान्न बाली, दलहन बाली, तेलहन बाली, तथा औद्योगिक बाली रहेका छन्। भारत सरकारले न्यूनतम समर्थन मूल्यबाट खरिद हुन नसकेका बालीहरू खरिद गरी अनुदानित मूल्यमा गरिब घरपरिवारलाई वितरण गर्दै आएको छ। पब्लिक डिस्टिव्यूसन सिस्टम (Public Distribution System - PDS) अन्तर्गत ७५ प्रतिशत दुर्गमबासीलाई तथा ५० प्रतिशत शहरी क्षेत्रका उपभोक्तालाई सस्तो खाद्यान्न उपलब्ध गराउँदै आएको छ। यद्यपि, करिब १३ प्रतिशत धान उत्पादक किसान र १६ प्रतिशत गहुँ उत्पादक किसानले मात्र न्यूनतम समर्थन मूल्यमा बिक्री गरेको देखिन्छ।

भारत सरकारले रासायनिक मल, सिँचाइ, बिजुली, ऋण सहुलियत तथा बीउ खरिदमा अनुदान दिने गरेको छ। कृषि क्षेत्रमा अनुदानका लागि राज्यले छुट्याएको बजेटमध्ये रासायनिक मलका लागि ४६ प्रतिशत, बिजुलीमा ३० प्रतिशत, सिँचाइमा १६ प्रतिशत, ऋण सहुलियतमा ५ प्रतिशत र बाली बीमामा ३ प्रतिशत रहेको छ।

भुटानले करिब ८.० प्रतिशत बजेट अनुदानका लागि विनियोजन गर्ने गरेको छ। यसअन्तर्गत औषधी तथा प्रयोगशाला सामग्री, रासायनिक मल, बीउ विजन, पशु खाद्य तथा कृषि औजारमा दिइने अनुदान रहेको छ।

चीनले कृषि क्षेत्रमा सहयोग तथा संरक्षण अनुदानको रुपमा बजेट विनियोजन गर्ने गरेको छ। उक्त अनुदानको ८० प्रतिशत रकम लिजमा जग्गा लिने अधिकार भएका कृषकका लागि राखिएको छ भने बाँकी रकम ठूला व्यावसायिक किसानको लागि विनियोजित हुने गरेको छ।

बङ्गलादेशले विशेषगरी रासायनिक मल, कृषि मेशिनरी, बीउ विजन, सिँचाइ तथा ऋण सहुलियतमा अनुदान दिने गरेको छ। मूख्यतः तीन सिजनमा धान खेती हुने भएकाले बोरो धानका लागि कृषि

मेशिनरीको खरिदमा ५० देखि ७० प्रतिशतसम्म अनुदान दिएको पाईन्छ। कृषि वस्तुको मूल्य अभिवृद्धि श्रृङ्खलामा समेत अनुदान दिने व्यवस्था शुरुवात भएको छ।

कृषि कर्जा तथा साना किसानका लागि लगानी

७.७६ साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडले ग्रामीण क्षेत्रका साना किसानहरूद्वारा स्थापित र सञ्चालित साना किसान कृषि सहकारी संस्था तथा समान प्रकृतिका अन्य सहकारी संस्थाका सदस्यहरूलाई कृषि तथा लघुउद्यम व्यवसाय सञ्चालन गर्न आवश्यक थोककर्जा उपलब्ध गराउँदै आएको छ। साथै यस संस्थामार्फत् खुद्रा कर्जा प्रवाह गर्ने लघुवित्त संस्थाहरूले थोककर्जा र किसान तथा उद्यमीहरूले विभिन्न प्राविधिक सहयोग समेत प्राप्त गर्दै आएका छन्।

७.७७ २०८२ फागुनसम्म साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड अन्तर्गत साना किसान कृषि सहकारी संस्था ८८६, अन्य सहकारी संस्था ३४३, ग्रामीण स्वावलम्बन कोष २०६ र लघुवित्त वित्तीय संस्था ४१ गरी कुल १ हजार ४ सय ७६ संस्था आबद्ध रहेका छन्। साना किसान कृषि सहकारी संस्थामार्फत् सेवा पाएका परिवार सङ्ख्या ९ लाख ८१ हजार पुगेको छ।

७.७८ आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म यस संस्थामार्फत् रु.९ अर्ब ७८ करोड ६६ लाख लगानी भएको छ। यस अवधिमा रु.१२ अर्ब ९२ करोड ५२ लाख साँवा असुली भई यस संस्थाको खुद कर्जा लगानी २०८२ फागुनसम्म रु. ३२ अर्ब ७६ करोड ८६ लाख रहेको छ।

७.७९ सरकारले यस वित्तीय संस्थालाई उपलब्ध गराएको कर्जा लगानीको आधारमा आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म कुल १० हजार ५ सय ४ रोजगारी सिर्जना भएको अनुमान छ। समष्टिगत कर्जा मागमा कमी आई लगानीमा सङ्कुचन आएका कारण रोजगारी सिर्जना कम भएको छ।

७.८० कार्यक्रमको शुरूदेखि २०८२ फागुनसम्म ५८४ साना किसान कृषि सहकारी संस्था लि. का २ लाख ९४ हजार ८ सय १४ साना किसानलाई मासु र दुग्धजन्य पशुपालनका लागि रु.४६ अर्ब ८६ करोड कर्जा प्रवाह भएको छ। यस्तो कर्जा प्रवाहबाट १८ लाख ३६ हजार ७ सय ७० मासु र दुधजन्य पशुवस्तु पालन भएका छन्। पशुपालनबाट १५ वर्षको अवधिमा वार्षिक रु.४ अर्ब ८२ करोडका दरले करिब रु.७२ अर्बको मासु तथा दुग्धजन्य पदार्थ उत्पादन भएको अनुमान छ।

७.८१ आर्थिक वर्ष २०७६/७७ देखि तरकारी खेतीका लागि समेत सहुलियत कर्जा उपलब्ध गराउने व्यवस्था भएकोमा २०८२ फागुनसम्म २० हजार १ सय ९३ साना किसानलाई

तरकारी खेती गर्न रु.३ अर्ब ६४ करोड कर्जा लगानी भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म यस्तो लगानी रु.५५ करोड रहेको छ।

७.८२ आर्थिक वर्ष २०७७/७८ देखि शुरु भएको "ग्रामीण उद्यम लगानी परियोजना" अन्तर्गत आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म १५१ परियोजनामा रु.३९ करोड ५५ लाख कर्जा लगानी भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा २९२ परियोजनामा रु.६३ करोड ४ लाख कर्जा प्रवाह भएको थियो। यस परियोजना अन्तर्गत शुरुदेखि २०८२ फागुनसम्म जम्मा २ हजार ६ सय ९७ परियोजना (सहकारी/सामूहिक ५१ र व्यक्तिगत २ हजार ६ सय ४६) मा रु.५ अर्ब ८९ करोड कर्जा लगानी भएको छ।

तालिका ७(ड): पशुपालन तथा तरकारी खेती कर्जाको अवस्था

विवरण	आर्थिक वर्ष					फागुनसम्म	
	२०७७ /७८	२०७८ /७९	२०७९ /८०	२०८० /८१	२०८१ /८२	२०८१ /८२	२०८२ /८३
पशुपालन कर्जा लिने किसान सङ्ख्या	२९३१३	२७४८४	२६७७५	२७४२२	२९३४२	१२९६५	९४४२
पशुपालन कर्जा लगानी रकम (रु. करोडमा)	५३१.००	५१८.००	४८२.००	५१६.००	६३३.००	२६४.००	३०४.३९
पशु सङ्ख्या	१९३४६१	२०१५८६	१९३६७८	१८०६४२	२०५२०४	९३५२७	५७७००
भेडा/बाख्रा	१२२४१२	१२५८४३	१२५९४७	११२७४५	१३६४१९	६२३५४	३६३१३
बंगुर	२१९८१	३०२६३	२३०३५	१९७६९	१८३३४	८२०३	५१७०
पाडापाडी	७०१०	५९७१	६६५१	७९८४	८८६३	५५५५	२९७१
भैंसी	२९३६७	२७५३०	२५८०३	२६९७५	२८७५९	११५६१	९७०८
गाई	१२६९१	११९७९	१२२४२	१३१६९	१२८२९	५८५४	३५३८
पन्छी सङ्ख्या							१७७४०६
कुखुरा सङ्ख्या (हजारमा)							१५२०३९
हाँस सङ्ख्या (हजारमा)							२५०००
मौरी (घार)							३६७
तरकारी खेती कर्जा लगानी (रु. करोडमा)	५९.००	५८.००	५२.००	५९.००	७०.००	२९.००	५५.००
तरकारी खेती क्षेत्रफल (हेक्टर)	११९०	१३५६	१११६	१५१६	४६२५६	६१६	७२९
ग्रामीण उद्यम कर्जा लगानी (रु.करोडमा)	३७.००	१२६.००	१२७.००	१३०.००	१३०.००	६३.००	३९.५५
उद्यमी सङ्ख्या	८४	५०७	६६७	७०१	५८४	२९२	१५१

स्रोतः साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, २०८२

नोटः आर्थिक वर्ष २०७६/७७ मा तरकारी खेती कर्जा रु.१२ करोड २६ लाख रहेको थियो भने ग्रामिण उद्यमतर्फ कर्जा लगानी भएको थिएन। आर्थिक वर्ष २०७६/७७ सम्म पशुपालन कर्जा लगानी रु.१७ अर्ब २ करोड रहेको थियो।

सिँचाइ

७.८३ चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय सरकारका सिँचाइ आयोजनाअन्तर्गत सतह सिँचाइ १ हजार ४ सय ५० हेक्टर र जलाशय तथा लिफ्ट सिँचाइ १२० हेक्टर गरी थप १ हजार ५ सय ७० हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार भएसँगै २०८२ फागुनसम्म १५ लाख ८७ हजार ९ सय १० हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ। २०८२ असारसम्म १५ लाख ८६ हजार ३ सय ४० हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार भएको थियो।


तालिका ७(ढ): सिँचाइ सुविधा विस्तार

आयोजनाको प्रकार	सिँचित क्षेत्रफल (हेक्टरमा)			
	२०८१ असार	२०८२ असार	चालु आर्थिक वर्षको फागुनसम्म थप	२०८२ फागुन
सतह सिँचाइ	१०२८१००	१०३४३६५	१४५०	१०३५८१५
भूमिगत सिँचाइ	५३७३४४	५४६४२४	०	५४६४२४
जलासय तथा लिफ्ट सिँचाइ	३५८८	५५५१	१२०	५६७१
कुल जम्मा	**१५६९०३२**	**१५८६३४०**	**१५७०**	**१५८७९१०**

स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, २०८२

७.८४ सिँचाइ सुविधामा विस्तार हुँदै गएको छ। मुलुकमा कुल कृषियोग्य जमिन ३५ लाख ५७ हजार ७ सय ६४ हेक्टरमध्ये २०८२ फागुनसम्म ४४.६३ प्रतिशत जमिनमा सिँचाइ सुविधा विस्तार भएको छ। त्यसैगरी सिँचाइयोग्य जमिन २५ लाख ३६ हजार ३ सय १९ हेक्टरमध्ये २०८२ फागुनसम्म ६२.६१ प्रतिशत जमिनमा सिँचाइ सुविधा विस्तार भएको छ। २०८२ असारसम्म कृषियोग्य जमिनको ४४.५९ प्रतिशत र सिँचाइयोग्य जमिनको ६२.५४ प्रतिशत जमिनमा सिँचाइ सुविधा विस्तार भएको थियो। पाँच दशक अघि यस्तो विस्तार क्रमशः १०.१ प्रतिशत र १४.१ प्रतिशत रहेको थियो।

चार्ट ७(ख): सिँचाइ सुविधाको पहुँच विस्तार (प्रतिशतमा)



स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, २०८२

७.८५ जलउत्पन्न प्रकोप नियन्त्रण तर्फ चालु आर्थिक वर्षको फागुनसम्म ६५ किलोमिटर तटबन्ध निर्माण तथा १२० हेक्टर जग्गा उकास भएको छ। २०८२ फागुनसम्म १ हजार ५ सय ४३ किलोमिटर तटबन्ध निर्माण भएको छ भने १३ हजार ७ सय ९२ हेक्टर जग्गा उकास भएको छ। २०८२ असारसम्म १ हजार ४ सय ७८ किलोमिटर तटबन्ध निर्माण र १३ हजार ६ सय ७२ हेक्टर जग्गा उकास भएको थियो। जलउत्पन्न प्रकोप नियन्त्रणको लागि आर्थिक वर्ष २०८१/८२ मा ५०.१ कि.मि. तटबन्ध निर्माण भई ४७० हेक्टर जग्गा उकास भएको थियो।

तालिका ७(ट): तटबन्ध निर्माण र जग्गा उकास

आयोजनाको प्रकार	२०८१ असारसम्म	२०८२ असारसम्म	चालु आर्थिक वर्षको फागुनसम्म थप	२०८२ फागुनसम्म
तटबन्ध (कि.मी.)	१४२७.५	१४७७.६	६५.०	१५४२.६
जग्गा उकास (हे.)	१३२०१.९	१३६७१.९	१२०.०	१३७९१.९

स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, २०८२

मन्जुषा बक्स ७(ग): राष्ट्रिय गौरवका सिँचाइ आयोजनाको उपलब्धी

सिक्टा सिँचाइ आयोजना

आर्थिक वर्ष २०८९/९० मा सम्पन्न हुने यस आयोजनाले ४२ हजार ७ सय ६६ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य लिएको छ। यस आयोजनाको २०८२ असारसम्म भौतिक प्रगति ४४.२ प्रतिशत रहेकोमा २०८२ फागुनसम्म ४७.५ प्रतिशत पुगेको छ। आयोजनाबाट हालसम्म पुल सहितको ३१७ मिटर लामो ब्यारेज, ४५.२५ कि.मी. लामो Desettling Basin सहितको पश्चिम मूल नहर र पूर्वी मूल नहरको ५३.५ कि.मी. मध्ये चैनेज ३७+६७५ सम्म मूल नहर निर्माण कार्य सम्पन्न भएको छ। त्यसैगरी पश्चिमतर्फका शाखा, उपशाखा र प्रशाखाको करिब ६५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ। हाल पश्चिम मूल नहर र पुरानो डुन्डुवा सिँचाइ प्रणाली समेतबाट गरी करिब १८ हजार हेक्टर र पूर्वीतर्फ करिब ४ हजार ५ सय हेक्टर गरी जम्मा २२ हजार ५ सय हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ।

रानी जमरा कुलरिया सिँचाइ आयोजना

आर्थिक वर्ष २०८७/८८ मा सम्पन्न हुने यस आयोजनाले ३८ हजार ३ सय हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य लिएको छ। यस आयोजनाको २०८२ फागुनसम्मको भौतिक प्रगति ७४.८ प्रतिशत पुगेको छ। हालसम्म मूल इन्टेकको निर्माण कार्य, Desettling Basin निर्माण कार्य, Feeder Canal निर्माण कार्य, मूल नहरमा गेट जडानको कार्य र १४ कि.मि. लामो लम्की शाखा नहर परीक्षण कार्य सम्पन्न भएको छ। विद्युत गृह निर्माण कार्यको साथै ६.५ कि.मि प्रशारण लाइन सम्पन्न भई ४.७१ मेगावाट जलविद्युत उत्पादन भएको छ। यसअन्तर्गत १२० कि.मी. कृषि ग्रामीण सडकको स्तरोन्नती र पथरैया नदीमा तीन पुलको निर्माण कार्य सम्पन्न भएको छ।

भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

आर्थिक वर्ष २०८७/८८ मा सम्पन्न हुने नेपालको पहिलो जल स्थानान्तरणमा आधारित भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाले ४६.८ मेगावाट क्षमताको विद्युत उत्पादनको साथै बर्दिया र बाँके जिल्लाका करिब ५१ हजार हेक्टर भूमिमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गर्ने लक्ष्य लिएको छ। यस आयोजनाको २०८२ फागुनसम्म भौतिक प्रगति ७० प्रतिशत पुगेको छ। यस आयोजनाको हालसम्म Left Guide Wall , Chiple Kholsi Drain,Scour Protection Wall को Concreting कार्यको साथै Spillway Ogee Bay 1 and 2 को कार्य सम्पन्न भएको छ। खोलाको अर्को bank मा काम गर्न Coffer dam को करिब ८० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ। Draft Tube Fabrication को कार्य सम्पन्न भइ साइटमा ल्याउने तयारीमा रहेको छ। विद्युत प्रसारण लाईनसम्बन्धी विस्तृत सर्वेक्षण प्रतिवेदन तयार भएको छ। आवश्यक ३३ हेक्टर जग्गामध्ये १५.८ हेक्टर जग्गा आयोजनाले प्राप्त गरिसकेको छ।

महाकाली सिँचाइ आयोजना

आर्थिक वर्ष २०७७/७८ देखि आर्थिक वर्ष २०८२/८३ सम्म पहिलो चरण र आर्थिक वर्ष २०८२/८३ देखि आर्थिक वर्ष २०८७/८८ सम्म दोस्रो चरण सम्पन्न हुने यस आयोजनाको २०८२ फागुनसम्म भौतिक प्रगति २७.९८ प्रतिशत रहेको छ। आयोजना शुरु भए पश्चात २०८२ फागुनसम्म मूल तथा शाखा नहर निर्माण कार्यको लागि २८५.९१ हेक्टर जग्गा अधिग्रहण गर्ने कार्य सम्पन्न भएको छ। हालसम्म Desettling and Basin कार्यको साथै ३५१.९० मी. स्केप क्यानल निर्माण कार्य सम्पन्न भएको छ। त्यसैगरी ३२.८ कि.मि मूल नहर र ९ कि.मि शाखा नहरको निर्माण कार्य सम्पन्न भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म १ किलोमिटर मूल नहर र २ किलोमिटर शाखा नहरको साथै ४ नहर साइफनको निर्माण सम्पन्न भएको छ। यस अवधिमा ४ कि.मि. तटबन्ध निर्माण कार्य सम्पन्न भएको छ भने २ हेक्टर जमिन उकास भएको छ।

सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना

आर्थिक वर्ष २०७६/७७ मा शुरु भई आर्थिक वर्ष २०८९/९० मा निर्माण कार्य सम्पन्न हुने यस आयोजनाको २०८२ फागुनसम्म भौतिक प्रगति ३७.२ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म रामेछाप जिल्ला र सिन्धुली जिल्लाको डुवानमा पर्ने जग्गामध्ये ४७.४ हेक्टर जमिनको मुआब्जा वितरण कार्य सम्पन्न भएको छ। यस आयोजना अन्तर्गत Tunnel Boring Machine (TBM) मेसिनबाट १३.३.कि.मि. सुरुङको निर्माण कार्य सम्पन्न भएको छ। हेडवर्क्स र विद्युतगृहको १०.३५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ। मरिन नदी नियन्त्रण अन्तर्गत २ कि.मि. निर्माण कार्य सम्पन्न भएको छ।

बबई सिँचाइ आयोजना

आर्थिक वर्ष २०८५/८६ सम्ममा सम्पन्न हुने यस आयोजनाबाट ३६ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेकोमा २०८२ फागुनसम्म २८ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ। २०८२ फागुनसम्म यस आयोजनाको भौतिक प्रगति ७८.७४ प्रतिशत पुगेको छ।

भूमि व्यवस्था

७.८६ भूमि प्रशासनको सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन १३५ भूमिसुधार तथा मालपोत कार्यालयमा भू-सूचना अभिलेख व्यवस्थापन प्रणाली (LRIMS) र ११४ भूमिसुधार तथा मालपोत कार्यालयमा सेवाग्राहीले जुनसुकै स्थानबाट अनलाईन प्रविधिमार्फत् जग्गा कारोबारको लिखतसम्बन्धी कार्य गर्न सक्ने प्रणाली Public Access Model (PAM) लागू भएको छ।

७.८७ २०८२ फागुनसम्म ३ हजार ३ सय ६ भू-सेवा केन्द्र सञ्चालनमा आएका छन्। यसबाट करिब ७ हजार ५ सय व्यक्तिले रोजगारी प्राप्त गरेका छन्।

७.८८ कार्यालयको भौतिक अवस्थामा समेत सुधार गर्दै नापी कार्यालयबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाउने उद्देश्यले Nepal Land Information System (NELIS) लागू भएको छ। साथै नक्सा प्रिन्ट लगायतका सेवा अनलाइन प्रणाली "मेरो कित्ता" मार्फत् जुनसुकै स्थानबाट प्राप्त गर्न सकिने व्यवस्था भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म यस प्रणाली थप ४३ नापी कार्यालयमा विस्तार भई हालसम्म कुल १३५ नापी कार्यालयमा लागू भएको छ।

७.८९ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने सन्दर्भमा भूमि समस्या समाधान आयोगबाट आर्थिक वर्ष २०८२/८३ फागुनसम्म थप ७७ स्थानीय तह समेत गरी ६०६ स्थानीय तह भित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत भू-सूचना प्रणाली (NALCIS) मा प्रविष्ट भएको छ। यस आयोगबाट विगतको जग्गाधनी प्रमाणपूर्जा सहित ९ हजार ९० प्रमाणपूर्जा वितरण भएको छ।

७.९० नापी विभाग अन्तर्गत कित्तानापी नक्साङ्कन तथा प्रमाणपूर्जा वितरण गर्ने सम्बन्धमा चालु आर्थिक वर्ष फागुनसम्म १ हजार १२ हेक्टर पुनःनापी र ५ हजार ७ सय ४५ हेक्टर विशेष नापी सम्पन्न भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म ४ हजार ९ जग्गाधनीले जग्गाधनी दर्ता प्रमाणपूर्जा प्राप्त गरेका छन्।

७.९१ आर्थिक वर्ष २०८१/८२ मा देशभरका मालपोत कार्यालयबाट जम्मा पारित लिखत सङ्ख्या ५ लाख ३८ हजार ३ सय ७५ रहेकोमा चालु आर्थिक वर्षको फागुनसम्म यस्तो सङ्ख्या ३ लाख ४१ हजार ४ सय २७ रहेको छ।

७.९२ चालु आर्थिक वर्षको फागुनसम्म रजिष्ट्रेशन शुल्क रु.१९ अर्ब २१ करोड ४३ लाख र पुँजीगत लाभकर रु.११ अर्ब ९० करोड गरी जम्मा रु.३१ अर्ब ११ करोड ४३ लाख सङ्कलन भएको छ। आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म यस्तो सङ्कलन क्रमश

रु.१५ अर्ब ३ करोड ४८ लाख र रु.१२ अर्ब ७४ करोड १९ लाख गरी रु.२७ अर्ब ७७ करोड ६७ लाख रहेको थियो।

७.९३ नापी विभाग अन्तर्गत गत आर्थिक वर्षको फागुनसम्म रु.२४ करोड १ लाख ९२ हजार राजस्व सङ्कलन भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म यस्तो सङ्कलन रु.२४ करोड ३ लाख ६१ हजार रहेको छ।

तालिका ७(ण): रजिष्ट्रेशन शुल्क तथा पुँजीगत लाभकर सम्बन्धी विवरण (रु.करोडमा)

शिर्षक	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	फागुनसम्म	
					२०८१/८२	२०८२/८३
रजिष्ट्रेशन शुल्क	३५२२.२	१९३५.५	२७४२.०	३१३०.३	१५०३.५	१९२१.४
पूँजीगत लाभकर	१५५२.९	१२२१.३	१५०५.७	२१०१.७	१२७४.२	११९०.०

स्रोतः भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, २०८२

वन तथा भू-संरक्षण

७.९४ विश्वको कुल भूभागको ३२.० प्रतिशत (४.१४ अर्ब हेक्टर) भूभाग वनले ढाकेको छ। औसत प्रति व्यक्ति ०.५ हेक्टरका दरले यस पृथ्वीमा वन क्षेत्र रहेकोमा नेपालमा प्रति व्यक्ति औसत ०.५ हेक्टर वन क्षेत्र रहेको छ।

तालिका ७(त): छिमेकी मुलुकको वन क्षेत्रको स्थिति

राष्ट्र	वन क्षेत्र (प्रतिशत)
भुटान	६९.७१
नेपाल	४६.०८
श्रीलङ्का	३४.१
चीन	२२.९६
भारत	२१.७१
बङ्गलादेश	१२.८
पाकिस्तान	४.८
माल्दिभ्स	२.७
अफगानिस्तान	१.९

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८२

७.९५ सन् २०२४ मा नेपालको वन क्षेत्र कुल भू-भागको ४६.०८ प्रतिशत पुगेको छ। यसमध्ये कुल भू-भागको ४३.३८ प्रतिशत वन र २.७० प्रतिशत झाडी तथा बुट्यान क्षेत्र रहेको छ। सन् १९९० को दशकमा नेपालमा ३९.६ प्रतिशत वन क्षेत्र रहेकोमा सन् २०१५ मा ४४.७४ प्रतिशत र सन् २०१९ मा ४५.३१ प्रतिशत पुगेको थियो।

७.९६ नेपालको कुल भू-भागमध्ये ३४ हजार ४ सय २० वर्ग कि.मि. संरक्षित क्षेत्रको रूपमा रहेको छ। यो कुल भू-भागको २३.४ प्रतिशत हो। साथै ११ वन संरक्षण क्षेत्र अन्तर्गत हालसम्म १ लाख ९४ हजार १ सय ५६ हेक्टर वन क्षेत्र व्यवस्थापन भएको छ।

७.९७ २०८२ फागुनसम्म मध्यवर्ती तथा संरक्षित क्षेत्रमा ८९९ सामुदायिक वन समूह गठन भएका छन्। यस्तो क्षेत्रले करिब २ लाख २५ हजार ८ हेक्टर क्षेत्रफल ओगटेको छ। त्यसैगरी ४८ मध्यवर्ती कबुलियति वनमार्फत् ५४८ हेक्टर वन क्षेत्र व्यवस्थापन भएको छ।

७.९८ २०८२ फागुनसम्म २३ हजार १ सय ६२ सामुदायिक वन उपभोक्ता समूहमार्फत् २५ लाख ९ हजार ८ सय २५ हेक्टर वन क्षेत्रको व्यवस्थापन भएको छ। साथै ३३ साझेदारी वन उपभोक्ता समूहमार्फत् ४४ हजार ३ सय ८४ हेक्टर वन क्षेत्रमा सघन व्यवस्थापन भएको छ।

७.९९ गरिबीको रेखामुनि रहेका समुदायको जीविकोपार्जनमा सुधार र वन संरक्षणमा समेत टेवा पुऱ्याउन ७ हजार ८ सय ७ कबुलियती वन समूहलाई ४४ हजार ३ सय ८४ हेक्टर वन कबुलियती वनको रूपमा हस्तान्तरण भएको छ। साथै धार्मिक प्रयोजनको लागि २४३ धार्मिक संस्थालाई ५ हजार ४ सय ६१ हेक्टर वन क्षेत्र उपलब्ध गराइएको छ।

७.१०० हाल ५ हजार ५ सय ५२ निजी वन रहेको र यसले ढाकेको क्षेत्रफल करिब ४ हजार ३ सय ३ हेक्टर रहेको छ। वैज्ञानिक विधि प्रयोग गरी सात प्रमुख रूख प्रजातिको Allometric Equation तयार भएको छ।

७.१०१ वनस्पतिको स्व-स्थानीय र पर-स्थानीय संरक्षण गर्न मुलुकभर ११ वनस्पति उद्यान स्थापना भई ६८३ हेक्टरमा १ हजार ३ सय २३ वनस्पति प्रजातिको परस्थानीय संरक्षणको कार्य भएको छ। जसमध्ये १० वनस्पति प्रजाति संकटापन्न एवम् लोपोन्मुख प्रजाति रहेका छन्।

७.१०२ नेपालमा हालसम्म करिब ३० हजार वनस्पति तथा जीवजन्तुका प्रजातिको अभिलेख भएको छ। हालसम्म अभिलेख भएका जीवजन्तुका प्रजातिमध्ये २१२ स्तनधारी, ८९२ पन्छी, ११७ उभयचर, १२३ सरिसृप र २३२ माछा रहेका छन्।

तालिका ७(थ): वन्यजन्तुको सङ्ख्याको स्थिति

वन्यजन्तु विवरण	वर्ष (सन्मा)					
	२०१८	२०२०	२०२१	२०२२	२०२३	२०२४
बाघ	२३५	-	-	३५५	-	-
अर्ना	४४१	७५२	४९८	-	-	-
गैंडा	-	-	७५२	-	-	-
कृष्णासार	३२६	३४६	३३६	३७५	-	५०७

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८२

पुनश्चः तालिकाको कोष्ठकमा रिक्त रहेको वर्षमा वन्यजन्तुको गणना नभएको।

७.१०३ नेपालमा अतिसंकटापन्न अवस्थामा रहेको कृष्णसारको सङ्ख्या सन् २०२२ मा ३७५ रहेकोमा १३२ थप भई सन् २०२४ मा ५०७ पुगेको छ।

७.१०४ २०८२ असारसम्म विभिन्न विकास आयोजनाले भोगाधिकार बापत प्राप्त गरेको २१ हजार ७ सय ७१ हेक्टर वन क्षेत्र भित्रका ३ लाख ८३ हजार ८ सय ७० गोटा रुख कटानीको लागि स्वीकृति प्राप्त गरेका छन्।

७.१०५ आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म २० विकास आयोजनाले वन क्षेत्रको कुल १७२.२६ हेक्टर जग्गाको भोगाधिकार प्राप्त गरी ३० हजार ७ सय ७१ रूख कटानको लागि स्वीकृति प्राप्त गरेका छन्। आर्थिक वर्ष २०८१/८२ मा ४० विकास आयोजनाले ५५८.३३ हेक्टर वन क्षेत्र भोगाधिकारको लागि प्राप्त गरेका थिए।

७.१०६ जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडद्वारा चालु आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म ६.५ टन सुगन्धित तेल र २५ लाख २७ हजार २०० थान हर्वल केयर उत्पादन भएको छ। आर्थिक वर्ष २०८१/८२ मा १६.९ टन सुगन्धित तेल र २४ लाख ५० हजार थान हर्वल केयर उत्पादन भएको थियो।

७.१०७ चालु आर्थिक वर्षको फागुनसम्म राष्ट्रिय हर्बेरियम तथा वनस्पति प्रयोगशालामा ३ हजार ६ हर्बेरियम नमूना डिजिटाइजेसन गरी २०८२ फागुनसम्म १ लाख ७६ हजार ८ सय ८१ नमूना अनलाइन डाटावेशमा उपलब्ध गराइएको छ।

तालिका ७(द): नमूना परीक्षणको सङ्ख्या

विवरण	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३*
हर्बेरियम नमूनाको डिजीटाइजेसन सङ्ख्या	३२००९	२६१७८	१२३३०	१०८२५	३००६
विश्लेषण, प्रमाणीकरण तथा सिफारिस गरिएका जडिबुटी नमूनाको सङ्ख्या	१५२९	१०४७	८९७	५४६	२८५

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८२ *फागुनसम्म

राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम

७.१०८ चालु आर्थिक वर्षको फागुनसम्म राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रमअन्तर्गत ४० हजार विरुवा उत्पादन र २.१ किलोमिटर नदी तथा खोला किनारा स्थिरीकरण/व्यवस्थापन भएको छ। त्यसैगरी ४ स्थानमा भूमिगत जल पुनर्भरण/संरक्षण पोखरी निर्माण र १५ स्थानमा गल्छी/पहिरो/खहरे रोकथाम गरिएको छ।

७.१०९ आर्थिक वर्ष २०८१/८२ मा ३७ जिल्लाका ६७ मुख्य नदी प्रणालीमा १६.१ किलोमिटर नदी तथा खोला किनारा स्थिरीकरण/व्यवस्थापन कार्य सम्पन्न भएको थियो। त्यसैगरी ११० स्थानमा गल्छी/पहिरो/खहरे रोकथाम नियन्त्रण र ४७ स्थानमा

तालतलैया/सीमसार संरक्षण भएको थियो। साथै ५२ स्थानमा भूमिगत जल पुनर्भरण र सतहमुनिको पानी उपयोग र ६९ स्थानमा जल पुनर्भरण/संरक्षण पोखरी निर्माण भएको थियो।

काठ उत्पादन

७.११० चालु आर्थिक वर्षको फागुनसम्म २ करोड १६ लाख क्यूबिक फिट काठ उत्पादन भएको छ। गत आर्थिक वर्षको फागुनसम्म २ करोड २० लाख क्यूबिक फिट काठ उत्पादन भएको थियो।

७.१११ आर्थिक वर्ष २०८१/८२ मा निजी र राष्ट्रिय वन गरी कुल ३ करोड ९९ लाख ८५ हजार क्यूबिक फिट गोलिया काठ उत्पादन भएको थियो। यस अवधिमा राष्ट्रिय वनबाट ५८ हजार ६ सय ११ चट्टा दाउरा उत्पादन भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म २३ हजार २ सय ७९ चट्टा दाउरा उत्पादन भएको छ।

वन क्षेत्रबाट प्राप्त आम्दानी तथा रोजगारी सिर्जना

७.११२ चालु आर्थिक वर्षको फागुनसम्म वन क्षेत्रबाट रु.१ अर्ब ८९ करोड राजस्व सङ्कलन भएको छ। गत आर्थिक वर्षमा रु.३ अर्ब ४४ करोड राजस्व सङ्कलन भएको थियो। उक्त राजस्व संरक्षित क्षेत्रको प्रवेश शुल्क, सरकारद्वारा व्यवस्थित वनको काठ दाउरा तथा जडीबुटी एवं अन्य गैरकाष्ठ वन पैदावार बिक्रीवाट प्राप्त राजस्व, जरिवानावाट प्राप्त राजस्व लगायतबाट सङ्कलन भएको हो।

७.११३ चालु आर्थिक वर्षको फागुनसम्म १९ लाख १५ हजार ३ सय १८ कार्यदिन रोजगारी सिर्जना भएको छ। आर्थिक वर्ष २०८१/८२ मा वन क्षेत्रका विभिन्न क्रियाकलापबाट ४१ लाख श्रमदिन रोजगारी सिर्जना भएको थियो।

७.११४ आर्थिक वर्ष २०७८/७९ मा आयातको तुलनामा काष्ठ र काष्ठजन्य सामाग्रीको निर्यात न्यून रहेकोमा आर्थिक वर्ष २०७९/८० मा आयात र निर्यात करिब समान रहेको छ। आर्थिक वर्ष २०८०/८१ र आर्थिक वर्ष २०८१/८२ मा आयातको तुलनामा काष्ठ र काष्ठजन्य सामाग्रीको निर्यात बढ्दै गएको छ। गत आर्थिक वर्ष आयातको तुलनामा काष्ठ र काष्टजन्य सामाग्रीको निर्यात दोब्बर रही काठजन्य वस्तुको व्यापार बचतमा छ।

८. उद्योग, वाणिज्य, आपूर्ति, पर्यटन र संस्कृति

८.१ उद्योग, वाणिज्य र पर्यटन क्षेत्र नेपालको आर्थिक सामाजिक विकासका मेरुदण्डका रूपमा रहेका छन्। औद्योगिक क्षेत्रले उत्पादन वृद्धि, रोजगारी सिर्जना, आयआर्जन तथा आयात प्रतिस्थापन मार्फत् राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाउन योगदान पुऱ्याउँदै आएको छ। मुलुकमा लगानीको वातावरण सुधार गर्दै स्वदेशी तथा विदेशी लगानी अभिवृद्धि गर्नुपर्ने आवश्यकता छ। आन्तरिक तथा बाह्य व्यापार विस्तार, बजार व्यवस्थापन र उपभोग्य वस्तुको सहज उपलब्धता सुनिश्चित गर्नेर्फ सरकारी नीति केन्द्रित रहेका छन्।

८.२ अद्वितीय प्राकृतिक सौन्दर्य, बहुआयामिक सांस्कृतिक धरोहर र विविध पर्यटकीय उपजका कारण नेपाल विश्व पर्यटन बजारमा विशिष्ट पहिचान बनाएको गन्तव्य मुलुकका रूपमा स्थापित भएको छ। सन् २०१५ को विनाशकारी भूकम्पपछि क्षतिग्रस्त अधिकांश सांस्कृतिक तथा पर्यटकीय सम्पदाको पुनर्निर्माण सम्पन्न भइसकेको छ र नयाँ गन्तव्यहरूको विकास पनि तीव्र रूपमा अघि बढिरहेको छ। सन् २०२३-२०३२ लाई पर्यटन दशकका रूपमा प्रभावकारी कार्यान्वयन गर्दै पर्यटन क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण स्तम्भ बनाउने र प्रति पर्यटक प्रतिदिन औसत खर्च १२५ अमेरिकी डलर पुऱ्याउने लक्ष्य लिइएको छ।

औद्योगिक स्थिति

८.३ स्वेदशी तथा विदेशी लगानी रहेका उद्योगका लागि २०८२ असारसम्म रु.४९ खर्ब ५२ अर्ब ६ करोड बराबरको कुल लगानी स्वीकृत भएको छ। कुल स्वीकृत लगानीमध्ये उद्योग विभागबाट रु.३३ खर्ब ३७ अर्ब ८० करोड (६७.४ प्रतिशत) र लगानी बोर्ड नेपालबाट रु.१६ खर्ब १४ अर्ब २६ करोड (३२.६ प्रतिशत) लगानी स्वीकृत भएको छ।

८.४ चालु आर्थिक वर्षको फागुनसम्म उद्योग विभागबाट रु.३ खर्ब ८९ अर्ब ७४ करोड र लगानी बोर्ड नेपालबाट रु.१ खर्ब २ अर्ब २६ करोड गरी जम्मा रु.४ खर्ब ९२ अर्ब बराबरको लगानी स्वीकृत भएको छ। यसर्सँगै २०८२ फागुनसम्म कुल स्वीकृत लगानी रु.५४ खर्ब ४४ अर्ब ६ करोड पुगेको छ।

तालिका ८(क): उद्योगमा कुल स्वीकृत लगानी (रु. अर्बमा)

आर्थिक वर्ष	लगानी बोर्ड नेपाल	उद्योग विभाग	जम्मा
२०७३ असारसम्म	१९७.६५	११८१.२५	१३७८.९०
२०७३/७४	०.००	१६२.९५	१६२.९५
२०७४/७५	०.२४	३४९.८५	३५०.०९
२०७५/७६	४६.१३	२८३.३५	३२९.४८

आर्थिक वर्ष	लगानी बोर्ड नेपाल	उद्योग विभाग	जम्मा
२०७६/७७	३४२.१९	१५२.६३	४९४.८२
२०७७/७८	१३५.८१	१५६.६४	२९२.४५
२०७८/७९	१२२.६८	३३९.५९	४६२.२७
२०७९/८०	१६७.५९	२१४.२३	३८१.८२
२०८०/८१	३४३.४३	२३९.१९	५८२.६२
२०८१/८२	२५८.५४	२५८.१२	५१६.६६
२०८२ असारसम्म	**१६१४.२६**	**३३३७.८०**	**४९५२.०६**
२०८२/८३	१०२.२६	३८९.७४	४९२.००
२०८२ फागुनसम्म	**१७१६.५२**	**३७२७.५४**	**५४४४.०६**

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/लगानी बोर्ड नेपाल, २०८२

८.५ उद्योग विभागमा दर्ता भएका उद्योगको सङ्ख्यामा वृद्धि भएको छ। २०८१ फागुनसम्म ९ हजार ९ सय ६३ उद्योग दर्ता भएकोमा २०८२ फागुनसम्म यस्तो सङ्ख्या ११.८ प्रतिशतले वृद्धि भई ११ हजार १ सय ४० पुगेको छ। जसमध्ये ठूला, मझौला र साना उद्योगको हिस्सा क्रमशः १३.९ प्रतिशत, २०.० प्रतिशत र ६६.१ प्रतिशत रहेको छ।

८.६ २०८२ असारसम्म उद्योग विभागमा दर्ता भएका उद्योगको स्वीकृत लगानी रु.३३ खर्ब ३७ अर्ब ८० करोड रहेकोमा चालु आर्थिक वर्षको फागुनसम्म रु.३ खर्ब ८९ अर्ब ७४ करोड थप लगानी स्वीकृत भई २०८२ फागुनसम्म यस्तो लगानी रु.३७ खर्ब २७ अर्ब ५४ करोड पुगेको छ। जसमध्ये ठूला, मझौला र साना उद्योगको हिस्सा क्रमशः ८२.२ प्रतिशत, ९.४ प्रतिशत र ८.४ प्रतिशत रहेको छ। दर्ता भएका उद्योगको सञ्चालनबाट ७ लाख ८५ हजार ५ सय २० प्रत्यक्ष रोजगारी सिर्जना हुने अनुमान छ।

तालिका ८(ख): उद्योग दर्ता विवरण (२०८२ फागुनसम्म)

स्केल	उद्योगको सङ्ख्या	रु. करोडमा			प्रस्तावित रोजगारी (सङ्ख्यामा)	प्रति उद्योग रोजगारी (सङ्ख्यामा)
		कुल लगानी	स्थिर पुँजी	चालु पुँजी		
ठूला	१५४१	३०६५०५.१५	२८७२५६.९८	१९२४८.१७	२९५४५६	१४०
मझौला	२२३७	३५०६७.०६	२३६५०.९९	११४१६.०७	२०३१३६	९१
साना	७३६२	३११८१.६७	१०९५७.३०	२०२२४.३८	३६६९२८	५०
जम्मा	**१११४०**	**३७२७५३.८८**	**३२१८६५.२७**	**५०८८८.६२**	**७८५५२०**	**७१**

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८२

८.७ आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म उद्योग विभागमा ९२१ थप उद्योग दर्ता भएका छन्। यस्ता उद्योगको सञ्चालनबाट ३९ हजार ५ सय ४६ रोजगारी सिर्जना हुने अनुमान छ। गत आर्थिक वर्षको सोही अवधिमा ४३८ उद्योगको रु.१ खर्ब ७१ अर्ब ३६ करोड लगानी स्वीकृत भई २३ हजार ६४ प्रत्यक्ष रोजगारी सिर्जना हुने अनुमान रहेको थियो।

तालिका ८(ग): उद्योग दर्ता विवरण (आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म)

स्केल	उद्योगको सङ्ख्या	रु. करोडमा			प्रस्तावित रोजगारी (सङ्ख्यामा)	प्रति उद्योग रोजगारी (सङ्ख्यामा)
		कुल लगानी	स्थिर पुँजी	चालु पुँजी		
ठूला	५४	३११७७.२६	२८९७५.३०	२२०१.९६	१२५३२	२३२
मझौला	४४	१६६१.७९	१२१८.९५	४४२.८४	३९११	८९
साना	८२३	६१३५.०७	२३२९.८६	३८०५.२०	२३१०३	२८
जम्मा	९२१	३८९७४.११	३२५२४.११	६४५०.००	३९५४६	४३

स्रोत: उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८२

८.८ उद्योग विभागमा २०८२ फागुनसम्म दर्ता भएका उद्योगको सङ्ख्याको आधारमा सबैभन्दा बढी हिस्सा उत्पादनमुलक उद्योगको ३३.३ प्रतिशत र सबैभन्दा कम हिस्सा पूर्वाधार क्षेत्रका उद्योगको ०.७ प्रतिशत रहेको छ। साथै, दर्ता भएका उद्योगमध्ये सेवामूलक उद्योग २३.९ प्रतिशत, पर्यटन उद्योग २३.५ प्रतिशत र अन्य उद्योगको हिस्सा १९.३ प्रतिशत रहेको छ।

तालिका ८(घ): उद्योग वर्गीकरण अनुसार दर्ता र लगानी (२०८२ फागुनसम्म)

उद्योग वर्गीकरण	उद्योगको सङ्ख्या	रु.करोडमा			प्रस्तावित रोजगारी
		कुल लगानी	स्थिर पुँजी	चालु पुँजी	
उत्पादनमूलक	३७१५	७२५६७.०४	५४१९६.०९	१८३७०.९५	३८३१६४
सेवामूलक	२६५८	४२८९६.७८	२४३४६.३७	१८५५०.४०	१५६१५३
पर्यटन	२६१३	३६२०३.३०	३३३५७.३८	२८४५.९२	१२०६०२
उर्जामूलक	६२७	२०५५५६.१२	१९६८६४.२३	८६९१.८९	४४९७०
कृषि तथा वन पैदावारमा आधारित	५८१	७३१५.६२	५६८२.६८	१६३२.९३	४९४७०
सूचना प्रसारण तथा सञ्चार प्रविधिमा आधारित	७७०	१३६२.१८	१०४७.४१	३१४.७८	१७८३८
खनिज	९९	१०९३.४९	९१६.९६	१७६.५२	८५२८
पूर्वाधार	७७	५७५९.३७	५४५४.१५	३०५.२२	४७९५
जम्मा	**१११४०**	**३७२७५३.८८**	**३२१८६५.२७**	**५०८८८.६२**	**७८५५२०**

स्रोत: उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८२

८.९ उद्योग विभागमा दर्ता भएका उद्योगको लगानीको आधारमा २०८२ फागुनसम्म ऊर्जामूलक उद्योगमा सबैभन्दा बढी ५५.१ प्रतिशत लगानी स्वीकृत भएको छ। उत्पादनमूलक उद्योगमा यस्तो स्वीकृति १९.५ प्रतिशत रहेको छ भने सबैभन्दा कम खनिज उद्योगमा ०.३ प्रतिशत मात्र रहेको छ।

८.१० चालु आर्थिक वर्षको फागुनसम्म दर्ता भएका ९२१ उद्योगमध्ये सबैभन्दा बढी सूचना प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योगको हिस्सा ४५.१ प्रतिशत र सबैभन्दा कम खनिज उद्योगको हिस्सा ०.८ प्रतिशत रहेको छ। त्यसैगरी, लगानीको आधारमा यस अवधिमा सबैभन्दा बढी ऊर्जामूलक उद्योगको ४५.० प्रतिशत र सबैभन्दा कम खनिज उद्योगको ०.१ प्रतिशत रहेको छ।


तालिका ८(ङ): उद्योग वर्गीकरण अनुसार दर्ता र लगानी*

उद्योग वर्गीकरण	उद्योगको सङ्ख्या	रु.करोडमा			प्रस्तावित रोजगारी
		कुल लगानी	स्थिर पुँजी	चालु पुँजी	
उत्पादनमूलक	११३	२९८२.४८	२१२२.३६	८६०.११	७४३८
सेवामूलक	७४	९९०९.६९	५७८२.२७	४१२७.४२	२८८१
पर्यटन	२६९	५३७७.५७	५०७०.०३	३०७.५४	१४३०३
उर्जामूलक	१९	१७५९३.५१	१७३०७.८२	२८५.६९	१२१२
कृषि तथा वन पैदावारमा आधारित	२३	२८९०.४५	२०८३.७५	८०६.७०	८४०७
सूचना प्रसारण तथा सञ्चार प्रविधिमा आधारित	४१६	१८७.९१	१३०.९६	५६.९५	५१५८
खनिज	७	३२.५०	२६.९१	५.५९	१४७
जम्मा	९२१	३८९७४.११	३२५२४.११	६४५०.००	३९५४६

स्रोत: उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८२ *आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म

८.११ आर्थिक वर्ष २०८२/८३ को फागुन महिनासम्ममा रु. ३ खर्ब ८९ अर्ब ७४ करोड लगानी स्वीकृत भएको छ। गत आर्थिक वर्ष यस्तो स्वीकृत लगानी रु.२ खर्ब ५८ अर्ब १२ करोड रहेको थियो।

चार्ट ८(क) :उद्योगमा वार्षिक स्वीकृत लगानी (रु. करोडमा)




स्रोत: उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८२ *आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म

विदेशी लगानी

८.१२ हाल स्वचालित र अप्रुभल गरी दुई रुटबाट विदेशी लगानी स्वीकृत हुने गरेको छ। २०८२ फागुनसम्म उद्योग विभागमा ९६८ अटोमेटिक र ६ हजार ९ सय ८३ अप्रुभल रुटबाट गरी कुल ७९५१ परियोजनामा रू.६ खर्ब २५ अर्ब ५८ करोड बराबरको विदेशी लगानी स्वीकृत भएको छ। यस्ता उद्योगको सञ्चालनबाट ३ लाख ६२ हजार ५ सय ४५ रोजगारी सिर्जना हुने अनुमान छ।

८.१३ चालु आर्थिक वर्षको फागुनसम्म उद्योग विभागमा अटोमेटिक रुटबाट ३७७ र अप्रुभल रुटबाट १७७ गरी कुल ५५४ परियोजनामा रू.४० अर्ब ७० करोड बराबरको विदेशी लगानी स्वीकृत भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा ४२७ उद्योगको रू.४४ अर्ब ६६ करोड बराबरको विदेशी लगानी स्वीकृत भएको थियो।

चार्ट ८(ख): विगत १० वर्षमा कुल स्वीकृत विदेशी लगानी (रू.करोडमा)



स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८२ *फागुनसम्म

८.१४ स्वीकृत वैदेशिक लगानीमध्ये २०८२ फागुनसम्म सबैभन्दा बढी स्वीकृत लगानी सेवा उद्योगमा २८.३ प्रतिशत र सबैभन्दा कम खनिज उद्योगमा १.३ प्रतिशत रहेको छ। सेवामूलक क्षेत्रमा २८.३४ प्रतिशत ऊर्जामूलक क्षेत्रमा २३.०३ प्रतिशत र उत्पादनमूलक क्षेत्रमा १३.१८ प्रतिशत लगानी रहेको छ। खनिज क्षेत्रका उद्योगमा सबैभन्दा कम विदेशी लगानी स्वीकृत भएको छ।

तालिका ८(च): विदेशी लगानी स्वीकृत भएका उद्योगको विवरण*

वर्गीकरण	सङ्ख्या	विदेशी लगानी (रु.करोडमा)	लगानीको अंश (प्रतिशतमा)
उत्पादनमूलक	१४३६	८२४९	१३.२
सेवामूलक	२२४६	१७७३५	२८.३
पर्यटन	२७४९	१५५६४	२४.९
उर्जामूलक	९७	१४४०८	२३.०
कृषि तथा वन पैदावारमा आधारित	३३२	३२०७	५.१
सूचना प्रसारण तथा सञ्चार प्रविधिमा आधारित	९४२	१६७८	२.७
खनिज	७७	८४४	१.३
पूर्वाधार	७२	८७३	१.४
जम्मा	७९५१	६२५५८	१००.०

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८२ * सुरूदेखि २०८२ फागुनसम्म

८.१५ २०८२ फागुनसम्म वैदेशिक लगानीका लागि स्वीकृति पाएका परियोजनामध्ये कुल लगानीको आधारमा चीनको ४८.० प्रतिशत, भारतको १७.९ प्रतिशत र ती बाहेक अन्यको ३४.१ प्रतिशत लगानी रहेको छ। लगानी स्वीकृति सङ्ख्याको आधारमा चीनको ४५.५ प्रतिशत, भारतको ११.९ र ती बाहेक अन्यको ४२.६ प्रतिशत रहेको छ।

तालिका ८(छ): देशगतरूपमा स्वीकृत विदेशी लगानी* (रू. करोडमा)

देश	सङ्ख्या	अंश (सङ्ख्याको प्रतिशतमा)	विदेशी लगानी (रु. करोडमा)	अंश (लगानीको प्रतिशतमा)
चीन	३६१७	४५.५	३००३९.०	४८.०
भारत	९४५	११.९	११२२०.०	१७.९
हङ्कङ्ग	६५	०.८	३१४२.०	५.०
दक्षिण कोरिया	४०५	५.१	२६४५.०	४.२
अमेरिका	६५०	८.२	२२२९.०	३.६
संयुक्त अधिराज्य	२२१	२.८	१५७८.०	२.५
ब्रिटिश भर्जिन टापु	१७	०.२	११०६.०	१.८
सिङ्गापुर	७८	१.०	९६१.०	१.५
स्पेन	३९	०.५	७७२.०	१.२
क्यानडा	७०	०.९	४५१.०	०.७
अन्य	१८४४	२३.२	८४१५.०	१३.५
जम्मा	**७९५१**	**१००.००**	**१००.०**	**६२५५८.०**

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८२ * शुरूदेखि २०८२ फागुनसम्म

बौद्धिक सम्पत्ति

८.१६ उद्योग विभागमा औद्योगिक बौद्धिक सम्पत्तिका रुपमा २०८२ फागुनसम्म ७० हजार ९ सय ७० ट्रेडमार्क, ९० पेटेन्ट र ३२० डिजाइन दर्ता भएका छन्। दर्ता भएका कुल ट्रेडमार्कको सङ्ख्यामध्ये स्वदेशी र विदेशी ट्रेडमार्कको सङ्ख्या क्रमश: ५५.७ प्रतिशत र ४४.३ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७४/७५ पश्चात विदेशी पेटेन्ट दर्ता भएका छैनन्।

तालिका ८(ज): औद्योगिक बौद्धिक सम्पत्तिको विवरण

आर्थिक वर्ष	ट्रेडमार्क सङ्ख्या			पेटेन्ट सङ्ख्या			डिजाईन सङ्ख्या		
	स्वदेशी	विदेशी	कुल	स्वदेशी	विदेशी	कुल	स्वदेशी	विदेशी	कुल
२०७२ असारसम्म	**२३१२४**	**१६५९७**	**३९७२१**	**३६**	**३६**	**७२**	**६२**	**५२**	**११४**
२०७२/७३	१०३२	१३६६	२३९८	०	०	०	८	३	११
२०७३/७४	१०२०	१२६०	२२८०	०	०	०	५	१६	२१
२०७४/७५	१०४२	१२२४	२२६६	२	०	२	४	४	८
२०७५/७६	३६४	११७५	१५३९	२	०	२	२१	७	२८
२०७६/७७	८२७	९०१	१७२८	०	०	०	७	१५	२२
२०७७/७८	१०४२	१३६१	२४०३	३	०	३	७	४९	५६
२०७८/७९	१५१७	१४५८	२९७५	१	०	१	१४	११	२५
२०७९/८०	१६१९	१६३५	३२५४	६	०	६	१	१७	१८
२०८०/८१	३७२९	२३२२	६०५१	२	०	२	०	७	७
२०८१/८२	२६३०	१५७०	४२००	२	०	२	०	१०	१०
२०८२/८३*	१५५३	६०२	२१५५	०	०	०	०	०	०
२०८२ फागुनसम्म	**३९४९९**	**३१४७१**	**७०९७०**	**५४**	**३६**	**९०**	**१२९**	**१९१**	**३२०**

स्रोत: उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८२ * फागुनसम्म

मञ्जुषा बक्स ८(क): उद्योग क्षेत्रका पछिल्ला गतिविधि

- आर्थिक तथा व्यावसायिक वातावरण सुधार र उद्योग तथा लगानी सहजीकरण/अभिवृद्धि गर्न औद्योगिक व्यवसाय ऐन, २०७६, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५, कम्पनी ऐन, २०६३ र विशेष आर्थिक क्षेत्र ऐन, २०७३ संशोधन भएको छ।
- नवीनतम ज्ञान, प्राविधिक सीप र क्षमता भएका इच्छुक उद्यमीलाई स्टार्टअप उद्यममा सहभागी हुन उत्प्रेरित गर्दै तथा मुलुकभित्रै रोजगार/स्वरोजगार प्रवर्द्धन गर्न राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८१ र स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१ स्वीकृत भएको छ।
- स्टार्टअप उद्यमहरूको विकास र प्रवर्द्धनको लागि व्यवसाय सम्बर्द्धन केन्द्र (Business Incubation center) को स्थापना भएको छ। स्टार्टअप उद्यम कर्जा कार्यक्रमअन्तर्गत गत आर्थिक वर्षमा ५ हजार १ सय ५८ प्रस्ताव प्राप्त भएकोमा ६६१ प्रस्ताव सिफारिस भई ६ सय उद्यमलाई कर्जा प्रवाह गरिएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म १० हजार २ सय ४४ प्रस्ताव प्राप्त भएका छन्।

- उद्योग क्षेत्रको सेवा प्रवाह सुधारका लागि विद्युतीय प्रणालीको उपयोग गर्दै प्रक्रियागत सरलीकरण भएको छ। फलस्वरुप, कम्पनी दर्ता लगायतको कार्य पूर्णरुपमा स्वचालित भएको छ। उद्योग विभागमा कुल पुँजी रु.५० करोड सम्मको लगानी स्वचालित प्रणालीबाट स्वीकृत हुने व्यवस्था कार्यान्वयनमा आएको छ।
- वि.स. २०८१ सालमा उपभोक्ता अदालतको स्थापना पश्चात उपभोक्ता हक संरक्षणसँग सम्बन्धित मुद्दा दर्ता सङ्ख्या ४९ मध्ये २७ मुद्दाको फैसला भएको छ।
- करिव ६ हजार १६ रोपनी जग्गामा सञ्चालनमा रहेका १० औद्योगिक क्षेत्रभित्र २०८२ फागुनसम्म कायम रहेका ७०६ उद्योगमध्ये ६३८ उद्योग सञ्चालनमा रहेका छन् भने २६ निर्माणाधीन १६ बन्द र २६ अन्य संघ सस्थाहरू रहेका छन्। सञ्चालनमा रहेका उद्योगबाट २० हजार व्यक्तिले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन्।

कम्पनी दर्ता

८.१७ कम्पनी दर्ता सङ्ख्यामा वृद्धि हुँदै गएको छ। २०८२ फागुनसम्म दर्ता भएका कम्पनीको सङ्ख्या ३ लाख ६९ हजार ६ सय ४६ पुगेको छ। दर्ता भएका कम्पनीमध्ये प्राइभेट लिमिटेड कम्पनी सबैभन्दा बढी ९७.५ प्रतिशत र अन्य कम्पनी २.५ प्रतिशत रहेका छन्।

तालिका ८(झ): २०८२ फागुनसम्मको कम्पनी दर्ता विवरण

कम्पनी प्रकार	२०८२ असारसम्म	चालु आर्थिक वर्षको फागुनसम्म	२०८२ फागुनसम्म
पब्लिक लिमिटेड	२१९७	४४	२२४१
प्राइभेट लिमिटेड	३४५४१२	१४९६५	३६०३७७
मुनाफा वितरण नगर्ने	६२३९	३२१	६५६०
विदेशी कम्पनीको शाखा/सम्पर्क कार्यालय	४३५	३३	४६८
जम्मा	**३५४२८३**	**१५३६३**	**३६९६४६**

स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय, २०८२

८.१८ चालु आर्थिक वर्षको फागुनसम्म १५ हजार ३ सय ६३ थप कम्पनी दर्ता भएका छन्। जसमध्ये सबैभन्दा बढी प्राईभेट लिमिटेड कम्पनी ९७.४० प्रतिशत रहेका छन्।

८.१९ विगत दश वर्षको अवधिमा आर्थिक वर्ष २०७८/७९ मा सबैभन्दा बढी २९ हजार १७ कम्पनी दर्ता भएका छन्। यस अवधिमा आर्थिक वर्ष २०८१/८२ मा सबैभन्दा कम १४ हजार १ सय ३० कम्पनी दर्ता भएका छन्।

गुणस्तर तथा नापतौल

८.२० २०८२ फागुनसम्म स्वीकृत भएका नेपाल गुणस्तरको सङ्ख्या १ हजार १ सय ८२ पुगेको छ। त्यसैगरी, नेपाल गुणस्तर प्रमाण चिन्ह प्राप्त उद्योगको सङ्ख्या ३७१ पुगेको

छ। साथै, इजाजत पत्र प्राप्त उद्योगको सङ्ख्या ५७६ रहेको छ भने ISO 17025/NEPLAS अनुरुप प्रमाणित प्रयोगशालाको सङ्ख्या १० पुगेको छ।

८.२१ चालु आर्थिक वर्षको फागुनसम्म ३७ नेपाल गुणस्तर मापदण्ड स्वीकृत भएका छन्। यस अवधिमा ७३ वस्तुले नेपाल गुणस्तर प्रमाण चिन्ह प्राप्त गरेका छन्। नेपाल गुणस्तर प्रमाण चिन्ह प्राप्त गरेका उद्योगबाट २२९ नमुना सङ्कलन गरिएको छ भने ६८० विभिन्न नमुनाको रासायनिक तथा भौतिक परीक्षणको साथै विश्लेषण गरिएको छ। यस अवधिमा ५३ नापतौल यन्त्रको क्यालिब्रेसन गरिएको छ।

खानी तथा भूगर्भ

८.२२ काठमाडौं उपत्यका, पोखरा, बुटवल लगायत देशका विभिन्न २३ स्थान र सोका आसपासको क्षेत्रमा व्यवस्थित सहरी विकासका लागि भू-ईञ्जिनियरिङ्ग अध्ययन कार्य सम्पन्न भएको छ। भूकम्प मापन केन्द्रबाट ४ रेक्टर स्केलभन्दा माथिका भूकम्पीय तरङ्गहरूको नियमित रूपमा सूचना प्रेषित हुँदै आएको छ। चालु आर्थिक वर्षको फागुनसम्म ४ रेक्टर स्केलभन्दा माथिका भूकम्प ३१ पटक मापन भएका छन्। आर्थिक वर्ष २०८०/८१ र आर्थिक वर्ष २०८१/८२ मा यस्तो सङ्ख्या क्रमशः ६० र ५१ रहेको थियो।

८.२३ हालसम्म ६३ विभिन्न खनिजको अन्वेषण भएको छ। चुरे पहाड र महाभारत श्रृङ्खलाको सम्पूर्ण भाग र उच्च हिमाली क्षेत्रको केही भागहरूको प्रथम चरणको भौगर्भिक सर्वेक्षण कार्य सम्पन्न भएको छ।

८.२४ दैलेखमा पेट्रोलियम अन्वेषणका लागि चीन सरकारको सहयोगमा आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म ४०१३ मि. ड्रिलिङ कार्य सम्पन्न भएको छ। मुलुकभर हालसम्म १० पेट्रोलियम खण्डको पहिचान भएको छ।

मञ्जुषा बक्स ८(ख): नेपालको सार्वभौम क्रेडिट रेटिङ्: आर्थिक विश्वास र अवसरको संकेत

मुलुकको साख योग्यता (Creditworthiness), ऋण बहन गर्ने क्षमता मूल्याङ्कन, आर्थिक विकासको परिमाणात्मक तथा गुणात्मक अवस्था र अर्थतन्त्रका सबै क्षेत्रको स्थिति प्रतिबिम्बित गर्ने सूचकको विश्लेषणको आधारमा अन्तर्राष्ट्रिय बजारमा वित्तीय पहुँच पुऱ्याउने एवम् लगानी आकर्षित गर्ने उद्देश्यले सार्वभौम क्रेडिट रेटिङ् गरिन्छ। लगानीकर्ता र वित्तीय सेवा प्रदायक निकायले क्रेडिट रेटिङ्लाई लगानी वातावरणको सूचकको आधारका रूपमा लिने गर्दछन्। त्यसैगरी, निजी क्षेत्रको विश्वास अभिवृद्धि र समग्र आर्थिक प्रणाली सुदृढीकरण गर्न क्रेडिट रेटिङ्को योगदान महत्वपूर्ण रहने गर्दछ।

प्रचलनमा रहेका S&P, Moody र Fitch क्रेडिट रेटिङ् एजेन्सीमध्येबाट क्रेडिट रेटिङ् गर्ने अन्तर्राष्ट्रिय अभ्यास छ। सन् २०२५ मा फिच रेटिङ्द्वारा सार्वभौम क्रेडिट रेटिङ् भई नेपालले "BB-" स्कोर तथा Outlook Stable हासिल गरेको छ। फिच क्रेडिट स्केलका विभिन्न स्केलमध्ये लगानी ग्रेडमा **AAA** ले उच्च क्रेडिट गुणस्तर र गैर-लगानी ग्रेडमा **D** ले ऋण डिफल्टको अवस्थालाई जनाउँछ।

यस रेटिङ्ले मुलुकको क्रेडिट जोखिम मध्यम रहेको र ऋण बहन गर्न सक्ने सीमाभित्र रहेको देखाएको छ। यसले लगानीमैत्री वातावरणको सकारात्मक सन्देश प्रवाह गरेको छ। दक्षिण एसियाली मुलुकको तुलनामा नेपालको यो रेटिङ् सन्तोषजनक छ, जसले सरकार, निजी क्षेत्र र लगानीकर्ताबीच उत्साह सिर्जना गरेको छ। सन् २०२४ मा गरिएको सार्वभौम क्रेडिट रेटिङ्को पहिलो मूल्याङ्कनमा समेत नेपालको स्कोर "BB-" र Outlook Stable रहेको थियो ।

वाणिज्य

८.२५ नेपाल विकासशील मुलुकमा स्तरोन्नति पश्चात् निर्यातलाई गतिशील बनाई व्यापार सन्तुलन कायम गर्न विश्व अर्थतन्त्रमा आउने अवसर र चुनौतीको यथोचित सम्बोधन गर्न र सङ्घीय संरचना अनुरूप उत्पादन तथा व्यापार प्रक्रियामा तीन तहको सरकारको संलग्नता तथा सहभागिता वृद्धि गर्न वाणिज्य क्षेत्रको रणनीति तयार भएको छ।

आपूर्ति तथा उपभोक्ता संरक्षण

८.२६ चालु आर्थिक वर्षको फागुनसम्म १ हजार २ सय ७८ नयाँ व्यापारिक फर्म दर्ता भएका छन् भने २०९ व्यापारिक फर्म खारेज भएका छन्। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा १ हजार १ सय ४१ नयाँ फर्म दर्ता भएका थिए भने ३८१ व्यापारिक फर्म खारेज भएका थिए।

८.२७ राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा १९ हजार ६ सय ५२ मेट्रिक टन र सार्क खाद्य सुरक्षा बैंकमा ८ हजार मेट्रिक टन गरी २०८२ फागुन मसान्तमा २७ हजार ६ सय ५२ मेट्रिक टन खाद्यान्न मौज्दात् रहेको छ।

८.२८ गत आर्थिक वर्ष दुर्गम जिल्ला तथा स्थानमा ढुवानी अनुदानमा २९ हजार ८ सय १६ मेट्रिक टन चामल ढुवानी भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म यस्तो ढुवानी ८ हजार ६ सय ८१ मेट्रिक टन रहेको छ।

८.२९ कर्णाली प्रदेशमा जन्म र मरणको कार्यमा ३०/३० किलो खाद्यान्न वितरण हुँदै आएको छ। गत आर्थिक वर्ष कर्णाली प्रदेशमा जन्म/मरण कार्यको लागि ९९.६ मेट्रिक टन खाद्यान्न वितरण भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म ६७.३ मेट्रिक टन खाद्यान्न वितरण भएको छ।

तालिका ८(ञ): खाद्यान्न ढुवानी तथा मौज्दात्को विवरण

विवरण	ईकाइ	आर्थिक वर्ष				
		२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३
दुर्गम जिल्लामा खाद्यान्न ढुवानी	मे.ट.	२५४६३	३०४८३	२९६२४	२९८१६	८६८१
राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा मौज्दात खाद्यान्न	मे.ट.	१५१९८	५७८८	८५७८	११७८५.५४	१९६५२.६२
सार्क खाद्य सुरक्षा बैंकमा मौज्दात् खाद्यान्न	मे.ट.	२३१९८	१३७८८	१६५७८	८०००	८०००
कर्णालीमा जन्म र मृत्यू संस्कार कार्यमा वितरण गरिएको खाद्यान्न	मे.ट.	६७	६५	७२	९९.६	६७.३
स्थानीय रैथाने बाली खरिद	मे.ट.	२.६५	१२.२	३४.१	२८.९३	८०#

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८२ #खरिद प्रक्रियामा रहेको

८.३० सरकारले नूनको आपूर्ति व्यवस्था मिलाई कम्तीमा ६ महिनाको नून मौज्दात राख्दै आएको छ। तोकिएका २२ दुर्गम जिल्लामध्ये हाल १७ जिल्लाको ६१ स्थानमा आयोडिनयुक्त नून ढुवानी भएको छ। चालु आर्थिक वर्षमा ९५ हजार ९ सय ७० क्वीन्टल नून ढुवानी गर्ने लक्ष्य रहेको छ।

पेट्रोलियम पदार्थ

८.३१ मुलुकभर हाल एल.पि.जी बाहेक १ लाख २ हजार २ सय ८१ किलोलिटर पेट्रोलियम पदार्थको भण्डारण गर्ने क्षमता रहेको छ। हालको पेट्रोल र डिजेल भण्डारण क्षमता क्रमशः १४ र १६ दिनको माग धान्न पर्याप्त छ। सबैभन्दा बढी भण्डारण क्षमता मट्टीतेलको १४५ दिन रहेको छ।

तालिका ८(ट): पेट्रोलियम पदार्थको भण्डारण क्षमताको विवरण*

विवरण	भण्डारण क्षमता (किलो लिटरमा)	माग धान्ने दिन
पेट्रोल	२८५४२	१४
डिजेल	६०४२१	१६
मट्टितेल	४१९५	१४५
ए.टि.एफ.	९१२३	१७
जम्मा	**१०२२८१**	**१९२**

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८२ *फागुनसम्म

८.३२ चालु आर्थिक वर्षको फागुनसम्म पेट्रोल, डिजेल लगायतका सबै प्रकारका पेट्रोलियम पदार्थको आयात र बिक्री परिमाणमा कमी आएको छ। कुल ईन्धन खपतमा विद्युतको हिस्सा बढ्दै गएसँगै पेट्रोलियम पदार्थको आयात र बिक्री परिमाण दुवै घटेको छ।

तालिका ८(ठ): पेट्रोलियम पदार्थको आयात एवम् बिक्रीको विवरण

विवरण	आर्थिक वर्ष					फागुनसम्म		
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८१/८२	२०८२/८३	वृद्धिदर
	आयातित परिमाण (एल.पी.ग्यास हजार मेट्रिक टनमा अन्य हजार किलोलिटरमा)							
पेट्रोल	५९२	७३६	६७५	६९३	७५३	४८७	४३८	-१०.०
डिजेल	१६९६	१७२४	१३८३	१३९०	१४६९	८७८	७९१	-९.९
मट्टितेल	२४	१७	१३	१३	१४	१०	५	-४७.७
ए.टि.एफ.	७२	१५७	१७३	१९८	२१०	१३९	१२७	-८.६
एल.पि.जी.	४७८	५३६	५१५	५२४	५५६	३६३	३२२	-११.१
	बिक्री परिमाण (एल.पी.ग्यास हजार मेट्रिक टनमा हजार किलोलिटरमा)							
पेट्रोल	५८८	७३०	६७३	६८९	७३५	४७१	४४१	-६.४
डिजेल	१६९८	१७२८	१३८१	१३९.४	१४५७	८५६	७८२	-८.७
मट्टितेल	२३	१८	१३	१३	१४	७	६	-६.१
ए.टि.एफ.	७०	१५४	१७५	१९.५	२०८	१४०	१२७	-९.३
एल.पि.जी.	४७८	५३६	५१५	५२४	५५५	३६३	३२५	-१०.४


स्रोतः उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८२

पर्यटन

८.३३ पर्यटक आगमनमा वृद्धि हुँदै गएको छ भने पर्यटकको औसत बसाई अवधिमा सुधार भएको छ। फलस्वरुप पर्यटन क्षेत्रबाट प्राप्त हुने विदेशी मुद्रा आम्दानी बढेको छ। पछिल्लो समय पश्चिम एसियामा जारी युद्धको कारण त्यस क्षेत्रमार्फत नेपाल भित्रिने पर्यटकको सङ्ख्यामा कमी आउनसक्ने जोखिम बढेसँगै आगामी दिनमा पर्यटन क्षेत्रबाट प्राप्त हुने आम्दानी समेत प्रभावित हुने देखिन्छ।

८.३४ विनाशकारी महाभूकम्प र विश्वव्यापी कोभिड-१९ महामारीका बाबजुद पनि सन् २०१६-२०२५ को दशकमा करिव ८३ लाख ८५ हजार पर्यटकले नेपाल भ्रमण गरेका छन्। पर्यटकीय पूर्वाधारमा लगानी वृद्धिको साथै पर्यटकीय नयाँ गन्तव्यको विकास र पर्यटन क्षेत्रको विविधिकरण गर्दै मुलुकलाई आकर्षक पर्यटकीय गन्तब्यको रुपमा विकास गर्नुपर्ने देखिन्छ।

चार्ट ८(ग):पछिल्लो एक दशकको पर्यटक आगमन (सङ्ख्या हजारमा) **र वृद्धिदर (प्रतिशतमा)**



स्रोतः संस्कर्ति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०८२


८.३५ सन् २०२४ मा ११ लाख ४७ हजार ५ सय ४८ पर्यटक नेपाल भित्रिएकोमा सन् २०२५ मा १.३ प्रतिशतले वृद्धि भई ११ लाख ६२ हजार ३ सय ६५ पुगेको छ। सन् २०२४ मा पर्यटक आमगन १३.१ प्रतिशतले बढेको थियो।

८.३६ पर्यटक आगमन वृद्धि भएसँगै भ्रमण आयमा समेत वृद्धि हुँदै गएको छ। सन् २०२५ मा भ्रमण आय ४.८ प्रतिशतले वृद्धि भएको छ। सन् २०२४ मा पर्यटन क्षेत्रबाट प्राप्त हुने भ्रमण आय रु.८३ अर्ब ३९ करोड ४० लाख रहेकोमा सन् २०२५ मा बढेर रु.८७ अर्ब ३७ करोड १६ लाख पुगेको छ।

८.३७ सन् २०२५ मा नेपाल भ्रमण गर्ने पर्यटकको बसाई अवधिमा उल्लेख्य वृद्धि भएको छ। सन् २०२४ मा प्रति पर्यटक औसत बसाई अवधि १३.३० दिन रहेकोमा सन् २०२५ मा १६.३४ दिन पुगेको छ। बसाई अवधि बढे पनि प्रति पर्यटक औसत दैनिक खर्च भने घटेको छ। सन् २०२४ मा प्रति पर्यटक प्रति दिन औसत खर्च ४०.८४ अमेरिकी डलर रहेकोमा सन् २०२५ मा ३३.०८ अमेरिकी डलर रहेको छ। सन् २०२५ देखि केन्द्रीय विद्युतीय पर्यटन व्यवस्थापन सूचना प्रणाली (CTMIS) बाट अध्यागमन विभागले पर्यटकको आगमन र प्रस्थान मिति प्रविष्ट गरेपछि स्वचालित हिसाबले गणना हुने प्रबन्ध गरिएकाले पर्यटकको प्रतिदिन औसत खर्च समेत सोही अनुपातमा घटेको हो।

८.३८ सन् २०२५ मा नेपाल आएका पर्यटकमध्ये ६०.२ प्रतिशत बिदा/मनोरञ्जनका लागि आएका थिए। तीर्थयात्राको लागि १४.४ प्रतिशत, पदयात्रा/पर्वतारोहणका लागि १४.२ प्रतिशत र अन्य प्रयोजन (व्यापार, अध्ययन, भ्रमण वा अन्य विविध) को लागि ११.२ प्रतिशत पर्यटक नेपाल आएका थिए।


चार्ट ८(घ) : उद्देश्य अनुसार पर्यटक आगमन (प्रतिशतमा)



स्रोतः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०८२

८.३९ सन् २०२५ मा आएका पर्यटकमध्ये भारतबाट करिब २ लाख ९३ हजार, अमेरिकाबाट १ लाख १३ हजार, चीनबाट ९६ हजार, बेलायतबाट ५९ हजार, बङ्गलादेशबाट ५८ हजार, अष्ट्रेलियाबाट ५० हजार, श्रीलङ्काबाट ३८ हजार, थाइल्याण्डबाट ३० हजार, जर्मनीबाट ३० हजार, जापानबाट २५ हजार र अन्य मुलुकबाट ३ लाख ७१ हजार रहेका छन्।

चार्ट ८(ङ): सन् २०२५ मा देशगत रूपमा पर्यटक आगमन (सङ्ख्या हजारमा)



स्रोतः संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०८२

८.४० सन् २०२५ मा पर्वतारोहण गतिविधिमा विस्तार भएको छ। यस अवधिमा हिमाल आरोहण गर्ने दल (पर्वतारोहण दल) को सङ्ख्या सन् २०२४ को तुलनामा ९.१ प्रतिशतले वृद्धि भई २ हजार ५ सय ९० पुगेको छ। सन् २०२४ मा ९ हजार १ सय ९१ पर्वतारोही रहेकोमा सन् २०२५ मा यस्तो सङ्ख्या ६.८ प्रतिशतले बढेर ९ हजार ८ सय २० पुगेको छ।

८.४१ पर्वतारोहण गतिविधि विस्तारसँगै सरकारलाई प्राप्त हुने रोयल्टी आम्दानीमा पनि वृद्धि भएको छ। सन् २०२४ मा पर्वतारोहणबाट रु.९२ करोड ५८ लाख रोयल्टी प्राप्त भएकोमा सन् २०२५ मा बढेर रु.१ अर्ब २६ करोड २६ लाख पुगेको छ।

८.४२ नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानबाट सन् २०२५ मा होटल तथा पर्यटन क्षेत्रसँग सम्बन्धित ३ हजार १ सय दक्ष जनशक्ति उत्पादन भएका छन्। हालसम्म यस प्रतिष्ठानबाट ३१ हजार ३ सय ३३ दक्ष जनशक्ति उत्पादन भएका छन्।

८.४३ नेपालको पर्यटन पूर्वाधार विस्तार हुँदै गएसँगै आवास सुविधामा समेत विस्तार हुँदै गएको छ। डिलक्स श्रेणीसहितका तारे होटलको सङ्ख्या २०८१ फागुनमा २१४ रहेकोमा २०८२ फागुनमा २२२ पुगेको छ। यसैगरी, तारेस्तरमा वर्गीकृत नभएका तर पर्यटकस्तरीय सेवा प्रदान गर्ने डिलक्स/लक्जरी हेरिटेज बुटिक होटल, होटल, लज तथा रिसोर्टको सङ्ख्या पनि वृद्धि भएको छ। तारेस्तर बाहेकका पर्यटकीय होटलको सङ्ख्या २०८१ फागुनमा १ हजार ३ सय ६४ रहेकोमा २०८२ फागुनमा १ हजार ३ सय ८३ पुगेको छ।

८.४४ रिसोर्ट तथा डिलक्ससहितका तारे होटलका शैय्याको सङ्ख्या चालु आर्थिक वर्षको फागुनसम्म ८७६ थप भई २०८२ फागुनमा २१ हजार २ सय १९ पुगेको छ। त्यसैगरी, तारेस्तर बाहेकका पर्यटकस्तरीय सेवा प्रदान गर्ने डिलक्स/लक्जरी हेरिटेज बुटिक होटल, लज तथा रिसोर्टको शैय्या सङ्ख्या चालु आर्थिक वर्षको फागुनसम्म ६१६ शैय्या थप भई २०८२ फागुनसम्म ४२ हजार ९ सय १५ पुगेको छ।

८.४५ पछिल्लो अवधिमा क्यासिनो प्रतिको आकर्षण बढ्दै गएसँगै क्यासिनोको सङ्ख्या समेत बढेको छ। २०८१ असारसम्म क्यासिनोको सङ्ख्या २९ रहेकोमा २०८२ फागुनसम्म यस्तो सङ्ख्या ३६ पुगेको छ।

८.४६ २०८२ फागुनसम्म दर्ता भएका ट्राभल एजेन्सीको सङ्ख्या ५ हजार ९९, ट्रेकिङ एजेन्सीको सङ्ख्या ३ हजार ३ सय ३२ र ऱ्याफ्टिङ एजेन्सीको सङ्ख्या ९८ पुगेको छ। त्यसैगरी, यस अवधिसम्म दर्ता भएका पर्यटक यातायात सेवा प्रदायकको सङ्ख्या १६३, टुर गाईडको सङ्ख्या ५ हजार ४ सय ६६, ट्रेकिङ गाईडको सङ्ख्या २७ हजार ९ सय ६२ र रिभर गाईडको सङ्ख्या ४३७ रहेको छ।

हवाई

८.४७ नेपालको हवाई यातायात क्षेत्रमा विस्तार भएको छ। २०८२ फागुनसम्म ५ नेपाली र २७ विदेशी गरी अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने वायुसेवा कम्पनीको सङ्ख्या बढेर ३२ पुगेको छ। २०८१ फागुनसम्म यस्तो सङ्ख्या ३१ रहेको थियो। यस अवधिमा द्विपक्षीय हवाई सेवा सम्झौताको सङ्ख्या भने यथावत ४२ रहेको छ। दुईतर्फी हवाई सिट क्षमता २०८१ फागुनमा ८९ लाख ७३ हजार रहकोमा २०८२ फागुनमा करिब ९१ लाख ९२ हजार पुगेको छ। आन्तरिक उडान सेवा सञ्चालन गर्ने वायुसेवा कम्पनीको सङ्ख्या २० रहेको छ। २०८२ फागुनसम्म देशभर सञ्चालनमा रहेका विमानस्थलको सङ्ख्या

३५ रहेको छ। सबै मौसममा सञ्चालन गर्न सकिने कालोपत्रे विमानस्थलको सङ्ख्या ४२ पुगेको छ।

तालिका ८(ड): नागरिक उड्डयन सम्वद्ध प्रमुख सूचकहरू

प्रमुख सूचकहरू	२०२०	२०२१	२०२२	२०२३	२०२४	२०२५
अन्तर्राष्ट्रिय उडान भर्ने नेपाली वायूसेवाको सङ्ख्या	३	२	३	३	३	५
नेपाल उडान भर्ने अन्तर्राष्ट्रिय वायूसेवाको सङ्ख्या	२७	२०	२७	३१	३१	२७
द्विपक्षीय हवाई सेवा सम्झौता भएका देशको सङ्ख्या	४०	४१	४१	४१	४२	४२
दुईतर्फ हवाई सिट सङ्ख्या (हजारमा)	८०००	८०००	८७५५	८७५५	८९७३	९११९२
अन्तर्राष्ट्रिय विमानस्थलको सङ्ख्या	१	१	३	३	३	३
मुलुकभित्र उडान भर्ने (Rotor and Fixed Wing) सञ्चालन गर्ने कम्पनीको सङ्ख्या	१९	२०	२२	२२	२२	२०
मुलुकभित्र हवाईजहाज (Fixed Wing) उडान सञ्चालन गर्ने कम्पनीको सङ्ख्या	९	९	१०	१०	१०	८
मुलुकभित्र हेलिकप्टर (Rotor Wing) उडान सञ्चालन गर्ने कम्पनीको सङ्ख्या	१०	११	१२	१२	१२	१२
सबै मौसममा सञ्चालन हुनसक्ने कालोपत्रे भएका विमानस्थलको सङ्ख्या	३७	३७	४१	४१	४२	४२
सञ्चालनमा रहेका कुल विमानस्थलको सङ्ख्या	३५	३२	३३	३३	३५	३५

स्रोतः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०८२

८.४८ सन् २०२५ मा १७ हजार ३ सय प्रस्थान उडान सञ्चालन भई २६ लाख ७ हजार १ सय ८५ यात्रु विभिन्न गन्तव्यतर्फ प्रस्थान गरेका छन्। यसैगरी, समान सङ्ख्यामा अर्थात् १७ हजार ३ सय आगमन उडानमार्फत् २४ लाख ३७ हजार ८९२ जना यात्रु नेपाल भित्रिएका छन्।

८.४९ सन् २०२५ मा त्रिभुवन विमानस्थलबाट देशका विभिन्न गन्तव्यतर्फ ५१ हजार ७ सय ८१ प्रस्थान उडान सञ्चालन भई २३ लाख ३२ हजार ४२४ जना यात्रु काठमाडौँबाट बाहिरिएका छन्। यस अवधिमा ५१ हजार ७ सय ७५ आगमन उडानमार्फत् करिब २२ लाख ३७ हजार यात्रु काठमाडौं भित्रिएका छन्।

साहित्य, कला तथा संस्कृति

८.५० हालसम्म ३ हजार २ सय ७८ वटा प्रतिलिपि अधिकारजन्य रचना दर्ता भएका छन्। दर्ता भएका रचनामध्ये साहित्यिक कृति २ हजार ४ सय ३, म्यागजिन प्रकाशनतर्फ ४ र अनुवाद रचनातर्फ ५ कृति रहेका छन्। दृश्य तथा कलात्मक विधातर्फ आर्ट/पेन्टिङ १७७ र ध्वनी अङ्क (अडियो रेकर्डिङ) ३११ दर्ता भएका छन् । यसैगरी, आर्किटेक्चरल नमुनातर्फ ४७ तथा काष्ठकला, धातुकला, मूर्तिकला र डिजिटल आर्टसम्बन्धी कृति ११९

दर्ता भएका छन्। कम्प्युटर सफ्टवेयरतर्फ ८२ कृतिहरू दर्ता भएका छन्। साथै, प्रस्तुति रचनातर्फ १७, फोटोग्राफीतर्फ ५०, शोधपत्रतर्फ १६, चलचित्र तथा वृत्तचित्रतर्फ १७, र वैज्ञानिक लेख रचनातर्फ १८ कृति दर्ता भएका छन्। यसबाहेक नाटक, नाट्य सङ्गीत, मूकचित्र लगायतका १२ कृति दर्ता भएका छन्।

८.५१ चालु आर्थिक वर्षको फागुनसम्म थप ५ वटा सांस्कृतिक सम्पदाको पुनर्निर्माण सम्पन्न भएको छ। पुनर्निर्माण गर्नुपर्ने कुल ९२० क्षतिग्रस्त सम्पदामध्ये २०८२ फागुनसम्म कुल ८१५ सम्पदाको संरक्षण, पुनर्स्थापना तथा पुनर्निर्माण कार्य सम्पन्न भइसकेको छ।

९. शहरी विकास, आवास तथा ऊर्जा

९.१ तीव्र शहरीकरण, शहर केन्द्रित आर्थिक गतिविधिको विस्तार तथा जीवनस्तर सुधारसँगै योजनाबद्ध शहरी पूर्वाधार, व्यवस्थित बस्ती विकास, गुणस्तरीय आवास र भरपर्दो ऊर्जा आपूर्तिको आवश्यकता निरन्तर बढ्दै गएको छ। चालु आर्थिक वर्षमा सडक, ढल, खानेपानी, फोहरमैला व्यवस्थापन, हरित सार्वजनिक स्थल, एकीकृत बस्ती विकास लगायतका कार्यक्रममार्फत् शहरी पूर्वाधार विस्तारलाई प्राथमिकता दिइएको छ। विपद् जोखिम न्यूनीकरण, भूकम्प प्रतिरोधी संरचना निर्माण तथा जलवायु अनुकूल शहरी योजना अवलम्बन गरी दिगो तथा समावेशी शहर निर्माणतर्फ सरकार केन्द्रित रहेको छ।

९.२ गाउँबाट शहर रूपान्तरणको क्रम बढेसँगै जनसङ्ख्याको भौगोलिक संरचनामा पनि परिवर्तन भएको छ। करिब १७.० प्रतिशत भू-भाग ओगटेको तराई मधेशमा ५३.७ प्रतिशत जनसङ्ख्या रहेको छ भने पहाडी तथा हिमाली क्षेत्रमा ४६.३ प्रतिशत जनसङ्ख्या रहेको छ। खुम्चिँदो ग्रामीण जनसङ्ख्या र बढ्दै गएको शहरी जनसङ्ख्याका कारण पहाड तथा हिमालमा पूर्वाधार निर्माण तथा सेवा सुविधामा प्रतिव्यक्ति लागत बढ्दै गएको छ। जनघनत्व अधिक रहेका तराई मधेशमा ठूला पूर्वाधार निर्माणमा लगानी बढाउनु पर्नेछ।

९.३ विद्युतमा मुलुक आत्मनिर्भर उन्मूख हुँदै गएको छ। विद्युत उत्पादनमा निरन्तर वृद्धि हुँदै गई २०८२ फागुनसम्म कुल विद्युत जडित क्षमता ४ हजार १ सय ५ मेगावाट पुगेको छ। राष्ट्रिय प्रसारण लाइन (६६ के.भी. र सो भन्दा माथिको लम्बाइ) ७ हजार २ सय ८० सर्किट किलोमिटर पुगेको छ। साथै, यस अवधिसम्म ९९.१ प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच पुगेको छ।

शहरी विकास

९.४ वि.सं. २०८२ असारसम्म १०५ नगरपालिकामा सघन शहरी विकास कार्यक्रम लागु भएको छ। यस कार्यक्रममार्फत् शहरी सडक निर्माण/स्तरोन्नति, सतह नाली/ढल निर्माण, बसपार्क निर्माण, सार्वजनिक पार्क/खुला क्षेत्र विकास तथा संरक्षण लगायतका आर्थिक, सामाजिक र भौतिक पूर्वाधार निर्माण भएका छन्।

९.५ गोकर्णदेखि सिनामङ्गलसम्म र थापाथली पुलदेखि बल्खुसम्म बागमती नदीको किनारामा नदी सौन्दर्यीकरण तथा वातावरणीय सुधार सम्बन्धी निर्माण कार्य लगायत धाप ड्याम निर्माण कार्य सम्पन्न भएको छ। काठमाडौंको सिनामङ्गल र तीनकुनेमा बागमती पुलमुनि

अन्डरपास निर्माण कार्य सम्पन्न भएको छ। गुहेश्वरी ढल प्रशोधन केन्द्रको निर्माण सम्पन्न भएको छ।

९.६ बागमती तथा सहायक नदीमा २०८२ फागुनसम्म ७९.३९ कि.मी. नदी तटबन्धको निर्माण भएको छ। त्यसैगरी यस अवधिसम्म ९०.१६ कि.मी. मुख्य ढलको निर्माण र ३४.८१ कि.मी. सडक कालोपत्रे भएको छ।

नयाँ शहर आयोजना

९.७ मध्यपहाडी राजमार्ग र उत्तर दक्षिण करिडोरको मिलनबिन्दु तथा सोको आसपासमा आधुनिक नयाँ शहरको विकास गर्न नयाँ शहर विकास आयोजना सञ्चालनमा रहेको छ। यस आयोजना अन्तर्गत २०८२ फागुनसम्म ३४.० कि.मी. सडक कालोपत्रे, ५१.० कि.मी. सडक ढलान र १६८.० कि.मी. ढल/नाला निर्माण सम्पन्न भएको छ।

तालिका ९(क): नयाँ शहर आयोजना अन्तर्गतको उपलब्धि

क्रियाकलापहरु	इकाई	उपलब्धि	
		२०८१/८२	२०८२ फागुन
ट्रयाक खोल्ने/स्तरोन्नति/ग्राभेल	कि.मी.	३७६	३८०
कालोपत्रे	कि.मी.	३४	३४
ढलान सडक	कि.मी.	५१	५१
ढल/नाला निर्माण	कि.मी.	१६८	१६८
सरकारी भवन निर्माण	वटा	४६	४६
सौर्य बत्ती	वटा	२०२५	२०२५
तरकारी/फलफूल/हाट बजार	वटा	१३	१३
बसपार्क निर्माण	वटा	११	११
खेल मैदान निर्माण	वटा	८	८
पार्क निर्माण	वटा	२१	२१
खानेपानी आयोजना	वटा	१३	१३
जग्गा विकास	वटा	४	४
Landfill site निर्माण	वटा	२	२

स्रोतः शहरी विकास मन्त्रालय, २०८२

आवास

९.८ जनता आवास कार्यक्रमअन्तर्गत २०८२ फागुनसम्म ४७ हजार ७ सय २० आवास निर्माण भएका छन्। यस कार्यक्रमअन्तर्गत २०७५ असारसम्म संघबाट १७ हजार ३९ आवास निर्माण भएको थियो।

९.९ एकीकृत आधुनिक सुरक्षित वस्ती विकास कार्यक्रम अन्तर्गत प्राकृतिक विपद्को समयमा विस्थापितलाई तत्काल अस्थायी रूपमा आवास उपलब्ध गराउन मुलुकका विभिन्न स्थानमा हालसम्म १२ इमर्जेन्सी सेल्टर निर्माण भएको छ।

९.१० सुरक्षित आवास कार्यक्रमअन्तर्गत चालु आर्थिक वर्षको फागुनसम्म ९४ हजार ६ सय ३१ आवासमा फुसको छाना जस्तापाताले विस्थापन भएको छ। २०८१ फागुनसम्म यस्तो सङ्ख्या ८८ हजार ८ सय ७६ रहेको थियो।

भूकम्पपछिको पुनर्निर्माण (भवन तथा आवास)

९.११ २०७२ को भूकम्पले क्षतिग्रस्त भएका १ हजार १ सय ३६ स्वास्थ्य संस्थामध्ये २०८२ फागुनसम्म १ हजार ५१ संस्था पुनर्निर्माण भएका छन्। निजी आवास पुनर्निर्माणतर्फ २०८२ फागुनसम्म ८ लाख ३५ हजार १ सय ८५ लाभग्राहीको पहिचान भएकोमा ८ लाख ३४ हजार ३ सय ३ ले पहिलो किस्ता प्राप्त गरेका छन्। त्यसैगरी ७ लाख ७० हजार ८ सय ३८ लाभग्राहीले दोस्रो किस्ता र ७ लाख ४३ हजार ९ सय ८७ लाभग्राहीले अन्तिम किस्ता पाएका छन्। २०८२ फागुनसम्म ७ लाख ७३ हजार ९ सय ८७ निजी आवासको पुनर्निर्माण कार्य सम्पन्न भएको छ।

९.१२ जेनजी आन्दोलनबाट शहरी विकास तथा भवन निर्माण विभागको कार्यक्षेत्र भित्रका १२६ भवनमा सामान्य क्षति र १४४ भवनमा आंशिक वा पूर्णक्षति भएको थियो। क्षति भएका संरचनामध्ये सामान्य क्षतितर्फ ५८ संरचनाको पुनर्निर्माण कार्य सम्पन्न भएको छ भने ६० संरचनाको निर्माण कार्य शुरु भईसकेको छ।

स्थानीय पूर्वाधार

९.१३ स्थानीय पूर्वाधार अन्तर्गत २०८२ असारसम्म ६८ हजार ९३ किलोमिटर सडक विस्तार भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म थप ७ किलोमिटर सडक विस्तार भई ६८ हजार १ सय किलोमिटर सडक विस्तार भएको छ।

तालिका ९(ख): प्रादेशिक र स्थानीय सडक सञ्जालको विवरण

सडकको विवरण	२०७७ असार	२०७८ असार	२०७९ असार	२०८० असार	२०८१ असार	२०८२ असार	२०८२ फागुन
धुलो/कच्ची	४५६९३	४५९५९	४६५६२	४७३२०	४८४५८	४८६६५	४८६६५
ग्रावेल	१३१४६	१३३९२	१३६८९	१४०००	१४२६४	१४३३५	१४३३९
कालोपत्रे	४२१२	४३४५	४६०३	४७३७	४९०३	५०९३	५०९६
जम्मा	**६३०५१**	**६३६९६**	**६४८५४**	**६६०५७**	**६७६२५**	**६८०९३**	**६८१००**

स्रोतः शहरी विकास मन्त्रालय, २०८२

९.१४ स्थानीय सडक पूर्वाधार अन्तर्गत निर्माण भएका सडकमध्ये कालोपत्रे, ग्राभेल र कच्ची सडकको अंश क्रमशः ७.४८ प्रतिशत, २१.०६ प्रतिशत र ७१.४६ प्रतिशत रहेको छ।

९.१५ प्रदेश र स्थानीय स्तरका सडक सञ्जालमध्ये २०८२ फागुनसम्म निर्माण भएको ६८ हजार १ सय किलोमिटर सडकमध्ये हिमालमा १५.८५ प्रतिशत, पहाडमा ५५.०१ प्रतिशत र तराईमा २९.१४ प्रतिशत रहेको छ।

तालिका ९(ग): भौगोलिक क्षेत्रानुसार प्रादेशिक र स्थानीय सडक विस्तार (किलोमिटरमा)*

भौगोलिक	प्रादेशिक सडक	स्थानीय सडक	जम्मा
हिमाल	५२७३	५५१९	१०७९२
पहाड	१८६६४	१८८००	३७४६४
तराई	९९१०	९९३४	१९८४४
जम्मा	**३३८४७**	**३४२५३**	**६८१००**

स्रोतः शहरी विकास मन्त्रालय, २०८२ *फागुनसम्म

९.१६ स्थानीय पूर्वाधार अन्तर्गत २०८२ असारसम्म ७२२ सडकपुल निर्माण भएकोमा २०८२ फागुनसम्म यस्तो सङ्ख्या ७३० पुगेको छ। त्यसैगरी २०८२ असारसम्म ११ हजार २ सय २५ झोलुङ्गे पुल निर्माण भएकोमा २०८२ फागुनसम्म यस्तो सङ्ख्या ११ हजार २ सय ६६ पुगेको छ।


९.१७ स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत २०८२ असारसम्म १७७ स्थानीय तहको प्रशासकीय भवन निर्माण भएकोमा २०८२ फागुनसम्म १९३ पुगेको छ।

ऊर्जा

९.१८ जलविद्युत उत्पादन, प्रसारण तथा वितरण प्रणाली, ग्रामीण विद्युतीकरण लगायतका क्षेत्रमा उल्लेखनीय उपलब्धी हासिल भएको छ। आन्तरिक विद्युत खपत वृद्धि गर्दै औद्योगिक उत्पादन, यातायात तथा घरेलु क्षेत्रमा स्वच्छ ऊर्जाको उपयोग विस्तार गर्ने नीति कार्यान्वयनमा रहेको छ।

९.१९ २०८२ फागुनसम्म कुल जडित विद्युत क्षमता ४ हजार १ सय ५ मेगावाट रहेको छ। जसमध्ये जलविद्युत जडित क्षमता ३ हजार ७ सय ९८ मेगावाट, सौर्य ऊर्जा १४२ मेगावाट, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा उत्पादित विद्युत १०६.२४ मेगावाट, तापीय (थर्मल प्लान्ट) ऊर्जा ५३.४ मेगावाट र चिनी मिलबाट सह-उत्पादन प्रविधिमार्फत् उत्पादित विद्युत ६.० मेगावाट उत्पादन भएको छ।

चार्ट ९(क): स्रोतगत विद्युत उत्पादन क्षमताको विवरण (प्रतिशतमा)



स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, २०८२

९.२० नेपाल विद्युत प्राधिकरणद्वारा सञ्चालित विद्युत परियोजनाबाट ६६१.५७ मेगावाट, विद्युत प्राधिकरणको सहायक कम्पनी मार्फत् ७४८.४ मेगावाट र निजी क्षेत्रबाट सञ्चालित परियोजनाबाट २ हजार ५ सय ८७ मेगावाट गरी २०८२ फागुनसम्म ३ हजार ९ सय ९७ मेगावाट राष्ट्रिय ग्रीडमा जडान भएको छ।

९.२१ वैकल्पिक ऊर्जा सहित ९९.१ प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच पुगेको छ। सामुदायिक उपभोक्ता समेत विद्युत उपयोग गर्ने ग्राहकको सङ्ख्या २०८२ असारसम्म ५७ लाख ८ हजार रहेकोमा २०८२ फागुनसम्म ५८ लाख ५९ हजार पुगेको छ।

चार्ट ९(ख): विद्युत पहुँचको विवरण (ग्राहक सङ्ख्या हजारमा)



स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, २०८२ *फागुनसम्म

९.२२ राष्ट्रिय प्रसारण लाइन (६६ के.भी. र सो भन्दा माथिको लम्बाइ) २०८२ असारसम्म ७ हजार १ सय ६१ सर्किट किलोमिटर रहेकोमा २०८२ फागुनसम्म ७ हजार २ सय ८० सर्किट किलोमिटर पुगेको छ। २०८२ फागुनसम्म प्रसारण लाइन (३३ के.भी.) ८ हजार २ सय २५ सर्किट किलोमिटर पुगेको छ। २०८२ असारसम्म वितरण लाइन

(४००/२३० भोल्ट) १ लाख ५६ हजार ७ सय ९० सर्किट किलोमिटर रहेकोमा २०८२ फागुनसम्म १ लाख ७३ हजार ४३ सर्किट किलोमिटर पुगेको छ।

९.२३ विद्युत उत्पादनमा वृद्धि भएसँगै विद्युत आयातमाथिको निर्भरता कम हुँदै गएको छ। २०८२ फागुनसम्म भारततर्फ २ हजार ९ सय १८ गिगावाट घण्टा बराबरको विद्युत निर्यात भएको छ भने ५९० गिगावाट घण्टा विद्युत आयात भएको छ। गत आर्थिक वर्षमा भारततर्फ २ हजार ३ सय ३२ गिगावाट घण्टा विद्युत निर्यात र १ हजार ७ सय १२ गिगावाट घण्टा विद्युत आयात भएको थियो।

९.२४ विभिन्न आयोजनाको निर्माणबाट आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्म ६६६ मेगावाट विद्युत थप उत्पादन भई नेपालको विद्युत क्षमता ४ हजार ६ सय २६ मेगावाट पुग्ने अनुमान छ।

९.२५ २०८२ फागुनसम्म प्रसारणतर्फ ३ र वितरणतर्फ २ गरी ५ सब-स्टेशनको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएका छन्। त्यसैगरी १३२ के.भी.का ५ प्रसारण लाइन (१६३ सर्किट किलोमिटर) तथा ४०० के.भी. का १ प्रसारण लाइन (९.५२ सर्किट किलोमिटर) विस्तार भएका छन्। ग्रिड सवस्टेशनको क्षमता १३ हजार ७ सय ५४ मेगाभोल्ट एम्पियरबाट २१ हजार ६ सय ६० मेगाभोल्ट एम्पियर पुगेको छ।

९.२६ चालु आर्थिक वर्षको फागुनसम्म निजी क्षेत्रका जलविद्युत कम्पनीलाई थप २ हजार ४ सय मेगावाट जडित क्षमता बराबरको १५८ जलविद्युत आयोजनाको विद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्र दिईएको छ। यससँगै २०८२ फागुनसम्म २२५ आयोजनाको १० हजार ६ सय २९ मेगावाट जडित क्षमता बराबरको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी भएको छ।

९.२७ चालु आर्थिक वर्षको फागुनसम्म विद्युत खपत १० हजार १९ गिगावाट घण्टा (चुहावट बाहेक) बराबर पुगेको छ। गत आर्थिक वर्ष यस्तो खपत १३ हजार ६ सय ५३ गिगावाट घण्टा बराबर रहेको थियो।

तालिका ९(घ): क्षेत्रगत विद्युत खपत (गिगावाट घण्टामा)

क्षेत्र	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३*
गार्हस्थ	३१३८	३७१९	३८९७	४३०९	४७८२	३०२५
औद्योगिक	२८१६	३४४३	३५८६	३६९४	४१३६	२५४४
व्यापारिक	५११	६५५	७३७	८२६	८८०	५५३
अन्य	८०९	१००७	११४३	१३९८	१५२३	९७९
निर्यात	४४	४९३	१३३३	१९५१	२३३२	२९१८
जम्मा	**७३१८**	**९३१७**	**१०६९६**	**१२१७८**	**१३६५३**	**१००१९**

स्रोतः नेपाल विद्युत प्राधिकरण, २०८२ *फागुनसम्म

९.२८ आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म कुल विद्युत खपतको गार्हस्थ, औद्योगिक, व्यापारिक र अन्य क्षेत्रमा विद्युत खपत क्रमशः ३०.० प्रतिशत, २५.० प्रतिशत, ६.० प्रतिशत र १०.० प्रतिशत रहेको छ। यस अवधिमा २९.० प्रतिशत विद्युत निर्यात भएको छ।

नवीकरणीय ऊर्जा

९.२९ २०८१ फागुनसम्म नवीकरणीय ऊर्जा स्रोतबाट विद्युतको पहुँच पुगेको जनसङ्ख्या करिब ८.५ प्रतिशत रहेकोमा २०८२ फागुनसम्म यस्तो जनसङ्ख्या ८.६ प्रतिशत पुगेको छ। त्यसैगरी ३६ लाख घरधुरीले विभिन्न प्रयोजनमा नवीकरणीय ऊर्जाको प्रयोग गरेका छन्।


९.३० आर्थिक वर्ष २०८१/८२ मा वैकल्पिक ऊर्जा अन्तर्गतका लघु तथा साना जलविद्युत आयोजनाबाट उत्पादित विद्युत ४०.७१ मेगावाट रहेकोमा चालु आर्थिक वर्षको फागुनसम्म थप १४७ किलोवाट उत्पादन भएको छ। त्यस्तै आर्थिक वर्ष २०८१/८२ मा सौर्य ऊर्जा प्रविधिबाट ६२.७ मेगावाट विद्युत उत्पादन भई विद्युतीकरण भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म ११८ किलोवाट विद्युत उत्पादन भएको छ।

९.३१ आर्थिक वर्ष २०८१/८२ मा घरायसी बायोग्याँसतर्फ ४ हजार ३ सय ८६ प्लान्ट जडान भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म ४ हजार ६ सय २७ प्लान्ट जडान भएको छ। त्यसैगरी आर्थिक वर्ष २०८१/८२ मा सुधारिएको चुलो/विद्युतीय चुलो जडान तर्फ ४७ हजार ४ सय २० चुलो जडान भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म यस्तो सङ्ख्या ३८ हजार ६ सय रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा विद्युतीय चुलोतर्फ २६ हजार २ सय ५६ विद्युतीय चुलो जडान भएको थियो।

ऊर्जा खपतको स्रोत

९.३२ विद्युतको उत्पादन बढेसँगै कुल ऊर्जा खपतमा परम्परागत स्रोत (विशेषगरी दाउरा) को हिस्सा क्रमशः घट्दै गएको छ। चालु आर्थिक वर्षको फागुनसम्म परम्परागत, व्यापारिक र नवीकरणीय स्रोतबाट गरी ८ हजार २४ ToE बराबर ऊर्जा खपत भएको छ। गत आर्थिक वर्ष यस्तो खपत १२ हजार १९ ToE बराबर ऊर्जा खपत भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म कुल खपत ऊर्जामध्ये दाउरा ४८.९ प्रतिशत, पेट्रोलियम पदार्थ २१.८ प्रतिशत, विद्युत १२.१ प्रतिशत र अन्य १७.२ प्रतिशत रहेको छ।

चार्ट ९(ग): ऊर्जा खपतको स्रोतगत विवरण (प्रतिशतमा)



स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, २०८२ *फागुनसम्म

१०. भौतिक पूर्वाधार, यातायात तथा सञ्चार

१०.१ गुणस्तरीय भौतिक पूर्वाधार, यातायात तथा सञ्चार क्षेत्र मुलुकको आर्थिक सामाजिक विकासका अनिवार्य पूर्व शर्त हुन्। सडक, पुल, सार्वजनिक यातायात र सञ्चार जस्ता पूर्वाधार विकासमा संघ, प्रदेश र स्थानीय तहको उल्लेख्य लगानी अभिवृद्धि भएको छ। भौतिक पूर्वापूर्वाधार क्षेत्रमा सार्वजनिक लगानी क्रमशः बढ्दै गएसँगै सङ्घीय सरकारबाट निर्मित कालोपत्रे सडकको घनत्व १३८.७ मिटर प्रति वर्ग किलोमिटर पुगेको छ। यद्यपि, सडक पूर्वाधारको गुणस्तर अभिवृद्धि गर्दै यातायातलाई सुरक्षित र भरपर्दो बनाउँदै जानुपर्ने देखिन्छ।

१०.२ सूचना प्रविधिको पहुँच आम क्षेत्रमा पुगेको छ। तीन तहका सरकारमा इ-गभर्नेन्स प्रणाली विस्तार हुँदै गएको छ। डिजिटल टेलिभिजनको पहुँच ८२.० प्रतिशत घरधुरीमा पुगेको छ। मोबाइल टेलिफोन ग्राहकको घनत्व जनसङ्ख्याको १०३.२ प्रतिशत पुगेको छ।

सडक यातायात

१०.३ २०८२ फागुनसम्म रणनीतिक सडक सञ्जाल र स्थानीय सडक सञ्जाल गरी २० हजार ४ सय ५६ किलोमिटर कालोपत्रे, ७ हजार ६ सय २ किलोमिटर ग्रावेल र ८ हजार ७ सय ४८ किलोमिटर कच्ची सडक गरी सडकको लम्बाई ३६ हजार ८ सय ६ किलोमिटर पुगेको छ। २०८२ असारसम्म २० हजार ४३ किलोमिटर कालोपत्रे, ७ हजार ५ सय ११ किलोमिटर ग्रावेल र ८ हजार ६ सय ७२ किलोमिटर कच्ची सडक गरी सडकको लम्बाई ३६ हजार २ सय २६ किलोमिटर रहेको थियो।

तालिका १०(क): सङ्घीय सरकारबाट गरिएको सडक विस्तार (किलोमिटरमा)

विवरण	असारसम्म						२०८२ फागुनसम्म
	२०७७	२०७८	२०७९	२०८०	२०८१	२०८२	
कालोपत्रे	१५४२४	१६६१४	१७२३२	१८०५२	१८८०८	२००४३	२०४५६
ग्रावेल	८६२२	८१७१	७८८८	७६९६	८०२४	७५११	७६०२
कच्ची सडक	९१९८	८९३१	८८७६	८४९१	८६५८	८६७२	८७४८
जम्मा	**३३२४४**	**३३७१६**	**३३९९६**	**३४२३९**	**३५४९०**	**३६२२६**	**३६८०६**


स्रोतः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, २०८२

द्रष्टव्यः सडक विभागबाट कार्यान्वयन भएका सडकमात्र समावेश गरिएको।

१०.४ आर्थिक वर्ष २०८१/८२ मा ३०१ किलोमिटर कच्ची सडक (नयाँ सडक) निर्माण भएको छ। त्यसैगरी यस अवधिमा २८७ किलोमिटर ग्रावेल स्तरमा, १ हजार २ सय ३५ किलोमिटर कालोपत्रेस्तरमा र ९६ किलोमिटर सडक कंक्रिट ढलान (Rigid

Pavement) मा स्तरोन्नति भएको छ। साथै यस अवधिमा ३७० किलोमिटर आवधिक मर्मत र ११८ पुल निर्माण भएका छन्।

चार्ट १०(क): सङ्घीय सरकारबाट निर्माण भएको सडकको स्थिति (किलोमिटरमा)



स्रोतः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, २०८२

१०.५ आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म ७६ किलोमिटर कच्ची सडक (नयाँ सडक) निर्माण भएको छ। यस अवधिमा ९१ किलोमिटर ग्रावेल स्तरमा र ४१३ किलोमिटर कालोपत्रे स्तरमा सडक स्तरोन्नति भएको छ। त्यसैगरी, ६३.३ किलोमिटर सडकको आवधिक मर्मत भएको छ। साथै, १०२ पुलको निर्माण सम्पन्न भएको छ।

तालिका १०(ख): सडक सञ्जालको स्थिति

विवरण	इकाई	आर्थिक वर्ष				फागुनसम्म
		२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३
नयाँ सडक निर्माण	किलोमिटर	२८०	२४३	१६७	३०१	७६
ग्रावेल स्तरमा	किलोमिटर	३३५	६२८	३२८	२८७	९१
कालोपत्रे स्तरमा स्तरोन्नति	किलोमिटर	६१८	८२०	७५६	१२३५	४१३
सडक मर्मत (नियमित/पटके)	किलोमिटर	७८००	७८२१	७८२१	४०७५	२२४७
आवधिक सडक मर्मत	किलोमिटर	२५०	५३८	६५१	३७०	६३.३
पुल निर्माण	वटा	२८२	२२२	२०२	११८	१०२

स्रोतः सडक विभाग, २०८२

राष्ट्रिय गौरवका तथा अन्य सडक आयोजना

१०.६ मध्यपहाडी (पुष्पलाल) लोकमार्गको १ हजार ८ सय ७९ किलोमिटरमध्ये २०८२ असारसम्म १ हजार ५ सय १० किलोमिटर कालोपत्रे सम्पन्न भएकोमा चालु आर्थिक

वर्षको फागुनसम्म थप १९ किलोमिटर सडक कालोपत्रे भई १ हजार ५ सय २९ किलोमिटर पुगेको छ। लोकमार्गमा पर्ने १३७ पुलमध्ये २०८२ फागुनसम्म ११४ पुलको निर्माण सम्पन्न भएको छ।

१०.७ हुलाकी लोकमार्गको १ हजार ८ सय ५७ किलोमिटरमध्ये २०८२ असारसम्म १ हजार ३ सय ५२ किलोमिटर (लिङ्क सडक सहित) कालोपत्रे सम्पन्न भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म थप २९ किलोमिटर सडक कालोपत्रे भई १ हजार ३ सय ८१ किलोमिटर पुगेको छ। यस अन्तर्गतका २५० पुलमध्ये २०८२ फागुनसम्म १४३ पुलको निर्माण सम्पन्न भएको छ।

१०.८ उत्तर-दक्षिण लोकमार्ग कालीगण्डकी कोरिडोर (४९५ किलोमिटर) अन्तर्गत गैडाकोट-राम्दी-मालढुङ्गा खण्ड (२९३ किलोमिटर) सडकखण्ड मध्ये २०८२ फागुनसम्म २९२ किलोमिटर सडक कालोपत्रे तथा ३६ पुलको निर्माण सम्पन्न भएको छ। २०८२ असारसम्म मालढुङ्गा-बेनी-जोमसोम-कोरला खण्ड (२०२ किलोमिटर) अन्तर्गत ८७ किलोमिटर सडक ग्रावेलमा स्तरोन्नति, ८१ किलोमिटर सडक कालोपत्रेस्तरमा स्तरोन्नति र १५ पुलको निर्माण सम्पन्न भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म यस खण्डमा थप ६ किलोमिटर सडक कालोपत्रे भई २०८२ फागुनसम्म कालोपत्रे सडकको लम्बाई ८७ किलोमिटर पुगेको छ। साथै, यस अवधिसम्म १६ पुल निर्माण सम्पन्न भएको छ।

१०.९ कर्णाली कोरिडोर (२६९ किलोमिटर) अन्तर्गत २०८२ असारसम्म २६८.८ किलोमिटर ट्रयाक निर्माण भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म ०.२ किलोमिटर थप ट्रयाक निर्माण भई सम्पूर्ण ट्रयाक निर्माण सम्पन्न भएको छ। यस करिडोर अन्तर्गत हालसम्म ४१.५ किलोमिटर ग्राभेल सडकको निर्माण सम्पन्न भएको छ। २०८२ फागुनसम्म करिडोर अन्तर्गत लालिबगरदेखि दुल्लिकुना ११.० किलोमिटर र घाटपारीचौर, बद्रिगाउँ देखि भुक्काखोला खण्डको ७.९ किलोमिटर गरी १८.९ किलोमिटर नयाँ ट्रयाकको निर्माण सम्पन्न भएको छ।

१०.१० कोशी कोरिडोर (१६२ किलोमिटर) अन्तर्गत चालु आर्थिक वर्षको फागुनसम्म थप १४ किलोमिटर सडक कालोपत्रे भएको छ भने थप ११ पुलको निर्माण सम्पन्न भएको छ। २०८२ असारसम्म च्यामताङ्ग-घोङघप्पा सडक खण्डको १०.५१ किलोमिटर नयाँ ट्रयाक निर्माण सम्पन्न भएको छ। यस खण्ड अन्तर्गत २०८२ फागुनसम्म ३.९ किलोमिटर सडक ग्रावेलमा स्तरोन्नति गर्ने कार्य सम्पन्न भएको छ।

१०.११ मदन भण्डारी राजमार्ग आयोजनाको कार्यक्षेत्र भित्र पर्ने ७४० किलोमिटर सडकमध्ये २०८२ असारसम्म ३६५ किलोमिटर सडक कालोपत्रे भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म थप ३०.५ किलोमिटर सडक कालोपत्रे भई २०८२ फागुनसम्म ३९५.५ किलोमिटर सडक कालोपत्रे भएको छ। यस राजमार्गमा पर्ने १८५ पुलमध्ये

२०८२ असारसम्म १४४ पुल निर्माण भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म थप एक गरी २०८२ फागुनसम्म १४५ पुलको निर्माण भएको छ।

१०.१२ गल्छी-त्रिशुली-मैलुङ्ग-स्याफ्रुवेशी-रसुवागढी सडक (८२ किलोमिटर) मध्ये २०८२ असारसम्म ३९.० किलोमिटर दुई लेन सडक कालोपत्रे र २२ पुल निर्माण भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म थप एक पुलको निर्माण भई २०८२ फागुनसम्म २३ पुल निर्माण भएका छन्।

१०.१३ नारायणघाट-बुटवल सडक (११३ किलोमिटर) अन्तर्गत २०८२ फागुनसम्म ९५.५ किलोमिटर सडक चार लेनमा र ७.५ किलोमिटर सडक दुई लेनमा कालोपत्रे भएको छ। यस सडक खण्ड अन्तर्गत २०८२ फागुनसम्म ४१ सामान्य पुल र २० मुख्य पुलको निर्माण भएको छ।

१०.१४ कन्चनपुर-कमला सडक खण्ड (८७ किलोमिटर) अन्तर्गत २०८२ फागुनसम्म ४६.५ किलोमिटर ४ लेनमा र २०.८ किलोमिटर सडक २ लेनमा कालोपत्रे भएको छ।

१०.१५ मुग्लिन-पोखरा सडक खण्ड (८०.३३ किलोमिटर) अन्तर्गत ७८.४ किलोमिटर चार लेन सडकमा प्रथम तहको कालोपत्रे भएको छ। दमौलीस्थित मादी नदी पुल अन्तर्गत ६ मध्ये ४ स्पानको निर्माण सम्पन्न भएको छ।

१०.१६ सिद्धबाबा सुरुङ मार्ग अन्तर्गत २०८२ फागुनसम्म १ हजार १ सय २६ मिटर मुख्य सुरुङको कंक्रिट लाइनिङ्को निर्माण कार्य सम्पन्न भएको छ। त्यसैगरी बाइपास सुरुङ पहिलोको १५१ मिटर लम्बाईमध्ये १४८ मिटर, बाईपास सुरुङ दोस्रोको १६१ मिटरमध्ये १५८ मिटर र बाईपास सुरुङ तेस्रोको १३० मिटरमध्ये १२८ मिटरको फाइनल कंक्रिट लाईनिङ्गको निर्माण कार्य सम्पन्न भएको छ।

१०.१७ नागढुङ्गा सुरुङमार्ग अन्तर्गत २०८२ असारसम्म टनेल संरचनाको सम्पूर्ण कार्य सम्पन्न भएको छ। यससँगै लाइटिङ्ग, भेन्टिलेसन, आगलागी नियन्त्रण, पावर सप्लाई तथा आन्तरिक सूचना प्रणालीसँग सम्बन्धित यन्त्र/उपकरणको जडान कार्य समेत सम्पन्न भएको छ। नारायणी नदीमा सिग्नेचर पुल निर्माणको कार्य आरम्भ भएको छ।

१०.१८ काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाअन्तर्गत रहेका जम्मा ७ सुरुङ्गमध्ये २०८२ फागुनसम्म सबै सुरुङ निर्माणाधीन अवस्थामा रहेका छन्। यस आयोजना अन्तर्गत निर्माण हुने पुलमध्ये २०८२ फागुनसम्म ८१ मिटर उचाईसम्मका पुलसमेत १३ पुलको सुपरस्ट्रक्चरसम्म, ५४ स्थानका पुलको फाउण्डेसनसम्म र ३४ स्थानका पुलको सबस्ट्रक्चरसम्मको निर्माण कार्य सम्पन्न भएको छ।

यातायात क्षेत्र

१०.१९ चालु आर्थिक वर्षको फागुनसम्म ४३ हजार ७ सय ५० थान सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड) वितरण भएको छ। यससँगै, हालसम्म (२०८२ फागुनसम्म) ४१ लाख १४ हजार १ सय ८१ थान सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड) वितरण भएको छ।

१०.२० चालु आर्थिक वर्षको फागुनसम्म ८७ हजार १४ थान इम्बोस्ड नम्बर प्लेट उत्पादन भएको छ भने ५ हजार १ सय ८६ थान जडान भएको छ। २०८२ फागुनसम्म ८ लाख ३१ हजार ५९ थान इम्बोस्ड नम्बर प्लेट उत्पादन भएकोमा ८८ हजार ३ सय ४० थान मात्र जडान भएको छ। इम्बोस्ड नम्बर प्लेट जडान प्रक्रियालाई सरल, व्यवस्थित र प्रभावकारी बनाउने सम्बन्धमा इम्बोस्ड सवारी नम्बर प्लेट (EVNP) जडान सम्बन्धी निर्देशिका, २०८१ स्वीकृति भई कार्यान्वयनमा रहेको छ।

१०.२१ आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म बस, मिनिबस, ट्रक, माईक्रोबस, कार, मोटरसाइकल लगायतका विभिन्न २ लाख ८१ हजार ९ सय २१ यातायातका साधन दर्ता भएका छन्। २०८२ फागुनसम्म यस्तो सङ्ख्या ६२ लाख ४९ हजार ७ सय ३२ पुगेको छ। दर्ता भएका सवारी/यातायातका साधनमध्ये ५० लाख भन्दा बढी मोटरसाईकल रहेका छन्।

रेल यातायात

१०.२२ पूर्व पश्चिम विद्युतीय रेलमार्ग अन्तर्गत २०८२ फागुनसम्म बर्दिबास-निजगढ रेलमार्ग (८२ कि.मी) मध्ये बर्दिबास चोचा खण्डमा कुल ६८.६ कि.मी ट्रयाक वेड र १६ रेल पुल निर्माण भएको छ।

१०.२३ नेपाल भारत अन्तरदेशीय रेलमार्ग अन्तर्गत निर्माणाधिन जयनगर-जनकपुर-बर्दिबास (६९ किलोमिटर) रेलमार्ग मध्ये जयनगर-जनकपुर-भंगाहा रेलमार्गमा ५२ किलोमिटर यात्रु बाहक रेल सेवा सञ्चालनमा रहेको छ। साथै १७ किलोमिटर लम्बाईको भंगाहा (विजलपुरा)-बर्दिबास खण्डमा रेलमार्ग निर्माणका लागि जग्गा अधिग्रहणको कार्य सम्पन्न हुने चरणमा रहेको छ। बथनाहा-विराटनगर (१८ किलोमिटर) रेलमार्गमध्ये बथनाहा-विराटनगर (१० कि.मी) रेलमार्ग निर्माण भई भारतको बथनाहा देखी नेपाल कस्टम यार्ड (८ किलोमिटर) सम्म कार्गो रेल सेवा सञ्चालन हुने चरणमा रहेको छ।

१०.२४ नेपाल चीन अन्तरदेशीय रेलमार्ग अन्तर्गत केरुङ्ग-काठमाडौं रेलमार्गको सम्भाव्यता अध्ययन अन्तर्गत यस आर्थिक वर्षको फागुनसम्म भौगर्भिक अन्वेषणको कार्य करिब ९० प्रतिशत सम्पन्न भएको छ।

तालिका १०(ग): रेलमार्गसम्बन्धी विवरण

विवरण	इकाई	२०७९ असार	२०८० असार	२०८१ असार	२०८२ असार	२०८२ फागुन
रेलमार्ग निर्माण	किलोमिटर	६२.०	६२.०	६२.०	६२.०	६२.०
रेल ट्रयाकबेड निर्माण#	किलोमिटर	५२.५	५९.०	६३.०	६८.०	६८.६
रेलवे पुल निर्माण (बर्दिबास निजगढ खण्ड)	सङ्ख्या	५	९	१३	१६	१६
सञ्चालित यात्रुबाहक	किलोमिटर	५१.०	५१.०	५१.०	५१.०	५१.०

स्रोतः रेल विभाग, २०८२

#पूर्व पश्चिम विद्युतीय रेलमार्ग योजना, बर्दिबास-निजगढ-हेटौंडा खण्ड र निजगढ-विरगञ्ज लिङ्क

सञ्चार तथा सूचना प्रविधि

१०.२५ इन्टरनेट ग्राहकको घनत्व २०८२ फागुनसम्म १४५.७ प्रतिशत पुगेको छ। डिजिटल टेलिभिजनको पहुँच ८२.० प्रतिशत घरधुरीमा पुगेको छ। मोबाइल ब्रोडव्याण्ड घनत्व जनसङ्ख्याको १००.३ प्रतिशत पुगेको छ।

१०.२६ २०८२ फागुनसम्म २२० निकाय सरकारी एकीकृत कार्यालय व्यवस्थापन प्रणालीमा आबद्ध भई १४० निकायले यस प्रणाली मार्फत कार्य प्रारम्भ गरेका छन्।

१०.२७ २०८२ फागुनसम्म दैनिक ७७४, अर्धसाप्ताहिक ३८, साप्ताहिक ३ हजार १ र अन्य ४ हजार २ सय ४५ गरी ८ हजार ५८ पत्रपत्रिका दर्ता भएका छन्। २०८२ असारसम्म दैनिक ७७३, अर्धसाप्ताहिक ३८, साप्ताहिक २ हजार ९ सय ९६ र अन्य ४ हजार २ सय ३७ गरी ८ हजार ४४ पत्रपत्रिका दर्ता भएका थिए।

तालिका १०(घ): दर्ता भएका पत्रपत्रिकाको विवरण

किसिम	२०७८ असार	२०७९ असार	२०८० असार	२०८१ असार	२०८२ असार	२०८२ फागुन
दैनिक	७४५	७४५	७९३	७६६	७७३	७७४
अर्धसाप्ताहिक	४०	४०	४०	४०	३८	३८
साप्ताहिक	२९६६	२९७१	२९७५	२९८७	२९९६	३००१
पाक्षिक	४८०	४८०	४८०	४८३	४८७	४९०
मासिक	२३५०	२३५२	२३५५	२३८७	२३९२	२३९२
द्वैमासिक	३८५	३८६	३८७	३९५	३९८	३९९
त्रैमासिक	६५१	६५१	६५२	६६३	६६९	६७३
चौमासिक	४०	४०	४३	४०	४१	४१
अर्ध वार्षिक	८७	८७	९१	९३	९४	९४
वार्षिक	९८	९८	९९	९५	९५	९५
अन्य	-	२९	२९	६१	६१	६१
जम्मा	**७८४२**	**७८७९**	**७९४४**	**८०१०**	**८०४४**	**८०५८**


स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०८२

१०.२८ गोरखापत्र दैनिक अन्तर्गत नयाँ नेपाल बहुभाषा पृष्ठमा सन्थाल र हायु भाषा थप भएपछि हाल यस अन्तर्गत प्रकाशित हुने भाषाको सङ्ख्या ४८ पुगेको छ।

१०.२९ २०८२ फागुनसम्म वैदेशिक डाँक ढुवानी कार्य ७१ देशका ९२ गन्तव्यमा विस्तार भएको छ। द्रुत डाँक सेवा ४५ जिल्ला र साधारण हुलाक सेवा सबै स्थानीय तहमा विस्तार भएको छ। अन्तर्राष्ट्रिय हवाई द्रुत डाँक सेवा ३९ देशमा विस्तार भएको छ।

१०.३० रेडियो नेपालको पहुँच २०८२ फागुनसम्म ९४ प्रतिशत जनसङ्ख्यामा पुगेको छ। राज्यले अवलम्बन गरेको समावेशी नीतिअनुरुप रेडियो नेपालबाट विभिन्न २५ भाषामा समाचार र २६ भाषामा कार्यक्रम प्रसारण हुँदै आएका छन्।

चार्ट १०(ख): रेडियो नेपालको प्रसारण पहुँचको अवस्था (जनसङ्ख्याको प्रतिशतमा)



स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०८२ *फागुनसम्म

१०.३१ २०८२ फागुनसम्म नियमित प्रसारणमा रहेका एफ.एम. र टेलिभिजनको सङ्ख्या क्रमशः ७३७ र ११३ रहेको छ।

तालिका १०(ङ): श्रव्य-दृष्यसम्बन्धी इजाजत (सङ्ख्या)

विवरण	२०७८ असार	२०७९ असार	२०८० असार	२०८१ असार	२०८२ असार	२०८२ फागुन
एफ. एम. रेडियो नियमित प्रसारण	६८९	७०७	७१४	७२२	७३५	७३७
टेलिभिजन लाईसेन्स	१९३	२३३	२४३	२४५	२४९	२५२
टेलिभिजन नियमित प्रसारण	६२	८६	१०२	१०६	१०९	११३
केबुल टेलिभिजन	८५३	८५३	८५३	८५३	८५३	८५३
डि.टि.एच.	३	३	३	३	३	३
डाउनलिङ्कको इजाजत	१३८	१४१	१४२	१४२	१४५	१४७
VHF/UHF वाकीटकी	१०२०	१०९४	११३१	११४७	११७०	११८२
रेडियो यन्त्र बिक्री वितरण	२६३	२९३	३०७	३१६	३२८	३२९
कथानक चलचित्र जाँच पास सङ्ख्या	२९	९६	१४८	१६६	६९	१३२
विज्ञापन चलचित्र जाँचपास सङ्ख्या	३३	५९	३२	२७	२८	२१
विदेशी चलचित्र छायाङ्कनको ईजाजत	३३	२८	७१	५३	३०	२५
आइ.पी. टेलिभिजन ईजाजत	१४	१६	१६	१७	१७	१७

स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०८२

१०.३२ चालु आर्थिक वर्षको फागुनसम्म १८७ अनलाईन सञ्चार संस्था दर्ता भएका छन् भने १ हजार ५ सय १ अनलाईन सञ्चार संस्था नवीकरण भएका छन्। यस अवधिमा ३६ थप भई २०८२ फागुनसम्म ४ हजार ९ सय ७८ अनलाईन सञ्चार माध्यम सूचीकृत भएका छन्।

१०.३३ २०८२ फागुनसम्म ३ करोड ९६ हजार ७ सय ७६ टेलिफोन प्रयोगमा रहेका छन्। २०८२ असारसम्म यस्तो सङ्ख्या २ करोड ९७ लाख २७ हजार ९ सय १६ रहेको थियो। मोबाइल सेवाको विस्तारसँगै आधारभुत (फिक्स्ड) टेलिफोनको सङ्ख्या घट्दै गएको छ।

तालिका १०(च): टेलिफोन सेवा विस्तार (सङ्ख्या हजारमा)

सेवा	२०७९ असार	२०८० असार	२०८१ असार	२०८२ असार	२०८२ फागुन
आधारभूत (फिक्स्ड)	८२५	८३२	५९६	४१३	४१५
मोबाइल	४१४५५	३३९४८	३५६२७	२९३१४	२९६८०
अन्य	२.९८६	२.९८६	२.९८६	१.०८८	१.१६१
जम्मा	**४२२८३**	**३४७८३**	**३६२२६**	**२९७२८**	**३००९६**

स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०८२

१०.३४ नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायकमार्फत उपलब्ध गराएको डाटा/इन्टरनेट सेवा २०८२ फागुनसम्म ४ करोड २४ लाख ८९ हजार प्रयोगकर्ताले प्रयोग गरेका छन्।

तालिका १०(छ): डाटा/इन्टरनेट सेवा प्रयोगकर्ता (सङ्ख्या हजारमा)

सेवा प्रदायक	२०७९ असार	२०८० असार	२०८१ असार	२०८२ असार	२०८२ फागुन
नेपाल दूरसञ्चार कम्पनी लिमिटेड	२०६९९	२०३६६	२२३३४	१६३००	१६८९२
एनसेल प्रा.लि.	९१८४	८९१४	८७८७	११७४५	१२१३४
स्मार्ट टेलिकम प्रा.लि.	१४६	-	-	-	-
इन्टरनेट सेवा प्रदायकहरू	८३९२	१०५२८	१०९४२	१२६५१	१३४६३
जम्मा	**३८४२१**	**३९८०८**	**४२०६३**	**४०६९६**	**४२४८९**

स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०८२

१०.३५ २०८२ फागुनसम्म इन्टरनेट ग्राहकको घनत्व १४५.७ प्रतिशत पुगेको छ। यस्तो घनत्व २०८२ असारसम्म १३९.५ प्रतिशत रहेको थियो। हालसम्म फोरजी (4G) सेवाको पहुँच ८९.६ प्रतिशत जनसङ्ख्यामा पुगेको छ। १५० सरकारी निकायका वेबसाइट सञ्चालनमा आएका छन्।

तालिका १०(ज): मोबाइल र इन्टरनेट सम्बन्धी विवरण

उपक्षेत्रगत कार्यक्रम	इकाई	२०७९ असार	२०८० असार	२०८१ असार	२०८२ असार	२०८२ फागुन
इन्टरनेट ग्राहकको घनत्व	प्रतिशत	१३०.६	१३५.९	१४४.२	१३९.५	१४५.७
मोबाइल टेलिफोन ग्राहकको घनत्व	प्रतिशत	१४३.६	११९.३	१२४.२	१०१.९	१०३.२
मोबाइल टेलिफोन ग्राहक	जनासङ्ख्या (लाख)	४२०	३४७	५९६	२९७	३०१
स्थानीय तहको केन्द्रमा ब्रोडव्याण्ड इन्टरनेट पहुँच	सङ्ख्या	७३८	७५३	७५३	७५३	७५३
अप्टिकल फाइवर विस्तार*	किलोमिटर	१२२२४	१२३३८	१५०००	१७६४९	१९२३९
फिक्स ब्रोडव्याण्ड सेवा विस्तार	प्रतिशत	३२.१८	४०.३०	४२.२२	४८.६८	५१.८५
मोबाइल ब्रोडव्याण्ड सेवा विस्तार	प्रतिशत	९८.५५	९५.६०	१०२.०१	९०.८६	९३.८४

स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०८२ *२४ कोर र सो भन्दा बढी

१०.३६ एस.एम.एस. प्रणालीमार्फत् २०८२ असारसम्म १२५ निकायद्वारा ४ करोड २७ लाख ९ हजार पटक एस.एम.एस. प्रवाह भएको छ। विभिन्न ८० सरकारी निकायका एक सय सूचना प्रणालीको सुरक्षा लेखापरीक्षण (Security Audit) सम्पन्न भएको छ।

१०.३७ राष्ट्रिय एआई नीति (National AI Policy), २०८२ तर्जुमा भई कार्यान्वयनमा रहेको छ। साथै नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) दिग्दर्शन, २०८२ कार्यान्वयनमा आएको छ।

१०.३८ साझा पूर्वाधारमार्फत सरकारी निकायलाई कम लागतमा तुरुन्त सर्भर, स्टोरेज र नेटवर्क उपलब्ध गराउँदै आएको सरकारी क्लाउडमा २०८२ फागुनसम्म ३४५ सरकारी निकायका सूचना प्रविधि प्रणाली सञ्चालन (होस्ट) गर्न स्रोत उपलब्ध भएको छ।

११. सामाजिक क्षेत्र

११.१ सामाजिक क्षेत्रमा मुलुकले अघि बढाएका नीतिगत, संस्थागत तथा प्रणालीगत सुधारले सामाजिक विकासका सूचकमा उल्लेख्य सुधार हुँदै गएको छ। आधारभूत शिक्षा र स्वास्थ्यको पहुँचमा वृद्धि हुँदै गएको छ। जन्म हुँदाको अपेक्षित आयु, पाँच वर्ष मुनिको बाल मृत्युदर, किशोरी अवस्थाको प्रजनन दर, कुल तथा खुद भर्नादर, लैङ्गिक समता सूचक, आधारभूत खानेपानीको पहुँच पुगेको जनसङ्ख्यामा वृद्धि भएको छ। सामाजिक सुरक्षाको दायरा थप फराकिलो हुँदै गएको छ।

स्वास्थ्य क्षेत्र

११.२ मातृ मृत्युदरमा उल्लेखनीय सुधार भएको छ। नवजात शिशु मृत्युदर, शिशु मृत्युदर तथा ५ वर्षमुनिको बाल मृत्युदर घटेको छ। स्वास्थ्य संस्थामा प्रसूति गराउने गर्भवती महिलाको अनुपातमा वृद्धि भएको छ। नेपाल परिवार स्वास्थ्य सर्वेक्षण, १९९६ अनुसार मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) ५३९ रहेकोमा राष्ट्रिय जनगणना, २०७८ अनुसार १५१ मा रहेको छ। सन् २०११ को तुलनामा नवजात शिशु मृत्युदर ३३ बाट २०२५ मा १७ (प्रति हजार जीवित जन्ममा) घटेको छ।


तालिका ११(क): स्वास्थ्य सम्बन्धी सूचक

सूचक	२०११	२०१६	२०२४	२०२५
	जनगणना २०६८ मा आधारित	संयुक्त राष्ट्रसंघको प्रक्षेपणमा आधारित	स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली	स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली
औसत आयु (जन्म) हुँदाको)	६६.६	६८.८	७१.३*	७१.३#
कुल प्रजनन दर (सङ्ख्या प्रति महिला)	२.६	२.३	१.९*	१.९#
परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर (प्रतिशत)	४३.२	४२.८	४२.७	४२.७
नवजात शिशु मृत्युदर (प्रति १००० जीवित जन्ममा, जन्मेको २८ दिनभित्र)	३३.०	१७.०*	२१.०	१७$
शिशु मृत्युदर (प्रति १००० जीवित जन्ममा, जन्मेको १ वर्षभित्र)	४६.०	३२.०	२८.०	२७.०$
५ वर्षमुनिको बाल मृत्युदर (प्रति १००० जीवित जन्ममा)	५४.०	३९.०	३३.०	३१$
कम्तीमा ४ पटक गर्भ जाँच गराउने गर्भवती महिला (प्रतिशतमा)*	५०.१	६९.४	८८.४	८८.४
दक्ष प्रसूतिकर्मीबाट प्रसूति गराउने गर्भवती महिला (प्रतिशतम)	३६.०	५८.०	७४.०	७४.०
स्वास्थ्य संस्थामा प्रसूति गराउने गर्भवती महिला (प्रतिशतमा)	३५.३	५७.४	७७.९	९०.०
पूर्ण रूपमा खोप लगाउने बालबालिका (प्रतिशतमा)	८७.०	७७.८	९५.९	९२.०

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८२ #राष्ट्रिय जनगणना, २०७८ $NMICS-२०२५

११.३ शिशु मृत्युदर सन् २०११ को ४६ (प्रति हजार जीवित जन्ममा) बाट २०२५ मा २७ (प्रति हजार जीवित जन्ममा) मा घटेको छ। त्यसैगरी, ५ वर्षमुनिको बाल मृत्युदर ५४ (प्रति हजार जीवित जन्ममा) बाट २०२५ मा ३१ (प्रति हजार जीवित जन्ममा) घटेको छ। पूर्ण रूपमा खोप लगाउने बालबालिकाको अनुपातमा भने कमी आएको छ।

चार्ट ११(क): स्वास्थ्य क्षेत्रका सूचकको स्थिति




स्रोतः नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२

स्वास्थ्य सेवा तथा जनशक्ति

११.४ प्रति हजार जनसङ्ख्यामा चिकित्सक तथा नर्सको सङ्ख्या वृद्धि भएको छ। २०८२ फागुनसम्म नेपाल मेडिकल काउन्सिल तथा नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएका स्वास्थ्यकर्मी बमोजिम नेपालमा प्रति हजार जनसङ्ख्यामा १.८६ चिकित्सक र ४.४२ नर्स रहेका छन्। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या क्रमशः १.१ चिकित्सक र २.८६ नर्स रहेको थियो।

चार्ट ११(ख): स्वास्थ्य जनशक्तिको पहुँच



स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८२

११.५ २०८२ फागुनसम्म डाक्टर, नर्स/अ.न.मी., कविराज, वैद्य, स्वास्थ्य सहायक र महिला स्वास्थ्य स्वयंसेविका समेत गरी जम्मा १ लाख ४ हजार ७ सय ५६ स्वास्थ्य जनशक्ति सरकारी सेवामा कार्यरत रहेका छन्।

तालिका ११(ख): स्वास्थ्य संस्था, शैय्या र सरकारी सेवामा रहेका जनशक्तिको विवरण

विवरण	असारसम्म				
	२०७८	२०७९	२०८०	२०८१	२०८२
१. स्वास्थ्य संस्था	७५६६	७५९८	७८५८	८७४६	८९७६
क) अस्पताल	१२५	१५४	२१५	३४५	४२०*
ख) प्राथमिक स्वास्थ्य केन्द्र	२०५	१९६	२०१	१४९	१८१
ग) स्वास्थ्य चौकी	३८७०	३८५३	३८२०	३७४२	३६०३
घ) आयुर्वेदिक औषधालय	३९५	४२४	४२६	४२६	४२६
ङ) उपस्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य सेवा केन्द्र	२९७१	२९७१	३१९६	४०८४	४३४६**
२. अस्पताल शैया	११६४०	१५७९०	१६०१५	१८६४०	१८६४०*
३. जम्मा जनशक्ति@	९०३६९	९७४४९	१०२५०७	१०४७९३	१०४७५६
क) डाक्टर	२६४०	४६६०	६१३८	७०३०	७०३०
ख) नर्स/अ.न.मी.	२०६५३	२४६९३	२७६८३	२८६५०	२८६५०
ग) कविराज	६१३	६१३	६७४	६८४	६८४
घ) वैद्य	६९३	६९३	६९३	६९३	६९३
ङ)स्वास्थ्य सहायक (हे.अ./अ.हे.ब.)	१४३४७	१५३६७	१५८९६	१६३१३	१६३१३
च) महिला स्वास्थ्य स्वयंसेविका	५१४२३	५१४२३	५१४२३	५१४२३	५१३८६#

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय/स्वास्थ्य संस्था पञ्जीकरण प्रणाली,२०८२ *अन्य मन्त्रालय अन्तर्गत सञ्चालित अस्पताल समेत **आधारभूत स्वास्थ्य केन्द्रका साथै नगर स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य एकाइसमेत थप गरिएको प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी आधारभूत अस्पतालमा स्तरोन्नति भएकोले सङ्ख्या कम भएको। #Female Community Health Volunteer Application (FCHV App) @जनशक्ति सूचना प्रणाली अद्यावधिक क्रममा रहेकोले प्रायः स्वास्थ्य जनशक्तिको सङ्ख्यामा परिवर्तन हुन सकेको छैन।

११.६ २०८२ फागुनसम्म सरकारी स्वास्थ्य संस्थाको सङ्ख्या ८ हजार ९ सय ७६ पुगेको छ। जसमध्ये अस्पताल ४२०, प्राथमिक स्वास्थ्य केन्द्र १८१, स्वास्थ्य चौकी ३ हजार ६ सय ३, आयुर्वेदिक औषधालय ४२६ र अन्य स्वास्थ्य संस्था ४ हजार ३ सय ४६ रहेका छन्।

स्वास्थ्य सेवा प्रवाह

११.७ आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म सरकारी तथा निजी स्वास्थ्य संस्थाबाट अन्तरङ्ग, बहिरङ्ग र आकस्मिक सेवा गरी ४ करोड ४६ लाख २६ हजार पटक सेवा प्रवाह भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सेवा प्रवाह ४ करोड ५२ लाख ४२

हजार पटक भएको थियो। आर्थिक वर्ष २०८१/८२ मा सरकारी र निजी स्वास्थ्य संस्थाबाट अन्तरङ्ग, बहिरङ्ग र आकस्मिक सेवा गरी ७ करोड ९ लाख १८ हजार पटक सेवा प्रवाह भएको थियो।

तालिका ११(ग): स्वास्थ्य सेवाबाट लाभान्वित विवरण (सङ्ख्या हजारमा)

स्वास्थ्य सेवा	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३*
अन्तरङ्ग (पटक)	१४८६	१६१४	१७२१	१८४७	१२४३
बहिरङ्ग (पटक)	३३०६३	५३८३३	६३०५२	६५५११	४१०३९
आकस्मिक	२९३९	२९६८	३३००	३५६०	२३४४
जम्मा (पटक)	**३७४८८**	**५८४१५**	**६८०७३**	**७०९१८**	**४४६२६**

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८२ *फागुनसम्म

राष्ट्रिय खोप कार्यक्रम

११.८ राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत बि.सि.जि., डि.पि.टि., हेपाटाइटिस-बी, हेमोफिलस ईन्फ्लुएन्जा-बी, पोलियो लगायतका १३ प्रकारका रोग बिरुद्ध बालबालिका र टिटानस र डिप्थेरिया विरुद्ध गर्भवति महिलाको लागि निःशुल्क उपलब्ध हुँदै आएको छ।

तालिका ११(घ): खोप प्राप्त गर्ने बालबालिका तथा महिला (सङ्ख्यामा)

सुचकाङ्क	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३*
२ वर्षसम्मका बालबालिका					
वि.सि.जि. भ्याक्सिन	५३९७८९	५२६७९१	४७३७७०	४४२४६१	३०१४०३
डि.पि.टी, हेप-बी,हिब (तेस्रो मात्रा)	४९४८४३	५०८३५७	४७८९१३	४३५२४५	२६२६९१
पोलियो (तेस्रो मात्रा)	४९५८९७	५०६७८८	४६९७७१	४३४८८०	२६२४९७
दादुरा रूबेला (दोस्रो मात्रा)	४८००३२	४८८९३०	४९७२४३	४६६३५१	२६०२९८
रोटा दोस्रो मात्रा	४७११८७	५०११३७	४७२८३६	४३०३६१	२७२३५५
पि.सि.भि. तेस्रो मात्रा	४८७९५६	४८४००२	४९४३२८	४४१४४१	२६१११२
जापानिज इन्सेफ्लाइटिस	४९५८८२	४९०९९३	४९४१२५	४५०६७०	२८७६४२
टाइफाइड	२२३७८८	४६९०५२	४८४३०५	४६६२२१	२६०२२८
गर्भवती महिला					
टिटानस र डिप्थेरिया	२४०४७८	४४७०९७	४०८६९५	३९६०८७	२३७९८०

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८२ *फागुनसम्म

विपन्न नागरिक औषधि उपचार कार्यक्रम

११.९ गत आर्थिक वर्ष ५३ हजार ७ सय १३ विपन्न नागरिकले निशुल्क औषधि सहितको स्वास्थ्य सेवा प्राप्त गरेको छन्। जसमध्ये २८ हजार ६ सय ७८ ले क्यान्सर, ८ हजार ४ सय १० ले मुटु र ३४६ ले मृगौला प्रत्यारोपण सहित १२ हजार ४ सय ५२ जनाले

मृगौला सम्बन्धी सेवा पाएका थिए। चालु आर्थिक वर्षको फागुनसम्म ३३ हजार ५ सय ८१ विपन्न नागरिकले यस्तो सेवा प्राप्त गरेका छन्।

तालिका ११(ङ): विपन्न नागरिक औषधि उपचार कार्यक्रमबाट लाभान्वित जनसङ्ख्या

विवरण	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३*
क्यान्सर	१८३६२	१६६९६	२२१५३	२८६७८	१५३०३
मुटु	६००१	६५२६	६९२६	८४१०	४५०२
मृगौलाको उपचार					
हेमोडायलाईसिस	६५३४	७१८६	७७७८	१०१६१	९७५२
पेरिटोनियल	४४३	२८६	४३५	४४५	४२९
Acute Kidney Infection/ औषधि सेवन	-	४९५	३३६	९८९	६२४
सेरो पोजेटिभ	-	१३९	१९६	१७७	१६९
प्रत्यारोपण #	७४५	३४३	४३१	३४६	२०२
प्रत्यारोपण पश्चात औषधि सेवन र HLA क्रस म्याचका बिरामी	७२५	३६४	३४०	३३४	१४६
कुल मृगौला बिरामी	**८४४७**	**८८१३**	**९१७६**	**१२४५२**	**११३२२**
पार्किन्सन्स	६३	७९	७९	१०८	७१
अल्जाइमर	१०	२९	३४	४४	४०
हेड इन्जुरी	५१३	६३०	७५२	९८९	३४८
स्पाइनल इन्जुरी	११३२	९५०	११८१	१२९३	६६५
सिकलसेल एनिमिया	१२२६	१५६१	१५४४	१७३९	१३३१
जम्मा	**३५७५४**	**३५२८४**	**४१८४५**	**५३७१३**	**३३५८१**

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८२ #प्रत्यारोपण गरेका मध्ये *फागुनसम्म

११.१० आर्थिक वर्ष २०७८/७९ देखि विपन्न नागरिकको औषधि उपचार वापत मासिक रूपमा रु.५ हजार आर्थिक सहायता प्रदान गरिदैं आएकोमा आर्थिक वर्ष २०८१/८२ मा रु. ४ अर्ब ४२ करोड ८७ लाख ६८ हजार ५१० अस्पताललाई शोधभर्ना उपलब्ध गरिएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म विपन्न नागरिकको औषधि उपचार वापत अस्पताललाई रु.१ अर्ब ७४ लाख २ हजार ७ सय ९ शोधभर्ना उपलब्ध गराइएको छ।

मृगौला तथा कलेजो प्रत्यारोपण

११.११ आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म मानव अंग प्रत्यारोपणका लागि अनुमति प्राप्त विभिन्न स्वास्थ्य संस्थाबाट २९५ बिरामीमा मृगौला र १५ बिरामीमा कलेजो प्रत्यारोपण भएको छ। गत आर्थिक वर्ष १८६ बिरामीको मृगौला प्रत्यारोपण र ८ बिरामीको कलेजो

प्रत्यारोपण भएको थियो। हालसम्म १ हजार ७ सय ६१ बिरामीमा मृगौला र ४९ बिरामीमा कलेजो प्रत्यारोपण भएको छ।

दर्ता भएका चिकित्सक तथा स्वास्थ्यकर्मी

११.१२ २०८२ फागुनसम्म नेपाल मेडिकल काउन्सिल, नेपाल नर्सिङ्ग काउन्सिल, नेपाल स्वास्थ्य व्यवसायी परिषद, नेपाल आयुर्वेद मेडिकल परिषद, नेपाल फार्मेसी परिषद लगायतका निकायमा दर्ता भएका स्वास्थ्यकर्मीको सङ्ख्या ३ लाख ८५ हजार ३ सय ७० पुगेको छ। २०८१ फागुनसम्म यस्तो सङ्ख्या ३ लाख ६६ हजार ५ सय ५ रहेको थियो।

११.१३ २०८२ फागुनसम्म ३५ हजार १ सय ८७ मेडिकल चिकित्सक, ६ हजार ८३ दन्त चिकित्सक, १२ हजार ९ सय ५३ विशेषज्ञ चिकित्सक गरी कुल ५४ हजार २ सय २३ चिकित्सक नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका छन्। २०८१ फागुनसम्म कुल ४९ हजार २ सय १० चिकित्सक नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका थिए।

तालिका ११(च): नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका स्वास्थ्यकर्मी (सङ्ख्या)

स्वास्थ्य कर्मीको प्रकार	२०८० फागुनसम्म			२०८१ फागुनसम्म			२०८२ फागुनसम्म		
	पुरूष	महिला	जम्मा	पुरूष	महिला	जम्मा	पुरूष	महिला	जम्मा
मेडिकल चिकित्सक	१९९५४	१००७३	३००२७	२१४१९	१०८२८	३२२४७	२३४०१	११७८६	३५१८७
दन्त चिकित्सक	१७२७	३१५६	४८८३	१८४६	३५०१	५३४७	२००३	४०८०	६०८३
एम.डि/ एम.एस/ एम.डि.एस	७४६९	३१२१	१०५९०	८१२५	३४९१	११६१६	८९९९	३९५४	१२९५३
जम्मा	२९१५०	१६३५०	४५५००	३१३९०	१७८२०	४९२१०	३४४०३	१९८२०	५४२२३

स्रोतः नेपाल मेडिकल काउन्सिल, २०८२

११.१४ २०८२ फागुनसम्म नेपाल नर्सिङ्ग काउन्सिलमा १ हजार ९ सय ५६ विशेषज्ञ नर्स, ८८ हजार २ सय ३२ नर्स, ३७ हजार ५ सय ९५ अ.न.मी. १९५ मिडवाईफ र ८५६ विदेशी नर्स समेत गरी १ लाख २८ हजार ८ सय ३४ नर्स दर्ता भएका छन्। त्यसैगरी, नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा कुल १ लाख ७० हजार २ सय २६ स्वास्थ्यकर्मी दर्ता भएका छन्। नेपाल आयुर्वेद मेडिकल परिषद्मा ६ हजार ७ सय ५५ स्वास्थ्यकर्मी र नेपाल फार्मेसी परिषद्मा २५ हजार ३ सय ३२ स्वास्थ्यकर्मी दर्ता भएका छन्।

तालिका ११(छ): २०८२ फागुनसम्म विभिन्न परिषद्/काउन्सिलमा दर्ता भएका स्वास्थ्यकर्मी

परिषद्/काउन्सिल	दर्ता भएका स्वास्थ्यकर्मी
नेपाल नर्सिङ्ग परिषद्	१२८८३४
नेपाल स्वास्थ्य व्यवसायी परिषद्	१७०२२६
नेपाल आयुर्वेद मेडिकल परिषद्	६७५५
नेपाल फार्मेसी परिषद्	२५३३२
नेपाल मेडिकल काउन्सिल	५४२२३
जम्मा	**३८५३७०**

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८२

मन्जुषा बक्स ८(क): स्वास्थ्य क्षेत्रका कार्यक्रमको उपलब्धी

- २०८२ फागुनसम्म परिवार नियोजन सेवाको अस्थायी साधन प्रयोगकर्ताको सङ्ख्या ११ लाख २७ हजार ४ सय ४६ जना र स्थायी विधि अपनाउनेको सङ्ख्या ११ लाख २४ हजार ९ सय ९३ रहेको छ। २०८२ असारसम्म अस्थायी साधन प्रयोगकर्ताको सङ्ख्या ११ लाख ७४ हजार ५ सय ७३ जना र स्थायी नियोजन गर्नेको सङ्ख्या ११ लाख १९ हजार ७ सय ७६ जना रहेको थियो।
- २०८२ फागुनसम्म ६ हजार २ सय ४१ क्षयरोग डट्स सेवा केन्द्र, ३१ औषधि प्रतिरोध क्षयरोग उपचार केन्द्र, ९८ उपचार उपकेन्द्र,१४३ स्थानमा विश्व स्वास्थ्य संगठनले सिफारिस गरेको मोलिक्यूलर डायगनोष्टिक केन्द्र र ७८५ डेजिक्नेटेड माइक्रोस्कोपी केन्द्र रहेका छन्।
- चालु आर्थिक वर्षको फागुनसम्म २४ हजार ३ सय ३८ क्षयरोगका बिरामीले स्वास्थ्य सेवा प्राप्त गरेका छन्। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सेवा प्राप्त गर्नेको सङ्ख्या २४ हजार १ सय २९ रहेको थियो। गत आर्थिक वर्षमा ३९ हजार १ सय ५१ क्षयरोगका बिरामीले सेवा प्राप्त गरेका थिए|
- "क्षयरोग मुक्त नेपाल अभियान" १४९ स्थानीय तहमा विस्तार भएको छ | एआई जडित ९ डिजिटल एक्सरे मेशिनद्वारा समुदायमा क्षयरोग बिरामीको सक्रिय खोज पड्ताल गर्ने कार्य सञ्चालनमा रहेको छ।
- चालु आर्थिक बर्षको फागुनसम्म २ लाख १ हजार १ सय ३ मा औलो रोगको नमुना परीक्षण गरिएकोमा ७२१ व्यक्तिमा यस्तो रोग देखा परेको छ। गत आर्थिक वर्षमा ४ लाख ४९ हजार ३ सय २४ को रगतको नमुना परीक्षण भएकोमा १ हजार १ सय ६३ मा यस्तो रोग देखापरेको थियो।
- चालु आर्थिक वर्षको फागुनसम्म एच.आई.भी./एड्स तथा यौन रोग कार्यक्रम अन्तर्गत कुल ४ लाख ५६ हजार ८ सय १७ जनामा एच.आई.भी. परीक्षण गरिएकोमा १ हजार २ सय २० व्यक्तिमा एचआईभी संक्रमण संक्रमण पुष्टि भएको छ। यस अवधिमा देशभरी २७ हजार ५ सय २६ जना एच.आई.भी. संक्रमित व्यक्ति एन्टिरेट्रोभाइरल (ARV) उपचार सेवामा आबद्ध भई नियमित औषधि सेवन गरिरहेका छन्, जसले संक्रमित व्यक्तिको स्वास्थ्य अवस्था सुधार, संक्रमण

नियन्त्रण तथा जीवनस्तर सुधारमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। गत आर्थिक वर्षको फागुनसम्म १ हजार ३ सय ७६ व्यक्तिमा एच.आई.भी. पोजिटिभ देखिएको र २६ हजार ४ सय ८७ एच.आई.भी. संक्रमितलाई एन्टिरेट्रोभाईरल (ARV) औषधी वितरण भएको थियो।

- डेंगी सङ्क्रमण संसारभरी नै रोकथाम तथा नियन्त्रण हुन सकेको छैन। नेपालमा बिक्रम संवत् २०६१ मा चितवन जिल्लामा १ जनामा देखिएको डेंगी हाल नेपालको सबै जिल्लामा देखा परेको छ। चालु आर्थिक वर्षको फागुनसम्म १७ हजार ७ सय व्यक्तिमा डेंगी संक्रमण भएकोमा यसको संक्रमणबाट ६ जनाको मृत्यु भएको छ। गत आर्थिक वर्षमा डेंगीबाट ५४ हजार ३ सय ५० संक्रमित भएकोमा १५ जनाको मृत्यु भएको थियो।
- चालु आर्थिक वर्षको फागुनसम्म ३६२ बिरामीको मुटुको भल्भको निःशुल्क शल्यक्रिया, ४९३ जना १५ वर्ष मुनिका मुटुरोगीको निःशुल्क मुटुरोगको शल्यक्रिया, ७५ वर्ष माथिका ९३२ जना जेष्ठ नागरिकको निःशुल्क मुटुरोग उपचार र १८७ व्यक्तिको मुटुको साँघुरो भल्भ खोल्ने (PTMC) उपचार भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा ५४४ बिरामीको मुटुको भल्भको निःशुल्क शल्यक्रिया, १५ वर्ष मुनिका ६७७ जना मुटुरोगीको निःशुल्क मुटुरोगको शल्यक्रिया, ७५ वर्ष माथिका १०५८ जना जेष्ठ नागरिकको निःशुल्क मुटुरोग उपचार र २८० व्यक्तिको मुटुको साँघुरो भल्भ खोल्ने (PTMC) उपचार भएको थियो।

प्रयोगशाला परीक्षण

११.१५ राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट विभिन्न रोगको प्रयोगशाला परीक्षण तथा निदानात्मक सेवा उपलब्ध हुँदै आएको छ। चालु आर्थिक वर्षको फागुनसम्म २ लाख ६ हजार १ सय ६१ व्यक्तिले प्रयोगशाला परीक्षण सेवा प्राप्त गरेका छन्। गत आर्थिक वर्षको सोही अवधिमा सेवा प्राप्त गर्ने व्यक्तिको सङ्ख्या १ लाख ९२ हजार ८ सय ५ रहेको थियो।

आयुर्वेदसम्बन्धी सेवा

११.१६ मुलुकभरका ४२६ आयुर्वेदिक अस्पतालबाट चालु आर्थिक वर्षको फागुनसम्म १२ लाख ५१ हजार ९ सय ४१ व्यक्तिले आयुर्वेद सेवा प्राप्त गरेका छन्। गत आर्थिक वर्ष यस्तो सङ्ख्या १२ लाख ४३ हजार ६ सय ८९ रहेको थियो।


स्वास्थ्य पूर्वाधार विकास

११.१७ स्थानीय तहमा आवश्यकता अनुसार ५ शैय्या, १० शैय्या र १५ शैय्याको आधारभूत अस्पताल निर्माण गर्ने नीति अनुरुप २०८२ फागुनसम्म १२१ आधारभूत अस्पताल निर्माण सम्पन्न भएको छ। हाल ३१४ आधारभूत अस्पतालहरू निर्माणाधीन अवस्थामा रहेका छन्। चालु आर्थिक वर्षको फागुनसम्म थप ७ स्वास्थ्य संस्थाको निर्माण कार्य सम्पन्न भएको छ।

स्वास्थ्य बीमा कार्यक्रम

११.१८ सबै स्थानीय तहमा स्वास्थ्य बीमाको विस्तार भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म कुल बीमित जनसङ्ख्यामध्ये ६३.८ प्रतिशतले बीमा सेवा लिएका छन्। गत आर्थिक वर्षको सोही अवधिमा ४९.२ प्रतिशत बीमितले बीमा सेवा लिएका थिए।

चार्ट ११(ग): स्वास्थ्य बीमासम्बन्धी सूचक (हजारमा)



स्रोतः स्वास्थ्य बीमा बोर्ड, २०८२ *फागुनसम्म

११.१९ २०८२ असारसम्म १५ लाख २ हजार २६ व्यक्ति स्वास्थ्य बीमामा आबद्ध रहेकोमा चालु आर्थिक वर्षको फागुनसम्म यस्तो सङ्ख्या २१ लाख ४८ हजार ७५० पुगेको छ।

तालिका ११(ज): स्वास्थ्य बीमामा आबद्ध लक्षित वर्ग

लक्षित वर्ग	बीमित सङ्ख्या					
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३*
महिला स्वास्थ्य स्वयंसेविका परिवार	६१३७३	९९१८५	११५८७८	१०५८२२	१२५२६४	१७९४२१
एच.आई.भी संक्रमित परिवार	१९८५०	२९४०६	३४३९१	३८८१६	४१७००	४३८०४
एम.डि.आर.टी.बी. परिवार	१९००	२७३६	३१७८	३५६२	३९०७	४०६६
कुष्ठरोगी परिवार	२३१५	३०५६	३३७७	३९६४	४४३५	४७०१
अति अशक्त अपाङ्ग परिवार	७४६४९	११०१२३	१३१२१०	१५२५००	१७७६५७	१९४९९९
जेष्ठ नागरिक परिवार	५४६३५८	७०७३४३	८२३१५३	१००६०७८	११२८०३२	१२४८३१२
अति गरिब परिवार#	४७६३२२	४९३३४७	५०४६६४	१८५२७	२१०३१	४७३४४७
कुल जम्मा	**११८२७६७**	**१४४५१९६**	**१६१५८५१**	**१३२९२६९**	**१५०२०२६**	**२१४८७५०**

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८२ *फागुनसम्म

#आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा अति गरिब परिवारको लागि जारी गरिएका नयाँ प्रमाणपत्रको सङ्ख्या मात्र समावेश गरिएकोले यी दुई आर्थिक वर्षमा अति गरिब परिवारको सङ्ख्यामा उल्लेख्य कमी आएको देखिन गएको हो।

११.२० २०८२ फागुनसम्म ५०५ स्वास्थ्य सेवा प्रदायक संस्था स्वास्थ्य बीमामा आबद्ध भएका छन् जसमध्ये ८७ प्रतिशत सरकारी, ८ प्रतिशत निजी र ५ प्रतिशत सामुदायिक स्वास्थ्य संस्था रहेका छन्। २०८१ फागुनसम्म ४८५ स्वास्थ्य सेवा प्रदायक स्वास्थ्य बीमामा आबद्ध भएका र जसमध्ये ८३ प्रतिशत सरकारी, १० प्रतिशत निजी र ७ प्रतिशत सामुदायिक रहेका थिए।

औषधि व्यवसाय

११.२१ २०८२ फागुनसम्म दर्ता रहेका फार्मेसीको सङ्ख्या ३३ हजार २ सय ९९ पुगेको छ। यस अवधिमा १५ हजार ३४ फार्मेसीको प्रमाणपत्र नवीकरण भएको छ भने २ हजार ७ सय १३ नयाँ फार्मेसी दर्ता भएका छन्। गत आर्थिक वर्षको सोही अवधिमा १ हजार ४ सय ३२ नयाँ फार्मेसी दर्ता भएका थिए।

११.२२ नेपालमा हालसम्म २२ हजार ३ सय ५ ब्राण्डका औषधि दर्ता भएका छन्। जसमध्ये १३ हजार ५ सय ९४ स्वदेशी ब्राण्ड र ८ हजार ७ सय ११ विदेशी ब्राण्डका रहेका छन्। गत आर्थिक वर्षको फागुनसम्म २० हजार ९ सय ५८ ब्राण्डका औषधि दर्ता भएकोमा १२ हजार ५ सय ११ स्वदेशी ब्राण्ड र ८ हजार ४ सय ४७ विदेशी ब्राण्डका रहेका थिए। चालु आर्थिक वर्षको फागुनसम्म ५२९ स्वदेशी ब्राण्ड र १३८ विदेशी ब्राण्डका औषधि दर्ता भएका छन्।

शिक्षा

११.२३ विद्यालय तहमा कुल भर्नादर बढेको छ। शैक्षिक सत्र २०८२ मा आधारभूत तह (कक्षा १-८) को कुल भर्नादर १३६.२ प्रतिशत र माध्यमिक तह (कक्षा ९-१२) को कुल भर्नादर ८५.७ प्रतिशत पुगेको छ। गत शैक्षिक सत्रमा यस्तो भर्नादर क्रमशः १२४.८ प्रतिशत र ८०.६ प्रतिशत रहेको थियो।

तालिका ११(झ): पछिल्ला दुई शैक्षिक सत्रमा तहगत कुल विद्यार्थी भर्नादर (प्रतिशतमा)

तह	२०८१			२०८२		
	छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा
आधारभूत तह (कक्षा १-५)	१२५.१	१३५.८	१३०.५	१३३.१	१३४.५	१३३.८
आधारभूत तह (कक्षा ६-८)	११४.७	११५.३	११५.०	१०९.६	१०८.३	१०८.९
आधारभूत तह (कक्षा १-८)	१२१.३	१२८.०	१२४.८	१२३.९	१४७.३	१३६.२
माध्यमिक तह (कक्षा ९-१०)	९८.०	१००.०	९९.१	११२.९	१०१.०	१०६.८
माध्यमिक तह (कक्षा ११-१२)	५८.९	६८.३	६३.३	७०.६	७७.९	७४.३
माध्यमिक तह (कक्षा ९-१२)	७७.१	८४.३	८०.६	९१.५	८९.५	८५.७

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८२

११.२४ शैक्षिक सत्र २०८२ मा आधारभूत तह (कक्षा १-८) मा छात्रको कुल भर्नादर छात्राको तुलनामा बढी रहेको छ भने माध्यमिक तह (कक्षा ९-१२) मा छात्रको तुलनामा छात्राको कुल भर्नादर बढी रहेको छ।


तालिका ११(ञ): पछिल्ला दुई शैक्षिक सत्रमा तहगत खुद विद्यार्थी भर्नादर (प्रतिशतमा)

तह	२०८१			२०८२		
	छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा
आधारभूत तह (कक्षा १-५)	९४.५	९४.३	९४.४	९९.२	९६.८	९७.९
आधारभूत तह (कक्षा ६-८)	९३.६	९३.७	९३.६	९७.७	९५.२	९६.३
आधारभूत तह (कक्षा १-८)	९४.१	९४.१	९४.१	९८.७	९६.९	९७.८
माध्यमिक तह (कक्षा ९-१०)	७७.३	७४.२	७५.८	६१.९	५८.१	५९.९
माध्यमिक तह (कक्षा ११-१२)	३७.५	३६.८	३७.१	१७.८	२३.१	२०.५
माध्यमिक तह (कक्षा ९-१२)	५६.१	५५.५	५५.८	३९.६	४०.७	३५.४

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८२

११.२५ शैक्षिक सत्र २०८२ मा आधारभूत तहमा खुद भर्नादर वृद्धि भएको छ भने माध्यमिक तहमा घटेको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त उमेर समूह अनुसारको प्रक्षेपित जनसङ्ख्या, Real Time Data Base प्रयोग गरिएको र विगतमा विद्यार्थीको उमेरसमूहको जनसङ्ख्या फरक पर्दा गत वर्षको तुलनामा यस वर्ष खुद भर्नादर आधारभूत तहमा ३.७ प्रतिशत बिन्दुले बढेको छ भने माध्यमिक तहको खुद भर्नादरमा २०.४ प्रतिशत बिन्दुले कमी आएको छ।

चार्ट ११(घ): विगत ५ वर्षको खुद भर्नादर. (प्रतिशतमा)




स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८२

११.२६ आधारभूत तह (कक्षा १-८) को टिकाउदर घटेको छ भने माध्यमिक तहको टिकाउदर बढेको छ। शैक्षिक सत्र २०८२ मा कक्षा ८ सम्मको टिकाउदर ७९.१ प्रतिशत, कक्षा

१० सम्मको टिकाउ दर ७४.६ प्रतिशत र कक्षा १२ सम्मको टिकाउ दर ४१.० प्रतिशत पुगेको छ।

चार्ट ११(ङ): विगत पाँच शैक्षिक सत्रको टिकाउ दर (प्रतिशतमा)



स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २०८२।

११.२७ लैङ्गिक समता सूचकाङ्क आधारभूत तह (कक्षा १-८) मा बढेको छ भने माध्यमिक तह (कक्षा ९-१२) मा घटेको छ। पूर्वप्राथमिक शिक्षामा कुल भर्नादर, कक्षा १ मा कुल प्रवेशदर लगायतका सूचकमा सुधार भएको छ भने अन्य सूचकको अवस्था मिश्रित रहेको छ।

तालिका ११(ट): शैक्षिक सूचक

सूचकहरु	२०७८	२०७९	२०८०	२०८१	२०८२
आधारभूत शिक्षा (प्रारम्भिक बालविकास/पूर्वप्राथमिक शिक्षा समेत)					
पूर्वप्राथमिक शिक्षामा कुल भर्नादर	८९.६	९४.९	९९.९	१०१.०	१२१.१
पूर्वप्राथमिक शिक्षामा अनुभव भई कक्षा १ मा नवप्रवेशीको प्रतिशत	७४.९	७६.७	७६.९	७६.३	७७.५
कक्षा १ मा कुल प्रवेशदर	१२७.०	१२५.७	११५.९	१४१.१	१७१.९
कक्षा १ मा खुद प्रवेशदर	९६.३	९५.९	९५.७	९३.७	८७.७
कुल भर्नादर (कक्षा १—५)	१२२.०	१२९.५	१२४.८	१३०.५	१३३.८
खुद भर्नादर (कक्षा १—५)	९६.९	९७.१	९५.६	९४.४	९७.९
कुल भर्नादर (कक्षा १—८)	११८.०	११९.३	१२०.४	१२४.८	१३६.१
खुद भर्नादर (कक्षा १—८)	९५.१	९६.१	९५.१	९४.१	९७.८
कक्षा १—८ को खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क	१.०	१.०	१.०	१.०	१.०२
कक्षा ८ सम्मको टिकाउ दर	८५.१	८५.७	८६.२	८६.५	७९.१


सूचकहरु	२०७८	२०७९	२०८०	२०८१	२०८२
आधारभूत शिक्षाको तह पूरा गर्नेको दर	७६.२	७७.१	८०.३	८२.४	७७.१
५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत	४.९	३.९	४.९	५.९	२.२
कक्षा ९—१० को खुद भर्नादर	७६.१	७६=५	७६.५	७५.८	५९.९
कक्षा ९—१२ को खुद भर्नादर	५४.३	५७.४	५७.९	५५.८	३५.४
कक्षा १० सम्मको टिकाउ दर	६६.१	६७.३	६९.९	६६.९	७४.६
कक्षा १२ सम्मको टिकाउ दर	३३.१	३५.६	३७.२	४०.६	४१.०
कक्षा ९—१२ को खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क	१.०	१.०	०.९	१.०१	०.९
साक्षरता दर ६+वर्ष	७८.०	७६.३	७६.३	७६.३	७६.३
साक्षरता दर १५-२४ वर्ष	८८.६	९४.२	९४.२	९४.२	९४.२
साक्षरता दर १५+ वर्ष	५८.०	७१.२	७१.२	७१.२	७१.२
आधारभूत तह (कक्षा १-८) मा महिला शिक्षक प्रतिशत	४६.५	४७.२	५४.१	४८.९	४९.१
माध्यमिक तह (कक्षा ९-१२) मा महिला शिक्षक प्रतिशत	२०.४	१७.४	१९.०	१८.१	२२.९

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८२

*साक्षरता दर २०७९ पछि जनगणनाको आधारमा तयार गरिएको हो।

११.२८ आधारभूत तहमा महिला शिक्षकको अनुपात ४९.१ प्रतिशत रहेको छ। माध्यमिक तहमा यस्तो अनुपात २२.९ प्रतिशत मात्र रहेको छ।


चार्ट ११(च): विद्यालयमा कार्यरत महिला शिक्षकको विवरण (प्रतिशतमा)



स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८२

११.२९ आधारभूत तह (१-५) मा कार्यरत शिक्षकमध्ये महिला शिक्षकको लैङ्गिक समता सूचकाङ्क पुरुषको भन्दा बढी रहेको छ। विशेषगरी, संस्थागत विद्यालयमा यस्तो अनुपात उच्च रहेको छ। अन्य तहमा भने लैङ्गिक समता सूचकाङ्क अनुपात १ भन्दा कम रहेको छ।

चार्ट ११(छ): विद्यालयमा कार्यरत शिक्षकको लैङ्गिक समता सूचकाङ्क



स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८२

प्रारम्भिक बालविकास तथा शिक्षा

११.३० शैक्षिक सत्र २०८२ मा ४२ हजार ६ सय १९ प्रारम्भिक बालविकास केन्द्र रहेका छन्। जसमध्ये सामुदायिक र संस्थागत बालविकास केन्द्रको हिस्सा क्रमशः ८०.६ प्रतिशत र १९.४ प्रतिशत रहेको छ। शैक्षिक सत्र २०८१ मा ४१ हजार २ सय ८४ प्रारम्भिक बालविकास केन्द्रमध्ये ८१.१ प्रतिशत सामुदायिक र १८.९ प्रतिशत संस्थागत रहेका थिए।

११.३१ प्रारम्भिक बालविकास केन्द्रमा भर्ना हुने विद्यार्थीको सङ्ख्या ६.२ प्रतिशतले घटेको छ। शैक्षिक सत्र २०८१ मा यस्ता केन्द्रमा १३ लाख १ हजार ४ सय २८ बालबालिका भर्ना भएकोमा शैक्षिक सत्र २०८२ मा १२ लाख २० हजार ५ सय ३८ बालबालिका भर्ना भएका छन्।

११.३२ बालविकास केन्द्रको अनुभव लिई कक्षा १ मा भर्ना हुने विद्यार्थीको अनुपात बढेको छ। शैक्षिक सत्र २०८२ मा बालविकास केन्द्रको अनुभव लिई कक्षा १ मा भर्ना हुने विद्यार्थीको अनुपात ७७.५ प्रतिशत रहेको छ। शैक्षिक सत्र २०८१ मा यस्तो अनुपात ७६.३ प्रतिशत रहेको थियो।

तालिका ११ (ठ): प्रारम्भिक बालविकास शिक्षाको स्थिति

शैक्षिक सत्र	जम्मा बालविकास केन्द्र (सङ्ख्या)	लाभान्वित बालबालिका (सङ्ख्या)	प्रारम्भिक बालविकासको कुल भर्नादर	प्रारम्भिक बालशिक्षाको अनुभव सहित कक्षा १ मा नयाँ भर्ना हुन आएका विद्यार्थीको प्रतिशत
२०७८	३०७१८	११९२२५	९४.१	७४.९
२०७९	४०६५४	१२०८४२५	९४.९	७६.७
२०८०	४०६८४	१२८६५२६	९९.९	७६.९
२०८१	४१२८४	१३०१४२८	१०१.०	७६.३
२०८२	४२६१९	१२२०५३८	१२१.०	७७.५

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २०८२

११.३३ बालविकास कक्षामा भर्ना भएका कुल बालबालिकामध्ये छात्रको सङ्ख्या छात्राको भन्दा उच्च रहेको छ। बालविकास केन्द्र तथा पूर्व प्राथमिक कक्षामा छात्र र छात्राको अनुपात क्रमशः ५५.१ प्रतिशत र ४४.९ प्रतिशत रहेको छ।

विद्यालय विवरण

११.३४ शैक्षिक सत्र २०८२ मा १०४ विद्यालय थप भई कुल विद्यालय सङ्ख्या ३५ हजार ९ सय ५१ पुगेको छ। शैक्षिक सत्र २०८१ मा यस्तो सङ्ख्या ३५ हजार ८ सय ४७ रहेको थियो।

११.३५ संस्थागत विद्यालयको हिस्सा बढ्दो क्रममा रहेको छ। शैक्षिक सत्र २०८२ मा कुल विद्यालयमध्ये सामुदायिक विद्यालय ७१.२७ प्रतिशत, संस्थागत विद्यालय २४.८७ प्रतिशत र परम्परागत/धार्मिक विद्यालय ३.८६ प्रतिशत रहेका छन्। गत शैक्षिक सत्रमा उक्त सङ्ख्या क्रमशः ७३.० प्रतिशत, २३.० प्रतिशत र ४.० प्रतिशत रहेको थियो। विद्यालय नक्साङ्कन तथा समायोजनका कारण शैक्षिक सत्र २०८१ को तुलनामा शैक्षिक सत्र २०८२ मा सामुदायिक विद्यालयको सङ्ख्यामा कमी आएको हो।

तालिका ११ (ड): विद्यालय प्रकार अनुसारका विद्यालय विवरण

प्रकार	परम्परागत	सामुदायिक	कुल सामुदायिक (परम्परागत सहित)	संस्थागत	जम्मा
आधारभूत तह (कक्षा १-५)	११२०	१३९५९	१५०७९	२४९४	१७५७३
आधारभूत तह (कक्षा ६-८)	१७३	४५३८	४७११	२०७९	६७९०
माध्यमिक तह (कक्षा ९-१०)	६७	३७७२	३८३९	३३३१	७१७०
माध्यमिक तह (कक्षा ११-१२)	२७	३३५४	३३८१	१०३७	४४१८
जम्मा	**१३८७**	**२५६२३**	**२७०१०**	**८९४१**	**३५९५१**

स्रोतः शिक्षा ,विज्ञान तथा प्रविधि मन्त्रालय २०८२

११.३६ कुल सामुदायिक विद्यालयमध्ये एक सयभन्दा कम विद्यार्थी भएका विद्यालय ५०.८५ प्रतिशत रहेका छन् भने २ हजारभन्दा बढी विद्यार्थी भएका विद्यालय ०.४७ प्रतिशत रहेका छन्। सहरी क्षेत्रमा बढ्दै गएको बसाइँसराइ र जन्मदरमा आएको कमीले ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थी सङ्ख्या कम हुँदै गएको छ। विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालयलाई नक्साङ्कन गरी समायोजन गर्दै लगिएको छ।

तालिका ११(ढ): विद्यार्थी सङ्ख्याका आधारमा सामुदायिक विद्यालयको सङ्ख्या

विद्यार्थी सङ्ख्या	२०८१	२०८२
१०० भन्दा कम	१५२७३	१३७३६
१०० देखि ५०० सम्म	९७०४	१०८६९
५०१ देखि १००० सम्म	१६३६	१६७०
१००१ देखि १५०० सम्म	४४९	४६७
१५०१ देखि २००० सम्म	१३६	१४०
२००० भन्दा बढी	१००	१२८
जम्मा	**२७२९८**	**२७०१०**

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८२

शिक्षक विवरण र अनुपात

११.३७ आधारभूत तहमा कार्यरत महिला शिक्षकको हिस्सा माध्यमिक तहको तुलनामा उच्च रहेको छ। शैक्षिक सत्र २०८१ मा सबै प्रकारका विद्यालयमा कार्यरत शिक्षकको सङ्ख्या २ लाख ७९ हजार ५ सय ८५ मध्ये ४२.६ प्रतिशत महिला र ५७.४ प्रतिशत पुरुष रहेकामा शैक्षिक सत्र २०८२ मा यस्तो हिस्सा क्रमशः ४३.७ प्रतिशत र ५६.३ प्रतिशत रहेको छ। तह बढ्दै जाँदा महिला शिक्षकको अनुपात घट्दै गएको छ। आधारभूत तह (१-५)मा महिला र पुरुष शिक्षकको हिस्सा क्रमशः ५६.६ प्रतिशत र ४३.४ प्रतिशत रहेको छ भने माध्यमिक तह (११-१२) मा उक्त हिस्सा क्रमशः १६.२ प्रतिशत र ८३.८ प्रतिशत रहेको छ।

तालिका ११(ण): सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक विवरण (शैक्षिक सत्र २०८२)

तह	सामुदायिक			संस्थागत			कुल		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
आधारभूत तह (१-५)	५२१०७	५३०१५	१०५१२२	३०४१४	१०२१७	४०६३१	८२५२१	६३२३२	१४५७५३
आधारभूत तह (६-८)	११३३३	२५००८	३६३४१	१११९२	१२११९	२३३११	२२५२५	३७१२७	५९६५२
माध्यमिक तह (९-१०)	६३४३	२३६६९	३००१२	४९३६	१७९४३	२२८७९	११२७९	४१६१२	५२८९१
माध्यमिक तह (११-१२)	१३७०	७२५८	८६२८	७४८	३६७२	४४२०	२११८	१०९३०	१३०४८
जम्मा	**७११५३**	**१०८९५०**	**१८०१०३**	**४७२९०**	**४३९५१**	**९१२४१**	**११८४४३**	**१५२९०१**	**२७१३४४**

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८२

नोट: शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षकको सङ्ख्या गणना नगरिएको।

तहगत विद्यालय, विद्यार्थी र शिक्षक अनुपात

११.३८ संस्थागत विद्यालयमा प्रति विद्यालय विद्यार्थी अनुपात बढी रहेको छ। कक्षा (१-१२) सम्मका विद्यार्थी सङ्ख्यालाई आधार मान्दा सामुदायिक विद्यालयमा प्रति विद्यालय विद्यार्थी सङ्ख्या १६२ रहेकोमा संस्थागत विद्यालयमा यस्तो सङ्ख्या २९७ रहेको छ।

तालिका ११(त): विद्यालयमा तहगत प्रति विद्यालय विद्यार्थी अनुपात

कक्षा\तह	सामुदायिक			संस्थागत			कुल जम्मा		
	विद्यालय	विद्यार्थी	अनुपात	विद्यालय	विद्यार्थी	अनुपात	विद्यालय	विद्यार्थी	अनुपात
(१-५)	१५०७९	२०४५३७५	१३६	२४९४	१५०९५२९	६०५	१७५७३	३५५४९०४	२०२
(६-८)	४७११	१२१३०७१	२५७	२०७९	६०६२९७	२९२	६७९०	१८१९३६८	२६८
(९-१०)	३८३९	६९०८५१	१८०	३३३१	२७७५७९	८३	७१७०	९६८४३०	१३५
(११-१२)	३३८१	४३४३५८	१२८	१०३७	२६३७६५	२५४	४४१८	६९८१२३	१५८
(१-१२)	**२७०१०**	**४३८३६५५**	**१६२**	**८९४१**	**२६५७१७०**	**२९७**	**३५९५१**	**७०४०८२५**	**१९६**

स्रोत शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय २०८२

११.३९ संस्थागत विद्यालयमा प्रति शिक्षक विद्यार्थी सङ्ख्या बढी रहेको छ। सामुदायिक विद्यालयमा प्रति शिक्षक विद्यार्थी सङ्ख्या औसतमा २४ रहेको छ भने संस्थागत विद्यालयमा यस्तो अनुपात २९ रहेको छ।

तालिका ११(थ): प्रति शिक्षक विद्यार्थी अनुपात

कक्षा\तह	सामुदायिक			संस्थागत			कुल जम्मा		
	शिक्षक	विद्यार्थी	अनुपात	शिक्षक	विद्यार्थी	अनुपात	शिक्षक	विद्यार्थी	अनुपात
(१-५)	१०५१२२	२०४५३७५	१९	४०६३१	१५०९५२९	३७	१४५७५३	३५५४९०४	२४
(६-८)	३६३४१	१२१३०७१	३३	२३३११	६०६२९७	२६	५९६५२	१८१९३६८	३०
(९-१०)	३००१२	६९०८५१	२३	२२८७९	२७७५७९	१२	५२८९१	९६८४३०	१८
११-१२)	८६२८	४३४३५८	५०	४४२०	२६३७६५	६०	१३०४८	६९८१२३	५४
(१-१२)	**१८०१०३**	**४३८३६५५**	**२४**	**९१२४१**	**२६५७१७०**	**२९**	**२७१३४४**	**७०४०८२५**	**२६**

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८२

विद्यार्थी विवरण

११.४० विद्यालय तहमा अध्ययनरत विद्यार्थीको सङ्ख्या ०.४ प्रतिशतले बढेको छ। शैक्षिक सत्र २०८१ मा ७० लाख १० हजार ८ सय ८ विद्यार्थी विद्यालय तहमा अध्ययनरत रहेकोमा शैक्षिक सत्र २०८२ मा उक्त तहमा ७० लाख ४० हजार ८ सय २५ पुगेका छन्।

११.४१ विद्यालय तहमा अध्ययनरत छात्रको सङ्ख्या छात्राको भन्दा धेरै रहेको छ। शैक्षिक सत्र २०८२ मा सामुदायिक तथा संस्थागत विद्यालय (कक्षा १-१२) मा अध्ययनरत कुल विद्यार्थीमध्ये छात्र ५२.५ प्रतिशत र छात्रा ४७.५ प्रतिशत रहेका छन्।

११.४२ कुल विद्यार्थीमध्ये आधारभूत तह (कक्षा १-५) मा ५०.५ प्रतिशत, आधारभूत तह (कक्षा ६-८) मा २५.८ प्रतिशत, माध्यमिक तह (कक्षा ९-१०) मा १३.८ प्रतिशत र माध्यमिक

तह (कक्षा ११-१२) मा ९.९ प्रतिशत विद्यार्थी अध्ययरत छन्। गत शैक्षिक सत्रमा तहगत विद्यार्थी सङ्ख्या क्रमशः ५०.१२ प्रतिशत, २६.१३ प्रतिशत, १४.१२ प्रतिशत र ९.६१ प्रतिशत रहेका थिए।


तालिका ११(द): विगत पाँच वर्षको तहगत विद्यार्थी सङ्ख्या

तह\शैक्षिक सत्र	२०७८	२०७९	२०८०	२०८१	२०८२
आधारभूत तह (कक्षा १-५)	३५४८६३६	३६१०६०३	३५१९२१४	३५१४९२८	३५५४९०४
आधारभूत तह (कक्षा ६-८)	१७७७३४४	१८२७४३३	१८५२४९३	१८३२१४०	१८१९३६८
माध्यमिक तह (कक्षा ९-१०)	१०७९३५२	१०६३२८५	१०४५०९२	९८९८८५	९६८४३०
माध्यमिक तह (कक्षा ११-१२)	६१७५५९	७३५९५३	७२६४६३	६७३८५५	६९८१२३
जम्मा	**७०२२८९१**	**७२३७२७४**	**७१४३२६२**	**७०१०८०८**	**७०४०८२५**

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८२

११.४३ शैक्षिक सत्र २०८२ मा सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत कुल विद्यार्थीमध्ये माध्यमिक तह (९-१२) मा लैङ्गिक समता सूचकाङ्क ०.९० अर्थात् १०० विद्यार्थी छात्र भर्ना हुँदा छात्राको संख्या ९० रहेको छ यही दर आधारभूत तहमा १.०२ रहेको छ।


चार्ट ११(ज): कुल विद्यार्थी भर्नामा तहगत लैङ्गिक समता सूचकाङ्क



स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८२

११.४४ शैक्षिक सत्र २०८२ मा ६२.२ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालय र ३७.८ प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा अध्ययरत छन्। शैक्षिक सत्र २०८१ मा ६६.७ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालय र ३३.३ प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा अध्ययनरत थिए। कुल विद्यालयमध्ये ७५.१ प्रतिशत सामुदायिक विद्यालय रहेका छन्।

चार्ट ११(झ): विद्यालयमा विद्यार्थी भर्ना प्रतिशत (शैक्षिक सत्र २०८२)



स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८२

११.४५ शैक्षिक सत्र २०८२ मा कुल विद्यालयको ७५.३ प्रतिशत सामुदायिक विद्यालय र २४.७ प्रतिशत संस्थागत विद्यालय रहेका छन् भने ६२.२ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयमा र ३७.८ प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा अध्ययनरत छन्। तह बढ्दै जाँदा संस्थागत विद्यालयमा विद्यार्थी भर्ना प्रतिशत घट्दै गएको छ।

सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण

११.४६ पछिल्लो समय विद्यालय व्यवस्थापन, नेतृत्व, लगानी र गुणस्तर वृद्धिका लागि भएका विभिन्न प्रयासका कारण सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढ्दै गएको छ। सामुदायिक विद्यालयमध्ये रूपन्देही जिल्लास्थित कालिका मानवज्ञान माध्यमिक विद्यालयमा सबैभन्दा बढी ८ हजार २ सय ३९ विद्यार्थी अध्ययनरत रहेका छन्।

तालिका ११(ध): सबैभन्दा बढी विद्यार्थी सङ्ख्या रहेका सामुदायिक विद्यालय


जिल्ला	स्थानीय तह	विद्यालयको नाम	विद्यार्थी सङ्ख्या
रुपन्देही	बुटवल उमनपा	कालिका मानवज्ञान मा.वि.	८२३९
रुपन्देही	तिलोत्तमा नपा	शान्ति नमुना मा.वि.	७१२०
धनुषा	विदेह नपा	जनता नमुना मा.वि.	६२६६
रुपन्देही	बुटवल उमनपा	कान्ति मा.वि.	६०३४
रुपन्देही	बुटवल उमनपा	नवीन औद्योगिक कदरबहादुर रिता मा.वि.	५३४०
काठमाडौं	काठमाडौं मनपा	ज्ञानोदय मा.वि.	४७४६
मोरङ	सुन्दरहरैंचा नपा	सुकुना मा.वि.	४६४२
काठमाडौं	काठमाडौं मनपा	विश्वनिकेतन मा.वि.	४३०१
भक्तपुर	भक्तपुर नपा	वागिश्वरी मा.वि.	४१८५
कपिलवस्तु	शिवराज नपा	नेपाल आदर्श मा.वि.	४११४

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८२

माध्यमिक शिक्षा परीक्षा (SEE)

११.४७ शैक्षिक सत्र २०८२ मा ग्रेडेड हुने विद्यार्थीको अनुपात बढेको छ। माध्यमिक शिक्षा परीक्षा २०८२ मा सामेल भएका ४ लाख ३० हजार ६ सय ६७ परीक्षार्थीमध्ये जिपिए २.८१ देखि ३.२० को वर्गमा परेका परीक्षार्थी सबैभन्दा धेरै २१.९ प्रतिशत रहेका छन्।

चार्ट ११(ञ):माध्यमिक शिक्षा परीक्षा (कक्षा १०),नियमितको नतिजा अवस्था (प्रतिशतमा)



स्रोतः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय,२०८२

११.४८ जिपिएका ८ वर्गलाई दुई भागमा (जिपिए ०.८० देखि २.४० सम्म र जिपिए २.४० देखि ४.०० सम्म) विभाजन गरेर हेर्दा ती वर्गमा पर्ने परीक्षार्थी पछिल्ला २ शैक्षिक सत्रमा क्रमशः ३५.२ प्रतिशत र ६४.८ प्रतिशत रहेका छन्। माध्यमिक शिक्षा परीक्षा, २०८१ मा सामेल भएका परीक्षार्थीमध्ये जिपिए ३.६ देखि माथि ल्याउने विद्यार्थी ११.० प्रतिशत रहेकोमा माध्यमिक शिक्षा परीक्षा, २०८२ मा जिपिए ३.६ देखि माथि ल्याउने विद्यार्थी ११.२ प्रतिशत रहेका छन्।

११.४९ माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) मा विद्यार्थीको उत्तीर्ण प्रतिशत बढेको छ। शैक्षिक सत्र २०८२ को माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) मा कुल ३ लाख ९६ हजार ३ सय ४७ परीक्षार्थी सहभागी भएकामा ३८.८ प्रतिशत अवर्गीकृत वर्ग अर्थात पुनः परीक्षामा सामेल हुने वर्गमा परेका छन्। शैक्षिक सत्र २०८१ को नतिजामा यस्तो वर्गमा पर्ने विद्यार्थी ४७.८५ प्रतिशत रहेका थिए। शैक्षिक सत्र २०८२ मा सबैभन्दा उत्कृष्ट औसत स्तरीकृत अङ्क ३.६१ देखि ४.०० को वर्गमा पर्ने विद्यार्थी ३.४१ प्रतिशत रहेका छन्। शैक्षिक सत्र २०८१ मा यस्तो वर्गमा पर्ने विद्यार्थी २.४५ प्रतिशत रहेका थिए।

तालिका ११(न): माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) सम्बन्धी विवरण

औसत स्तरीकृत अङ्क	परीक्षार्थी (संख्यामा)		परीक्षार्थी (प्रतिशतमा)	
	२०८१	२०८२	२०८१	२०८२
३.६१ देखि ४.० सम्म	**९५९१**	**१३५०२**	**२.४५**	**३.४१**
३.२१ देखि ३.६० सम्म	४६८९३	५५८९६	१२.००	१४.१०
२.८१ देखि ३.२० सम्म	७८०७५	९४२६८	१९.९७	२३.७८
२.४१ देखि २.८० सम्म	६१०३६	६९८१२	१५.६२	१७.६१
२.०१ देखि २.४० सम्म	८२४०	८९६४	२.११	२.२६
१.६१ देखि २.० सम्म	१२	२३	०.००३	०.०१
अवर्गीकृत	**१८७०२१**	**१५३८८२**	**४७.८५**	**३८.८३**
जम्मा	**३९०८६८**	**३९६३४७**	**१००.००**	**१००.००**
ग्रेडेड (नियमित) जम्मा	**२०३८४७**	**२४२४६५**	**५२.१५**	**६१.१७**
ग्रेडेड (मौकासहित)	**२९००९३**	-	**७४.२२**	-

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८२

उच्च शिक्षा

११.५० नेपालमा २०८२ फागुनसम्म १५ केन्द्रीय र ६ प्रादेशिक विश्वविद्यालय गरी जम्मा २१ विश्वविद्यालयका साथै संघ अन्तर्गत ६ र प्रदेश अन्तर्गत २ स्वास्थ्य विज्ञान प्रतिष्ठान गरी ८ स्वास्थ्य विज्ञान प्रतिष्ठान रहेका छन्। सङ्घीय अन्तर्गत १२ केन्द्रीय विश्वविद्यालय र प्रदेश अन्तर्गत ६ विश्वविद्यालय पूर्ण रूपमा सञ्चालनमा रहेका छन् भने ३ केन्द्रीय विश्वविद्यालय हालसम्म सञ्चालनमा आउन सकेका छैनन्। २०८२ फागुनसम्म वैदेशिक सम्बन्धन प्राप्त क्याम्पसको सङ्ख्या ५७ पुगेको छ।

११.५१ उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्यामा वृद्धि भएको छ। आर्थिक वर्ष २०८०/८१ मा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या ६ लाख ७२ हजार ४ सय ८९ रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा १०.९ प्रतिशतले वृद्धि भई ७ लाख ४५ हजार ७ सय ७० पुगेको छ।

११.५२ उच्च शिक्षा अध्ययनरत कुल विद्यार्थीमध्ये व्यवस्थापन संकायमा अध्ययनरत विद्यार्थीको सङ्ख्या सबैभन्दा बढी ५०.५ प्रतिशत रहेको छ भने कृषिमा अध्ययनरत विद्यार्थीको सङ्ख्या सबैभन्दा कम ०.१५ प्रतिशत रहेको छ। व्यवस्थापन, शिक्षाशास्त्र र मानविकी तथा समाजशास्त्र सङ्कायमा अध्ययनरत विद्यार्थी करिब ८०.० प्रतिशत रहेका छन्।

११.५३ सङ्घीय/प्रादेशिक विश्वविद्यालय, स्वास्थ्य विज्ञान प्रतिष्ठान र विदेशी विश्वविद्यालयका सम्बन्धनमा नेपालमा सञ्चालित क्याम्पसमा अध्ययनरत विद्यार्थीमध्ये त्रिभुवन विश्वविद्यालयअन्तर्गत आङ्गिकमा ४७.९ प्रतिशत र सम्बन्धन प्राप्तमा २७.४ प्रतिशत गरी

जम्मा ७५.३ प्रतिशत र अन्य विश्वविद्यालय तथा शैक्षिक संस्थामा २४.१ प्रतिशत विद्यार्थी अध्ययनरत छन्। सरकारी लगानीको हिसाबले हेर्दा त्रिभुवन विश्वविद्यालयमा ६७.५ प्रतिशत र अन्य विश्वविद्यालय/कार्यक्रममा ३२.५ प्रतिशत सरकारी लगानी रहेको छ।

११.५४ विश्वविद्यालय अनुदान आयोगबाट २०८२ फागुनसम्म गुणस्तर सुनिश्चितता तथा प्रत्ययन प्रमाणपत्र प्राप्त गर्ने उच्च शिक्षाका शैक्षिक संस्थाको सङ्ख्या १४५ पुगेको छ। २०८१ फागुनसम्म यस्ता शैक्षिक संस्थाको सङ्ख्या ११४ रहेको थियो।

मन्जुषा बक्स ११(क): शिक्षा क्षेत्रका कार्यक्रम र गतिविधि


- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट १६९ स्थानीय तहका ३४१ विद्यालयमा स्वीकृत भौतिक गुरूयोजनाका आधारमा विद्यालयको भौतिक संरचना निर्माणका लागि रु.२ अर्ब १८ करोड हस्तान्तरण भएको छ। गत आर्थिक वर्षको फागुनसम्म यस कार्यक्रम अन्तर्गत करिब १ हजार ५ सय विद्यालयमा ४ कोठे भवन, १ हजार १५ विद्यालयमा २ कोठे भवन, ४ हजार ६ सय ८ विद्यालयमका १० हजार २ सय ३६ कक्षा कोठामा सूचना प्रविधि ल्याब स्थापना भएका थिए।
- अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच अभिवृद्धि गर्न विशेष विद्यालय र एकीकृत विद्यालय सञ्चालनमा रहेका छन्। यस्ता बालबालिकाको लागि स्रोत कक्षाको समेत व्यवस्था रहेको छ। दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकाका लागि निःशुल्क रूपमा ब्रेल लिपिका पाठ्यपुस्तक उपलब्ध हुँदै आएको छ।
- चालु आर्थिक वर्षको फागुनसम्म ६८ जिल्ला साक्षर घोषणा भएका छन्। हालसम्म कोशी, गण्डकी, बागमती, सुदूरपश्चिम र लुम्बिनी गरी ५ प्रदेश साक्षर घोषणा भएका छन्।
- चालु शैक्षिक सत्रमा दिवा खाजा कार्यक्रमबाट प्रारम्भिक बाल शिक्षादेखि कक्षा ५ सम्म सामुदायिक विद्यालयमा अध्ययनरत देशभरका करिब २७ लाख विद्यार्थी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। शैक्षिक सत्र २०८१ मा यस कार्यक्रमबाट २८ लाख ६ हजार ३ सय १ विद्यार्थी प्रत्यक्ष रूपमा लाभान्वित भएका थिए।
- विक्रम सम्बत् २०८० को भूकम्पबाट क्षति भएका विद्यालयमध्ये आर्थिक वर्ष २०८१/८२ मा जाजरकोट र रुकुम पश्चिमका ४९ विद्यालयका १४४ कक्षा कोठाको निर्माण सम्पन्न भएको छ।
- विक्रम सम्बत् २०७२ को भुकम्पबाट मुलुकभर क्षति पुगेका ७ हजार ६ सय ७७ विद्यालयमध्ये ७ हजार ६ सय ७२ विद्यालयको पुनर्निर्माण सम्पन्न भएको छ। साथै, भूकम्पबाट क्षतिग्रस्त ३ हजार ४ सय ५९ शौचालय र २ हजार १ सय ७० खानेपानी पूर्वाधारको निर्माण सम्पन्न भएको छ।
- वि. सं. २०७२ को भूकम्पबाट क्षति पुगेका विद्यालयको पुनर्निर्माण अन्तर्गत नेपाल सरकार र विकास साझेदारको सहयोगमा ७६७२ विद्यालय पुनर्निर्माण, ३४५९ शौचालय, २१७० खानेपानी निर्माण सम्पन्न भएको छ।

- विद्यालय वाहिर रहेका बालबालिकाहरुको लागि शैक्षिक पुहँचको सुनिश्चतता गर्ने उद्देश्यले आधारभूत तहमा वैकल्पिक शिक्षाको पाठ्यक्रम र सिकाइ सामग्री विकास गरी वैकल्पिक शिक्षाका कार्यक्रमहरु सञ्चालनमा छन्। अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम अन्तर्गत २०८२ फागुनसम्म २ हजार १ सय ५१ सामुदायिक सिकाइ केन्द्र, ३७ निम्न माध्यमिक खुला विद्यालय र ८५ माध्यमिक खुला विद्यालय सञ्चालनमा रहेका छन्।
- मातृभाषालाई समेत एक विषयका रूपमा पठनपाठन गर्नुपर्ने व्यवस्था बमोजिम हालसम्म २९ मातृभाषामा पाठ्यक्रम तथा पाठ्यसामग्री विकास भएका छन्।
- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार कक्षा ९ र १० मा विधागत प्रथमदेखि चतुर्थसम्म प्रत्येकमा ४/४ पाठ्यघण्टाका पाठ्यक्रम विकास भएका छन्। जसअनुसार कक्षा ९ का लागि २० तथा कक्षा १० का लागि २० गरी जम्मा ४० सिकाइ स्रोतसामग्रीको विकास भई कार्यान्वयनमा आएका छन्।
- मुलुकभर सञ्चालित २७ हजार १० सामुदायिक विद्यालयमध्ये ८५.४ प्रतिशत विद्यालयमा इन्टरनेट सुविधाको पहुँच पुगेको छ भने २९.६ प्रतिशत सामुदायिक विद्यालयमा सूचना प्रविधि ल्याबको विस्तार भएको छ। वैकल्पिक स्रोतसमेत ६९.६ प्रतिशत विद्यालयमा विद्युतको पहुँच पुगेको छ।

प्राविधिक तथा व्यावसायिक शिक्षा

११.५५ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतका शिक्षालय/संस्थामा डिप्लोमा तथा प्रमाणपत्र तह, प्रि-डिप्लोमा तह र अप्रेन्टिसीप लगायतका कार्यक्रम सञ्चालनमा छन्। परिषद्मा अध्ययनरत कुल ३२ हजार प्रशिक्षार्थीमध्ये डिप्लोमा, प्रि-डिप्लोमा र अप्रेन्टिसीप तहमा प्रशिक्षण लिने प्रशिक्षार्थी क्रमशः ७७.१ प्रतिशत, १५.३ प्रतिशत र ७.६ प्रतिशत रहेका छन्। डिप्लोमा तहका प्रशिक्षार्थीमध्ये महिला प्रशिक्षार्थीको हिस्सा पुरुषको भन्दा उच्च रहेको छ।

चार्ट ११(ट): प्राविधिक शिक्षा उत्तीर्णको रोजगारी अवस्था (प्रतिशतमा)



स्रोत: प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् २०८२

११.५६ आर्थिक वर्ष २०८१/८२ मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतका शिक्षण संस्थामा प्रशिक्षार्थीमध्ये ३ हजार ८ सय ६० प्रशिक्षार्थी विभिन्न


छात्रवृत्तिबाट लाभान्वित भएका छन्। जसमा वर्गीकृत (निःशुल्क) छात्रवृत्तितर्फ २ हजार २ सय ६२, जेहेन्दार छात्रवृत्तितर्फ १ हजार २ सय १ र विशेष छात्रवृत्तितर्फ ३९७ प्रशिक्षार्थी रहेका छन्।

११.५७ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट बजारको उच्च सम्भाव्यता भएका क्षेत्रमा आधारित सीपमूलक तालिम अन्तर्गत आर्थिक वर्ष २०८२/८३ मा ७ हजार ६ सय ६० व्यक्तिले लागि निःशुल्क छोटो अवधिको सीपमूलक तालिम प्राप्त गरेका छन्। गत आर्थिक वर्षमा बालसुधार गृहका १२० बालबालिका एवम् ५ हजार ३ सय ६० व्यक्तिले सीपमूलक तालिम लिएका थिए।

११.५८ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट प्राविधिक शिक्षातर्फ प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र उत्तीर्ण ५८.२ प्रतिशत प्रशिक्षार्थीले रोजगारी प्राप्त गरेका छन्।

११.५९ आर्थिक वर्ष २०८१/८२ सम्म विभिन्न तह र पेशामा सीप परीक्षण प्रमाणीकृत भएका जनशक्तिको सङ्ख्या ५ लाख ११ हजार ५ सय ६६ रहेको छ। सन् २०२३ मा गरिएको ट्रेसर अध्ययन अनुसार तहगत रूपमा सीप परीक्षण उत्तीर्ण प्रशिक्षार्थीको रोजगारी अवस्था सीप परीक्षण तह १, २ र ३ मा क्रमशः ५६.० प्रतिशत, ७८.१ प्रतिशत र ८०.४ प्रतिशत रहेको छ।

चार्ट ११(ठ): सीप परीक्षणबाट उत्पादित जनशक्तिको अवस्था (प्रतिशतमा)



स्रोत : प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् २०८२

छात्रवृत्ति कार्यक्रम

११.६० शैक्षिक सत्र २०८२ मा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीमध्ये १५ लाख ४० हजार १ सय ३ विद्यार्थीले विभिन्न किसिमका (आवासीय, गैरआवासीय, दलित, छात्रा, अपाङ्ग, सीमान्तकृत समूह लगायतका) छात्रवृत्ति प्राप्त गरेका छन्। शैक्षिक सत्र २०८१ मा यस्तो सङ्ख्या १५ लाख ५२ हजार १ सय ६८ रहेको थियो। शैक्षिक सत्र २०८१ मा छात्रवृत्ति बापत रु.६ अर्ब ७३ करोड ९७ लाख ९ हजार उपलब्ध गराइएको थियो।

मन्जुषा बक्स ११(ख): विद्यार्थीको सिकाइ उपलब्धीको राष्ट्रिय परीक्षणको विवरण

कक्षा ३ को परीक्षणमा पठन सीपको सिकाइ उपलब्धी राष्ट्रिय औसत ४४.९ अङ्क र गणितीय सीपको सिकाइ उपलब्धी ५०.२ अङ्क रहेको छ। पठन सीपमा सन् २०२० को तुलनामा केवल १.४ अङ्कको सामान्य वृद्धि देखिएको छ भने गणितमा १३.० प्रतिशतले सुधार भएको छ। प्रदेशगतरुपमा हेर्दा गण्डकी प्रदेश दुवै क्षेत्रमा उत्कृष्ट देखिएको छ भने मधेश र कर्णाली प्रदेशको स्तर तुलनात्मकरुपमा न्यून छ।

सन् २०२२ मा कक्षा ५ का २२.० प्रतिशत विद्यार्थीले गणितमा, ५१.० प्रतिशतले नेपालीमा, ५३.० प्रतिशतले विज्ञान तथा प्रविधिमा र ४४.० प्रतिशतले अङ्ग्रेजीमा न्यूनतम सिकाइ उपलब्धी हासिल गरेका छन्। सन् २०१८ मा २८.० प्रतिशतले गणितमा र ४५.० प्रतिशतले नेपालीमा न्यूनतम सिकाइ उपलब्धी हासिल गरेका थिए।

सन २०२३ को प्रतिवेदन अनुसार कक्षा १० मा क्रमशः ४०.० प्रतिशतले गणितमा, ४६.२ प्रतिशतले नेपालीमा, ४९.९ प्रतिशतले विज्ञान तथा प्रविधिमा र ७०.६ प्रतिशतले अङ्ग्रेजीमा न्यूनतम सिकाइ उपलब्धी हासिल गरेका थिए।

आर्थिक वर्ष २०८१/८२ मा पाँच जिल्लाका परीक्षण गरिएका ४३० सामुदायिक माध्यमिक विद्यालयमध्ये ३४२ विद्यालयको स्तर सामान्य, ८६ को स्तर मध्यम र दुईको स्तर कमजोर रहेको छ। परीक्षण गरिएका पाँच जिल्लामध्ये सबैभन्दा राम्रो स्तर इलामको देखिएको छ। साथै सामुदायिक विद्यालयका ५० प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादन परीक्षण गरी सुधारका क्षेत्रहरू सिफारिस भएका छन्।

वैदेशिक अध्ययन अनुमतिपत्र

११.६१ वैदेशिक अध्ययनको लागि अनुमतिपत्र लिने विद्यार्थीको सङ्ख्यामा वृद्धि हुँदै गएको छ। आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म कुल ८५ हजार ३ सय ६ वैदेशिक अध्ययन अनुमतिपत्र जारी भएका छन्। गत आर्थिक वर्ष यस्तो सङ्ख्या १ लाख २३ हजार ५ सय ८९ रहेको थियो।

तालिका ११(प): वैदेशिक अध्ययन अनुमतिपत्र विवरण

आर्थिक वर्ष	सङ्ख्या
२०७३/७४	५०७९६
२०७४/७५	५८७५८
२०७५/७६	६३४१७
२०७६/७७	३३१९६
२०७७/७८	२८८८३
२०७८/७९	१०२५०४
२०७९/८०	११०२१७
२०८०/८१	११२९६८
२०८१/८२	१२३५८९
२०८२/८३*	८५३०६

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८२ *फागुनसम्म

चिकित्सा शिक्षा

११.६२ एमबिबिएस अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या वर्षेनी बढ्दै गएको छ। चालु आर्थिक वर्षको फागुनसम्म नेपालमा ६८९ र विदेशमा २३ गरी जम्मा ७१२ विद्यार्थी एमबिबिएस अध्ययन गर्नका लागि मनोनयन भएका छन्। गत आर्थिक वर्ष यस्तो सङ्ख्या ६०६ रहेको थियो।

तालिका ११(फ): चिकित्सा शिक्षामा अध्ययन गर्न मनोनयन भएका विद्यार्थीको सङ्ख्या

विषय	आर्थिक वर्ष					देश
	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३*	
एमबिबिएस	४३०	४३१	४५२	५७१	६८९	नेपाल
बिडिएस	९८	१०४	९५	१०५	९४	नेपाल
बिएएमएस	५९	५५	५९	६०	५४	नेपाल
बिएनएस	४९७	४३९	४७७	४५५	४४४	नेपाल
बिपिएच	२४८	२०७	१८४	१८३	१७६	नेपाल
बि फर्मा	१८४	१८८	१६६	१८७	१९३	नेपाल
बिएस्सी नर्सिङ्ग	४०७	४३९	५२०	६२९	६८२	नेपाल
बिएमआइटी	२३	२५	२३	३४	३०	नेपाल
बिएमएलटी	१२४	१२९	१०२	१११	१२१	नेपाल
बिअप्टोमेट्री	५०	४९	५०	४०	४४	नेपाल
बि परफ्यूजन टेक्नोलोजी	-	३	३	२	१	नेपाल
डि. फार्मेसी	-	८	-	६	-	विदेश
बिएस्सी मिड वाइफ्री	-	८१	-	१३	१४	नेपाल
BPT	-	२७	-	२७	२७	नेपाल
बिएएसएलपी	१	४	३	१२	११	नेपाल
बिएससी रेडियोथेरापी	-	-	-	-	४	नेपाल
एमविविएस	१०	१०	३१	३५	२३	विदेश
बिडिएस	०	१	३	५	३	विदेश
बि फर्मा	७	०	०	०	०	विदेश
PG (MD/MS)	-	-	१४	२	२	विदेश

स्रोतः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय २०८२ *फागुनसम्म

विज्ञान तथा प्रविधि

११.६३ नगरकोटस्थित राष्ट्रिय विधिशालामा अवस्थित १६ इन्चको टेलिस्कोपबाट खगोलीय पिण्डको अध्ययन अनुसन्धानको कार्य हुने गरेको छ। प्रतिवर्ष स्नातकोत्तर अध्ययनरत करिब १५ विद्यार्थीमार्फत यस सम्बन्धी अनुसन्धान कार्य हुँदै आएको छ।

खानेपानी तथा सरसफाइ

११.६४ सर्वसुलभ रुपमा सुरक्षित खानेपानी वितरण तथा प्रशोधन सहितको ढल प्रणाली विकासको लागि राष्ट्रिय खानेपानी, सरसफाई तथा स्वच्छता नीति, २०८० र खानेपानी तथा सरसफाई नियमावली, २०८१ कार्यान्वयनमा आएका छन्।

११.६५ नेपालको संविधान, क्षेत्रगत नीति, आवधिक योजना तथा नीति तथा कार्यक्रममा भएको व्यवस्थाको कार्यान्वयनबाट आधारभूत तथा सुरक्षित खानेपानीको पहुँचमा वृद्धि भएको छ। २०८२ फागुनसम्म ९७.० प्रतिशत जनसङ्ख्यामा आधारभूत खानेपानीको पहुँच पुगेको छ। त्यसैगरी २९.० प्रतिशत जनसङ्ख्यामा सुरक्षित खानेपानी सेवाको पहुँच पुगेको छ।

तालिका ११(ब): खानेपानी तथा सरसफाइको स्थिति (जनसङ्ख्याको प्रतिशत)

सूचक	२०७८ असार	२०७९ असार	२०८० असार	२०८१ असार	२०८२ असार	२०८२ फागुन
आधारभूत खानेपानी सेवा	९३.२१	९४.९३	९६.४४	९६.७५	९७.००	९७.००
आधारभूत सरसफाइ	१००.०	१००.०	१००.०	९५.५#	९५.५#	९५.५#
उच्च मध्यमस्तरको खानेपानी	२४.६५	२५.६९	२६.७५	२७.७६	२९.००	२९.००
प्रशोधनसहितको ढल प्रणाली	२.१	२.२८	२.३४	२.३४	३.०२	३.३४

स्रोतः खानेपानी मन्त्रालय, २०८२। #राष्ट्रिय जनगणना २०७८

११.६६ चालु आर्थिक वर्षको फागुनसम्म विभिन्न ११ खानेपानी आयोजना सम्पन्न भई थप १ लाख २९ हजार ६ सय ३३ जनसङ्ख्यामा सुरक्षित खानेपानी सेवा पुगेको छ। खानेपानी संस्थान अन्तर्गत ५ हजार ४ सय ४१ नयाँ धारा जडान भएको छ। खानेपानी संस्थानबाट २०८२ फागुनसम्म कुल १ लाख ६५ हजार २१ धारा जडान गर्ने कार्य सम्पन्न भएको छ।

११.६७ मेलम्चीको पानी वितरणको लागि काठमाडौं उपत्यकामा पहिलो चरण सम्पन्न भई कुल १ हजार ५० किलोमिटर पाइपलाइनबाट नियमितरूपमा पानी वितरण कार्य शुरू भएको छ। काठमाडौंको खानेपानी वितरण प्रणाली सुधारको लागि Supervisory Control and Data Acquisition (SCADA) को कार्य सम्पन्न भएको छ।

११.६८ चालु आर्थिक वर्षमा वर्षातको पानी सङ्कलन सम्वन्धी कार्यक्रमबाट काठमाडौं उपत्यका भित्रका थप ३ स्थानमा वर्षातको पानी सङ्कलन प्रविधि जडान भई थप करिब ९०० जनसङ्ख्यामा खानेपानीको सेवा पुगेको छ। काठमाडौं उपत्यकाभित्र २६५ सरकारी विद्यालय, ४९ सरकारी भवन र ८९ सार्वजनिक भवन गरी हालसम्म ४०३ स्थानमा वर्षातको पानी सङ्कलन प्रविधि जडान सम्पन्न भएको छ।

११.६९ चालु आर्थिक वर्षको फागुनसम्म काठमाडौं उपत्यकाका सार्वजनिक स्थल तथा सरकारी अस्पताल लगायतका विभिन्न ३१ स्थानमा वाटर एटिएम जडान कार्य सम्पन्न भई सञ्चालनमा आएका छन्।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक

महिला

११.७० राष्ट्रपति महिला उत्थान (राष्ट्रिय महिला समुत्थान परियोजना) कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षको फागुनसम्म दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी ६० महिला समेत गरी २०८२ फागुनसम्म ९०५ महिलाको हवाई उद्धार भएको छ।

तालिका ११(भ): उद्धार गरिएका गर्भवती र सुत्केरी महिलाको प्रदेशगत विवरण (सङ्ख्या)

आर्थिक वर्ष	कोशी	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	जम्मा
२०७५/७६	५	३	३	१	१३	१	२६
२०७६/७७	१०	१२	५	२	३६	२२	८७
२०७७/७८	२८	२७	५	२	२८	१३	१०३
२०७८/७९	५५	२७	७	२	५८	२०	१६९
२०७९/८०	४४	२२	११	३	५४	३३	१६७
२०८०/८१	६९	१६	४	४	४०	२८	१६१
२०८१/८२	४७	६	८	३	५४	१४	१३२
२०८२/८३*	२१	१२	१	२	१९	५	६०
जम्मा	२७९	१२५	४४	१९	३०२	१३६	९०५

स्रोतः महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, २०८२ *२०८२ फागुनसम्म

११.७१ चालु आर्थिक वर्षको फागुनसम्म १० जिल्लामा सञ्चालित अल्पकालीन पुनर्स्थापना केन्द्रमार्फत ४१६ मानव वेचविखन तथा ओसारपसारमा परेका पीडित तथा प्रभावितलाई उद्धार,संरक्षण र पुनर्स्थापना सेवा उपलब्ध भएको छ।

तालिका ११(म): उद्धार, संरक्षण र पुनर्स्थापनाको विवरण

जिल्ला	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३#
चितवन	१२	७	४	१५	०
रुपन्देही	२५८	२१०	१७०	२२७	११२
सिन्धुपाल्चोक	२२	१७	२०	३२	१०
कैलाली	३०	०	०	०	०

जिल्ला	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३#
पर्सा	२८१	२५८	१६२	२२१	७३
बाँके	९६	७६	९८	९९	७२
काठमाण्डौं	२	१०	३९	१	१
झापा	१३९	१३६	१६३	१९०	११३
कास्की	२७	५४	३३	४४	१९
सुर्खेत	८४	३०	६९	३३	१६
जम्मा	९५१	७९८	७५८	८६२	४१६

स्रोतः महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, २०८२ #फागुनसम्म

११.७२ आर्थिक वर्ष २०८२/८३ मा प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेटको हिस्सा ४४.२८ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०८१/८२ मा यस्तो हिस्सा ४३.८६ प्रतिशत रहेको थियो।

तालिका ११(य): नेपालमा लैङ्गिक उत्तरदायी बजेट (सङ्घीय बजेट)

आर्थिक वर्ष	प्रतिशत	आर्थिक वर्ष	प्रतिशत
२०६४/६५	११.३	२०७३/७४	२३.१
२०६५/६६	१३.९४	२०७४/७५	३७.४२
२०६६/६७	१७.३	२०७५/७६	३८.६५
२०६७/६८	१७.९४	२०७६/७७	३८.१७
२०६८/६९	१९.०५	२०७७/७८	३८.१६
२०६९/७०	२१.५१	२०७८/७९	३९.४९
२०७०/७१	२१.७५	२०७९/८०	४०.२५
२०७१/७२	२१.९३	२०८०/८१	४२.१६
२०७२/७३	२२.२७	२०८१/८२	४३.८६
२०७३/७४	२३.१	२०८२/८३	४४.२८

स्रोतः अर्थ मन्त्रालय, २०८२

ज्येष्ठ नागरिक

११.७३ २०८२ असारसम्म ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको संख्या २७३ पुगेकोमा चालु आर्थिक वर्षको फागुनसम्म ९५ थप भई यस्तो सङ्ख्या ३६८ पुगेको छ।

अपाङ्गता भएका नागरिक

११.७४ हालसम्म कुल १० हजार ९ सय अपाङ्गता भएका व्यक्तिलाई सहायक सामग्री वितरण गरिएको छ। बेवारिसे, सहारा विहिन र विपन्न पूर्ण अशक्त अपाङ्गता भएका ९७ र १३३ कुष्ठ रोग प्रभावित व्यक्तिले आवासीय पुनर्स्थापना सेवा पाएका छन्।

बालबालिका

११.७५ बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२ र बालबालिका उत्तरदायी बजेट संकेत कार्यविधि, २०८२ स्वीकृत भएको छ। कानुनको विवादमा परेका १ हजार १ सय ७६ बालबालिका १० बाल सुधार गृहमा रहेका छन्। चालु आर्थिक वर्षमा नुवाकोट स्थित केन्द्रीय कारागारमा १८ वर्ष माथिका बालकलाई व्यवस्थापन गर्नका लागि बाल सुधार गृह सञ्चालनमा आएको छ।

११.७६ चालु आर्थिक वर्षको फागुनसम्म हराएका ५ हजार ३ सय ६१ बालबालिका (बालक १ हजार ३ सय ८८ र बालिका ३ हजार ९ सय ७३) को खोजतलास गरी सोमध्ये ४ हजार ९ सय २९ जना (बालक १ हजार २ सय ८९ र बालिका ३ हजार ६ सय ४०) बालबालिका फेला परी परिवारमा पुनर्मिलन भएका छन्। आर्थिक वर्ष २०८१/८२ मा देशभर हराएका ८ हजार १ सय ८९ (बालक २ हजार १ सय ७९ र बालिका ६ हजार) जना बालबालिकाको खोजतलास गरी सोमध्ये फेला परेका ७ हजार ६ सय ४ (बालक २ हजार ३७ र बालिका ५ हजार ५ सय ६७) परिवारमा पुनर्मिलन भएका थिए।

११.७७ आर्थिक वर्ष २०८१/८२ मा देशभर बेवारिसे अवस्थामा फेला परेका ४०९ बालबालिका (बालक २४६ र बालिका १६३) मध्ये २९८ बालबालिकाको परिवार खोजी गरी पारिवारिक पुनर्मिलन भएको छ। यसमध्ये १११ बालबालिकालाई पालनपोषण तथा संरक्षणका लागि बाल गृह तथा अस्थायी संरक्षण सेवा केन्द्रको प्रबन्ध गरी पुनःस्थापना गरिएको छ।

११.७८ चालु आर्थिक वर्षको फागुनसम्म बेवारिसे फेला परेका २५१ बालबालिका (बालक १६५ र बालिका ८६) मध्ये १८९ (बालक १२४ र बालिका ६५) लाई परिवारमा पुनर्मिलन गरिएको छ भने ६२ (बालक ४१ र बालिका २१) लाई बाल गृहमा पुनःस्थापना गरिएको छ।

११.७९ चालु आर्थिक वर्षको फागुनसम्म बालबालिका विरुद्धको हिंसा तथा जोखिममा परेका ५८८ जनाको तत्काल उद्दार गरी सो समेत ७ हजार ४ सय ६२ बालबालिकालाई आवश्यक राहत, संरक्षण, मनोविमर्श लगायतका सेवाहरु उपलब्ध गराइएको छ। आर्थिक वर्ष २०८१/८२ मा हिंसा तथा जोखिममा परेका १ हजार ५५ बालबालिकाको तत्काल उद्दार गरिएको थियो।

११.८० सडक बालबालिका मुक्त नेपाल बनाउने अभियानअनुसार २०७३ वैशाख २७ देखि २०८२ को फागुनसम्म २ हजार ६ सय ५८ (बालक २ हजार २ सय ५८ र बालिका ४००) सडक बालबालिकाको उद्दार गरी संरक्षण र व्यवस्थापन भएको छ।

तालिका ११(र): सडक बालबालिका उद्दार, संरक्षण तथा व्यवस्थापनसम्बन्धी विवरण

आर्थिक वर्ष	उद्दार गरिएका		
	बालक	बालिका	जम्मा
२०७२/७३	१७५	२८	२०३
२०७३/७४	४३२	५८	४९०
२०७४/७५	१७७	३	१८०
२०७५/७६	११९	१९	१३८
२०७६/७७	३७८	८७	४६५
२०७७/७८	३०१	५४	३५५
२०७८/७९	१३२	२५	१५७
२०७९/८०	१०१	२५	१२६
२०८०/८१	२०६	२९	२३५
२०८१/८२	१६८	३६	२०४
२०८२/८३*	**६९**	**३६**	**१०५**
जम्मा	**२२५८**	**४००**	**२६५८**

स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, २०८२ *फागुनसम्म

११.८१ राष्ट्रिय बाल अधिकार परिषद्को समन्वय, सहयोग र सहजीकरणमा हालसम्म ७५३ स्थानीय तहमध्ये ३९४ स्थानीय तहमा स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन भएका छन्। ४९० स्थानीय तहमा बाल कल्याण अधिकारी नियुक्त भएका छन्। ३१० स्थानीय तहमा स्थानीय बाल कोष स्थापना भएको र ४४२ स्थानीय तहले बाल अधिकार सम्मान, संरक्षण, सम्बर्द्धनसम्बन्धी एकीकृत कार्यविधि निर्माण गरी लागू गरेका छन्।

मञ्जुषा ११(ग): यौनजन्य अपराधले पीडित बालबालिका र कानूनको द्वन्द्वमा परेका बालबालिकामा पारेको प्रभावको अनुसन्धानमूलक अध्ययन प्रतिवेदन, २०८२

बालन्याय सम्बन्धी विकसीत तथा नवीनतम् अवधारणा, विधिशास्त्र, मूल्य मान्यता, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय अभ्यास र कानूनहरु, अदालतको दृष्टिकोण लगायतको विषय समेटी यो प्रतिवेदन तयार गरिएको हो। प्रतिवेदनको निष्कर्ष देहाय बमोजिम रहेको छः-

- स्कुल र समुदायमा यौन शिक्षा र सामाजिक सञ्जालको सुरक्षित प्रयोगबारे कार्यक्रमहरू सञ्चालन गरिनुपर्ने।
- प्रहरी र फरेन्सिक ल्याबको क्षमता वृद्धि गरी प्रमाण सङ्कलनलाई तीव्र बनाउपर्ने।
- पीडितसँग संवेदनशील ढङ्गले छलफल गर्ने र गोपनीयता कायम गर्न सहज हुने गरी प्रहरीलाई बालमैत्री अनुसन्धान प्रशिक्षण अनिवार्य गर्नुपर्ने।
- पीडित र उनीहरूका परिवारले निःशुल्क परामर्श प्राप्त गर्नका लागि मनोसामाजिक परामर्श, कानूनी सहायता, र क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने।
- प्रत्येक जिल्लामा मनोसामाजिक परामर्श केन्द्र स्थापना गर्नुपर्ने।

- कानूनी सहायता प्रदान गर्न निःशुल्क कानूनी सहायता सेवालाई सुदृढ गर्नुपर्ने।
- क्षतिपूर्तिको लागि विशेष कोष स्थापना गरी पीडितलाई तत्काल आर्थिक सहायता उपलब्ध गराउनुपर्ने
- सेफहाउसको सङ्ख्या बढाएर पीडितलाई सुरक्षित आवास र सामाजिक पुनस्थापना सुनिश्चित गर्नुपर्ने
- बालबालिकालाई सुधार केन्द्रहरूमा शिक्षा, सीप विकास, र मनोसामाजिक परामर्श प्रदान गर्नुपर्ने।

युवा तथा खेलकुद

११.८२ युवा तथा खेलकुद क्षेत्रको प्रवर्द्धन र विकासका लागि राष्ट्रिय खेलकुद नीति, २०८२ तथा राष्ट्रिय युवा नीति, २०८२ तर्जुमा भई कार्यान्वयनमा आएका छन्।

११.८३ चालु आर्थिक वर्षको फागुनसम्म अन्तर्राष्ट्रियस्तरका ७ तथा राष्ट्रियस्तरका ४९ प्रतियोगिता सम्पन्न भएका छन्। यस अवधिमा १४३ अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाल सहभागी भएको छ। नेपालमा गत आर्थिक वर्षमा अन्तर्राष्ट्रियस्तरका १९ र राष्ट्रियस्तरका ८२ खेलकुद प्रतियोगिता आयोजना भएका थिए।

११.८४ आइवा विश्व बक्सिङ्ग च्याम्पियनशिपमा नेपालले कास्य पदक प्राप्त गरेको छ। साथै, डब्लुकेएफ कराते वनसिरिजलगायत क्रिकेट, एथलेटिक्स, रग्वी, मार्शल आर्ट, उसु लगायतका अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाल ४६ स्वर्ण, १६ रजत र १४ कास्य गरी ७६ पदक जित्न सफल भएको छ।

व्यक्तिगत घटना दर्ता

११.८५ विदेशस्थित ४३ विदेशी नियोग र स्थानीय तहका ६ हजार ७ सय ४३ वडाबाट व्यक्तिगत घटना दर्तासम्बन्धी कार्य भइरहेको छ। चालु वर्षको फागुनसम्म ११ लाख ३२ हजार ३ सय ४३ व्यक्तिगत घटना दर्ता भएका छन्। विक्रम संवत् २०८१ मा १३ लाख ४२ हजार ३ सय ६९ व्यक्तिगत घटना दर्ता भएका थिए।

तालिका ११(ल): व्यक्तिगत घटना दर्ता विवरण

साल	जन्म	मृत्यु	सम्बन्ध विच्छेद	विवाह	बसाईँसराई	जम्मा
२०७२	६००७९६	९४६९१	१०६५	१५८७९५	६९८२७	९२५१७४
२०७३	७२१३२६	११८०६०	२२८३	१८४३२३	६८८६३	१०९४८५५
२०७४	६६५९०९	६५८३५	२७७६	२२०६६९	७५०९८	१०३०२८७
२०७५	४०९३५४	९४६२०	३९३५	१७९९५७	९४१५९	७८२०२५
२०७६	९२५३२२	१७०६४३	५८४६	२७३९६३	९२२९३	१४६८०६७
२०७७	९७७३१९	२०४२७४	६६४४	२६३३९३	१४७०५९	१५९८६८९
२०७८	१३३७४५१	२९३८०६	१४२७९	४५९४९८	२०५७६९	२३१०८०३

साल	जन्म	मृत्यु	सम्बन्ध विच्छेद	विवाह	बसाईँसराई	जम्मा
२०७९	८५९४३६	२०६३२६	२०२७२	३४३९२८	१९६०४०	१६२६००२
२०८०	७४३९६८	२१२५४७	२३७१८	२८८९७९	१३६९१५	१४०६१२७
२०८१	६४९९०६	२११२६७	२४९२६	२६०५५८	१९५७१२	१३४२३६९
२०८२*	६१३२५१	१६५२१२	२३१४२	२२०७८१	१०९९५७	११३२३४३
जम्मा	**८५०४०३८**	**१८३७२८१**	**१२८८८६**	**२८५४८४४**	**१३९१६९२**	१४७१६७४१

स्रोतः गृह मन्त्रालय, २०८२ *फागुनसम्म

सामाजिक सुरक्षा कार्यक्रम

११.८६ हाल सबै स्थानीय तहबाट सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालीमार्फत् वितरण हुने गरेको छ। चालु आर्थिक वर्षको फागुनसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या ३६ लाख ४१ हजार ८ सय ४४ रहेको छ।

तालिका ११(ब): सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण

लाभग्राहीको वर्ग	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२*
जेष्ठ नागरिक (७० वर्ष माथि)	१३२२३१५	१६२७९२१	१६८९१९६	१७१९८००	१६८००६६
जेष्ठ नागरिक (क्षेत्र तोकिएको ६० वर्ष माथि)	२१०६८	१६६२२	१६४८०	१६९५०	१६४७२
जेष्ठ नागरिक दलित (६० वर्ष माथि)	१९१८४६	१५२८०१	१५६१६१	१५७८८७	१५२७०९
जेष्ठ नागरिक एकल महिला (६० वर्ष माथि)	२७६४९३	२१२६७०	१८१८६३	१५९३१०	२०२०७९
विधवा	३६०५०२	३६११६१	३८९२१०	४१६६८७	३६१५१९
पूर्ण अपाङ्गता जुनसुकै उमेरको (क वर्ग)	६३३४३	६६२८१	६८३०६	६९९५२	६९८३१
अति अशक्त अपाङ्गता जुनसुकै उमेरको (ख वर्ग)	१२८२२३	१३८७१६	१४५५१७	१५०८८३	१५०५४६
लोपोन्मुख जनजाती जुनसुकै उमेरको	२२५३८	२२२०८	२२३९३	२२०५०	२१८१८
बालबालिका (दलित)	४१०१२०	३८११०७	३६०३११	३३६७०६	३०२३५५
बालबालिका (क्षेत्र तोकिएको)	८०६२५७	८२०७९०	८०००३६	७५६४०९	६८४४४९
जम्मा	**३६०२७०५**	**३८००२७७**	**३८२९४७३**	**३८०६६३४**	**३६४१८४४**

स्रोतः गृह मन्त्रालय, २०८२ *फागुनसम्म

राष्ट्रिय परिचयपत्र

११.८७ २०८२ फागुनसम्म २ करोड १३ हजार ५ सय ५३ नागरिकको वैयक्तिक र जैविक विवरण सङ्कलन भएको छ। राष्ट्रिय परिचय पत्रलाई राहदानी विभाग, आन्तरिक राजस्व विभाग, निर्वाचन आयोग, सामाजिक सुरक्षा, कर्जा सूचना केन्द्र लगायत १२ निकायको प्रणालीसँग अन्तरआबद्ध गरिएको छ। हालसम्म ७५ लाख ८१ हजार १ सय ८३ कार्ड छपाई भई ४० लाख ३३ हजार ४० राष्ट्रिय परिचय पत्र वितरण भएको छ।

तालिका ११(श): राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ताको अवस्था

विवरण	असारसम्म				
	२०७९	२०८०	२०८१	२०८२	२०८२*
नागरिकको विवरण संकलन	८०७५०४६	१३१५४७४२	१५१६५६४३	१८११२४७८	२००१३५५३
राष्ट्रिय परिचयपत्रको स्मार्ट कार्ड छपाई	३६७०००	१६३००१४	४३२८३७३	७२०८३९०	७५८११८३
राष्ट्रिय परिचयपत्र वितरण	११७०२५	१७३०६८	७२७३४०	२९०६०११	४०३३०४०

स्रोतः गृह मन्त्रालय, २०८२ *फागुनसम्म

१२. सुशासन र प्रशासन

१२.१ राज्यले सुशासन र प्रभावकारी सेवा प्रवाहलाई प्रमुख मार्गदर्शक नीतिको रुपमा आत्मसात गरेको छ। पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिता सुनिश्चित गर्न डिजिटल प्रविधिमार्फत् सार्वजनिक सेवा प्रवाह गर्ने कार्यले तीव्रता पाएको छ। राष्ट्रिय परिचयपत्रको साथै एकीकृत डाटाबेस निर्माणमार्फत् राष्ट्रिय अभिलेख व्यवस्थापनलाई सुदृढ गरी राष्ट्रिय एकता, राष्ट्रिय सुरक्षा, सार्वजनिक नीति र सेवा प्रवाह कार्यान्वयन हुँदै आएका छन्।

१२.२ नेपाललाई वित्तीय कारवाही कार्यदल (FATF) ले २०८१ फागुनदेखि नेपाललाई Jurisdictions under Increased Monitoring मा राखे पश्चात मुलुकलाई ग्रे-लिष्टबाट बाहिर ल्याउन ग्रे-लिष्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२ तथा प्राथमिक कार्यको तालिका स्वीकृत भई कार्यान्वयनमा आएको छ।

१२.३ नेपाल सरकारका साविकका २२ मन्त्रालयको पुनर्संरचना भई मन्त्रालयको सङ्ख्या १८ कायम भएको छ।

सुशासन

१२.४ सार्वजनिक निकायबाट हुने अनियमितता, ढिलासुस्ती र भ्रष्टचार सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रमा चालु आर्थिक वर्षको फागुनसम्म दर्ता भएका १ हजार २ सय उजुरीमध्ये ५१.० प्रतिशत फछर्यौंट भएका छन्। गत आर्थिक वर्ष दर्ता भएका १ हजार ९ सय ३६ उजुरीमध्ये ७५.० प्रतिशत फछर्यौंट भएका थिए।

१२.५ चालु आर्थिक वर्षको फागुनसम्म हेलो सरकार विद्युतीय गुनासो व्यवस्थापन पोर्टलमा दर्ता भएका १६ हजार ४ सय २१ उजुरीमध्ये ४३.९ प्रतिशत फछर्यौंट भएका छन्। गत आर्थिक वर्ष १५ हजार ८ सय ८६ दर्ता भएका उजुरीमध्ये ५४.६ प्रतिशत उजुरी फछर्यौंट भएका थिए।

१२.६ चालु आर्थिक वर्षको फागुनसम्म अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा परेका २५ हजार ९ सय ८४ उजुरीमध्ये ६०.१ प्रतिशत उजुरी फछर्यौंट भएका छन्। चालु आर्थिक वर्षको फागुनसम्म आयोगबाट विशेष अदालतमा रु.१० अर्ब ६८ लाख बिगो माग दावी सहित १०० मुद्दा दायर भएका छन्।

तालिका १२(क): अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्राप्त उजुरी विवरण

आर्थिक वर्ष	प्राप्त उजुरी सङ्ख्या	उजुरी फछ्यौंट		मुद्दा दायर
		सङ्ख्या	प्रतिशत	
२०७७/७८	२२६२५	१४५३२	६४.२	११४
२०७८/७९	२४३३१	१७१६९	७०.६	१३१
२०७९/८०#	२८०६७	१८७९९	६७.०	१६२
२०८०/८१	३६१८६	२७७१४	७६.६	२०१
२०८१/८२	३७०२६	२९७०६	८०.२	१३७
२०८२/८३*	२५९८४	१५६१८	६०.१	१००

स्रोतः अख्तियार दुरूपयोग अनुसन्धान आयोग, २०८२ *फागुनसम्म

प्रदेश नछुटिएको २,५११ समेत समावेश गरिएको छ।

१२.७ विगत तीन आर्थिक वर्षको तुलनात्मक अध्ययन गर्दा स्थानीय तह (सङ्घीय मामिला) सम्बन्धी उजुरी कुल उजुरीको एक तिहाईभन्दा बढी रहेको छ भने प्रत्येक आर्थिक वर्षमा सबैभन्दा बढी उजुरीसमेत यही तहसँग सम्बन्धित रहेका छन्।

तालिका १२(ख): क्षेत्रगत/निकायगत उजुरीको विवरण

उजुरीका क्षेत्र	उजुरी प्रतिशत		
	२०७९/८०	२०८०/८१	२०८१/८२
स्थानीय तह (सङ्घीय मामिला)	३५.९५	३८.९१	३८.२३
स्थानीय तहसमेत (शिक्षा)	११.१९	१५.७९	११.२७
भूमि प्रशासन	६.०९	६.४९	५.९१
स्वास्थ्य तथा जनसंख्या	३.१२	३.६८	३.७२
वन तथा वातावरण	४.१४	३.८२	३.५९
गृह प्रशासन	३.५८	३.५२	३.५४
शिक्षा, विज्ञान र प्रविधि	३.३५	३.४६	३.५४
भौतिक पूर्वाधार तथा यातायात	४.१०	३.६१	३.४७
ऊर्जा, जलस्रोत तथा सिँचाइ	२.५८	२.१०	२.४१
अर्थ	१.८९	२.१३	१.९२
नक्कली शैक्षिक प्रमाणपत्र	६.०२	४.७१	४.५३
गैरकानुनी सम्पत्ति आर्जन	७.१२	६.९८	६.३४
अन्य क्षेत्र	१०.८६	४.८०	११.५१
जम्मा	**१००.००**	**१००.००**	**१००.००**

स्रोतः अख्तियार दुरूपयोग अनुसन्धान आयोग, २०८२

१२.८ आर्थिक वर्ष २०८०/८१ मा सङ्घीय मन्त्रालय तथा निकाय, प्रदेश मन्त्रालय तथा निकाय, स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्थाको समेत गरी रु.९४ खर्ब ६२ अर्ब ३६ करोडको लेखापरीक्षण सम्पन्न भएकोमा यसबाट रु.९१ अर्ब ५९ करोड ७९ लाख बेरुजु कायम भएको छ।

१२.९ आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्थाको समेत गरी रु.९४ खर्ब ८४ अर्ब ५१ करोडको लेखापरीक्षण सम्पन्न भएकोमा यसबाट रु.८८ अर्ब ९ करोड ११ लाख बेरुजु कायम भएको छ।

तालिका १२(ग): बेरुजुको स्थिति

आर्थिक वर्ष	बेरुजु (रु.करोडमा)	बेरुजुको अंश (प्रतिशतमा)	
		राजस्व अनुपातमा	बजेटको अनुपातमा
२०७१/७२	५६६५	१४.०	९.२
२०७२/७३	९७४४	२०.२	११.९
२०७३/७४	१२०९१	१९.८	११.५
२०७४/७५	१४१०५	१९.४	११.०
२०७५/७६	१३३००	१६.०	१०.१
२०७६/७७	१०४३८	१३.२	६.८
२०७७/७८	११५०६	१२.३	७.८
२०७८/७९	११९७८	११.२	७.३
२०७९/८०	९५६०	१०.०	५.३
२०८०/८१	९१६०	८.७	५.२
२०८१/८२	८८०९	७.५	४.७

स्रोतः महालेखा परीक्षकको त्रिसट्ठिऔं वार्षिक प्रतिवेदन, २०८३

१२.१० सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्था समेत गरी २०८२ असारसम्म लेखापरीक्षणबाट औंल्याइएको अद्यावधिक बेरुजु रु.७ खर्ब ५५ अर्ब १७ करोड २२ लाख पुगेको छ।

मञ्जुषा बक्स १२(क):
अन्तर्राष्ट्रिय कानून बमोजिम नेपालले पूरा गर्नुपर्ने दायित्वसम्बन्धी अध्ययन प्रतिवेदन

नेपालले मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिबाट सिर्जित दायित्वलाई संविधान, नीति, कानून तथा कार्यक्रममार्फत् आन्तरिकीकरण गरिँदै आएको छ। सोही क्रममा विषयगत समितिमा प्रतिवेदन पेश गर्ने तथा अन्तर्राष्ट्रिय मञ्चमा सक्रिय सहभागिता जनाउने कार्य हुँदै आएको छ। अध्ययनबाट प्रायः आवधिक प्रतिवेदन नियमित रूपमा पेश भए पनि केही प्रतिवेदन लामो समयदेखि पेश हुन बाँकी रहेको छन्। प्रतिवेदन तयारीमा सरकार परिवर्तन, संस्थागत निरन्तरताको कमी, अन्तरनिकाय समन्वयको कमजोरी, तथ्याङ्क सङ्कलन तथा अभिलेखीकरण प्रणालीको कमजोरी मुख्य चुनौतीका रूपमा देखिएका छन्।

अध्ययनले प्रतिवेदन तयारीलाई समयबद्ध, एकरूप र प्रभावकारी बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, परराष्ट्र मन्त्रालय तथा सम्बन्धित मन्त्रालयको सहभागितामा स्थायी प्रकृतिको समन्वय संयन्त्र गठन गर्नुपर्ने आवश्यकता औंल्याएको छ।

सन्धि प्रतिवेदन सूचक (Treaty Reporting Indicator) तयार गरी प्रतिवेदनमा प्रयोग हुने तथ्याङ्क, भाषा र विषयवस्तुमा एकरूपता कायम गर्नुपर्ने, सूचना प्रविधिमा आधारित अभिलेख प्रणाली विकास गर्नुपर्ने, प्रतिवेदन तयारीमा संलग्न जनशक्तिको क्षमता विकास गर्नुपर्ने तथा समितिबाट प्राप्त सिफारिसको कार्यान्वयनलाई प्राथमिकतामा राख्नुपर्ने निष्कर्ष यस अध्ययन प्रतिवेदनको रहेको छ।

प्रशासन

१२.११ चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय सरकारका विभिन्न निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भई निजामती सेवा अन्तर्गतका विभिन्न सेवा, समूह र श्रेणीतर्फ ५० हजार ७ सय ६८ दरबन्दी कायम भएको छ। यस्तो दरबन्दी सङ्ख्या २०८२ असारमा ५१ हजार ४ सय ५ रहेको थियो।

तालिका १२(घ): सङ्घीय निकायको सेवागत दरवन्दी विवरण (सङ्ख्यामा)

क्रं.सं.	सेवा	२०८२ असार	२०८२ फागुन
१.	नेपाल आर्थिक योजना तथा तथ्याङ्क	३२८	३२८
२.	नेपाल इन्जिनियरिङ्ग	९९५१	९९६५
३.	नेपाल कृषि	१३२९	१३२९
४.	नेपाल न्याय	५३२२	५३६४
५.	नेपाल परराष्ट्र	४४७	४४७
६.	नेपाल प्रशासन	२४६६८	२४०३६
७.	नेपाल लेखापरीक्षण	५३४	५३१
८.	नेपाल वन	१९५१	१९५१
९.	नेपाल विविध	२८०५	२७४७
१०.	नेपाल शिक्षा	१०२५	१०२५
११.	व्यवस्थापिका संसद	३८२	३८२
१२.	नेपाल स्वास्थ्य	२६६३	२६६३
कुल जम्मा		**५१४०५**	**५०७६८**

स्रोतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०८२

१२.१२ सरकारी सेवामा महिला कर्मचारीको सङ्ख्या वृद्धि हुँदै गएको छ। २०६५ असारसम्म निजामती सेवामा महिलाको सङ्ख्या १२.० प्रतिशत रहेकोमा २०८२ फागुनसम्म निजामती किताबखानामा दर्ता भएका तीन तहका सरकारी निकायमा कार्यरत महिला कर्मचारीको सङ्ख्या ३०.० प्रतिशत पुगेको छ।

तालिका १२(ङ): सङ्घीय निजामती सेवामा कार्यरत कर्मचारी विवरण

सेवा	सङ्ख्यामा			प्रतिशतमा		सेवागत प्रतिशत
	पुरूष	महिला	जम्मा	पुरूष	महिला	
नेपाल आर्थिक योजना तथा तथ्याङ्क	२४७	५७	३०४	८१.२५	१८.७५	०.७६
नेपाल ईन्जिनियरिङ्ग	५,५५२	९७७	६,५२९	८५.०४	१४.९६	१६.३७
नेपाल कृषि	८८६	३८७	१,२७३	६९.६	३०.४	३.१९
नेपाल न्याय	३,४७०	१,२६०	४,७३०	७३.३६	२६.६४	११.८६
नेपाल परराष्ट्र	२६७	१०८	३७५	७१.२	२८.८	०.९४
नेपाल प्रशासन	१३,३६८	३,०५५	१६,४२३	८१.४	१८.६	४१.१७
नेपाल लेखा परीक्षण	३८७	१००	४८७	७९.४७	२०.५३	१.२२
नेपाल वन	१,५७७	३१३	१,८९०	८३.४४	१६.५६	४.७४
नेपाल विविध	१,५७२	६५८	२,२३०	७०.४९	२९.५१	५.५९
नेपाल शिक्षा	५७३	२८६	८५९	६६.७१	३३.२९	२.१५
नेपाल स्वास्थ्य	२,०४८	२,४७०	४,५१८	४५.३३	५४.६७	११.३३

सेवा	सङ्ख्यामा			प्रतिशतमा		सेवागत प्रतिशत
	पुरूष	महिला	जम्मा	पुरूष	महिला	
सङ्घीय संसद	१९४	७६	२७०	७१.८५	२८.१५	०.६८
सङ्घ तर्फको जम्मा	**३०१४१**	**९७४७**	**३९,८८८**	**७५.५६**	**२४.४४**	**१००**
संवैधानिक पदाधिकारी	**३१८**	**३७**	**३५५**	**८९.५८**	**१०.४२**	
कुल जम्मा	**३०४५९**	**९७८४**	**४०२४३**	**७५.६९**	**२४.३१**	

स्रोतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०८२

१२.१३ नेपाल स्वास्थ्य सेवामा कार्यरत कर्मचारीमध्ये ५४.७ प्रतिशत महिला र ४५.३ पुरुष कर्मचारी रहेका छन्। संवैधानिक पदाधिकारीतर्फ महिलाको सहभागिता १०.४ प्रतिशत रहेको छ।

तालिका १२ (च): तीन तहका सरकारमा कार्यरत कर्मचारी विवरण#

निकाय	सङ्ख्यामा			अंश (प्रतिशतमा)	
	पुरुष	महिला	जम्मा	पुरुष	महिला
सङ्घ	३०१४१	९७४७	३९८८८	७५.५६	२४.४४
प्रदेश	१०५०९	३३४१	१३८५०	७५.८८	२४.१२
स्थानीय तह	१९०३५	१२४६७	३१५०२	६०.४२	३९.५८
जम्मा	**५९६८५**	**२५५५५**	**८५२४०**	**७०.०२**	**२९.९८**

स्रोतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०८२

#राष्ट्रिय किताबखाना (निजामती) मा दर्ता भएका मात्र

१२.१४ २०८२ फागुनसम्म निजामती किताबखानामा दर्ता भएका कर्मचारीमध्ये सङ्घमा कार्यरत कर्मचारी ४६.८ प्रतिशत, प्रदेशमा कार्यरत १६.२ प्रतिशत र स्थानीय तहमा कार्यरत ३७.० प्रतिशत कर्मचारी रहेका छन्।

१२.१५ आर्थिक वर्ष २०८१/८२ मा ८ जिल्लाका २१ सङ्घीय कार्यालयको सेवाग्राही सन्तुष्टि सर्वेक्षण सम्पन्न भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म १५ सरकारी कार्यालयको सेवाग्राही सन्तुष्टि सर्वेक्षण सम्पन्न भएको छ।

१२.१६ आर्थिक वर्ष २०८१/८२ मा लोकसेवा आयोगबाट कुल सिफारिस सङ्ख्या २ हजार ५ सय ९२ मध्ये सम्बन्धित समावेशी समूहका विज्ञापनबाट १ हजार ५६ (४०.७ प्रतिशत) र खुला विज्ञापनबाट १ हजार ३ सय ४० (५९.३ प्रतिशत) सङ्घीय निजामती सेवामा प्रवेश गरेका छन्। चालु आर्थिक वर्षको फागुनसम्म विभिन्न सेवा समूहमा सिफारिस भएका १ हजार १ सय ४७ जना मध्ये ४ सय ८४ जना समावेशी समूहतर्फ सिफारिस भएका छन्।

१२.१७ समावेशी पदपूर्ति व्यवस्था लागू भएको आर्थिक वर्ष २०६४/६५ देखि २०८१/८२ सम्म विभिन्न समावेशी समूहको विज्ञापनबाट जम्मा २६ हजार २ सय ७४ जना उम्मेदवार सिफारिस भएका छन्।

परराष्ट्र र कूटनीति

१२.१८ चालु आर्थिक वर्षको फागुनसम्म नेपालका विदेशस्थित ३१ राजदूतावास, ३ स्थायी नियोग र १० महावाणिज्य दूतावास समेत ४४ नेपाली नियोग रहेका छन्। नेपालले पेश गरेको सङ्कल्प प्रस्ताव "International Wellness Day" लाई संयुक्त राष्ट्रसङ्घको ८० औं महासभाले पारित गर्दै प्रत्येक वर्ष १५ अप्रिललाई **अन्तर्राष्ट्रिय आरोग्य दिवस**का रुपमा मनाउने घोषणा गरेको छ।

१२.१९ दक्षिण एसियाको पहिलो राष्ट्रको रूपमा २०७८ मङ्सिर १ गते देखि विद्युतीय राहदानी जारी गर्न सुरु भएपश्चात हालसम्म ५५ लाख १६ हजार ३ सय ९८ थान राहदानी जारी भएका छन्। आर्थिक वर्ष २०८१/८२ मा १३ लाख १३ हजार २ सय ५४ थान विद्युतीय राहदानी जारी गरिएकोमा चालु आर्थिक वर्षको फागुनसम्म यस्तो सङ्ख्या ८ लाख १९ हजार ४ सय ३४ रहेको छ।

तालिका १२(छ): राहदानी वितरण सम्बन्धी विवरण


आर्थिक वर्ष	साधारण राहदानी		औपचारिक राहदानी		कूटनीतिक राहदानी		जम्मा राहदानी
	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	
२०७४/७५	१४८१३९	३८१३१८	२१४	१२२४	२१४	४०२	५३१५११
२०७५/७६	१५४१२९	३५८९०३	१९३	१०४२	२८०	४६१	५१५००८
२०७६/७७	१२३४६९	२७३५८०	१६१	१०९९	१८३	२६०	३९८७५२
२०७७/७८#	९३२८४	२५४८५७	४९	५५४	१६६	१८२	३४९०९२
२०७८/७९#	९२५४८	२६०५८६	९५	६७२	८८	१८८	७७४१५१
२०७८/७९*	१२०१०९	२९९४३८	४१	३१७	३०	३९	
२०७९/८०#	१५८६	५९२४	१८	१९६	१	१	१४१३७८०
२०७९/८०*	४०६२९२	९९५४०३	४९३	३२५५	२४२	३६९	
२०८०/८१#	६६	२४०	१	१	०	०	१४४९९१८
२०८०/८१*	४१८९२७	१०२२०५१	१००९	७०५६	२०८	३५९	
२०८१/८२*	३८५३४५	९२२५८२	५८६	४०११	२७९	४५१	१३१३२५४
२०८२/८३*@	२५९६३८	५५४८१०	५००	४१६२	१३७	१८७	८१९४३४

स्रोतः परराष्ट्र मन्त्रालय, २०८२ @फागुनसम्म विद्युतीय राहादानी (*)/यन्त्रवाचक राहदानी (#)

नोटः आर्थिक वर्ष २०८१/८२ र चालु आर्थिक वर्षको फागुनसम्म अन्य लिङ्गका क्रमशः १० र ३ को राहदानी विवरण सम्बन्धित आर्थिक वर्षको पुरुषको सङ्ख्यामा समावेश गरिएको छ। आर्थिक वर्ष २०८१/८२ देखि यन्त्रवाचक राहदानीको तथ्याङ्क समावेश गरिएको छैन।

१२.२० चालु आर्थिक वर्षको फागुनसम्म जारी भएका राहदानीमध्ये पुरुषतर्फ (अन्य लिङ्गका सहित) ६८.२ प्रतिशत र महिला ३१.८ प्रतिशत रहेका छन्। गत आर्थिक वर्ष यस्तो हिस्सा क्रमशः ७०.६ प्रतिशत र २९.४ प्रतिशत रहेको थियो।

चार्ट १२(क): राहदानी लिने महिला र पुरुषको विवरण (सङ्ख्यामा)



स्रोतः परराष्ट्र मन्त्रालय, २०८२ *फागुनसम्म

शान्ति सुरक्षा

१२.२१ आर्थिक वर्ष २०८१/८२ सीमा सुरक्षातर्फ सशस्त्र प्रहरीबाट ४६० स्थानमा सीमा क्षेत्रका पूर्वाधार सुधार र ४९८ सीमा स्तम्भको मर्मत/पुनर्निर्माण कार्य सम्पन्न भएको छ।

१२.२२ विदेशी नागरिक व्यवस्थापन सूचना प्रणाली (FNMIS), विद्युतीय यात्रा अनुमति (Electronic Travel Authorization), अन्तर्राष्ट्रिय कार्ड भुक्तानी (International Card Payment) र अनलाइन पदयात्रा अनुमति (Trekking Permit) प्रणाली लागू भएको छ। मकवानपुर थाहा नगरपालिकामा क्षेत्रीय एकीकृत बहुप्रकोप प्रारम्भिक सतर्कता प्रणाली (REMIS) सँगको सहकार्यमा चट्याङ पूर्व-सूचना प्रणाली सञ्चालनमा आएको छ।

१२.२३ पश्चिम नेपाल भूकम्प र वि.सं. २०८१ को मनसुनजन्य विपद् पश्चात १ लाख २० हजार ९ सय १३ संरचना क्षतिग्रस्त भई अनुमानित रु.१ खर्ब ९ अर्ब २२ करोड ९६ लाख लागतको पुनर्लाभ योजना २०८१-८२/२०८३-८४ तयार भएको छ।

१२.२४ सन् २०२५ मा अध्यागमन विभागबाट विभिन्न प्रकारका ८ लाख ६३ हजार ३ सय ६९ भिषा जारी भएका छन्। जारी भएका भिषामध्ये पर्यटक भिषा ९६.१ प्रतिशत रहेको छ। सन् २०२४ मा ८ लाख ३३ हजार ६ सय १ भिषा जारी भएका थिए।

सम्पत्ति शुद्धीकरण र राजस्व चुहावट

१२.२५ वित्तीय जानकारी इकाईमा प्राप्त भएका शंकास्पद कारोबारसम्बन्धी प्रतिवेदनको सङ्ख्यामा वृद्धि हुँदै गएको छ। आर्थिक वर्ष २०८१/८२ मा ९ हजार ५ सय ६५ शंकास्पद कारोबार/गतिविधिको प्रतिवेदन प्राप्त भएकोमा २ हजार २ सय ८२ प्रतिवेदनको विश्लेषण गरी ९४५ प्रतिवेदन अनुसन्धानका लागि सम्बन्धित निकायमा पठाइएको छ। चालु आर्थिक वर्षको चैतसम्म ६ हजार २ सय ९० शंकास्पद कारोबार/गतिविधि प्रतिवेदन प्राप्त भएकोमा १ हजार ६ सय ४८ प्रतिवेदनको विश्लेषण गरी ८५३ प्रतिवेदन अनुसन्धानका लागि सम्बन्धित निकायमा पठाइएको छ।

तालिका १२(ज): शंकास्पद कारोबार प्रतिवेदनको स्थिति

विवरण	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३*
प्रतिवेदन प्राप्त	२७८०	५९३५	७३३८	९५६५	६२९०
विश्लेषण भएको	१०६८	१२१६	१६३५	२२८२	१६४८
अभिलेखीकरण गरेको	६५९	७११	७४६	१३३७	७९५
अनुसन्धान/अनुगमनका लागि सम्बन्धित निकायमा पठाइएको	४०९	५०५	८८९	९४५	८५३

स्रोतः वित्तीय जानकारी इकाई, २०८२ *चैत, २०८२ सम्म

१२.२६ २०८२ असारसम्म ३ हजार ४ सय ९७ सूचक संस्था go-AML System मा आबद्ध भएकोमा २०८२ चैतसम्म यस्तो सङ्ख्या ५ हजार १ सय ८४ पुगेको छ। सूचना आदान प्रदानको लागि ८ कानून कार्यान्वयन गर्ने निकाय र ९ नियामक निकाय समेत go-AML System मा आवद्ध भएका छन्।

१२.२७ वित्तीय कारवाही कार्यदल (FATF) ले २०८१ फागुनदेखि नेपाललाई Jurisdictions under Increased Monitoring मा राखे पश्चात ग्रे-लिष्टबाट बाहिर ल्याउन "ग्रे-लिष्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२" स्वीकृत भई कार्यान्वयनमा आएको छ।

१२.२८ आर्थिक वर्ष २०८१/८२ मा राजश्व अनुसन्धान विभागले राजस्व चुहावटको कसुरमा रु.२ अर्ब ६४ करोड ६३ लाख रुपैयाँ बिगो र सोको शत प्रतिशत जरिवाना असुल उपर गर्ने गरी सजाय समेत माग दावी सहित विभिन्न जिल्ला अदालत तथा उच्च अदालतमा मुद्दा दायर भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म रु.५ अर्ब ३४ करोड ७६ लाख बराबरको माग दाबीसहित विभिन्न अदालतमा मुद्दा दायर भएको छ।

१२.२९ आर्थिक वर्ष २०८१/८२ मा विदेशी विनिमय अपचलनको कसुरमा रु.१ अर्ब ३९ करोड ७६ लाख रुपैयाँ बिगो कायम गरी विभिन्न जिल्ला अदालतमा मुद्दा दायर भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म रु.१६ करोड ९३ लाख २४ हजार बराबरको माग दावी सहित विभिन्न जिल्ला अदालतमा मुद्दा दायर भएको छ।

१२.३० आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म सम्पति शुद्धीकरणको कसुरको अनुसन्धान तथा तहकिकात गर्दा तीन मुद्दामा रु.४७ करोड बिगो र रु.९५ करोड जरिवाना गरी जम्मा रु.१ अर्ब ४२ करोड बराबरको सजाय माग दावी (बिगो र जरिवाना) सहित जिल्ला अदालत ललितपुरमा मुद्दा दायर भएको छ।

१२.३१ सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट २०८२ असारसम्म रु.९३ अर्ब ६९ करोड बिगो दावी सहित १२१ मुद्दा दायर भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म रु.१० अर्ब ९८ करोड विगो दावी सहित ६ मुद्दा दायर भएका छन्।

१२.३२ कसूरजन्य सम्पत्ति तथा साधनसम्बन्धी मार्गदर्शन, २०८२ स्वीकृत भएको छ। कसूरजन्य क्रियाकलापबाट आर्जन गरी विभिन्न बैङ्क तथा वित्तीय संस्थामा रहेको रु.४ करोड ४५ लाख ६६ हजार कसूरजन्य सम्पत्ति जफत गरी सम्पत्ति व्यवस्थापन कोषमा जम्मा भएको छ। कसुरजन्य सम्पत्ति व्यवस्थापन धरौटी खातामा हालसम्म रु.२९ करोड ८९ लाख २५ हजार जम्मा भएको छ।

मन्जुषा बक्स १२(क): प्रतिनिधि सभा निर्वाचन, २०८२

विक्रम सम्वत् २०८२ साल फागुन २१ गते भएको प्रतिनिधि सभा निर्वाचन, २०८२ मा दर्ता भएका कुल १ करोड ८९ लाख ३ हजार ६ सय ८९ मतदातामध्ये प्रत्यक्षतर्फ १ करोड ११ लाख ६८ हजार ३२ (५९.०८ प्रतिशत) र समानुपातिकतर्फ १ करोड १२ लाख ८० हजार ६ सय १७ (५९.६७ प्रतिशत) मत खसेको थियो। प्रत्यक्षतर्फ ६ लाख ९ हजार १५ (५.४५ प्रतिशत) तथा समानुपातिकतर्फ ४ लाख ४५ हजार ५ सय ९२ (३.९५ प्रतिशत) मत बदर भएको थियो। जिल्लागत रूपमा रुपन्देही, बैतडी र पश्चिम नवलपरासीमा तुलनात्मक रुपमा बढी मत बदर भएको थियो।

राष्ट्रिय स्वतन्त्र पार्टीले प्रत्यक्षतर्फ ४६ लाख ५० हजार ६ सय ९७ (४४.१७ प्रतिशत) र समानुपातिकतर्फ ५१ लाख ८३ हजार ४ सय ९३ (४७.८४ प्रतिशत) मत प्राप्त गर्दै प्रत्यक्षतर्फ कुल १६५ निर्वाचन क्षेत्रमध्ये १२५ र समानुपातिकतर्फ ११० सिटमध्ये ५७ गरी कुल १८२ सिट प्राप्त गरेको छ। त्यसैगरी प्रत्यक्ष र समानुपातिक गरी नेपाली काँग्रेसले ३८ सिट, नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले २५ सिट, नेपाली कम्युनिष्ट पार्टीले १७ सिट, श्रम संस्कृति पार्टीले ७ सिट र राष्ट्रिय प्रजातन्त्र पार्टीले ५ सिट प्राप्त गरेका छन् भने १ स्थानमा स्वतन्त्र उम्मेदवार विजयी भएका छन्। यस निर्वाचनअन्तर्गत समानुपातिक निर्वाचनतर्फ सहभागी ६३ दल (५७ निर्वाचन चिन्ह) मध्ये राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाली कम्युनिष्ट पार्टी, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी गरी ६ दलले राष्ट्रिय दलको मान्यता प्राप्त गरेका छन्। पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) तर्फ ६५ दल (६१ निर्वाचन चिन्हमा) निर्वाचनमा सहभागी भएका थिए।

१३. प्रदेश र स्थानीय तहको आर्थिक तथा सामाजिक स्थिति


१३.१ सङ्घीय शासन प्रणालीको अभ्याससँगै तीनै तहका आर्थिक सामाजिक विकासका सूचकमा सुधार भएको छ। बागमती र गण्डकी प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय औसतभन्दा माथि छ। वित्तीय सङ्घीयता लागू भए पश्चात हालसम्म प्रदेश र स्थानीय तहको सञ्चित कोष बचतमा रहेको छ।

१३.२ सङ्घीयता कार्यान्वयनमा आएसँगै प्रदेश र स्थानीय तह विकास निर्माण तथा सेवा प्रवाहका केन्द्रका रुपमा विकसित हुँदै गएका छन्। सङ्घीयता कार्यान्वयनसँगै योजना तथा बजेट प्रणालीको संस्थागत विकास, प्रशासनिक संरचनाको विस्तार, अन्तर-सरकारी समन्वयमा सुधार र नजिकबाट सेवा प्रवाह हुँदै आएको छ।

आर्थिक वृद्धि

१३.३ आर्थिक वर्ष २०८२/८३ मा प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादन रु.६६ खर्ब ९ करोड मध्ये बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३६.७ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ४.२ प्रतिशत रहने अनुमान छ।


चार्ट १३(क): राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा)



स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१३.४ चालु आर्थिक वर्ष सबै प्रदेशको आर्थिक वृद्धिदर बढ्ने अनुमान छ। बागमती प्रदेश र गण्डकी प्रदेश बाहेक अन्य प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय औसत ३.८५ प्रतिशत भन्दा कम रहने अनुमान छ।


चार्ट १३(ख): प्रदेशगत कुल गार्हस्थ्य उत्पादन वृद्धिदर* (प्रतिशतमा)



स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

१३.५ चालु आर्थिक वर्षमा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान मधेश प्रदेशमा सबैभन्दा बढी ३५.१ प्रतिशत र बागमती प्रदेशमा सबैभन्दा कम ११.८ प्रतिशत रहेको छ। द्वितीयक क्षेत्रको योगदान गण्डकी प्रदेशमा सबैभन्दा बढी १८.४ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम ९.९ प्रतिशत रहेको छ। सेवा क्षेत्रको योगदान बागमती प्रदेशमा सबैभन्दा बढी ७६.५ प्रतिशत र कोशी प्रदेशमा सबैभन्दा कम ४९.९ प्रतिशत रहेको छ।


चार्ट १३ (ग): प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना* (प्रतिशतमा)



स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *आर्थिक वर्ष २०८२/८३ को अनुमानित

१३.६ राष्ट्रिय कृषि उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २१.४ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.५ प्रतिशत रहेको छ।


चार्ट १३(घ): प्रदेशगत कृषि उत्पादन अंश (राष्ट्रिय उत्पादनको प्रतिशतमा)



स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३

१३.७ प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान सबैभन्दा बढी गण्डकी प्रदेशमा १९.० प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम १०.१ प्रतिशत रहेको छ।


चार्ट १३(ङ): प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा (प्रतिशतमा)



स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३

१३.८ आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन सबैभन्दा बढी २ हजार ६ सय ४४ अमेरिकी डलर र मधेश प्रदेशको सबैभन्दा न्यून ९३४ अमेरिकी डलर रहने अनुमान छ। बागमती र गण्डकी प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन राष्ट्रिय औसत १,५१३ अमेरिकी डलर भन्दा माथि र अन्य प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन राष्ट्रिय औसत भन्दा न्यून रहने अनुमान छ।

चार्ट १३(च): प्रदेशगत प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (अमेरिकी डलरमा)



स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३

प्रदेशगत उपभोक्ता मुद्रास्फीति सूचकाङ्क

१३.९ वार्षिक विन्दुगत आधारमा, २०८२ फागुन महिनामा मधेश प्रदेशको उपभोक्ता मुद्रास्फीति सबैभन्दा बढी ४.७४ प्रतिशत र सुदुरपश्चिम प्रदेशको सबैभन्दा न्यून २.२८ प्रतिशत रहेको छ। त्यसैगरी कोशी प्रदेशको ४.५७ प्रतिशत, बागमती प्रदेशको ३.११ प्रतिशत, गण्डकी प्रदेशको २.६७ प्रतिशत, लुम्बिनी प्रदेशको ४.२९ प्रतिशत र कर्णाली प्रदेशको ३.०७ प्रतिशत रहेको छ।

तालिका १३(क): प्रदेशगत आर्थिक तथा सामाजिक परिसूचक


परिसूचक	नेपाल	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम
प्रशासनिक र जनसाँख्यिक स्थिति[१]								
स्थानीय तहको सङ्ख्या	७५३	१३७	१३६	११९	८५	१०९	७९	८८
जनसङ्ख्या (प्रतिशतमा)	१००	१७.	२१.१	२१.	८.३	१७.७	५.७	९.१
क्षेत्रफल (प्रतिशतमा)	१००	१७.६	६.६	१३.८	१५.३	११.८	२१.६	१३.३
आर्थिक तथा सामाजिक क्षेत्र								
आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) प्रतिशतमा)[१]	३.८५	३.१०	१.३१	५.३९	४.९७	२.८७	२.९४	३.२८
गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (उपभोक्ताको मूल्यमा)[१]	१००.००	१५.८०	१३.१०	३६.७०	९.००	१४.२०	४.२०	७.००
उपभोक्ता मुद्रास्फीति[४]	३.६०	४.६०	४.७०	३.१०	२.७०	४.३०	३.१०	२.३०
प्रतिव्यक्ति जीडिपी (अमेरिकी डलरमा)[१]	१५१३	१४१०	९३४	२६४४	१६५१	१२०८	११०८	११७०
जलविद्युत उत्पादन (मेगावाट)[२]	३९९७	७९७	३५	१६९८	११८०	१०३	१५	१६९
विद्यार्थी भर्ना (हजारमा)[३]	७०४१	१०७१	१७३०	१३७६	४८२	१२३६	४७१	६७४
विद्यालय सङ्ख्या[३]	३५९५१	६९१९	५४७१	६५९९	३८१३	५७८६	३२४७	४११६
सार्वजनिक वित्त र वित्तीय क्षेत्र								
वित्तीय संस्थाको शाखा सङ्ख्या	११४६५	१८४६	१७५४	३०१४	१३९०	२१३९	४७९	८४३
प्रतिशाखा जनसङ्ख्या	२५४४	२६८८	३४८६	२०२९	१७७४	२३९५	३५२५	३१९७
बीमकको शाखा सङ्ख्या[५]	२९९९	४८१	३९०	८३०	३५०	५०९	१६३	२७६
प्रदेशगत खर्च (रू.करोडमा)[६]	१९८८०	२८१८	३१२३	४६४०	२२८९	२७८९	२०००	२२२०
प्रदेशगत राजस्व (रू.करोडमा)[६]	१२६५०	१७३६	१४०४	४६८७	१२२९	१६३७	८९४	१०६४
सञ्चित कोषको मौज्दात (रू.करोडमा)[6]	३६६५	५४८	४२६	१४३०	७१	५०	७८६	३५४

स्रोतः १. राष्ट्रिय तथ्याङ्क कार्यालय. २.ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, ३.शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालय, ४. नेपाल राष्ट्र बैङ्क, ५. नेपाल बीमा प्राधिकरण, ६.महालेखा नियन्त्रक कार्यलय, (खर्च र राजस्वको तथ्याङ्क आर्थिक वर्ष २०८०/८१ को वार्षिक तथ्याङ्कमा आधारित)

प्रदेशगत सार्वजनिक वित्तको आकार

१३.१० आर्थिक वर्ष २०८१/८२ मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको खर्च र राजस्वको अनुपात सबैभन्दा बढी क्रमशः ७.२२ प्रतिशत र ३.२२ प्रतिशत रहेको छ। यस अवधिमा सबैभन्दा कम बागमती प्रदेशको क्रमशः १.९१ प्रतिशत र १.९३ प्रतिशत रहेको छ। बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादन राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनको ३६.० प्रतिशत रहेकोले यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनको अनुपातमा राजस्व र खर्चको हिस्सा न्यून देखिएको हो।

चार्ट १३(छ): प्रदेशगत खर्च र राजस्व स्थिति (प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)




स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२/राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३।

वित्तीय स्रोतको उपयोग (प्रदेश)

१३.११ आर्थिक वर्ष २०८१/८२ मा कुल प्रादेशिक खर्च ८.० प्रतिशतले बढेर रू.१ खर्ब ९८ अर्ब ८० करोड रहेको थियो। यसमध्ये कुल प्रादेशिक खर्चमा चालु खर्च र पुँजीगत खर्च क्रमशः ३९.१ प्रतिशत र ६०.९ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८०/८१ मा यस्तो खर्च १०.१ प्रतिशतले घटेर रू.१ खर्ब ८४ अर्ब ११ करोड रहेको थियो।

चार्ट १३(ज): प्रदेश सरकारको खर्च संरचना (प्रदेश सरकारको कुल खर्चको प्रतिशतमा)



स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२

१३.१२ गत आर्थिक वर्षमा प्रदेशगत खर्चमध्ये पुँजीगत खर्चको हिस्सा मधेस प्रदेशमा सबैभन्दा बढी ६८.८ प्रतिशत र कोशी प्रदेशमा सबैभन्दा कम ४९.० प्रतिशत रहेको छ। प्रदेशगत खर्चमा पुँजीगत खर्चको अंश आर्थिक वर्ष २०८१/८२ मा अघिल्लो आर्थिक वर्षको तुलनामा सुदूरपश्चिम, गण्डकी, बागमती र कोशी प्रदेशमा घटेको छ भने अन्य प्रदेशमा बढेको छ।

तालिका १३(ख): प्रदेशगत खर्च र पुँजीगत खर्चको प्रवृत्ति (रु. करोडमा)

प्रदेश	२०७९/८०		२०८०/८१		२०८१/८२	
	कुल खर्च	पुँजीगत खर्चको अंश	कुल खर्च	पुँजीगत खर्चको अंश	कुल खर्च	पुँजीगत खर्चको अंश
कोशी	३०७५.८	५८.९	२८०२.८	५८.३	२८१८.३	४९.०
मधेश	२६८७.०	६०.३	२४५४.५	६२.३	३१२३.४	६८.८
बागमती	४६८६.२	६०.३	४४५१.३	६४.१	४६४०.३	६३.३
गण्डकी	२३६१.५	६४.६	२२२०.६	६५.९	२२८९.२	६५.५
लुम्बिनी	३०२४.४	५८.६	२६४३.७	६०.६	२७८९.१	६४.२
कर्णाली	२२२६.७	५७.४	१९८६.८	५३.८	१९९९.७	५४.६
सुदूरपश्चिम	२४०६.३	६५.७	१८५१.४	५७.१	२२२०.३	५६.२
जम्मा	**२०४६८**	**६०.७**	**१८४११**	**६०.९**	**१९८८०.३**	**६०.९**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२

१३.१३ चालु आर्थिक वर्षको फागुनसम्म प्रदेशगत कुल खर्चमध्ये मधेश प्रदेशबाहेक अन्य सबै प्रदेशको खर्च घटेको छ। यस अवधिमा प्रादेशिक कुल खर्च १३.१ प्रतिशतले घटेर रु.५९ अर्ब ५४ करोड रहेको छ। यस अवधिको प्रदेशगत खर्चमध्ये कोशी प्रदेशको खर्च सबैभन्दा बढी ३०.२ प्रतिशतले घटेको छ।

तालिका १३(ग): प्रदेश सरकारको खर्च अवस्था* (रु. करोडमा)

प्रदेश	चालु खर्च		पुँजीगत खर्च		कुल खर्च	
	२०८१/८२	२०८२/८३	२०८१/८२	२०८२/८३	२०८१/८२	२०८२/८३
कोशी	७८०	५७१	४५२	२८९	१२३२	८५९
मधेश	३२२	३४२	१११	२०५	४३३	५४६
बागमती	९१४	७९६	७४०	७०९	१६५३	१५०५
गण्डकी	४१८	३५३	५३५	४००	९५३	७५३
लुम्बिनी	४९६	४७९	७३१	५९६	१२२८	१०७५
कर्णाली	४०७	३८३	२८५	२५९	६९२	६४८
सुदूरपश्चिम	३८९	३६९	२७५	१९८	६६४	५६७
जम्मा	**३७२६**	**३२९२**	**३१२९**	**२६५६**	**६८५५**	**५९५४**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२ *फागुनसम्म

१३.१४ चालु आर्थिक वर्षको फागुनसम्म कुल प्रादेशिक खर्चमध्ये सबैभन्दा बढी खर्चभार बागमती प्रदेशको ०.२५ र सबैभन्दा कम मधेश प्रदेशको ०.०९ रहेको छ।

तालिका १३(घ): प्रदेश सरकारको खर्च अवस्था (विनियोजित प्रादेशिक बजेटको प्रतिशत)

प्रदेश	चालु खर्च		पुँजीगत खर्च		कुल खर्च	
	२०८१/८२	२०८२/८३	२०८१/८२	२०८२/८३	२०८१/८२	२०८२/८३
कोशी	४१.६	३०.५	२७.३	१६.८	३४.९	२३.९
मधेश	२०.२	२०.७	४.०	६.७	९.९	११.६
बागमती	३५.२	३०.६	१९.९	१७.१	२५.६	२२.३
गण्डकी	३१.८	२७.९	२७.४	२१.०	२८.९	२३.६
लुम्बिनी	३४.८	३१.१	२९.६	२५.४	३१.५	२७.६
कर्णाली	३२.९	३०.९	१५.२	१३.०	२२.०	१९.६
सुदूरपश्चिम	३०.२	२७.२	१४.६	१०.०	२१.०	१७.०
जम्मा	**३२.९**	**२८.६**	**१९.२**	**१५.५**	**२४.६**	**२०.७**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२

नोटः चालु आर्थिक वर्षको फागुनसम्म वित्तीय व्यवस्थातर्फ कर्णाली प्रदेशको रु.६ करोड ३ लाख पचास हजार मात्र खर्च भएकाले यस्तो खर्च तालिकामा उल्लेख गरिएको छैन।

१३.१५ चालु आर्थिक वर्षको फागुनसम्म प्रादेशिक खर्च बजेटको २०.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो खर्च बजेटको २४.६ प्रतिशत रहेको थियो। यस अवधिमा प्रदेशगत खर्चमध्ये लुम्बिनी प्रदेशमा सबैभन्दा बढी २७.६ प्रतिशत र मधेश प्रदेशमा सबैभन्दा कम ११.६ प्रतिशत रहेको छ।

१३.१६ २०८२ असारसम्म सबै प्रदेशको सञ्चित कोष बचतमा रहेको छ। यस अवधिसम्म प्रादेशिक सञ्चित कोष रु.३६ अर्ब ६५ करोड बचतमा रहेको छ। २०८१ असार मसान्तमा प्रादेशिक सञ्चित कोष रु.४८ अर्ब ९ करोड बचतमा रहेको थियो।

तालिका १३(ङ): प्रदेश सञ्चित कोषको प्राप्ति र भुक्तानीको विवरण* (रु. करोडमा)

विवरण	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	जम्मा
१. राजस्व, अनुदान र अन्य प्राप्ति	२९४४	२४४१	३९९६	२२४२	२७५९	२१३७	२१४०	१८६५८
राजस्व	१७३६	१४०४	४६८७	१२२९	१६३७	८९४	१०६४	१२६५०
कर	१५५५	१२८२	२३४३	१०५५	१३९९	८७०	१००६	९५१०
अन्य राजस्व	१८१	१२२	२३४३	१७४	२३८	२४	५८	३१४०
अनुदान (नेपाल सरकार)	१३३१	९१४	११४७	९९७	११०१	१२३२	१०७०	७७९१
बेरूजु तथा अन्य प्राप्ति	४८	८	१८	१५	२१	१०	६	१२७
२. वित्तीय व्यवस्थाबाट प्राप्ति	०	०	७८.४	०	०	०	०	७८.४
३. यस वर्षको खुद प्राप्ति	२९४४	२४४१	४०७४	२२४२	२७५९	२१३७	२१४०	१८७३६
४. भुक्तानी	२८१८	३१२३	४६४०	२२८९	२७८९	२०००	२२२०	१९८८०
५. समायोजन	०	०	०	०	०	०	०	०
६. यस वर्षको भुक्तानी	२८१८	३१२३	४६४०	२२८९	२७८९	२०००	२२२०	१९८८०
७. यस अवधिको कोषमा भएको थपघट (+/-)	१२५	-६८२	-५६६	-४८	-३०	१३७	-८०	-११४४
८. आर्थिक वर्षको शुरूवातको मौज्दात	४२३	११०७	१९९६	११९	८१	६४८	४३५	४८०९
९. आर्थिक वर्षको अन्त्यको मौज्दात	**५४८**	**४२६**	**१४३०**	**७१**	**५०**	**७८६**	**३५४**	**३६६५**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२

*आर्थिक वर्ष २०८१/८२ को

वित्तीय स्रोतको उपयोग (स्थानीय तह)

१३.१७ आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहको कुल खर्च ३.२ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ३७ अर्ब ४० करोड रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा स्थानीय तहको यस्तो खर्च ६.६ प्रतिशतले कमी भई रु.४ खर्ब २३ अर्ब ७९ करोड रहेको थियो।

१३.१८ आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहको कुल खर्चमध्ये चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको खर्चको हिस्सा क्रमशः ६५.२ प्रतिशत, ३४.७ प्रतिशत र ०.१ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो खर्चको हिस्सा क्रमशः ६६.० प्रतिशत, ३३.९ प्रतिशत र ०.१ प्रतिशत रहेको थियो।

तालिका १३(च): स्थानीय तहको बजेट र खर्च# (रु. करोड)


आर्थिक वर्ष	बजेट				खर्च			
	चालु	पुँजीगत	वित्तीय	जम्मा	चालु	पुँजीगत	वित्तीय	जम्मा
२०७७/७८	२८८१७	२४४१६	६५	५३२९८	२३४८७	१५६३०	२६	३९१४४
२०७८/७९	३१२०१	२५३३६	६०	५६५९६	२५८४९	१६५३१	३६	४२४१७
२०७९/८०	३४२९४	२५७५७	७५	६०१२६	२८४७५	१६८६४	४३	४५३८२
२०८०/८१	३३५३४	२१५९८	५१	५५१८३	२७९६८	१४३७६	३५	४२३७९
२०८१/८२	३४१२७	२३१०३	५६	५७२८६	२८५३६	१५१६५	३८	४३७४०

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२ # अन्तिम कायम बजेट

१३.१९ आर्थिक वर्ष २०८१/८२ मा सबैभन्दा बढी सुनसरीको कोशी गाउँपालिकामा पुँजीगत बजेटको ९७.८ प्रतिशत खर्च भएको छ भने सबैभन्दा कम धनुषाको जनक नन्दिनी गाउँपालिकामा ४.४ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा डोल्पाको काइके गाउँपालिकामा सबैभन्दा बढी पुँजीगत बजेटको ९६.७ प्रतिशत खर्च भएको थियो भने रौतहटको फतुबाबिजयपुर नगरपालिकामा सबैभन्दा कम १३.४ प्रतिशत खर्च भएको थियो।

१३.२० आर्थिक वर्ष २०८०/८१ सम्म स्थानीय तहमा कुल खर्चको अनुपातमा पुँजीगत खर्चको हिस्सा घट्दै गएकोमा आर्थिक वर्ष २०८१/८२ मा सामान्य सुधार भएको छ। आर्थिक वर्ष २०७७/७८ मा कुल खर्चको ३९.९ प्रतिशत पुँजीगत खर्च भएकोमा आर्थिक वर्ष २०८०/८१ मा यस्तो खर्च ३३.९ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहको कुल खर्चमा पुँजीगत खर्चको हिस्सा ३४.७ प्रतिशत पुगेको छ।

चार्ट १३(झ): स्थानीय तहको खर्च संरचना (स्थानीय तहको खर्चको प्रतिशतमा)



स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०८२

१३.२१ आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहमा विनियोजित बजेटको ७६.४ प्रतिशत खर्च भएको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो खर्च ७६.८ प्रतिशत रहेको थियो। यसैगरी, आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहमा पुँजीगत बजेटको ६५.६ प्रतिशत खर्च भएको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो खर्च ६६.६ प्रतिशत रहेको थियो।

१३.२२ आर्थिक वर्ष २०८१/८२ मा सुदूरपश्चिम प्रदेशभित्र रहेका स्थानीय तहमा विनियोजित बजेटको तुलनामा सबैभन्दा बढी ८३.१ प्रतिशत खर्च भएको छ भने सबैभन्दा कम बागमती प्रदेश भित्रका स्थानीय तहको ६९.१ प्रतिशत रहेको छ।

तालिका १३(छ): प्रदेशगत स्थानीय तहको खर्च अवस्था* (रू. करोडमा)

प्रदेशगत स्थानीय तह	बजेट (रु. करोडमा)#			खर्च (रु. करोडमा)			खर्च प्रतिशत
	चालु	पुँजीगत	वित्तीय	चालु	पुँजीगत	वित्तीय	
कोशी	५८७६.२	३७०१.३	१०.६	५०७४.४	२६०७.०	१०.६	८०.२
मधेश	५३८६.५	३८७९.३	५.४	४२७७.६	२४१७.९	०.४	७२.२
बागमती	७४९३.३	७००४.२	२७.८	५९५८.१	४०६८.१	१७.२	६९.१
गण्डकी	३७३७.७	२२९९.८	०.९	३२०५.९	१५६४.९	०.९	७९.०
लुम्बिनी	५२१२.३	३०२३.५	५.२	४४२१.९	२१३८.७	४.६	७९.७
कर्णाली	२८४५.१	१५५४.८	४.९	२४९५.०	११३६.५	३.६	८२.५
सुदूरपश्चिम	३५७५.९	१६४०.२	१.३	३१०३.३	१२३२.२	१.०	८३.१
जम्मा	**३४१२६.९**	**२३१०३.०**	**५६.१**	**२८५३६.२**	**१५१६५.३**	**३८. ३**	**७६.४**

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०८२ *आर्थिक वर्ष २०८१/८२ को #अन्तिम कायम बजेट

१३.२३ चालु आर्थिक वर्षको फागुनसम्म स्थानीय तहको कुल खर्च १.५ प्रतिशतले घटेर रु.१ खर्ब ९० अर्ब ६३ करोड रहेको छ। कुल खर्चमध्ये चालु खर्च र पुँजीगत खर्चको अंश ७८.९ प्रतिशत र २१.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा स्थानीय तहको कुल खर्च अघिल्लो आर्थिक वर्षको तुलनामा २०.६ प्रतिशतले घटेर १ खर्ब ९३

अर्ब ६१ रहेको थियो। यसमध्ये चालु र पुँजीगत खर्चको अंश क्रमशः ७४.६ प्रतिशत र २५.४ प्रतिशत रहेको थियो।

१३.२४ चालु आर्थिक वर्षको फागुनसम्म स्थानीय तहको कुल पुँजीगत खर्च विनियोजित पुँजीगत बजेटको १६.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो खर्च विनियोजित पुँजीगत बजेटको २०.० प्रतिशत रहेको थियो।

१३.२५ चालु आर्थिक वर्षको फागुनसम्म कुल खर्चमध्ये बागमती प्रदेशभित्र रहेका स्थानीय तहको खर्चभार सबैभन्दा बढी ०.२४ रहेको छ र कर्णाली प्रदेशमा रहेका स्थानीय तहको सबैभन्दा कम ०.०८ रहेको छ।

तालिका १३(ज): प्रदेशगत स्थानीय तहको फागुनसम्मको खर्च अवस्था (रू.करोडमा)

स्थानीय तह भएका प्रदेश	चालु खर्च	पुँजीगत खर्च	वित्तीय व्यवस्था	कुल खर्च	खर्च प्रतिशत (विनियोजित बजेटको)
कोशी	२७३७.२	६६१.८	५.८	३४०४.८	३४.८
मधेश	२२३४	५५२.१	२.१	२७८८.१	३०.३
बागमती	३२०४.४	१३७७	६.२	४५८७.६	३०.७
गण्डकी	१६७५.१	३७७.५	१.२	२०५३.८	३३.४
लुम्बिनी	२३१९.९	५४४.३	०.८	२८६५.१	३२.६
कर्णाली	१२५१.५	२०३.२	०	१४५४.७	२८.८
सुदूरपश्चिम	१६२६.६	२८२.४	०	१९०९.१	३५.४
जम्मा	**१५०४८.७**	**३९९८.३**	**१६.१**	**१९०६३.१**	३२.२

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२ *फागुनसम्म

वित्तीय पहुँच

१३.२६ बैङ्क तथा वित्तीय संस्थाका ११ हजार ४ सय ६५ शाखामध्ये २०८२ फागुनसम्म सबैभन्दा बढी शाखा बागमती प्रदेशमा २६.३ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा ४.१८ प्रतिशत रहेका छन्। प्रतिशाखा औसत जनसङ्ख्या गण्डकी प्रदेशमा सबैभन्दा कम र कर्णाली प्रदेशमा सबैभन्दा बढी रहेको छ।

तालिका १३(झ): प्रदेशगत रूपमा बैङ्क तथा वित्तीय संस्थाका शाखा#


प्रदेश	वाणिज्य बैङ्क	विकास बैङ्क	वित्त कम्पनी	लघुवित्त	जम्मा	जनसङ्ख्या (प्रति शाखा)
कोशी	७६१	१९४	३५	८५६	१८४६	२६८८
मधेश	५८४	८६	५४	१०३०	१७५४	३४८६
बागमती	१८२२	३३१	१११	७५०	३०१४	२०२९
गण्डकी	६०४	१८९	३६	५६१	१३९०	१७७४
लुम्बिनी	७४५	२५१	४७	१०९६	२१३९	२३९५
कर्णाली	२१९	२१	३	२३६	४७९	३५२५
सुदूरपश्चिम	३३३	५१	६	४५३	८४३	३१९७
जम्मा	**५०६८**	**११२३**	**२९२**	**४९८२**	**११४६५**	**२५४४**

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२ #२०८२ फागुनसम्म

बीमा

१३.२७ २०८२ फागुनमा बीमकको २ हजार ९ सय ९९ शाखामध्ये सबैभन्दा बढी शाखा बागमती प्रदेशमा २८.० प्रतिशत र सबैभन्दा कम शाखा कर्णाली प्रदेशमा ५.० प्रतिशत रहेका छन्।

चार्ट १३(ञ): बीमा कम्पनी (बीमक) का प्रदेशगत शाखा विवरण



स्रोतः नेपाल बीमा प्राधिकरण, २०८२

१३.२८ प्रदेशगत रूपमा बागमती प्रदेशमा जीवन, निर्जीवन र लघु बीमकको शाखा सङ्ख्याको हिस्सा सबैभन्दा बढी क्रमशः २६.१ प्रतिशत, ३१.६ प्रतिशत र २२.० प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम क्रमशः ६.० प्रतिशत, ४.२ प्रतिशत र ६.२ प्रतिशत रहेको छ।

तालिका १३(ञ): प्रदेशगत जीवन, निर्जीवन बीमकका शाखा सङ्ख्याको विवरण*

प्रदेश	जीवन बीमा			निर्जीवन बीमा			लघुबीमा
	२०८०	२०८१	२०८२	२०८०	२०८१	२०८२	२०८२
कोशी	२९८	२९८	२९३	१६२	१६१	१५१	३७
मधेश	२२६	२२६	२२८	१२९	१३४	१२९	३३
बागमती	४८१	४७४	४६३	३२१	३२३	३२१	४६
गण्डकी	१९६	१९८	२०३	१३७	१३१	१२७	२०
लुम्बिनी	२९९	३०१	२९९	१७२	१७०	१७१	३९
कर्णाली	१०६	१०५	१०७	४२	४४	४३	१३
सुदूरपश्चिम	१८३	१८१	१८१	७२	७४	७४	२१
जम्मा	**१७८९**	**१७८३**	**१७७४**	**१०३५**	**१०३७**	**१०१६**	**२०९**

स्रोतः नेपाल बीमा प्राधिकरण, २०८२ *२०८२ फागुनसम्म

१३.२९ चालु आर्थिक वर्षको फागुनसम्मको कुल बीमा प्रिमियम सङ्कलनमध्ये बागमती प्रदेशमा सङ्कलित बीमा प्रिमियम करिव ५० प्रतिशत रहेको छ।

तालिका १३(ट): बीमालेख र बीमाशुल्क संकलनको प्रदेशगत विवरण*

(बीमाशुल्क रू.करोडमा र हिस्सा प्रतिशतमा)

प्रदेश	जीवन		निर्जीवन		कुल बीमाशुल्क	बीमाशुल्कको हिस्सा (प्रतिशतमा)
	सक्रिय बीमालेख सङ्ख्या	बीमाशुल्क	जारी बीमालेख सङ्ख्या	बीमाशुल्क		
कोशी	१९०२७४३	१५१६	२७३५५७	२७२	१७८७	११.१६
मधेश	७१३८७९	११४४	२१८१६३	२०५	१३४९	८.४२
बागमती	१०२१६०६५	५६४६	९७०८४१	२२३७	७८८४	४९.२१
गण्डकी	१०९१५९४	१२९९	२०९९८८	१५९	१४५८	९.१०
लुम्बिनी	११४३२१२	२०१६	३४९५९६	२७२	२२८८	१४.२८
कर्णाली	५९६८५३	३८०	३७९२४	३०	४१०	२.५६
सुदूरपश्चिम	५९५४८६	७६८	१०७९७६	७७	८४५	५.२८
जम्मा	**१६२५९८३२**	**१२७६९**	**२१६८०४५**	**३२५३**	**१६०२२**	**१००.००**

स्रोतः नेपाल बीमा प्राधिकरण, २०८२ *फागुनसम्म

कृषि कर्जा

१३.३० २०८२ फागुनसम्म साना किसान विकास लघुवित्त संस्थामा आबद्ध १ हजार ४ सय ७६ सहकारी संस्था र आबद्ध नभएका अन्य १२९ सहकारी संस्थामार्फत ७७ जिल्लाका ५४६ स्थानीय तहमा वित्तीय संस्थाको सेवा पुगेको छ।

तालिका १३(ठ): साना किसान विकास लघुवित्त वित्तीय संस्थाका साझेदार संस्थाको विवरण

प्रदेश	महानगरपालिका		उपमहानगरपालिका		नगरपालिका		गाउँपालिका		जम्मा	
	सङ्ख्या	कार्यक्षेत्र सङ्ख्या	सङ्ख्या	कार्यक्षेत्र सङ्ख्या	सङ्ख्या	कार्यक्षेत्र सङ्ख्या	सङ्ख्या	कार्यक्षेत्र सङ्ख्या	जम्मा पालिका	जम्मा कार्यक्षेत्र
कोशी	१	१	२	२	४६	४२	८८	६३	१३७	१०८
मधेश	१	१	३	३	७३	५७	५९	३२	१३६	९३
बागमती	३	२	१	१	४१	३४	७४	७०	११९	१०७
गण्डकी	१	१	०	०	२६	२२	५८	४१	८५	६४
लुम्बिनी	०	०	४	४	३२	२८	७३	५७	१०९	८९
कर्णाली	०	०	०	०	२५	२१	५४	२४	७९	४५
सुदूरपश्चिम	०	०	१	१	३३	२१	५४	१८	८८	४०
जम्मा	**६**	**५**	**११**	**११**	**२७६**	**२२५**	**४६०**	**३०५**	**७५३**	**५४६**

स्रोतः साना किसान विकास लघुवित्त वित्तीय संस्था लि., २०८२

उद्योग

१३.३१ २०८२ फागुनसम्म दर्ता भएका लघु, घरेलु तथा साना उद्योगमध्ये गण्डकी प्रदेशमा दर्ता भएका उद्योगको हिस्सा सबैभन्दा बढी ३१.५ प्रतिशत र मधेश प्रदेशमा सबैभन्दा कम ४.८ प्रतिशत रहेको छ।

तालिका १३(ङ): लघु, घरेलु तथा साना उद्योगको प्रदेशगत विवरण

प्रदेश	उद्योगतर्फ		वाणिज्यतर्फ	
	दर्ता	नवीकरण	दर्ता	नवीकरण
कोशी	५०५५०	३७६२४	२३३२८	३१४९७
मधेश	१८४१९	२५१४८	१८८०५	३८१७९
बागमती	६०२०४	६४१३६	२६९७७	५४१८२
गण्डकी	१२१६४१	२२००३	४८२२	१६२६५
लुम्बिनी	३५४५०	३३२३०	४९९०७	१६२६५
कर्णाली	४४५६४	२९६५६	३९९०५	२५२१९
सुदूरपश्चिम	५५४०२	२९०६८	२१४४२	४१२५९
नेपाल	**३८६२३०**	**२४०८६५**	**१८५१८६**	**२२२८६६**

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८२

नोटः दर्ता भएका उद्योग सालबसाली रूपमा नवीकरण गर्नु नपर्ने भएकाले कुनै प्रदेशमा दर्ता भएका भन्दा नवीकरण भएका उद्योगको सङ्ख्या फरक रहेको छ।

१३.३२ २०८२ फागुनसम्म दर्ता भएका कम्पनीमध्ये सबैभन्दा बढी बागमती प्रदेशमा ७०.१ प्रतिशत र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा २.१ प्रतिशत कम्पनी रहेका छन्।

तालिका १३(ढ): कम्पनी दर्ताको प्रदेशगत विवरण

प्रदेश	२०८२ असारसम्म	चालु आर्थिक वर्षको फागुनसम्म थप	२०८२ फागुनसम्म
कोशी	२६१३५	१३७३	२७५०८
मधेश	२४२०६	१६४५	२५८५१
बागमती	२५१७७२	१४२०८	२६५९८०
गण्डकी	१९७६८	१०७०	२०८३८
लुम्बिनी	२४२९३	१५३६	२५८२९
कर्णाली	४५९३	२३९	४८३२
सुदूरपश्चिम	७३८४	४१४	७७९८
प्रदेश नखुलेको	१०५९	१	१०६०

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८२

पेट्रोलियम पदार्थ

१३.३३ पेट्रोलियम पदार्थको भण्डारण क्षमता २०८२ असारसम्म १ लाख २ हजार २ सय ८१ किलोलिटर पुगेको छ। पेट्रोलियम पदार्थको उक्त मौज्दात क्षमता सरदरमा १६ दिन बराबरको माग धान्न पर्याप्त छ। गण्डकी प्रदेशमा सबैभन्दा बढी ३७ दिनको माग धान्न सक्ने र कर्णाली प्रदेशमा सबैभन्दा कम १ दिनको माग धान्न सक्ने मौज्दात क्षमता रहेको छ।

तालिका १३(ण): प्रदेशगत पेट्रोलियम पदार्थको भण्डारण क्षमता

प्रदेश	प्रादेशिक भण्डारण क्षमता (कि.लि.)				माग धान्ने दिन			
	पेट्रोल	डिजेल	मट्टितेल	एटिएफ	पेट्रोल	डिजेल	मट्टितेल	एटिएफ
कोशी	२०२०	७११०	७१०	४१७	७	१३	६४	११
मधेश	१६९१०	२५५३३	२३३०	१८८	१२	२०	२०७	१०
बागमती	६०७०	८४००	७६०	७२१५	७	१२	११३	१०
गण्डकी	१११०	१२३००	-	१६८	९	६३	-	१०
लुम्बिनी	१५५३	५४४३	२८०	९५६	५	८	६३	२३
कर्णाली	-	-	४५	९९	-	-	९४	११
सुदूरपश्चिम	८७९	१६३५	७०	८०	८	६	१७६	७

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८२

१३.३४ पेट्रोल, डिजेल, मट्टितेल र हवाई ईन्धनको भण्डारण मधेश प्रदेशको अमलेखगञ्ज डिपोमा मात्र कुल क्षमताको ४३.५ प्रतिशत रहेको छ। काठमाडौंमा यस्तो भण्डारण क्षमता २१.९ प्रतिशत, पोखरामा १३.३ प्रतिशत, विराटनगरमा ९.९ प्रतिशत, भैरहवामा ४.१ प्रतिशत, नेपालगञ्जमा ३.६ प्रतिशत र धनगढीमा २.६ प्रतिशत रहेको छ। दाङ्ग, सिमरा, भद्रपुर, मन्थली, दिपालयल लगायतका स्थानमा यस्तो भण्डारण न्यून रहेको छ।

ऊर्जामा पहुँच

१३.३५ वैकल्पिक ऊर्जा सहित २०८२ फागुनसम्म ९९.१ प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच पुगेको छ। कर्णाली र सुदूरपश्चिम प्रदेशमा विद्युत पहुँच राष्ट्रिय औसतभन्दा न्यून रहेको छ।

तालिका १३(त): राष्ट्रिय प्रसारण ग्रिडबाट विद्युत पहुँच प्राप्त प्रदेशगत जनसङ्ख्या (प्रतिशतमा)

प्रदेश	२०७७ /७८	२०७८/ ७९	२०७९ /८०	२०८०/ ८१	२०८१ /८२	२०८२ /८३*
कोशी	८२.४	९६.९	९७.०	९९.३	९९.४	९९.५
मधेश	९९.०	९९.७	१००.०	१००.०	१००.०	१००.०
बागमती	९४.४	९५.९	९६.०	९९.९७	९९.९८	९९.९९
गण्डकी	९२.८	९५.७	९८.०	९९.४	९९.५	९९.६
लुम्बिनी	९१.०	९४.९	९५.०	९८.५	९८.५	९८.६
कर्णाली	३४.७	४३.९	४४.०	७३.४	७४.१	७४.३
सुदूरपश्चिम	६४.७	७१.१	७३.०	८६.६	८७.१	८७.३
नेपाल (वैकल्पिक ऊर्जासहित)	**९२.५**	**९४.०**	**९५.०**	**९७.०**	**९९.०**	**९९.१**

स्रोतः ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, २०८२ *फागुनसम्म

१३.३६ विद्युत उत्पादन क्षमतामध्ये प्रदेशगत रूपमा २०८२ फागुनसम्म बागमती प्रदेशभित्र रहेका आयोजनाबाट करिब ४५.० प्रतिशत विद्युत उत्पादनमा हुने गरेको छ। कर्णाली र मधेश प्रदेशमा विद्युत उत्पादन न्यून रहेको छ।

तालिका १३(थ): प्रदेशगत विद्युत उत्पादन क्षमता (मेगावाटमा)

(वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट उत्पादित विद्युत बाहेक)

प्रदेश	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३*
कोशी	२८०	३४५	४८९	६१७	६३१	७९७
मधेश	१३	२१	२५	२५	३५	३५
बागमती	४७२	१०४६	११४९	१३२७	१५८८	१६९८
गण्डकी	५२९	५९५	८३१	९३२	१००२	११८०
लुम्बिनी	३१	३१	५२	७८	७८	१०३
कर्णाली	११	११	११	११	११	१५
सुदूरपश्चिम	५२	५८	१२०	१६७	१६७	१६९
जम्मा	**१३८८**	**२१०७**	**२६७७**	**३१५७**	**३५१२**	**३९९७**

स्रोतः नेपाल विद्युत प्राधिकरण, २०८२ * फागुनसम्म

सडक

१३.३७ प्रादेशिक तथा स्थानीय सडक सञ्जाल अन्तर्गत निर्माण भएका सडकमध्ये कालोपत्रे, ग्राभेल र कच्ची सडकको अंश क्रमशः ७.५ प्रतिशत, २१.१ प्रतिशत र ७१.५ प्रतिशत रहेको छ।

तालिका १३(द): प्रादेशिक तथा स्थानीय सडक सञ्जालको विवरण (किलोमिटर)

सडकको विवरण	२०७७ असार	२०७८ असार	२०७९ असार	२०८० असार	२०८१ असार	२०८२ असार	२०८२ फागुन
धुलो/कच्ची	४५६९३	४५९५९	४६५६२	४७३२०	४८४५८	४८६६५	४८६६५
ग्रावेल	१३१४६	१३३९२	१३६८९	१४०००	१४२६४	१४३३५	१४३३९
कालोपत्रे	४२१२	४३४५	४६०३	४७३७	४९०३	५०९३	५०९६
जम्मा	**६३०५१**	**६३६९६**	**६४८५४**	**६६०५७**	**६७६२५**	**६८०९३**	**६८१००**

स्रोतः सहरी विकास मन्त्रालय, २०८२

शिक्षा

१३.३८ शैक्षिक सत्र २०८२ मा ३५ हजार ९ सय ५१ विद्यालयमध्ये सामुदायिक विद्यालयको हिस्सा ७५.१ प्रतिशत रहेको छ भने संस्थागत २४.९ प्रतिशत रहेको छ। कुल ७० लाख ४१ हजार विद्यार्थीमध्ये ६२.३ प्रतिशत सामुदायिक विद्यालयमा र ३७.७ प्रतिशत संस्थागत विद्यालयमा अध्ययनरत छन्।

तालिका १३(ध): प्रदेशअनुसार शिक्षकको विवरण

प्रदेश/तह	विद्यालयको सङ्ख्या		सामुदायिक विद्यालयमा कार्यरत शिक्षक			विद्यार्थी भर्ना (हजारमा)		खुद भर्नादर (कक्षा)	
	सामुदायिक	संस्थागत	स्थायी	अस्थायी	राहत	छात्रा	छात्र	१-५	११-१२
कोशी	५२३३	१६८६	१७५९३	८२५४	५७६५	५१८.९	५५२.५	९२.०	२२.४
मधेश	३४८४	१९८७	१०२८४	५४५३	४२६७	८२३.४	९०६.४	९५.२	११.७
बागमती	४४५१	२१४८	१८५१७	९७३७	७७२३	६३९.८	७३६.१	१००.०	३५.१
गण्डकी	३१५६	६५७	१३४५३	५४८९	३१६९	२२६.८	२५५.७	९५.४	२२.१
लुम्बिनी	४४३८	१३४८	१४१४२	११३७५	५८३२	५९०.४	६४५.८	९६.७	१७.४
कर्णाली	२९३३	३१४	६६१२	५६५५	३४५८	२३२.२	२३८.८	१००.०	२१.६
सुदूरपश्चिम	३३१५	८०१	८६१३	८६४५	६०६७	३२९.५	३४४.७	९५.७	१५.४
जम्मा	**२७०१०**	**८९४१**	**८९२१४**	**५४६०८**	**३६२८१**	**३३६०.९**	**३६७९.९**	**९७.९**	**२०.५**

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८२

१३.३९ कुल विद्यालयमध्ये कोशी प्रदेशमा सबैभन्दा बढी १९.५ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम ९.० प्रतिशत विद्यालय रहेका छन्। संस्थागत विद्यालयमध्ये बागमती प्रदेशमा २४.० प्रतिशत र कर्णाली प्रदेशमा ३.५ प्रतिशत रहेका छन्।


तालिका १३(न): प्रदेश अनुसार विभिन्न तहका विद्यालयको विवरण

प्रदेश/तह	आधारभूत तह कक्षा (१-५)		आधारभूत तह कक्षा (१-८)		माध्यमिक तह कक्षा (९-१०)		माध्यमिक तह कक्षा (११-१२)	
	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत
कोशी	२९९८	४१८	९६२	४०९	६९०	६७१	५८३	१८८
मधेश	२०६१	८१५	६१५	६२५	४३५	४२५	३७३	१२२
बागमती	२२७३	३६६	७४३	२०९	७३२	११९९	७०३	३७४
गण्डकी	१७३२	१५५	४७७	१०८	४८१	२८०	४६६	११४
लुम्बिनी	२४६४	३३७	७९६	३६८	६०८	४९१	५७०	१५२
कर्णाली	१७६०	१४१	५०३	८६	३७१	६८	२९९	१९
सुदूरपश्चिम	१७९१	२६२	६१५	२७४	५२२	१९७	३८७	६८
जम्मा	**१५०७९**	**२४९४**	**४७११**	**२०७९**	**३८३९**	**३३३१**	**३३८१**	**१०३७**

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८२

१३.४० लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा स्थायी भन्दा अस्थायी र राहत शिक्षकको सङ्ख्या बढी छ। कुल शिक्षकमध्ये ४९.५ प्रतिशत मात्र स्थायी रहेका छन् भने ३०.३ प्रतिशत अस्थायी र २०.१ प्रतिशत राहतका शिक्षक रहेका छन्। प्रदेशगत रुपमा सबैभन्दा बढी गण्डकी प्रदेशमा ६०.८ प्रतिशत शिक्षक स्थायी रहेका छन् भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा ३६.९ प्रतिशत शिक्षक स्थायी रहेका छन्।

चार्ट १३(ट): सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको प्रदेशगत विवरण



स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०८२


१३.४१ शैक्षिक सत्र २०८२ मा भर्ना भएका कुल विद्यार्थीमध्ये मधेश प्रदेशमा सबैभन्दा बढी २४.६ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम ६.७ प्रतिशत रहेका छन्। गत शैक्षिक सत्रमा समेत मधेश प्रदेशमा सबैभन्दा बढी २४.५ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम ६.६ प्रतिशत विद्यार्थी भर्ना भएका थिए।

तालिका १३(प): प्रदेशगत रूपमा विद्यार्थी भर्नाको विवरण (हजारमा)

तह	विद्यार्थी	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम
आधारभूत तह	छात्रा	**२४४१४१**	**४७६९२१**	**२७८७७१**	**१०१६२५**	**३०१८६५**	**११०७०८**	**१५५०९८**
(कक्षा १-५)	छात्र	२६८८४९	५४५४८२	३२५८३८	११८२७०	३४०१७३	११७६०७	१६९५५६
आधारभूत तह	छात्रा	१३७२५२	२०६८४९	१६४०११	६२३१८	१५०८९८	६०२७६	९४२४६
(कक्षा ६-८)	छात्र	१४७४७९	२१४९७७	१८८७६२	७१२२२	१६५३६२	६०५६०	९५१५६
आधारभूत तह	छात्रा	३८१३९३	६८३७७०	४४२७८२	१६३९४३	४५२७६३	१७०९८४	२४९३४४
(कक्षा १-८)	छात्र	४१६३२८	७६०४५९	५१४६००	१८९४९२	५०५५३५	१७८१६७	२६४७१२
माध्यमिक तह	छात्रा	८०५२२	९०४०५	१०११७४	३८३८४	८१९४१	३५३७४	४८३७१
(कक्षा ९-१०)	छात्र	८०७३७	९४२५१	१०९२६४	४०९१३	८४२९२	३४७५७	४८०४५
माध्यमिक तह	छात्रा	५६९८१	४९२५९	९५८५०	२४४४३	५५६५८	२५८१२	३१७४२
कक्षा(११-१२)	छात्र	५५४४४	५१७३७	११२९९१	२५२८६	५५९८१	२५८२९	३१९१०
माध्यमिक तह	छात्रा	१३७५०३	१३९६६४	१९७०२४	६२८२७	१३७५९९	६११८६	८०११३
(कक्षा ९-१२)	छात्र	१३६१८१	१४५९८८	२२९४५५	६६१९९	१४०२७३	६०५८६	७९९५५
कुल जम्मा	छात्रा	५१८८९६	८२३४३४	६३९८०६	२२६७७०	५९०३६२	२३२१७०	३२९४५७
	छात्र	५५२५०९	९०६४४७	७३६०५५	२५५६९१	६४५८०८	२३८७५३	३४४६६७
	जम्मा	**१०७१४०५**	**१७२९८८१**	**१३७५८६१**	**४८२४६१**	**१२३६१७०**	**४७०९२३**	**६७४१२४**

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८२

चार्ट १३(ठ): प्रदेशगत रूपमा विद्यार्थी भर्नाको विवरण (सङ्ख्या हजारमा)



स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०८२

१३.४२ शैक्षिक सत्र २०८२ मा कक्षा १ देखि ५ को खुद विद्यार्थी भर्नादरमध्ये सबैभन्दा बढी कर्णाली र बागमतीमा १०० प्रतिशत र सबैभन्दा कम कोशी प्रदेशमा ९२.१ प्रतिशत रहेको छ। कक्षा ९-१२ को खुद भर्नादर राष्ट्रिय औसत ३५.४ प्रतिशत रहेकोमा सबैभन्दा बढी बागमती प्रदेशमा ५१.८ प्रतिशत र सबैभन्दा कम मधेश प्रदेशमा २०.९ प्रतिशत रहेको छ। ।

तालिका १३(फ): प्रदेशगत रूपमा विद्यार्थी खुद भर्नादर (प्रतिशतमा)

प्रदेश	कक्षा १-५	कक्षा ६-८	कक्षा १-८	कक्षा ९-१०	कक्षा ११-१२	कक्षा ९-१२
कोशी	९२.१	९७.०	९२.९	६७.०	२२.४	३९.२
मधेस	९५.३	७९.३	९४.३	३५.७	११.७	२०.९
बागमती	१००.०	१००.०	१००.०	८३.५	३५.१	५१.८
गण्डकी	९५.५	१००.०	९६.२	७८.२	२२.१	४४.९
लुम्बिनी	९६.८	९२.७	९५.९	५७.१	१७.४	३२.९
कर्णाली	१००.०	१००.०	१००.०	६२.८	२१.७	३६.५
सुदूरपश्चिम	९५.७	१००.०	९६.९	५७.०	१५.५	३२.२
नेपाल	**९७.९**	**९६.३**	**९७.७**	**५९.९**	**२०.५**	**३५.४**

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०८२

१३.४३ शैक्षिक सत्र २०८२ को माध्यमिक शिक्षा परीक्षा (SEE) मा कुल ४ लाख ३० हजार ६ सय ६७ विद्यार्थी सहभागी भएकोमा ६६.० प्रतिशतले ग्रेडेड नतिजा हासिल गरेका छन्। यस परीक्षामा जीपीए ३.६ देखि ४.० सम्म ल्याउने विद्यार्थी ११.२ प्रतिशत रहेका छन् भने नन्-ग्रेडेड नतिजा ल्याउने विद्यार्थी ३४ प्रतिशत रहेका छन्।

तालिका १३(ब): माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (SEE) २०८२ को नतिजा विवरण

GPA\प्रदेश	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	नेपाल
1.60 To < 2.00	४	१	०	०	०	०	२	७
2.00 To < 2.40	११११	५७०	६८३	४१३	९२४	५८९	९००	५१९०
2.40 To < 2.80	९७६७	९०८०	९५८६	५३५४	१००१२	५६१९	६५५९	५५९७७
2.80 To < 3.20	१६४०४	१५८३४	२१५७८	९४४५	१४९८५	७६३०	८३४६	९४२२२
3.20 To < 3.60	१४९३०	१२९३५	२४८३७	७३३९	११८९९	३९८९	४४४३	८०३७२
3.60 To <= 4.00	८६७४	६१७२	२०४२९	३९९९	६४३६	१२६८	१४१४	४८३९२
NG	२१३६६	३१७२५	२१७०४	९९४३	२७८९३	१३२४१	२०६३५	१४६५०७
Total Students	**७२२५६**	**७६३१७**	**९८८१७**	**३६४९३**	**७२१४९**	**३२३३६**	**४२२९९**	**४३०६६७**
TOTAL GRADED	५०८९०	४४५९२	७७११३	२६५५०	४४२५६	१९०९५	२१६६४	२८४१६०
GRADED PERCENTAGE	**७०.४३**	**५८.४३**	**७८.०४**	**७२.७५**	**६१.३४**	**५९.०५**	**५१.२२**	**६५.९८**

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८३

स्वास्थ्य क्षेत्र

१३.४४ चालु आर्थिक वर्षको फागुनसम्म मुलुकभर विभिन्न व्यक्तिले अन्तरङ्ग, बहिरङ्ग र आकस्मिक सेवा गरी जम्मा ४ करोड ४६ लाख २६ हजार पटक स्वास्थ्य सेवा लिएका छन्। गत आर्थिक वर्ष ७ करोड ९ लाख १८ हजार पटक यस्तो सेवा लिएका थिए।

तालिका १३(भ): अस्पताल सुविधा लिएको प्रदेशगत विवरण (पटक हजारमा)

प्रदेश	२०८१/८२			२०८२/८३*		
	अन्तरंग	बहिरङ्ग	आकस्मिक	अन्तरंग	बहिरङ्ग	आकस्मिक
कोशी	४९७	१११८१	६०५	३३३	७२११	३९२
मधेश	१९०	७३६७	३३०	१३७	४५३६	२२५
बागमती	५८२	२२९७९	१३९२	४०८	१४३९६	९१५
गण्डकी	१३६	५८६१	३५१	९३	३८५७	२२८
लुम्बिनी	२४८	१०२१०	५११	१६५	६३१२	३५०
कर्णाली	६०	३२२८	९४	३७	१८८७	६७
सुदूरपश्चिम	१३५	४६८५	२७८	७१	२८४०	१६६
जम्मा	**१८४७**	**६५५११**	**३५६०**	**१२४३**	**४१०३९**	**२३४४**

स्रोत: स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८२ *फागुनसम्म

राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम

१३.४५ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म ७४३ स्थानीय तहमा ७ लाख ९७ हजार ७ सय २५ बेरोजगार व्यक्ति सूचीकृत भएका छन्। सूचीकृतमध्ये ५५ हजार १ सय ५१ व्यक्ति रोजगारीमा संलग्न भई औसत ७१.७८ दिन बराबरको रोजगारी प्राप्त गरेका छन्।

तालिका १३(म) : राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण#

प्रदेश	स्थानीय तहको सङ्ख्या	आयोजना प्रविष्ट गरेका स्थानीय तहको सङ्ख्या	आयोजना सङ्ख्या	रोजगारीमा संलग्न भई भुक्तानी प्राप्त व्यक्तिको सङ्ख्या	कुल रोजगारी प्रदान गरिएको दिन	प्रदान गरिएको औसत दिन
कोशी	१३७	१३७	१९२८	९९३०	७६४१००	७६.९
मधेश	१३६	१२३	१२४९	१०१६८	४९९६१३	४९.१
बागमती	११९	११८	१८०५	७८८६	६३०८७०	८०.०
गण्डकी	८५	८५	१४४५	५७६१	४३१०८९	७४.८
लुम्बिनी	१०९	१०७	१५१५	७२५०	५४०२७१	७४.५
कर्णाली	७९	७९	९५०	७१५६	५४३२६७	७५.९
सुदूरपश्चिम	८८	८७	१४४६	७०००	५४९५७२	७८.५
जम्मा	**७५३**	**७३६**	**१०३३८**	**५५१५१**	**३९५८७८२**	**७१.८**

स्रोतः श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८२ #फागुनसम्म

१३.४६ चालु आर्थिक वर्षको फागुनसम्म प्रदेशगत रुपमा सूचीकृत बेरोजगारमध्ये सबैभन्दा बढी कर्णाली प्रदेशमा २ लाख २ हजार ३ सय २ र सबैभन्दा कम गण्डकी प्रदेशमा ६३ हजार ६ सय ९७ जना रहेका छन्।

तालिका १३(य): सूचीकृत बेरोजगारको प्रदेशगत विवरण (सङ्ख्यामा)#

प्रदेश	२०७७ /७८	२०७८ / ७९	२०७९ /८०	२०८० /८१	२०८१ /८२	२०८२ /८३*
कोशी	९९६०६	९१७६३	१०५४७८	११०९८३	१०६६१५	९९०४९
मधेश	८२८१३	८२१२७	९६१९०	१२४३९४	१०६०३८	९४५९६
बागमती	९८७८६	८२७५६	९६०९१	१०२६६३	९१८४९	८१५०५
गण्डकी	५९०३०	४९०४७	५३३९६	६०३८३	६१८१४	६३६९७
लुम्बिनी	११४३८१	८६८८२	१०३९३८	९८८२६	८३१२०	७९२२१
कर्णाली	१४२८३४	१५३७४६	१९८१४६	२१०६६४	१०८३५३	२०२३०२
सुदूरपश्चिम	१५४९८९	११६१९२४	१८८१४०	१७७२४१	१३९९३६	१२५०६५
जम्मा	**७५२४४८**	**७०८२४५**	**८४१३७९**	**८८५१५४**	**७९७७२५**	**७४५४३५**

स्रोतः श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८२ *फागुनसम्म

#आर्थिक वर्ष २०७७/७८ देखि आर्थिक वर्ष २०८२/८३ सम्म

१३.४७ चालु आर्थिक वर्षको फागुनसम्म न्यूनतम रोजगारीमा खटिएका व्यक्तिमध्ये रोजगारी प्राप्त गर्ने व्यक्ति सबैभन्दा बढी मधेश प्रदेशमा १० हजार १ सय ६८ र सबैभन्दा कम गण्डकी प्रदेशमा ५ हजार ७ सय ६१ रहेका छन्। विगत ५ वर्षको प्रवृत्ति विश्लेषण गर्दा आर्थिक वर्ष २०७७/७८ देखि न्यूनतम रोजगारी प्राप्त गर्नेको समग्र सङ्ख्या क्रमशः घट्दै गएको छ।

तालिका १३(र): न्यूनतम रोजगारी प्राप्त व्यक्तिको प्रदेशगत विवरण

प्रदेश	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२
कोशी	२८८५०	२३४६१	१३८९९	१११४१	९९३०
मधेश	१६५६३	१५५६०	१२७१०	१०६६०	१०१६८
बागमती	२५०५७	२१३५९	११४९७	९९३८	७८८६
गण्डकी	१४०९९	१११९३	७४२४	७२२१	५७६१
लुम्बिनी	२७३२४	२१७४३	१२३८७	८७२९	७२५०
कर्णाली	२९६८६	३५१४०	१७०६४	९१७२	७१५६
सुदूरपश्चिम	३७८८८	३५३३४	१६७०४	७८७२	७०००
जम्मा	**१७९४६७**	**१६३७६०**	**९१६८५**	**६४७३३**	**५५१५१**

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८२

प्रदेशगत उजुरीको अवस्था

१३.४८ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रदेशगत रुपमा प्राप्त उजुरीमा वृद्धि भएको छ। विगत २ आर्थिक वर्षमा सङ्घीय निकायसँग सम्बन्धित उजुरीको तुलना गर्दा बागमती प्रदेशमा सबैभन्दा बढी र कर्णाली प्रदेशमा सबैभन्दा कम उजुरी रहेका छन्।

१३.४९ आर्थिक वर्ष २०८०/८१ र आर्थिक २०८१/८२ मा सङ्घ, प्रदेश र स्थानीय सरकारका निकायसँग सम्बन्धित उजुरीको तुलना गर्दा दुवै आर्थिक वर्षमा आधा भन्दा बढी उजुरी स्थानीय सरकारका निकायसँग सम्बन्धित छन्। सङ्घीय सरकारका निकायसँग सम्बन्धित उजुरी दुवै आर्थिक बर्षमा एक तिहाइ भन्दा बढी रहेको छन्। प्रदेश सरकारका निकायसँग सम्बन्धित उजुरी क्रमशः १२.३ प्रतिशत र १२.५ प्रतिशत रहेका छन्।

तालिका १३(ल): विगत २ वर्षको क्षेत्रगत/निकायगत उजुरी विवरण

प्रदेश/ आर्थिक वर्ष	२०८०/८१			२०८१/८२		
	सङ्घ	प्रदेश	स्थानीय तह	सङ्घ	प्रदेश	स्थानीय तह
कोशी	१००१	४७०	१९९९	९०१	४८९	१९०४
मधेस	१५२७	७३९	६२६३	१३९६	१२००	७०७२
बागमती	७२३३	७५१	२५३६	७६२३	७०८	२९४६
गण्डकी	७३५	४३३	१५००	६४८	३४५	१४२०
लुम्बिनी	११३८	८१६	२९४०	१०४८	६३७	२७४३
कर्णाली	४५३	६५९	२१२८	४२३	६८१	२२२६
सुदूरपश्चिम	५३६	५८९	१७४०	४३६	५५८	१६२२
प्रदेशगत जम्मा	**१२६२३**	**४४५७**	**१९१०६**	**१२४७५**	**४६१८**	**१९९३३**

स्रोतः अख्तियार दुरूपयोग अनुसन्धान आयोग, २०८२

१३.५० विगत दुई आर्थिक वर्षमा सङ्घीय निकायसँग सम्बन्धित उजुरीको तुलना गर्दा बागमती प्रदेशमा क्रमशः ५७.३ प्रतिशत र ६१.१ प्रतिशत रही सबैभन्दा बढी तथा कर्णाली प्रदेशमा ३.५९ प्रतिशत र ३.३९ प्रतिशत रही सबैभन्दा कम उजुरी रहेका छन्।

१३.५१ चालु आर्थिक वर्षको फागुनसम्म ७ लाख ४५ हजार ८२ राहदानी जारी भएको छ। राहदानी विभाग र नियोगबाट जारी भएका राहदानीबाहेक बागमती प्रदेशका नागरिकले लिएको राहदानीको सङ्ख्या सबैभन्दा बढी रहेको छ भने सुदूरपश्चिम प्रदेशका नागरिकले लिएको राहदानीको सङ्ख्या सबैभन्दा कम रहेको छ।

तालिका १३(ब): प्रदेशगत राहदानी वितरण सम्बन्धी विवरण

आर्थिक वर्ष	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	राहदानी विभाग	नियोग
२०७५/७६	६७३९९	५०४४७	९२८८५	५२१९१	५७१८२	५०४८	७९१०	१७१२६७	१०८१७
२०७६/७७	४५५०५	४१५२२	७०४२४	३७५०८	४०६०३	३३५१	५६७४	१४१३०५	१२९५०
२०७७/७८	३२२५६	३८०२३	३२४६३	२२०३०	२६२७२	२४३१६	१३८४५	९७७२४	६२२४६
२०७८/७९	७३८५८	७१८७९	९४४९९	६५०१८	७८३९२	११२६२	११८२६	३१७९६८	१०७६०७
२०७९/८०	१८२३७५	१४१२७६	२१५६६२	१४३४७८	१९११६७	३८९८१	२९१०९	३४८६२२	१८०५९४
२०८०/८१	१६०४७५	११६५३८	१९०२५१	१२६७८२	१५१०३५	३३२७४	२७७०६	३४६२०९	३२१०८८
२०८१/८२	१३४६३०	१०८३६३	१७५२६४	१०५६९३	१३३०१५	२५६७०	२२४७७	३१९८९२	३३२०८१
२०८२/८३*	७४३३८	६३५१३	८७६६३	५३२५६	७५५६२	१६२८४	१३४५४	२१०७४६	१५०२६६

स्रोतः राहदानी विभाग, २०८२ *फागुनसम्म

१४. जलवायु परिवर्तन

१४.१ जलवायु परिवर्तनका सवाललाई सम्बोधन गर्न नेपाल जैविक विविधता महासन्धि, संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि, क्योटो प्रोटोकल, पेरिस सम्झौता लगायतका संरचनाको पक्ष राष्ट्र रहेको छ। जलवायु परिवर्तन उत्थानशीलता अभिवृद्धि राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली, २०७७, स्थानीय तहको अनुकूलन कार्ययोजनाको राष्ट्रिय खाका, २०७७ र जलवायु परिवर्तनसम्बन्धी लैंगिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना (२०७७-२०८७) लगायतका नीतिगत एवं संस्थागत व्यवस्था भएका छन्।


१४.२ विश्व मौसम विज्ञान संगठन (WMO) को प्रतिवेदन २०२३/२०२४ अनुसार पृथ्वीको औसत तापक्रम पूर्व औद्योगिकस्तर (१८५०-१९००) भन्दा १.४५**°C (± 0.१२°C)** ले बढेको छ। आगामी वर्षमा यो तापक्रम वृद्धिदर १.५°C नाघ्ने र थप खतरनाक अवस्था सिर्जना हुने चेतावनी प्रतिवेदनले दिएको छ। बढ्दो तापक्रमले वातावरण, आर्थिक तथा सामाजिक क्षेत्रमा असर पारेको छ भने मानव समुदाय र पारिस्थितिकीय प्रणाली बीचको सन्तुलन कायम गर्ने चुनौती समेत थपेको छ।

१४.३ जर्मनवाच नामक अन्तर्राष्ट्रिय संस्थाले सन् २०२५ मा गरेको दीर्घकालीन जलवायु जोखिम सूचकाङ्क (१९९३-२०२२) को अध्ययन अनुसार नेपाल जलवायु परिवर्तनका दृष्टिकोणबाट उच्च जोखिम भएका मुलुकमध्ये ६९औं स्थानमा पर्दछ।

हरितगृह ग्यास उत्सर्जन

१४.४ विश्वको हरितगृह ग्यास उत्सर्जन सन् १९९० मा ३२ अर्ब ७३ करोड मेट्रिक टन रहेकोमा सन् २०२३ मा यस्तो उत्सर्जन ५० अर्ब ८० करोड मेट्रिक टन पुगेको छ। सन् १९९० देखि २०२३ सम्मको अवधिमा विश्वको हरितगृह ग्यास उत्सर्जन वार्षिक औसत १.३४ प्रतिशतले वृद्धि भएको छ। विश्वको हरितगृह ग्यास उत्सर्जन सन् २०२२ को तुलनामा सन् २०२३ मा २.०४ प्रतिशतले बढेको छ।

चार्ट १४(क): विश्वको हरितगृह ग्यास उत्सर्जनको प्रवृत्ति (दशलाख टन CO_2)



स्रोतः क्लाइमेट वाच डाटा एक्सप्लोरर, २०२६

१४.५ क्लाइमेट वाचको तथ्याङ्कअनुसार विश्वमा सबैभन्दा बढी हरितगृह ग्यास उत्सर्जन गर्ने देशमा चीन, अमेरिका, भारत, युरोपियन युनियनका मुलुक, रूस, ब्राजिल, इन्डोनेसिया, जापान, इरान, क्यानाडा लगायत रहेका छन्। विश्वको कुल हरितगृह ग्यास उत्सर्जन गर्ने दश देशमध्ये सबैभन्दा बढी अंश चीनको २५.९ प्रतिशत र सबैभन्दा कम क्यानडाको १.७ प्रतिशत रहेको छ। कुल हरित ग्यास उत्सर्जनमध्ये करिब ६०.० प्रतिशत उत्सर्जन मुख्य दश देशबाट हुने गर्दछ भने सबैभन्दा कम उत्सर्जन गर्ने १०० देशबाट ३.० प्रतिशतको हाराहारीमा उत्सर्जन हुने गरेको छ।

तालिका १४(क): विश्वमा सबैभन्दा बढी हरितगृह ग्यास उत्सर्जन गर्ने दश मुलुक

(वार्षिक ग्यास उत्सर्जन दश लाख मेट्रिक टनमा)

देश/वर्ष	२०१८	२०१९	२०२०	२०२१	२०२२	२०२३
चीन	११६८३	११९३७.५	१२१०७	१२६९१	१२६७७.३	१३१८०
अमेरिका	५६९९.१	५५८२.५	५०२७	५५६८.३	५६४२.५	५४३८.७
भारत	३४०४.४	३४०९.२	३२३९.८	३४६५.६	३७१२.१	३९७८.७
ईयु	३४७८.१	३३३०.७	३०५७.१	३४२५	३३५४.२	३११९.५
ब्राजिल	१७८१.९	१८०४.९	१८०८.८	२११०.४	२१०८.५	२१२५.८
इण्डोनेसिया	१२०१.३	१४४६.८	१०२८.८	१२३६.६	१२८५.४	१५७२.८
रुस	१४८७.२	१४८५.५	१४०८.१	१२९०.२	१२७४.१	१३२०.६
इरान	८६४.६	९०१.७	९१८.८	९७९.४	१००५.७	१०४६.८
जापान	११४५.२	११०९.६	१०५३.२	११०५.३	१०८०.६	१०३५.८
क्यानाडा	९२४.२८	९१५.४२	८५३.८८	८४४.६७	८५७.४९	८७६.७१


स्रोतः क्लाइमेट वाच डाटा एक्सप्लोरर, २०२६

१४.६ नेपालले उत्सर्जन गरेको हरितगृह ग्यास सन् २००० देखि सन् २००८ सम्म घटेको भए पनि त्यसपछिका वर्षमा बढेको छ। सन् नब्बेको दशकमा औसत २ करोड २७ लाख मेट्रिक टन हरितगृह ग्यास उत्सर्जन हुने गरेकोमा पछिल्लो दशक (सन् २०१४-

२०२३) मा यस्तो ग्यास उत्सर्जन बढ्दै वार्षिक औसत ४ करोड ९६ लाख मेट्रिक टन पुगेको छ।

चार्ट १४(ख): नेपालमा हरितगृह ग्यास उत्सर्जनको प्रवृत्ति


(वार्षिक ग्यास उत्सर्जन दश लाख मेट्रिक टनमा)



स्रोतः क्लाइमेट वाच डाटा एक्सप्लोरर, २०२६

१४.१० नेपालले गर्ने कुल हरितगृह ग्यास उत्सर्जनमध्ये कृषि क्षेत्रबाट हुने उत्सर्जन सबैभन्दा बढी रहेको छ। सन् १९९० मा यस क्षेत्रबाट हुने हरित गृह ग्यास उत्सर्जन ७८.२५ प्रतिशत रहेकोमा त्यसपछिका वर्षमा क्रमशः कम हुँदै सन् २०२३ मा ४८.५७ प्रतिशतमा झरेको छ। यसैगरी ऊर्जा, औद्योगिक, भू-उपयोग परिवर्तन तथा वन र यातायात क्षेत्रबाट हुने उत्सर्जन बढ्दै गएको छ।

चार्ट १४(ग): क्षेत्रगत हरितगृह ग्यास उत्सर्जन (प्रतिशतमा)



स्रोतः जलवायु वाच, २०२६

१४.११ नेपालको पहिलो द्वि-वार्षिक पारदर्शिता प्रतिवेदनअनुसार सन् २०२२ मा खुद हरितगृह ग्यास उत्सर्जन ३८ हजार २ सय १२ गिगाग्राम (३८.२ मिलियन मे.ट.) रहेको छ। कुल उत्सर्जनमा सबैभन्दा बढी ऊर्जा क्षेत्रको ६५.० प्रतिशत, Industrial Process and Product Uses (IPPU) को १३.० प्रतिशत, Agriculture, Forest and Other Land Uses (AFOLU) को ९.० प्रतिशत र फोहोर व्यवस्थापन क्षेत्रको १३.० प्रतिशत योगदान रहेको छ। Land Use, Land Use Change and Forestry (LULUCF) क्षेत्रबाट हुने सञ्चितिलाई गणना नगर्ने हो भने ऊर्जा क्षेत्रको ४३.० प्रतिशत, कृषि तथा पशुपालनको करिब ४१.० प्रतिशत, IPPU को ८.० प्रतिशत र फोहोर व्यवस्थापनको ८.० प्रतिशत हिस्सा रहेको छ। यसरी विगत वर्षको तुलनामा ऊर्जा र औद्योगिक क्षेत्रबाट हुने उत्सर्जन उल्लेखनीय रूपमा बढ्दै गएको छ।

१४.१२ नेपालले सन् २०२५ मा तेस्रो राष्ट्रिय निर्धारित योगदान (Nationally Determined Contributions - NDCs 3.0) जारी गरी सन् २०३० सम्म १७.१२ प्रतिशत र सन् २०३५ सम्म २६.७९ प्रतिशत हरितगृह ग्यास (GHG) उत्सर्जन घटाउने लक्ष्य (Business as usual Scenario को तुलनामा) राखेको छ।

जलवायु परिवर्तनसम्बन्धी गतिविधि

१४.१३ जलवायु परिवर्तनद्वारा सृजित समस्याहरू समाधान गर्न विभिन्न जलवायु कोषहरूबाट आर्थिक वर्ष २०८१/८२ सम्म १३ आयोजनाबाट १६३.७९ मिलियन अमेरिकी डलर प्राप्त भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म १८ मिलियन अमेरिकी डलर बराबरको तीन परियोजनाको लागि सम्झौता भएको छ।

१४.१४ तराई भू-परिधिमा कार्यान्वयित Reducing Emission from Deforestation and Forest Degradation (REDD+) उत्सर्जन कटौती कार्यक्रमअन्तर्गत करिब १८ लाख ८० हजार टन कार्बनडाइअक्साइड उत्सर्जन घटाउन सफल भई पहिलो पटक वन विकास कोषमा ९४ लाख अमेरिकी डलर प्राप्त भएको छ।

१४.१५ वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले आर्थिक वर्ष २०८१/८२ मा नवीकरणीय ऊर्जा कार्यक्रममार्फत् २ लाख १ हजार ९ सय २२ मेट्रिक टन कार्बन न्यूनीकरण गरी कार्बन व्यापारबाट ६६ लाख ५५ हजार ५ सय २२ युरो बराबरको आम्दानी गरेको छ। हालसम्म Clean Development Mechanism (CDM) कार्यक्रमअन्तर्गत ६६.८७ लाख मेट्रिक टन CO_2 न्यूनीकरण गरी करिब ३.६ करोड अमेरिकी डलर (रु.५.०४ अर्ब) आम्दानी भएको छ।

१४.१६ बागमती, गण्डकी र लुम्बिनी प्रदेशका ३६ जिल्लाको वन क्षेत्रको कार्बन विक्रीका लागि नेपाल सरकार र Emergent Forest Finance Accelerator, Inc सँग ४० मिलियन अमेरिकी

डलर प्राप्त गर्ने गरी कार्बन उत्सर्जन कटौती खरिद सम्झौता (Emission Reduction Purchase Agreement) (ERPA) भएको छ।

१४.१७ हालसम्म ४ लाख ५६ हजार ९ सय ५४ घरायसी बायोग्यास प्लान्ट निर्माण र १६ लाखभन्दा बढी सुधारिएको चुलो वितरण गरेको छ।

१४.१८ जलवायु परिवर्तनले हिमाली क्षेत्रमा पारेको असर लगायतका विषयलाई अन्तर्राष्ट्रियकरण गर्न २०८२ जेठमा काठमाडौँमा सगरमाथा संवाद सम्पन्न भएको थियो।

१५. दीर्घकालीन विकास लक्ष्य

१५.१ नेपालले चालु सोह्रौं योजना लगायत प्रमुख नीतिमा दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्दै गएको छ। सन् २०२५ मा दिगो विकास लक्ष्य सूचकाङ्कमा ६८.५८ स्कोर हासिल गरी नेपाल १६७औं राष्ट्रमध्ये ८५औं स्थानमा रहेको छ। दिगो विकासका लक्ष्य हासिल गर्न आर्थिक, सामाजिक र पर्यावरणीय दृष्टिले उपयुक्त वातावरण रहेको अवस्था जनाउने सूचकाङ्कको रुपमा रहेको स्पिलओभर स्कोर नेपालको सन्दर्भमा ९४.८५ रहेको छ।

१५.२ नेपालले अतिकम विकसित राष्ट्रबाट विकासशील मुलुकमा स्तरोन्नति हुनका लागि तय गरिएका सबै मापदण्ड पुरा गरेको छ। संयुक्त राष्ट्र संघको विकास नीति समितिको सन् २०२५ मा प्रकाशित प्रतिवेदन अनुसार नेपालको प्रतिव्यक्ति आय १ हजार ४ सय ४ अमेरिकी डलर पुगेको छ।

विकासशील मुलुकमा स्तरोन्नति

१५.३ नेपाल स्तरोन्नतिको लागि आवश्यक प्रति व्यक्ति राष्ट्रिय आय, मानव सम्पत्ति सूचक र आर्थिक तथा वातावरणीय जोखिम सूचकमा तोकिएको सीमा पार गरी स्तरोन्नतिको लागि योग्य भईसकेको छ। यस अघि आगामी नोभेम्बर २०२६ मा स्तरोन्नति हुने घोषणा भइसके पनि मुलुकको हालको स्थितिलाई मध्यनजर गर्दै सरकारले नोभेम्बर २०३० मा मात्र स्तरोन्नति गर्ने गरी संयुक्त राष्ट्रसंघलाई अनुरोध गरेको छ।

तालिका १५(क): विकासशील मुलुकमा स्तरोन्नतिको मापदण्ड र नेपालको अवस्था

स्तरोन्नतिका सूचक	सीमा (थ्रेसहोल्ड)	नेपालको अवस्था	अति कम विकसित राष्ट्रको औसत
प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलर)*	१३०६.००	१४०४.३७	१३८८.२७
मानव सम्पत्ति सूचकाङ्क	६६ भन्दा वढी	७७.५८	५९.४२
पाँच वर्षमुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा)	१० देखि १७५	२७.३४	५९.२
पाँच वर्षमुनिका बालबालिकामा (पुड्कोपना प्रतिशत)	२५ देखि ५२.५	२६.७०	२९.२८
मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा)	५ देखि १२००	१७४.४१	३८१.८६
निम्न माध्यामिक तहको सफलता दर (प्रतिशत)	१० देखि १००	७९.३२	४२.६०
प्रौढ साक्षरतादर (प्रतिशत)	२५ देखि १००	७१.१५	६४.२६
निम्न माध्यामिक तहको कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क	०.४ देखि १.०	१.०५	१.००
आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क	**३२ भन्दा कम**	**२८.९६**	**३९.८४**
कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन र मत्स्यको	१ देखि ६०	२४.७२	२४.५९

स्तरोन्नतिका सूचक	सीमा (थ्रेसहोल्ड)	नेपालको अवस्था	अति कम विकसित राष्ट्रको औसत
अंश (प्रतिशत)			
दूर्गमता र भूपरिवेष्ठितता सूचकाङ्क	१० देखि ९०	५०.६२	५७.६१
वस्तु व्यापार सघनता (थेल सूचकाङ्क)	४ देखि १०	७.१७	७.७६
वस्तु तथा सेवा निर्यातमा अस्थिरता (सूचकाङ्क)	० देखि ५०	४.९८	१२.३९
सुख्खा क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्याको अनुपात (प्रतिशत)	० देखि १००	०.६७	३३.९९
कृषि उत्पादनमा अस्थिरता (२० वर्षको प्रतिगमन गुणाङ्क)	१.५ देखि २०	२.४२	६.०६
विपदबाट प्रभावित व्यक्ति (प्रतिशत)	०.०५ देखि १५	३.०९	३.३४

स्रोतः संयुक्त राष्ट्र संघ, विकास नीति समिति, २०२५

नोटः आर्थिक वर्ष २०८२/८३ मा नेपालको प्रतिव्यक्ति कुल राष्ट्रिय आय १ हजार ५ सय ३५ अमेरिकी डलर रहेको प्रारम्भिक अनुमान छ। यद्यपि, संयुक्त राष्ट्रसंघले प्रतिव्यक्ति आय गणना गर्ने विधि फरक भएकोले माथिको तालिकामा राखिएको प्रतिव्यक्ति आयमा केही फरक पर्न सक्नेछ।

*प्रतिव्यक्ति आयको लागि तोकीएको न्यूनतम सीमाको तीन गुणा वा सो भन्दा बढी भएमा पनि स्तरोन्नति हुनसक्ने प्रावधान रहेको छ।

दिगो विकास लक्ष्यको उपलब्धी समीक्षा

१५.४ सन् २०१६ देखि सन् २०२५ सम्म विश्वव्यापी रुपमा दिगो विकास लक्ष्य कार्यान्वयनको अवस्था हेर्दा केही सूचकमा अपेक्षित उपलब्धी हासिल भएको छ भने अधिकांश सूचकको प्रगति स्थिति न्यून रहेको छ। आधार तथ्याङ्क (Baseline) को तुलनामा १८.० प्रतिशत सूचकको प्रगति स्थिति खस्किँदै गएको छ। दिगो विकास लक्ष्यको सन्दर्भमा नेपालले तय गरेका सूचकमध्ये ३०.० प्रतिशत सूचकमा अपेक्षित प्रगति र ४०.० प्रतिशत सूचकमा सीमित प्रगति हासिल भएको छ। तीस प्रतिशत सूचकको प्रगति ह्रासोन्मुख रहेको छ।

१५.५ नेपालको सन्दर्भमा सन् २०२२ को लक्ष्यमा औसत उपलब्धी ५८.६ प्रतिशत, सन् २०३० सम्मको लक्ष्यमा औसत उपलब्धी ४१.७ प्रतिशत र सन् २०३० मा हासिल हुनसक्ने उपलब्धी लक्ष्यको ६०.५ प्रतिशत रहेको छ। उत्पादनशील क्षमता सूचकाङ्कमा विकासशील राष्ट्रको ४६.८, अतिकम विकसित राष्ट्रको औसत स्कोर ३०.९ र नेपालको ४०.४ रहेको छ।

१५.६ विश्वव्यापी रुपमा निर्धारित सूचकमध्ये नेपालले ३०१ सूचक स्थानीयकरण गर्दै दिगो विकास लक्ष्य कार्यान्वयनमा ल्याएको छ। सूचकहरु मापनको लागि हालसम्म पनि पर्याप्त तथ्याङ्क उपलब्ध हुन सकेको छैन। सन् २०२४ मा सम्पन्न भएको दिगो विकासको स्वेच्छिक राष्ट्रिय समीक्षानुसार ७९.१ प्रतिशत सूचकको मात्र तथ्याङ्क उपलब्ध भएको अवस्था छ।

तालिका १५(ख): दिगो विकास लक्ष्यका लागि आवश्यक तथ्याङ्क उपलब्धताको स्थिति

लक्ष्य नं.	लक्ष्यहरू	सूचकहरु	तथ्याङ्क उपलब्ध भएका सूचकहरु	तथ्याङ्क उपलब्धताको प्रतिशत
१	गरिबीको अन्त्य	२०	११	५५.०
२	शुन्य भोकमरी	२५	१९	७६.०
३	राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर	५०	३६	७२.०
४	गुणस्तरीय शिक्षा	३०	३०	१००.०
५	लैङ्गिक समानता	२२	२१	९५.५
६	स्वच्छ पानी र सरसफाइ	१२	७	५८.३
७	खर्चले धान्न सकिने स्वच्छ ऊर्जा	१०	८	८०.०
८	मर्यादित काम र आर्थिक वृद्धि	२२	१७	७७.३
९	उधोग प्रवर्द्धन र पूर्वाधार	१२	१०	८३.३
१०	असमानतालाई न्यूनीकरण	१४	१२	८५.७
११	शहरहरू र समुदायहरूको दिगोपना	१३	११	८४.६
१२	उपभोग र उत्पादनमा जिम्मेवारीपना	११	७	६३.६
१३	जलवायुसम्वन्धी कार्य	१५	१५	१००.०
१४	जलमुनिको जीवन र स्रोत	-	-	-
१५	भूसतहको जीवन	१८	१५	८३.३
१६	शान्ति, न्याय र सबल संस्थाहरू	१७	१०	५८.८
१७	विश्वव्यापी साझेदारी	१०	९	९०.०
समग्र प्रगति		**३०१**	**२३८**	**७९.१**

स्रोतः राष्ट्रिय योजना आयोग, २०८२

१५.७ सन् २०२४ मा अमेरिकी डलर १.९ (PPP) भन्दा कम आम्दानीमा जीवनयापन गर्ने जनसङ्ख्या १५ प्रतिशत रहेको छ। सन् २०१५ मा राष्ट्रिय गरिबीको रेखामुनि रहेको जनसङ्ख्या २१.६ प्रतिशत रहेकोमा सन् २०२२ मा २०.२७ प्रतिशत रहेको छ।

तालिका १५(ग): लक्ष्य १ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

प्रमुख सूचक	ईकाइ	आधार वर्ष (सन् २०१५)	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२४ सम्मको अवस्था
गरिवीको रेखा (USD १.९ -PPP भन्दा कम आय भएको) जनसङ्ख्या	प्रतिशतमा	३०.१	८.०	२२.९	१५.०
राष्ट्रिय गरिबीको रेखामुनि रहेको जनसङ्ख्या	प्रतिशतमा	२१.६	४.९	१३.८	२०.२७
बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या	प्रतिशतमा	४४.२	१०	२८.२	१७.४
प्रतिवर्ष विपदका घटनाबाट ज्यान गुमाउने	सङ्ख्यामा	८८९१	१००	२६८	२०४०
सामाजिक सुरक्षामा भएको सरकारी खर्च	बजेटको प्रतिशतमा	११.०	१५.०	१२.९	११.५
वित्तीय सेवामा पँहुच पुगेको घरपरिवार	प्रतिशतमा	४०	८०.०	५८.७	६१.९

स्रोतः राष्ट्रिय योजना आयोग, २०८२

१५.८ लक्ष्य-२ अन्तर्गत सन् २०१५ को तुलनामा पाँच वर्षमुनिका बालबालिकामा देखिएको पुडकोपना र तौल कम हुने समस्यामा क्रमशः सुधार हुँदै गएको छ। प्रजनन उमेरका महिला र पाँच वर्षमुनिका बालबालिकामा एनेमिया (रक्तअल्पता) को दर घटाउने सम्बन्धमा न्यून उपलब्धी हासिल भएको छ।

तालिका १५(घ): लक्ष्य २ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

प्रमुख सूचक	आधार वर्ष (सन् २०१५)	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२४ सम्मको अवस्था
कम तौल भएका पाँच वर्ष मुनिका बालबालिका (प्रतिशत)	३०.१	९.०	१८.०	१८.७
पुड्कोपना भएका ५ वर्ष मुनिका बालबालिका (प्रतिशत)	३६	१५	२८.६	२६.६
उचाइअनुसार कम तौल हुने पाँच वर्षमुनिका बालबालिका (प्रतिशत)	११.३	४.०	७.०	६.६
रक्त अल्पता भएका ५ वर्ष मुनिका बालबालिका (प्रतिशत)	४६.०	१०.०	२८.०	४३.३
रक्त अल्पता भएका प्रजनन उमेर समूहका महिला (प्रतिशत)	३५	१०	२४	३४.०
प्रतिव्यक्ति खाद्यान्न उत्पादन (के.जी.)	३२०	५३०	४१८	३८१
कृषि क्षेत्रमा भएको सरकारी खर्च (कुल बजेटको प्रतिशत)	३.३	४.०	३.३४	२.४३
विश्वव्यापी खाद्य सुरक्षा सूचकाङ्क (स्कोर)	४४.३	९०	६६	५६.९
खाद्य उपभोक्ता मूल्य सूचकाङ्क	११४	२०८	१४४	१६३.१

स्रोतः राष्ट्रिय योजना आयोग, २०८२

१५.९ औसत आयुमा भएको वृद्धि, मातृ मृत्युदर, बाल मृत्युदर र शिशु मृत्युदरमा आएको सुधार, स्वास्थ्य संस्थामा नागरिकको बढ्दो पँहुच लगायतको कारण दिगो विकास लक्ष्य-३ अन्तर्गत स्वास्थ्य क्षेत्रमा महत्त्वपूर्ण उपलब्धी हासिल भएको छ। तथापि, दुर्गम तथा हिमाली क्षेत्रमा स्वास्थ्य सेवामा पहुँच अझै कमजोर हुनु, स्वास्थ्य पूर्वाधार विकास र सेवा गुणस्तर अपेक्षित नहुनु यस क्षेत्रका प्रमुख समस्या हुन्।

तालिका १५(ङ): लक्ष्य ३ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

प्रमुख सूचक	आधार वर्ष (सन् २०१५)	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२४ सम्मको अवस्था	सन् २०२५ सम्मको अवस्था
मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा)	२५८	७०	११६	१५१	१५१
पाँच वर्ष मुनिको बाल मृत्युदर	३८	२०	२७	३३	३१
नवजात शिशु मृत्युदर	२३	१२	१६	१७	१७
आत्महत्याबाट हुने मृत्युदर (प्रतिलाख जनसङ्ख्यामा)	१६.५	४.७	९.७	२३.४	-
सडक यातायात दुर्घटनाबाट हुने मृत्युदर (प्रति लाख जनसङ्ख्यामा)	१९.८६	४.९६	८.९४	९.४	-
परिवार नियोजनका आधुनिक साधन/ विधि प्रयोग दर (प्रजनन उमेर समूहको प्रतिशतमा)	४७	६०	५३	४३	४२.७
कुल प्रजनन दर (प्रति महिला)	२.३	२.१	२.१	१.९	१.९

स्रोतः राष्ट्रिय योजना आयोग, २०८२/स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८२

१५.१० लक्ष्य ४ अन्तर्गत गुणस्तरीय शिक्षामा क्रमिक सुधार भएको छ। आधारभूत तहको खुद भर्नादर सन् २०१५ को ९६.६ प्रतिशतबाट बढेर सन् २०२५ मा ९७.८ प्रतिशत पुगेको छ। माध्यमिक तहको कुल भर्नादर सन् २०१५ मा ५६.७ प्रतिशत रहेकोमा सन् २०२५ मा ८५.७ प्रतिशत पुगेको छ।

तालिका १५(च): लक्ष्य ४ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

प्रमुख सूचक	आधार वर्ष (सन् २०१५)	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२४ सम्मको प्रगति	सन् २०२५ सम्मको अवस्था
खुद भर्नादर (कक्षा १-५)	९६.६	९९.५	९९.०	९४.४•	९७.९•
उतीर्ण दर (कक्षा १-५)	८०.६	९९.०	९३.१	८२.४•	-
खुद भर्नादर (कक्षा १-८)	७६.६	९५.०	९२.०	९४.१•	९७.८•
कुल भर्नादर (कक्षा ९-१२)	५६.७	९९.०	९०.०	८३. ०•	८५.७•
युवा साक्षरता दर- (१५-२४) वर्ष (प्रतिशतमा)	८८.६	९९.०	९५.०	९४.२•	९४.२•

स्रोतः राष्ट्रिय योजना आयोग, २०८२ •शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८२

१५.११ लक्ष्य-५ लैंगिक समानता तथा सशक्तिकरण अन्तर्गत कानून तथा नीति निर्माण तहमा महिलाको प्रतिनिधित्व बढ्दै गएको छ। निजी क्षेत्रको निर्णायक तहमा महिलाको प्रतिनिधित्वमा सुधार भएको छ। महिला उद्यमीको सङ्ख्या बढ्दै गएको छ। पुरूषको तुलनामा महिलाको श्रम सहभागिता दर न्यून छ।

तालिका १५(छ): लक्ष्य ५ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

प्रमुख सूचक	आधार वर्ष (सन् २०१५)	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२४ सम्मको अवस्था
महिला र पुरूषको ज्यालादरको अनुपात	०.६२	०.९२	०.८	०.६६
लैङ्गिक असमानता सूचकाङ्क	०.४९	०.२५#	०.२९	०.४९५
लैङ्गिक सशक्तीकरण सूचकाङ्क	०.५७	०.६७#	०.६३	०.६३
जीवनकालमा शारीरिक/यौन हिंसा भोगेका १५ देखि ४९ वर्ष उमेर समूहका महिला (प्रतिशत)	२६.०	६.५	१३.९	१२.२
संघीय संसदमा महिला प्रतिनिधित्व (प्रतिशत)	२९.५	४०	३४.४	३३.५
प्रदेश संसदमा महिला प्रतिनिधित्व (प्रतिशत)	-	४०	३४.४	३६.३६
स्थानीय तहमा महिला प्रतिनिधित्व (प्रतिशत)	-	४२	४१	४१
निजामती सेवाको नीतिगत तहमा महिला प्रतिनिधित्व	११	३३	२१.३	१३.६

स्रोतः राष्ट्रिय योजना आयोग, २०८२ # संशोधित लक्ष्य

१५.१२ लक्ष्य ६ अन्तर्गत खानेपानी सेवा तथा सरसफाइ सुविधामा विस्तार हुँदै गएको छ। आधारभूत खानेपानी आपूर्तिको पहुँच सन् २०१५ को ८७.० प्रतिशतबाट बढेर सन् २०२४ मा ९६.८५ प्रतिशत पुगेको छ। सुरक्षित खानेपानी आपूर्तिको पहुँच पनि सोही अवधिमा १५.० प्रतिशतबाट बढेर २८.५ प्रतिशत पुगेको छ। सरसफाइमा उल्लेखनीय सुधार भएको छ।

तालिका १५(ज): लक्ष्य ६ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

प्रमुख सूचक	आधार वर्ष (सन् २०१५)	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२४ सम्मको अवस्था	सन् २०२५ सम्मको अवस्था
आधारभूतस्तरको खानेपानीमा पहुँच पुगेको जनसङ्ख्या (प्रतिशत)	८७.०	९९.०	९२.६	९६.८•	९७.०•
उच्च-मध्यमस्तरको खानेपानी सेवामा पहुँच पुगेको जनसङ्ख्या (प्रतिशत)	१५.०	९०.०	६८.४	२८.५•	२९•
आधारभूतस्तरको सरसफाइ सुविधामा पहुँच पुगेको जनसङ्ख्या (प्रतिशत)	८२.०	९९.०	८९.९	९५.५•	९५.५•

प्रमुख सूचक	आधार वर्ष (सन् २०१५)	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२४ सम्मको अवस्था	सन् २०२५ सम्मको अवस्था
प्रशोधनसहितको ढल प्रणालीमा पहुँच पुगेको जनसङ्ख्या (प्रतिशत)	<१.०	५०.०	-	२.३४*	३.३६*

स्रोतः राष्ट्रिय योजना आयोग,२०८२/ *खानेपानी मन्त्रालय, २०८२

१५.१३ सन् २०१५ मा ७४ प्रतिशत जनसङ्ख्यामा विद्युत पहुँच थियो भने सन् २०२५ मा बढेर शत प्रतिशत पुगेको छ। प्रतिव्यक्ति ऊर्जा खपत सन् २०१५ को ८० किलावाट घण्टाबाट बढेर सन् २०२२ मा ४५० किलावाट घण्टामा पुगेको छ।

तालिका १५(झ): लक्ष्य ७ अन्तर्गतका प्रमुख सूचकको अद्यावधिक अवस्था

प्रमुख सूचक	आधार वर्ष (सन् २०१५)	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२४ सम्मको अवस्था	सन् २०२५ सम्मको अवस्था
विद्युतको पहुँच पुगेको जनसङ्ख्या (प्रतिशत)	७४	९९	८५.७	९९*	९९.१*
प्रतिव्यक्ति विद्युत खपत (युनिट)	८०	७५०#	५४२	४२२*	४५०*
जलविद्युतको जडित क्षमता (मेगावाट)	७८२	१५०००	५४१७	३५१२*	४१०५*

स्रोतः राष्ट्रिय योजना आयोग, २०८२/ *ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, २०८२ #संशोधित लक्ष्य

१५.१४ लक्ष्य-८ अन्तर्गत सबैका लागि पूर्ण, उत्पादक रोजगारी र दिगो आर्थिक वृद्धि तथा मर्यादित काम प्रवर्द्धन गर्ने उद्देश्य राखिएको छ। प्रतिव्यक्ति आयमा क्रमशः वृद्धि भइरहेको छ। यद्यपि, कृषि क्षेत्रमा अनौपचारिक रोजगारीको दर अझै उच्च छ भने बालश्रमको स्थितिमा सुधार न्यून मात्र देखिएको छ।

तालिका १५(ञ): लक्ष्य ८ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

प्रमुख सूचक	आधार वर्ष (सन् २०१५)	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२४ सम्मको अवस्था	सन् २०२५ सम्मको अवस्था
वास्तविक कुल गार्हस्थ्य उत्पादनको वृद्धि दर (प्रति रोजगार व्यक्तिको तुलनामा)	१.६	१०	५.५	४.५	४.०
बेरोजगारी दर (प्रतिशत)	१२.०	८.०	१०	१२.६	१२.६
पर्यटक आगमन (दशलाख)	०.८	३.०	१.९	१.१	१.१६
प्रति पर्यटक प्रति दिन औसत खर्च (अमेरिकी डलर)	७०.०	१००	६५	४०.८*	३४

प्रमुख सूचक	आधार वर्ष (सन् २०१५)	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२४ सम्मको अवस्था	सन् २०२५ सम्मको अवस्था
प्रति पर्यटक औसत बसाइ (दिन)	१३.२	१७.०	१५.५	१३.३*	१६
जीवन बीमामा आवद्ध जनसङ्ख्या (प्रतिशतमा)	५.०	२५.०	१४.३	१६.५७*	१८.१*
वाणिज्य बैंकको शाखा सङ्ख्या (प्रति लाख वयस्क जनसङ्ख्या)	१८.०	३६.०	२६.०	२७.३५*	-

स्रोतः राष्ट्रिय योजना आयोग, २०८२ *संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०८२

१५.१५ लक्ष्य ९ (उद्योग, नवप्रवर्तन र पूर्वाधार) अन्तर्गत सडक घनत्व सन् २०१५ मा प्रति वर्ग किलोमिटर ०.५५ किलोमिटरबाट बढेर सन् २०२२ मा ०.६३ किलोमिटर पुगेको छ। औद्योगिक क्षेत्रको प्रगति भने न्यून रहेको छ।

तालिका १५(ट): लक्ष्य ९ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

प्रमुख सूचक	आधार वर्ष (सन् २०१५)	सन्२०३० को लक्ष्य	सन्२०२२ को लक्ष्य	सन् २०२४ सम्मको अवस्था	सन् २०२५ सम्मको अवस्था
द्वितीयक क्षेत्रको हिस्सा (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)	१५	२५	१९.७	१२.५	१२.८
अनुसन्धान र विकासमा हुने खर्च (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)	०.३	१.५	०.८६	०.७२	-
सडक घनत्व (कि.मी./वर्ग कि.मी.)	०.५५	१.५	१.३५	०.६३	०.७१
कालोपत्रे सडक घनत्व (कि.मी./वर्ग कि.मी.)	०.०१	०.२५	०.१२	०.१२	०.१४
मोबाइल सञ्जाल पुगेको जनसङ्ख्या (प्रतिशतमा)	९४.५	१००.	९७.१	९३.	९३.८
कुल रोजगारीमा उत्पादनशील क्षेत्रको रोजगारीको हिस्सा (प्रतिशतमा)	६.६	१३	९.६	१५.१	-

स्रोतः राष्ट्रिय योजना आयोग, २०८२

१५.१६ लक्ष्य-१० अन्तर्गत आय असमानतामा अपेक्षित सुधार हुन सकेको छैन भने तल्लो ४० प्रतिशत तथा माथिल्लो १० प्रतिशतको आम्दानीको हिस्सा करिब स्थिर रहेको छ। यद्यपि, विश्व प्रतिस्पर्धात्मक सूचकाङ्क र व्यवसाय सहजीकरण सूचकाङ्कमा केही सुधार देखिएको छ।

तालिका १५(ठ): लक्ष्य १० अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

प्रमुख सूचक	आधार वर्ष (सन् २०१५)	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२४ सम्मको अवस्था
आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात (PALMA अनुपात)	१.३	१.०	१.१६	१.३४
उपभोगमा आधारित असमानता (गिनी गुणाङ्कले मापन गरे अनुसार)	०.३३	०.१६	०.२५	०.३०
आय असमानता (गिनी गुणाङ्कले मापन गरे अनुसार)	०.४६	०.२३	०.३५	०.३१
उपभोगमा तल्लो ४० प्रतिशत जनसङ्ख्याको हिस्सा	१८.७	२३.४	२१.२	२५.७
सामाजिक सशक्तीकरण सूचकाङ्क	०.४१	०.७	०.५४	०.५७
राजनीतिक सशक्तीकरण सूचकाङ्क	०.६५	०.८५	०.७४	०.७५
आर्थिक सशक्तीकरण सूचकाङ्क	०.३४	०.७	०.५१	०.५१
विश्व प्रतिस्पर्धात्मक सूचक	३.९	६.०	४.९	४.९

स्रोतः राष्ट्रिय योजना आयोग, २०८२

१५.१७ लक्ष्य-११ अन्तर्गत समावेशी, सुरक्षित, उत्थानशील र दिगो सहर तथा मानव बस्ती निर्माण गर्ने लक्ष्य राखिएको छ। सुरक्षित घरमा बसोबास गर्ने परिवारको अनुपातमा उल्लेख्य वृद्धि देखिएको छ। तर, फुसको छानामुनि बस्ने सहरी घरपरिवारको अनुपातमा भने अपेक्षित सुधार हुन सकेको छैन।

तालिका १५(ड): लक्ष्य ११ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

प्रमुख सूचक	आधार वर्ष (सन् २०१५)	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२४ सम्मको अवस्था
योजनाबद्ध नयाँ सहरहरूको सङ्ख्या	१०	६०	३३	५४*
सुरक्षित घरमा बसोबास गर्ने घरपरिवार (प्रतिशत)	२९.८	७५#	४३.९	५४*
फुसको छानामुनि बस्नेको घरपरिवार (प्रतिशत)	१९	२#	१२.५	३.९*
फुसको छानामुनि बस्ने शहरी घरपरिवार (प्रतिशत) को अंश	३.६	०.०	३.९	२.८*

स्रोतः राष्ट्रिय योजना आयोग, २०८२/*शहरी विकास मन्त्रालय, २०८२ # संशोधित लक्ष्य

१५.१८ लक्ष्य-१२ यस अन्तर्गत ऊर्जा खपतमा जीवाश्म इन्धनको उपभोग घटेको छ। साथै, कृषि उत्पादनमा खाद्यान्न बालीको हिस्सा र माटोमा रहेको जैविक पदार्थको मात्रामा समेत सुधार आएको छ।

तालिका १५(ढ): लक्ष्य १२ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

प्रमुख सूचक	आधार वर्ष (सन् २०१५)	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२४ सम्मको अवस्था
कुल ऊर्जा खपतमा जीवाश्म इन्धनको उपभोग (प्रतिशत)	१२.५	१५.०	१३.७	२७.१
प्रतिव्यक्ति काठ उपयोग (क्युबिक मिटर)	०.११	०.२५#	०.०८	०.५
कृषि उत्पादनको लागि प्रयोग गरिएको भूमि (उब्जाउ जमिनको प्रतिशत)	८०.०	७५.०	७७.७	७६.३
प्लास्टिकको रिसाइकल गर्ने उत्पादनशील उद्योग (कुल उद्योगको प्रतिशत)	२४.५	९०.०	५५.१	२५.०
गिलास तथा धातु उत्पादनको पुनःउपयोग गर्ने उत्पादनशील उद्योग (कुल उद्योगको प्रतिशत)	७.२	९०.०	४५.८	-

स्रोतः राष्ट्रिय योजना आयोग, २०८२ # संशोधित लक्ष्य

१५.१९ लक्ष्य-१३ अन्तर्गत जलवायु परिवर्तन र यसको असरलाई कम गर्ने उद्देश्य रहेको छ। विकास कार्यक्रममा जलवायु परिवर्तनको संवेदनशीलतालाई समेट्न जलवायु बजेट कोड लागू गरिएको छ।

तालिका १५(ण): लक्ष्य १३ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

प्रमुख सूचक	आधार वर्ष (सन् २०१५)	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२४ सम्मको अवस्था
स्थानीय अनुकूलन योजना तर्जुमा भएका स्थानीय तह (सङ्ख्या)	४	३००#	६०	२६३*
समुदायमा आधारित अनुकूलन योजना तर्जुमा (सङ्ख्या)	३१	७५०	३८१	२००
अनुकूलन योजना कार्यान्वयन (सङ्ख्या)	-	६०	३०	४२
जलवायु स्मार्ट भिलेज (सङ्ख्या)	-	१७०	७९	३६
जलवायु स्मार्ट कृषि (सङ्ख्या)	-	५००	२३३	६८
जलवायु परिवर्तन उत्तरदायी बजेट (कुल बजेटको प्रतिशत)	५.७	१०.०	७.७	६.१

स्रोतः राष्ट्रिय योजना आयोग, २०८२/*वन तथा वातावरण मन्त्रालय, २०८२ # संशोधित लक्ष्य

१५.२० लक्ष्य-१५ अन्तर्गत भू-पारिस्थितिक प्रणालीको संरक्षण, पुनर्स्थापना र दिगो व्यवस्थापन रहेको छ। यस अन्तर्गत वनले ढाकेको क्षेत्र, समुदायमा आधारित वन व्यवस्थापन र बाघको सङ्ख्यामा सन् २०३० बमोजिमको लक्ष्य हासिल भएको छ।

तालिका १५(त): लक्ष्य १५ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

प्रमुख सूचक	आधार वर्ष (सन् २०१५)	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२४ सम्मको अवस्था
वनले ढाकेको क्षेत्र (प्रतिशत)	४४.७	४५	४५	४६.०८*
सामुदायिक व्यवस्थापन अन्तर्गत रहेको वन (जम्मा वन क्षेत्रको प्रतिशत)	३९	४२	४०.४	४२.४९
संरक्षित क्षेत्र (जम्मा वन क्षेत्रको प्रतिशत)	२३.२	२३.३	२३.३	२३.३९
वन घनत्व (प्रति हेक्टर जमिनमा रहेका रूखको सङ्ख्या)	४३०	६४५	५३०	४३०
गैडाको सङ्ख्या	५३४	७८३	६५०	७५२
बाघको सङ्ख्या	१९८	२२५	२१०	३५५

स्रोतः राष्ट्रिय योजना आयोग, २०८२/* वन तथा वातावरण मन्त्रालय, २०८२

१५.२१ लक्ष्य-१६ अन्तर्गत विश्वभर शान्ति, न्याय प्रवर्द्धन र संस्थागत सुदृढीकरण गर्ने उद्देश्य रहेको छ। यस लक्ष्यअन्तर्गत बालबालिका बेचबिखन नियन्त्रण, बालबालकको जन्म दर्ता र राष्ट्रिय परिचयपत्र वितरणमा अपेक्षित उपलब्धी हासिल भएको छ। तथापि, समग्र उपलब्धी भने मिश्रित रहेको छ।

तालिका १५(थ): लक्ष्य १६ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

प्रमुख सूचक	आधार वर्ष (सन् २०१५)	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२४ सम्मको अवस्था
भ्रष्टाचार अनुभूति सूचकाङ्क (०-१००)	२९.०	-	-	३४.०
बालबालिका बेचबिखन (सङ्ख्या)	६४.०	०.०	३४.०	२३.०
१८ वर्ष भित्र यौन हिंसा भोग्ने महिलाको अंश (१५-२९ वर्ष उमेर समूह)	६.५	३.०	५.८	३.२
सार्वजनिक निकायमा पारदर्शिता, उत्तरदायित्व र भ्रष्टाचारको अवस्था (स्कोर ६.० मा)	३.०	५.०	४.०	३.०४
सुशासन सूचकाङ्क (-२.५देखि २.५ को स्केलमा)	-०.७८	२.०	१.०	-०.५३

स्रोतः राष्ट्रिय योजना आयोग, २०८२

१५.२२ लक्ष्य-१७ अन्तर्गत दिगो विकासको लागि विश्वव्यापी साझेदारीमा जोड दिने लक्ष्य रहेको छ। यस अन्तर्गत हासिल भएका उपलब्धी मिश्रित रहेका छन्। कुल जनसङ्ख्यामा इन्टरनेट पहुँच उल्लेख्यरूपमा विस्तार भएको छ। म्याक्रोइकोनोमिक ड्यासबोर्ड निर्माण भइ नियमितरूपमा अद्यावधिक हुँदै आएको छ।

तालिका १५(द): लक्ष्य १७ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

प्रमुख सूचक	आधार वर्ष (सन् २०१५)	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२४ सम्मको अवस्था	सन् २०२५ सम्मको अवस्था
राजस्व (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)	१९.१	२६.०#	२४.२	१८.५*	२०.८
वार्षिक बजेटमा राजस्वको हिस्सा	७६.०	८०.०	७७.९	५१.६*	५६.९
वार्षिक बजेटमा विकास सहायताको अंश	१५.१	१८.०	१६.४	१४.५	१४.७
प्रत्यक्ष वैदेशिक लगानी (कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)	४.८	२०.०	१०.८	५.२*	५.६
विप्रेषण आय (कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)	२९.१	३५.०	३१.८	२५.३	२८.२
सार्वजनिक ऋण (कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)	२६.५	३५.०	३०.५	४२.७*	४३.८

स्रोतः राष्ट्रिय योजना आयोग, २०८२/*अर्थ मन्त्रालय, २०८२ # संशोधित लक्ष्य

१५.२३ दिगो विकासको मध्यकालीन प्रगति अनुसार सन् २०२२ सम्ममा लक्ष्यको ४१.७ प्रतिशत उपलब्धी हासिल भएको छ। २३८ सूचकमध्ये ९८ सूचकले सन् २०२२ को लक्ष्य पार गरेका छन्।

दिगो विकास लक्ष्य प्राप्तिका लागि वित्तीय रणनीति

१५.२४ सन् २०२४ देखि सन् २०३० सम्मका लागि सबै लक्ष्य पूरा गर्न आवश्यक कुल लगानी रु.२११ खर्ब ६५ अर्ब रहेको छ, जुन वार्षिक औसत रु.३० खर्ब २३ अर्ब हुन्छ।

१५.२५ दिगो विकास लक्ष्यको लगानी आवश्यकता पुर्ति गर्नका लागि सार्वजनिक, निजी, सहकारी र घरपरिवार स्तरबाट क्रमशः ५७.५ प्रतिशत, ३४.३ प्रतिशत, ४.२ प्रतिशत र ४.० प्रतिशत लगानी परिचालन गर्नुपर्ने देखिन्छ।

१५.२६ दिगो विकास लक्ष्यको हासिल गर्न सन् २०२४ देखि २०३० सम्म वार्षिक औसत ७५५ अर्ब थप लगानी गर्नुपर्ने आवश्यकता छ।

समष्टिगत आर्थिक परिसूचकहरु

समष्टिगत आर्थिक परिसूचकहरु

परिसूचक	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३[१]
१. वास्तविक क्षेत्र (रु. अर्बमा)										
यथार्थ कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)	१८४६.५१	१९८२.६५	२१०९.२६	२०५८.१५	२१५०.५०	२२६३.९८	२३१५.७२	२३९३.९१	२४८४.९९	२५७६.३४
कृषि	५६९.३१	५८४.१७	६१४.२९	६२९.२३	६४७.१५	६६२.३७	६८२.४०	७२१.१३	७४२.८३	७५४.९३
उद्योग*	२७९.७०	३०८.६९	३३१.४७	३१८.१३	३४०.२३	३७६.६५	३८१.५०	३६४.७२	३७७.१२	३९८.८९
सेवा	९९७.५०	१०८९.८०	११६३.५१	१११०.७९	११६३.१२	१२२४.९६	१२५१.८१	१३०८.०६	१३६५.०४	१४२२.५३
यथार्थ कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा)	२०३८.३४	२१९३.७१	२३३९.७४	२२८४.३०	२३९४.८२	२५२९.६८	२५७९.८३	२६७४.७१	२७९३.२२	२९००.८०
कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा, प्रचलित मूल्यमा)	३०७७.१४	३४५५.९५	३८५८.९३	३८८८.७०	४३५२.५५	४९७६.५६	५३६७.००	५७६०.२३	६१९९.८७	६६००.१०
कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा)	३१०८.१४	३४७८.५६	३८९८.८५	३९३४.६६	४३७५.८४	५००५.४०	५४२९.८५	५८५४.३०	६२७८.३३	६६९६.५८
कुल राष्ट्रिय खर्चयोग्य आम्दानी (प्रचलित मूल्यमा)	३९५९.९४	४३४३.२४	४८९३.६३	४९१६.८८	५४४७.१९	६१२३.२७	६८००.१३	७४२५.५५	८१५२.६३	८९१४.०९
कुल उपभोग	२६७७.५९	२९४४.७६	३२६८.३८	३६६६.२९	४०७५.१७	४६४८.९२	४९७९.४३	५३७५.०७	५७७२.७१	५९५९.४१
कुल लगानी	११४८.५५	१३६६.७५	१५९६.७८	११८३.७३	१५३०.५१	१८७३.३७	१६७१.७८	१६४७.५०	१८२२.९९	२१०७.९०
कुल स्थिर पुँजी निर्माण	९४०.८५	११२०.८६	१३०४.९०	११८४.८६	१२७६.८६	१४४२.२१	१३१९.७६	१४११.८६	१४६१.४४	१७३३.२३
सरकारी	२४३.५४	२५३.२३	२२१.८८	२०६.८३	२७०.६८	२९५.८९	३९६.०९	४४७.८०	४९६.६०	३३०.५३
सार्वजनिक संस्थानहरू	१४१.६४	८९.१८	९९.६८	९३.०३	६१.१६	६६.८७	७९.९८	११३.९६	१२१.९७	१२९.५९
निजी	५५५.६७	७७८.४५	९८३.३५	८८५.००	९४५.०१	१०७९.४६	८४३.६९	८५०.११	८४२.८७	१२७३.१०
मौज्दात परिवर्तन	२०७.७०	२४५.८९	२९१.८७	-१.१३	२५३.६६	४३१.१६	३५२.०२	२३५.६४	३६१.५५	३७४.६७
कुल गार्हस्थ्य बचत	३९९.५६	५११.१९	५९०.५५	२२२.४१	२७७.३८	३२७.६४	३८७.५७	३८५.१६	४२७.१६	६४०.६९
कुल राष्ट्रिय बचत	१२८२.३६	१३९८.४८	१६२५.२५	१२५०.५८	१३७२.०२	१४७४.३६	१८२०.७०	२०५०.४७	२३७९.९२	२९५४.६८
नेपाली रुपैयाँ										
प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (स्थिर मूल्यमा) (रू.)	७३१०२	७७९५९	८२३९२	७९७०८	८२८०४	८६६७१	८७५७९	८९९६७	९३०९१	९५७८९

समष्टिगत आर्थिक परिसूचकहरु

परिसूचक	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३[१]
प्रति व्यक्ति कुल राष्ट्रिय आय (स्थिर मूल्यमा) (रू.)	७५६५७	८१३९९	८६६३९	८२४१८	८७५८५	९१२२७	८९७३६	९२३४४	९५३२८	९८३०१
प्रति व्यक्ति आय (अमेरिकी डलर)										
प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन	१०३९.०३	११७६.७०	१२०३.८४	११६६.६३	१२७६.८१	१४११.००	१३९३.५२	१४५६.३९	१५१६.०६	१५१३.१९
प्रति व्यक्ति कुल राष्ट्रिय आय	१०४९.४९	११८४.४०	१२१६.२९	११८०.४२	१२८३.६४	१४१९.१८	१४१०.०१	१४८०.१८	१५३५.२४	१५३५.३१
प्रति व्यक्ति कुल खर्चयोग्य राष्ट्रिय आय	१३३७.११	१४७८.८०	१५२६.६२	१४७५.०९	१५९७.९२	१७३६.१३	१७६५.६३	१८७७.४४	१९९३.५७	२०४३.७१
प्रतिशत परिवर्तन										
यथार्थ कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)	८.५९	७.३७	६.३९	-२.४२	४.४९	५.२८	२.२९	३.३८	३.८०	३.६८
कृषि	५.१७	२.६१	५.१६	२.४३	२.८५	२.३५	३.०२	५.६८	३.०१	१.६३
उद्योग	१७.१४	१०.३६	७.३८	-४.०२	६.९५	१०.७०	१.२९	-४.४०	३.४०	५.७७
सेवा	८.३८	९.२५	६.७६	-४.५३	४.७१	५.३२	२.१९	४.४९	४.३६	४.२१
यथार्थ कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा)	८.९८	७.६२	६.६६	-२.३७	४.८४	५.६३	१.९८	३.६८	४.४३	३.८५
प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा)	१७.९८	१२.३१	११.६६	०.७७	११.९३	१४.३४	७.८५	७.३३	७.६३	६.४६
कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा)	१७.६४	११.९२	१२.०८	०.९२	११.२१	१४.३९	८.४८	७.८२	७.२४	६.६६
कुल राष्ट्रिय खर्चयोग्य आम्दानी (प्रचलित मूल्यमा)	१५.७८	९.६८	१२.६७	०.४८	१०.७९	१२.४१	११.०५	९.२०	९.७९	९.३४
प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (स्थिर मूल्यमा) रु.	७.९९	६.६४	५.६९	-३.२६	३.८८	४.६७	१.०५	२.७३	३.४७	२.९०
प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) अमेरिकी डलर	१७.०६	१३.२५	२.३१	-३.०९	९.४४	१०.५१	-१.२४	४.५१	४.१०	-०.१९
कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात										
कुल उपभोग	८७.०२	८५.२१	८४.७०	९४.२८	९३.६३	९३.४२	९२.७८	९३.३१	९३.११	९०.२९
कुल गार्हस्थ्य बचत	१२.९८	१४.७९	१५.३०	५.७२	६.३७	६.५८	७.२२	६.६९	६.८९	९.७१
कुल राष्ट्रिय बचत	४१.६७	४०.४७	४२.१२	३२.१६	३१.५२	२९.६३	३३.९२	३५.६०	३८.३९	४४.७७
कुल स्थिर पुँजी लगानी	३०.५८	३२.४३	३३.८२	३०.४७	२९.३४	२८.९८	२४.५९	२४.५१	२३.५७	२६.२६

समष्टिगत आर्थिक परिसूचकहरु

परिसूचक	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३[१]
कुल स्थिर पुँजीमा सरकारी लगानी	७.९१	७.३३	५.७५	५.३२	६.२२	५.९५	७.३८	७.७७	८.०१	५.०१
कुल स्थिर पुँजीमा सार्वजनिक संस्थानको लगानी	४.६०	२.५८	२.५८	२.३९	१.४१	१.३४	१.४९	१.९८	१.९७	१.९६
कुल स्थिर पुँजीमा निजी लगानी	१८.०६	२२.५२	२५.४८	२२.७६	२१.७१	२१.६९	१५.७२	१४.७६	१३.६०	१९.२९
मौज्दात परिवर्तन	६.७५	७.११	७.५६	-०.०३	५.८३	८.६६	६.५६	४.०९	५.८३	५.६८
कुल लगानी	३७.३३	३९.५५	४१.३८	३०.४४	३५.१६	३७.६४	३१.१५	२८.६०	२९.४०	३१.९४
जनसङ्ख्या										
कुल जनसङ्ख्या (दश लाखमा)	२७.८८	२८.१४	२८.४०	२८.६६	२८.९२	२९.१९	२९.४६	२९.७३	३०.०१	३०.२८
मूल्य स्थिति, वार्षिक प्रतिशत परिवर्तन										
उपभोक्ता मुद्रास्फीति दर	४.४५	४.१५	४.६४	६.१५	३.६०	६.३२	७.७४	५.४४	४.०६	२.१३#
थोक मुद्रास्फीति दर	२.६१	१.७३	६.२०	६.९०	७.६०	९.५१	८.४७	३.९२	३.८४	३.६०#
तलब तथा ज्यालादर मुद्रास्फीति दर	१४.४४	६.२०	९.३०	९.५०	१.६०	६.६५	९.९०	५.०९	२.८५	५.३०#
तलब	१८.२७	९.६०	६.६०	१३.५०	०.१०	९.४४	१२.३९	१.१०	-	-
ज्यालादर	१३.४५	५.३०	१०.००	८.४०	२.००	५.८७	९.१७	६.९०	-	-
२. सार्वजनिक वित्त (रु. अर्बमा)										
राजस्व	६०९.१८	७२६.७२	८२९.८०	७९३.७५	९३५.८९	१०६६.३५	९५७.३५	१०५८.९०	११७९.८२	
कर राजस्व	५५३.८७	६५९.४९	७३८.७७	७००.०६	८७०.११	९८४.३३	८६५.६३	९४४.५७	१०४९.९२	
गैरकर राजस्व	५५.३१	६७.२३	९१.०३	९३.६९	६५.७८	८२.०१	९१.७२	११४.३३	१२९.९०	
संघीय राजस्व			७३३.३७	७०५.५०	८२४.९५	९३८.२८	८३४.०६	९२९.०५	१०३२.३९	
कर राजस्व			६४३.३८	६१३.३९	७६१.०६	८५९.१३	७४८.४२	८२०.७०	९१०.७३	
गैरकर राजस्व			८९.९९	९२.११	६३.८९	७९.१५	८५.६४	१०८.३५	१२१.६७	
कुल सरकारी खर्च	८३७.२५	१०८७.२८	१११०.४६	१०९१.१३	११९६.६८	१३१०.००	१४२१.३३	१३९३.४०	१५१३.२५	
चालु खर्च	५१८.६२	६९६.९२	७१६.४२	७८४.१५	८४६.२२	९५४.३२	९९१.५१	९२९.१३	९५६.५९	
पुजीगत खर्च	२०८.७५	२७०.७१	२४१.५६	१८९.०८	२२८.८४	२१६.२१	२३४.६२	१९२.०३	२२३.९८	
वित्तीय व्यवस्था	१०९.८८	११९.६५	१५२.४८	११७.९०	१२१.६२	१३९.४७	१९५.२०	२७२.२५	३३२.६८	

समष्टिगत आर्थिक परिसूचकहरु

परिसूचक	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३[१]
सावाँ भुक्तानी खर्च	६१.२६	५५.६७	५४.३५	५७.५४	६०.१७	७६.७५	१४९.७१	२२३.२८	२९१.२०	
ऋण सेवा (सावाँ र व्याज भुक्तानी)	७१.२९	७१.९२	७५.०७	८३.६०	९५.०१	१२१.९८	२२२.६१	३०५.३८	३६१.६५	
तिर्न बाँकी सार्वजनिक ऋण	६९७.६९	९१७.३२	१०४८.१६	१४३३.४०	१७३७.६४	२०१३.३०	२३०१.५९	२४३८.५०	२६७४.०५	
तिर्न बाँकी आन्तरिक ऋण	२८३.७१	३९१.१६	४५३.२३	६१३.७४	८०२.९४	९८७.४५	११२९.१०	११८०.९०	१२६८.२२	
तिर्न बाँकी वैदेशिक ऋण	४१३.९८	५२६.१५	५९४.९३	८१९.६७	९३४.७०	१०२५.८५	११७२.४९	१२५७.६०	१४०५.८२	
प्रतिव्यक्ति कुल तिर्न बाँकी ऋण	२५०२१.६५	३२५९८.९८	३६९०९.९०	५००१६.८३	६००८१.१७	६८९७९.२४	७८१३३.२६	८२०२१.५२	८९११९.००	
प्रतिशत परिवर्तन										
राजस्व	२६.४०	१९.२९	१४.१९	-४.३५	१७.९१	१३.९४	-१०.२२	१०.६१	११.४२	
कर राजस्व	३१.५३	१९.०७	१२.०२	-५.२४	२४.२९	१३.१३	-१२.०६	९.१२	११.१५	
गैरकर राजस्व	-९.१२	२१.५४	३५.४१	२.९२	-२९.७९	२४.६८	११.८३	२४.६५	१३.६२	
संघीय राजस्व				-३.८०	१६.९३	१३.७४	-११.११	११.३९	११.१२	
कर राजस्व				-४.६६	२४.०७	१२.८९	-१२.८९	९.६६	१०.९७	
गैरकर राजस्व				२.३५	-३०.६४	२३.८९	८.१९	२६.५२	१२.२९	
कुल सरकारी खर्च	३९.५०	२९.८६	२.१३	-१.७४	९.६७	९.४७	८.५०	-१.९६	८.६०	
चालु खर्च	३९.६८	३४.३८	२.८०	९.४५	७.९२	१२.७७	३.९०	-६.२९	२.९६	
पुँजीगत खर्च	६९.३७	२९.६८	-१०.७७	-२१.७२	२१.०२	-५.५२	८.५२	-१८.१६	१६.६४	
वित्तीय व्यवस्था	४.०१	८.८९	२७.४४	-२२.६८	३.१६	१४.६८	३९.९५	३९.४७	२२.२०	
सावाँ भुक्तानी खर्च	-१०.०८	-९.१३	-२.३७	५.८६	४.५७	२७.५६	९५.०६	४९.१४	३०.४२	
ऋण सेवा (सावाँ र व्याज भुक्तानी)	-७.१८	०.८९	४.३७	११.३६	१३.६५	२८.३८	८२.४९	३७.१८	१८.४३	
तिर्न बाँकी सार्वजनिक ऋण	११.१३	३१.४८	१४.२६	३६.७५	२१.२२	१५.८६	१४.३२	५.९५	९.६६	
तिर्न बाँकी आन्तरिक ऋण	१८.६९	३७.८७	१५.८७	३५.४१	३०.८३	२२.९८	१४.३५	४.५९	७.३९	
तिर्न बाँकी वैदेशिक ऋण	६.४९	२७.१०	१३.०७	३७.७८	१४.०३	९.७५	१४.२९	७.२६	११.७९	
प्रतिव्यक्ति कुल तिर्न बाँकी ऋण	१०.१२	३०.२८	१३.२२	३५.५१	२०.१२	१४.८१	१३.२७	४.९८	८.६५	
कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात										
राजस्व	१९.८०	२१.०३	२१.५०	२०.४१	२१.५०	२१.४३	१७.८४	१८.३८	१९.०३	
कर राजस्व	१८.००	१९.०८	१९.१४	१८.००	१९.९९	१९.७८	१६.१३	१६.४०	१६.९३	
गैरकर राजस्व	१.८०	१.९५	२.३६	२.४१	१.५१	१.६५	१.७१	१.९८	२.१०	
संघीय राजस्व	०.००	०.००	१९.००	१८.१४	१८.९५	१८.८५	१५.५४	१६.१३	१६.६५	

समष्टिगत आर्थिक परिसूचकहरु

परिसूचक	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३[१]
कर राजस्व	०.००	०.००	१६.६७	१५.७७	१७.४९	१७.२६	१३.९४	१४.२५	१४.६९	
गैरकर राजस्व	०.००	०.००	२.३३	२.३७	१.४७	१.५९	१.६०	१.८८	१.९६	
कुल सरकारी खर्च	२७.२१	३१.४६	२८.७८	२८.०६	२७.४९	२६.३२	२६.४८	२४.१९	२४.४१	
चालु खर्च	१६.८५	२०.१७	१८.५७	२०.१६	१९.४४	१९.१८	१८.४७	१६.१३	१५.४३	
पुँजीगत खर्च	६.७८	७.८३	६.२६	४.८६	५.२६	४.३४	४.३७	३.३३	३.६१	
वित्तीय व्यवस्था	३.५७	३.४६	३.९५	३.०३	२.७९	२.८०	३.६४	४.७३	५.३७	
सावाँ भुक्तानी खर्च	१.९९	१.६१	१.४१	१.४८	१.३८	१.५४	२.७९	३.८८	४.७०	
ऋण सेवा (सावाँ र व्याज भुक्तानी)	२.३२	२.०८	१.९५	२.१५	२.१८	२.४५	४.१५	५.३०	५.८३	
तिर्न बाँकी सार्वजनिक ऋण	२२.६७	२६.५४	२७.१६	३६.८६	३९.९२	४०.४६	४२.८८	४२.३३	४३.१३	
तिर्न बाँकी आन्तरिक ऋण	९.२२	११.३२	११.७४	१५.७८	१८.४५	१९.८४	२१.०४	२०.५०	२०.४६	
तिर्न बाँकी वैदेशिक ऋण	१३.४५	१५.२२	१५.४२	२१.०८	२१.४७	२०.६१	२१.८५	२१.८३	२२.६८	
अन्यसँगको अनुपात										
तिर्न बाँकी वैदेशिक ऋण/ राजस्व	६७.९६	७२.४०	७१.६९	१०३.२७	९९.८७	९६.२०	१२२.४७	११८.७६	११९.१६	
ऋण सेवा /चालु खर्च	१३.७५	१०.३२	१०.४८	१०.६६	११.२३	१२.७८	२२.४५	३२.८७	३७.८१	
तिर्न बाँकी वैदेशिक ऋण/विदेशी विनिमय सञ्चिति	३८.३५	४७.७२	५७.२६	५८.४७	६६.८१	८४.३८	७६.१७	६१.६१	५२.५०	
३. मुद्रा तथा बैंकिङ (रु. अर्बमा)										
आन्तरिक कर्जा	२१७७.७९	२७५५.८९	३३३८.५१	३८९७.२७	४९५५.४८	५६७४.९५	६१८२.६६	६५५८.०४	६९६३.११	८२४७.७७
निजी क्षेत्रतर्फको कर्जा	१९९७.१५	२४४२.७८	२९१०.२८	३२७६.८९	४१३९.५६	४६८९.००	४९०३.३५	५२०२.४९	५६२४.६९	६१८५.९४
सरकार तर्फको खुद कर्जा	१४९.४९	२७२.६३	३७५.५५	४६१.०४	५८८.८७	७४७.१७	१०१९.०७	१०५७.४५	१०२१.४१	१२३०.२२
संकुचित मुद्रा प्रदाय (एम१)	५६९.४०	६६९.३९	७२६.६४	८५६.२६	१०५१.६७	९५३.८५	९६५.१६	९४८.८१	११५७.१९	१३६३.६४
मुद्रा (चलन चल्तिको)	३६१.७५	४१५.९९	४२३.२०	४९०.४०	५७१.९७	५०५.९०	५२८.७०	५८१.७३	६५५.२५	७४५.३६
विस्तृत मुद्रा प्रदाय (एम२)	२५९१.७०	३०९४.४७	३५८२.१४	४२३०.९७	५१९०.९३	५५४४.३७	६१७९.०६	६९७४.०६	७८४५.६१	८८६५.५३
कुल निक्षेप	२२९९.८१	२७४२.१०	३२३५.०७	३८३९.७३	४६६२.७०	५०८२.७७	५७१०.०२	६४५२.३९	७२६३.८७	८२०८.१०
प्रतिशत परिवर्तन										
आन्तरिक कर्जा	२०.६१	२६.५५	२१.१४	१६.७४	२७.१५	१४.५२	८.९५	६.०७	६.१८	१८.४५
निजी क्षेत्रतर्फको कर्जा	१८.०२	२२.३१	१९.१४	१२.६०	२६.३३	१३.२७	४.५७	६.१०	८.१२	९.९८
सरकार तर्फको खुद कर्जा	७०.३४	८२.३७	३७.७५	२२.७७	२७.७२	२६.८८	३६.३९	३.७७	-३.४१	२०.४४

समष्टिगत आर्थिक परिसूचकहरु

परिसूचक	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३[१]
सङ्कुचित मुद्रा प्रदाय (एम१)	१३.१४	१७.५६	८.५५	१७.८४	२२.८२	-९.३०	१.१९	-१.६९	२१.९६	१७.८४
मुद्रा (चलन चल्तिको)	१०.४६	१४.९९	१.७४	१५.८८	१६.६३	-११.५५	४.५१	१०.०३	१२.६४	१३.७५
विस्तृत मुद्रा प्रदाय (एम२)	१५.४६	१९.४०	१५.७६	१८.११	२२.६९	६.८१	११.४५	१२.८७	१२.५०	१३.००
कुल निक्षेप	१४.०३	१९.२३	१७.९८	१८.६९	२१.४३	९.०१	१२.३४	१३.००	१२.५८	१३.००
कुल गार्हस्थ उत्पादनसँगको अनुपात										
आन्तरिक कर्जा	७०.७७	७९.७४	८६.५१	१००.२२	११३.८५	११४.०३	११५.२०	११३.८५	११२.३१	१२४.९६
निजी क्षेत्रतर्फको कर्जा	६४.९०	७०.६८	७५.४२	८४.२७	९५.११	९४.२२	९१.३६	९०.३२	९०.७२	९३.७२
सरकारतर्फको खुद कर्जा	४.८६	७.८९	९.७३	११.८६	१३.५३	१५.०१	१८.९९	१८.३६	१६.४७	१८.६४
सङ्कुचित मुद्रा प्रदाय (एम१)	१८.५०	१९.३७	१८.८३	२२.०२	२४.१६	१९.१७	१७.९८	१६.४७	१८.६६	२०.६६
मुद्रा (चलन चल्तिको)	११.७६	१२.०४	१०.९७	१२.६१	१३.१४	१०.१७	९.८५	१०.१०	१०.५७	११.२९
विस्तृत मुद्रा प्रदाय (एम२)	८४.२२	८९.५४	९२.८३	१०८.८०	११९.२६	१११.४१	११५.१३	१२१.०७	१२६.५४	१३४.३२
कुल निक्षेप	७४.७४	७९.३४	८३.८३	९८.७४	१०७.१३	१०२.१३	१०६.३९	११२.०२	११७.१६	१२४.३६
४. बाह्य क्षेत्र (रु. अर्बमा)										
निर्यात (वस्तु)	७३.०५	८१.३६	९७.११	९७.७१	१४१.१२	२००.०३	१५७.१४	१५२.३८	२७७.०३	३२४.१०
आयात (वस्तु)	९९०.११	१२४५.१०	१४१८.५४	११९६.८०	१५३९.८४	१९२०.४५	१६११.७३	१५९२.९९	१८०४.१२	२०८३.८०
व्यापार घाटा	-९१७.०६	-११६३.७४	-१३२१.४३	-१०९९.०९	-१३९८.७१	-१७२०.४२	-१४५४.५९	-१४४०.६०	-१५२७.०९	-१७५९.६०
पर्यटन आय	५८.५३	६८.५२	७५.१४	६०.८९	७.२७	३२.४५	६२.३०	८२.३३	८८.६६	९८.००
विप्रेषण आय	६९५.४५	७५५.०६	८७९.३७	८७५.०३	९६१.०५	१००७.३१	१२४०.६९	१४४५.३२	१७२३.२७	२०८५.२०
चालु खाता वचत (+)/(-) घाटा	-१०.१३	-२४६.८२	-२६६.९७	-३३.७६	-३३३.६७	-६२३.३८	-४५.९२	२२१.७१	४०९.२०	५४४.१०
शोधनान्तर वचत (+)/(-) घाटा	८२.११	०.९६	-६७.४०	२८२.४१	१.२३	-२५२.३६	२८५.८२	५०२.४९	५९४.५४	७५०.७०
विदेशी विनिमय सञ्चिति	१०७९.४३	११०२.५९	१०३८.९२	१४०१.८४	१३९९.०३	१२१५.८०	१५३९.३६	२०४१.१०	२६७७.६८	३४१३.८०
प्रतिशत परिवर्तन										
निर्यात (वस्तु)	४.१८	११.३८	१९.३६	०.६२	४४.४३	४१.७४	-२१.४४	-३.०३	८१.८०	१६.९९
आयात (वस्तु)	२७.९९	२५.७५	१३.९३	-१५.६३	२८.६६	२४.७२	-१६.०८	-१.१६	१३.२५	१५.५०
व्यापार घाटा	३०.३६	२६.९०	१३.५५	-१६.८३	२७.२६	२३.००	-१५.४५	-०.९६	६.००	१५.२३
पर्यटन (भ्रमण) आय	४०.१३	१७.०८	९.६६	-१८.९७	-८८.०७	३४६.५५	९२.०१	३२.१४	७.६९	१०.५३
विप्रेषण आय	४.५७	८.५७	१६.४६	-०.४९	९.८३	४.८१	२३.१७	१६.४९	१९.२३	२१.००
विदेशी विनिमय संचिति	३.८७	२.१४	-५.७७	३४.९३	-०.२०	-१३.१०	२६.६१	३२.५९	३१.१९	२७.४९

समष्टिगत आर्थिक परिसूचकहरु

परिसूचक	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३[१]
कुल गार्हस्थ उत्पादनसँगको अनुपात										
निर्यात	२.३७	२.३५	२.५२	२.५१	३.२४	४.०२	२.९३	२.६५	४.४७	४.९१
आयात	३२.१८	३६.०३	३६.७६	३०.७८	३५.३८	३८.५९	३०.०३	२७.६५	२९.१०	३१.५७
व्यापार घाटा	-२९.८०	-३३.६७	-३४.२४	-२८.२६	-३२.१४	-३४.५७	-२७.१०	-२५.०१	-२४.६३	-२६.६६
पर्यटन आय	१.९०	१.९८	१.९५	१.५७	०.१७	०.६५	१.१६	१.४३	१.४३	१.४८
विप्रेषण आय	२२.६०	२१.८५	२२.७९	२२.५०	२२.०८	२०.२४	२३.१२	२५.०९	२७.८०	३१.५९
चालु खाता वचत (+)/(-) घाटा	-०.३३	-७.१४	-६.९२	-०.८७	-७.६७	-१२.५३	-०.८६	३.८५	६.६०	८.२४
शोधनान्तर वचत (+)/(-) घाटा	२.६७	०.०३	-१.७५	७.२६	०.०३	-५.०७	५.३३	८.७२	९.५९	११.३७
विदेशी विनिमय सञ्चिति	३५.०८	३१.९०	२६.९२	३६.०५	३२.१४	२४.४३	२८.६८	३५.४३	४३.१९	५१.७२
विदेशी विनिमय सञ्चितिले आयात धान्ने क्षमता										
वस्तु आयात (महिना)	१३.२५	१०.७६	८.९१	१४.३९	११.२०	७.७९	११.६७	१५.६०	१८.२४	२०.१०
वस्तु तथा सेवा आयात (महिना)	११.४३	९.४२	७.७९	१२.६८	१०.१७	६.९४	९.९६	१३.०४	१५.३७	१६.८०
निर्यात-आयात अनुपात	७.३८	६.५३	६.८५	८.१६	९.१६	१०.४२	९.७५	९.५७	१५.३६	१५.६०
विदेशी विनिमय दर [१]										
प्रति अमेरिकी डलर रु.	१०६.२१	१०४.३७	११२.८८	११६.३१	११७.८७	१२०.८४	१३०.७५	१३३.०३	१३६.२९	१४४.०

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय/राष्ट्रिय तथ्याङ्क कार्यालय/नेपाल राष्ट्र बैंक, २०८२।

[१] वार्षिक प्रारम्भिक अनुमान

#आर्थिक वर्ष २०८२/८३ को अनुमान

*खानी तथा उत्खनन् समेत

द्रष्टव्यः क) आर्थिक वर्ष २०७६/७७ देखि IMF को GFS २०१४ को वर्गीकरणमा आधारित ।

ख) कुल गार्हस्थ्य उत्पादनसँगको अनुपातमा हिसाब गर्दा उपभोक्ताको प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादनसँग गरिएको छ ।

अनुसूचीहरू

अनुसूची नं.	विषय	पृष्ठ
१. समग्र आर्थिक स्थिति		**१-१२**
१.१	कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर (औद्योगिक वर्गीकरणअनुसार)-स्थिर मूल्यमा	१
१.२	कुल उत्पादन (औद्योगिक वर्गीकरणअनुसार)-प्रचलित मूल्यमा	२
१.३	मध्यवर्ती उपभोग (औद्योगिक वर्गीकरणअनुसार)-प्रचलित मूल्यमा	३
१.४	कुल मूल्य अभिवृद्धि (औद्योगिक वर्गीकरणअनुसार)-प्रचलित मूल्यमा	४
१.५	कुल मूल्य अभिवृद्धि (औद्योगिक वर्गीकरणअनुसार)-स्थिर मूल्यमा	५
१.६	कुल गार्हस्थ्य उत्पादन (व्यय विधिअनुसार)-प्रचलित मूल्यमा	६
१.७	कुल गार्हस्थ्य उत्पादन (व्यय विधिअनुसार)-स्थिर मूल्यमा	७
१.८	कुल राष्ट्रिय खर्चयोग्य आम्दानी र बचत- प्रचलित मूल्यमा	८
१.९	समष्टिगत आर्थिक परिसूचकहरू	९
१.१०	कुल गार्हस्थ्य उत्पादन वृद्विदर तथा मूल्य सूचकाङ्क (वृहत् औद्योगिक वर्गीकरणअनुसार)	१०
१.११	कुल गार्हस्थ्य उत्पादन मूल्य सूचकाङ्क (इम्प्लिसिट्)	११
१.१२	कुल गार्हस्थ्य उत्पादनको संरचना (औद्योगिक वर्गीकरणअनुसार)-प्रचलित मूल्यमा	१२
२. सार्वजनिक वित्त		**१३-४६**
२.१	संघ, प्रदेश र स्थानीय तहको वित्तीय विवरण	१३-१४
२.२	सरकारी खर्च र साधनको स्रोत	१५
२.३	तीन तहका सरकारको शीर्षकगत चालु खर्चको विवरण	१६
२.४	तीन तहका सरकारको राजस्व र आय विवरण	१७
२.५	बाँडफाँट हुने राजस्वको विवरण	१८
२.६	तीन तहका सरकारबीच भएको वित्तीय हस्तान्तरणको विवरण	१९
२.७	संघ, प्रदेश र स्थानीय तहको एकीकृत खर्च विवरण	२०

२.८	तीन तहका सरकारको खर्चको कार्यात्मक विवरण	२१
२.९	वित्त परिसूचकहरु	२३
२.१०	बजेट र राजस्व सन्तुलन	२४
२.११	संघीय सरकारको सञ्चित कोषको अवस्था	२५
२.१२	सार्वजनिक वित्तका चरहरू	२६
२.१३	कर राजस्व	२७
२.१४	संघीय सञ्चित कोषमा दाखिला भएको कर राजस्व (बाँडफाँट नहुने कर राजस्व)	२८
२.१५	संघ, प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने कर राजस्वको विवरण	२९
२.१६	गैह्रकर राजस्व	३०
२.१७	चालु खर्चको सेवा तथा कार्यगत विवरण	३१-३२
२.१८	पुँजीगत खर्चको सेवा तथा कार्यगत विवरण	३३-३४
२.१९	ऋणको साँवा भुक्तानी, संस्थानहरूमा ऋण तथा शेयर लगानी	३५
२.२०	स्वीकृत वैदेशिक सहायता रकम (स्रोतअनुसार)	३६
२.२१	वैदेशिक सहायता उपयोग (स्रोतअनुसार)	३६
२.२२	वैदेशिक अनुदानको सेवा तथा कार्यगत उपयोग विवरण	३७-३८
२.२३	वैदेशिक ऋणको उपयोग विवरण	३९-४०
२.२४	खुद वैदेशिक ऋण	४१
२.२५	तिर्न बाँकी आन्तरिक ऋण र खुद आन्तरिक ऋण निष्काशन	४२
२.२६	सरकारी ऋणपत्रहरू र ट्रेजरी विलहरूको स्वामित्वको विवरण	४३-४४
२.२७	वैदेशिक सहायताको लक्ष्य, उपयोग, प्राप्ति र प्रतिबद्धता	४५
२.२८	संघ, प्रदेश र स्थानीय तहको बजेट	४६
३. मूद्रास्फीति		४७-६७
३.१	राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क	४७
३.२	वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीतिदर	४८

३.३	समूहगत उपभोग्य वस्तुहरूको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क, वार्षिक (औसत)	४९
३.४	वार्षिक विन्दुगत राष्ट्रिय उपभोक्ता मुद्रास्फीतिदर	५०
३.५	समूहगत उपभोग्य वस्तुहको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क (प्रथम आठ महिना)	५१
३.६	समूहगत उपभोग्य वस्तुको उपभोक्ता मूल्य सूचकाङ्क (ग्रामीण)	५२
३.७	समूहगत उपभोग्य वस्तुको उपभोक्ता मूल्य सूचकाङ्क (शहरी)	५३
३.८	उपभोक्ता मूल्य सूचकाङ्क (प्रादेशिक)	५४
३.९	उपभोक्ता मूल्य सूचकाङ्क (भौगोलिक), (वार्षिक औसत)	५५
३.१०	वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति दर (भौगोलिक)	५६
३.११	राष्ट्रिय थोक मूल्य सूचकाङ्क (वार्षिक)	५७
३.१२	राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत परिवर्तन	५८
३.१३	राष्ट्रिय थोक मूल्य सूचकाङ्क (प्रथम आठ महिना)	५९
३.१४	राष्ट्रिय थोक मूल्य सूचकाङ्क (वार्षिक औसत)	६०
३.१५	राष्ट्रिय तलब तथा ज्याला सूचकाङ्क	६१
३.१६	राष्ट्रिय तलब तथा ज्याला सूचकाङ्क (वार्षिक औसत)	६२
३.१७	राष्ट्रिय तलब तथा ज्याला सूचकाङ्कको वार्षिक विन्दुगत	६३
३.१८	राष्ट्रिय तलब तथा ज्याला सूचकाङ्क (वार्षिक औसत)	६४
३.१९	राष्ट्रिय तलब तथा ज्याला सूचकाङ्कको वार्षिक विन्दुगत	६५
३.२०	राष्ट्रिय तलब तथा ज्याला सूचकाङ्क (वार्षिक औसत)	६६
३.२१	राष्ट्रिय तलब तथा ज्याला सूचकाङ्क (वार्षिक विन्दुगत	६७
४. वित्तीय क्षेत्र		६८-८७
४.१	मौद्रिक सर्वेक्षण	६८
४.२	मुद्रा प्रदायमा प्रभाव पार्ने कारकहरू (वार्षिक परिवर्तन, रकममा)	६९
४.३	मुद्रा प्रदायमा प्रभाव पार्ने कारकहरू (वार्षिक परिवर्तन प्रतिशतमा)	७०

४.४	मौद्रिक व्यवस्थापन	७१
४.५	ब्याजदर संरचना	७२
४.६	निक्षेप परिचालन तथा कर्जा प्रवाह	७३
४.७	क्षेत्रगत आधारमा कर्जा प्रवाहको अवस्था	७४
४.८	बैंक तथा वित्तीय संस्थाहरूको संख्या	७५
४.९	वित्तीय पहुँचका परिसूचकहरू	७६
४.१०	बैंक तथा वित्तीय संस्थाको साधनको स्रोत र उपयोग	७७
४.११	वाणिज्य बैंकको साधनको स्रोत र उपयोग	७८
४.१२	वाणिज्य बैंकबाट लगानीमा रहेको कर्जाको क्षेत्रगत विवरण	७९
४.१३	विकास बैंकको साधनको स्रोत र उपयोगको विवरण	८०
४.१४	वित्त कम्पनीको साधनको श्रोत र उपयोगको विवरण	८१
४.१५	लघुवित्त वित्तीय संस्थाको साधनको स्रोत र उपयोग	८२
४.१६	सहकारी संस्थाको आधारभूत स्थिति	८३
४.१७	प्राथमिक बजार	८४
४.१८	दोस्रो बजार	८५
४.१९	वित्तीय क्षेत्र सर्वेक्षण	८६
४.२०	अन्य वित्तीय क्षेत्र सर्वेक्षण	८७
५. बाह्य क्षेत्र		८८-१०२
५.१	वैदेशिक व्यापारको स्थिति	८८
५.२	वस्तुगत व्यापार (एस.आइ.टी.सी. समूह)	८९
५.३	भारत निर्यात भएका केही प्रमुख वस्तु	९०-९१
५.४	चीनतर्फ निर्यात भएका केही प्रमुख वस्तु	९२
५.५	भारत र चीन बाहेकका अन्य मुलुकतर्फ निर्यात भएका केही प्रमुख वस्तु	९३
५.६	भारतबाट आयात भएका केही प्रमुख वस्तु	९४

५.७	चीनबाट आयात भएका केही प्रमुख वस्तु	९५
५.८	भारत र चीन बाहेकका अन्य मुलुकबाट आयात भएका केही प्रमुख वस्तु	९६
५.९	परिवर्त्य विदेशी विनिमयको आय व्यय	९७
५.१०	बैंकसँग रहेको कुल वैदेशिक सम्पत्ति	९८
५.११	शोधनान्तर स्थिति (BPM६) अनुसार	९९-१०२
६. गरिबी निवारण, रोजगारी र सामाजिक सुरक्षा		१०३-१०९
६.१	वैदेशिक रोजगारीको लागि नयाँ श्रम स्वीकृति लिने कामदारको सङ्ख्या	१०३
६.२	श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका कामदारको विवरण (देशगत)	१०४
६.३	इपिएस मार्फत दक्षिण कोरियामा रोजगारीका लागि गएका कामदारको विवरण	१०५
६.४	गैर नेपाली नागरिकको नयाँ श्रम स्वीकृती र नवीकरणको विवरण	१०६-१०८
६.५	नेपाल आगमन/प्रस्थान भएका नेपाली तथा विदेशी नागरिकको विवरण	१०९
७. कृषि, भूमिसुधार र वन		११०-१२७
७.१	प्रमुख खाद्यान्न बाली लगाएको क्षेत्रफल, उत्पादन र उत्पादकत्व	११०
७.२	प्रमुख नगदे बाली लगाएको क्षेत्रफल, उत्पादन र उत्पादकत्व	१११
७.३	अन्य बाली उत्पादन स्थिति	११२
७.४	पशुजन्य उत्पादन स्थिति	११२
७.५	रासायनिक मलको बिक्री वितरण	११३
७.६	थप सिँचाइ बिस्तार	११३
७.७	दलहन बालीको उत्पादन विवरण	११४
७.८	औद्योगिक बालीको उत्पादन विवरण	११५
७.९	मसला बालीको उत्पादन विवरण	११६
७.१०	पशुपन्छीको विवरण	११७
७.११	पशुपन्क्षीजन्य उत्पादनको स्थिति	११८

७.१२	कृषि उत्पादनसँग सम्बन्धित साधनहरूको आपूर्ति स्थिति	११९
७.१३	प्राकृतिक प्रकोपबाट प्रभावित बालीहरूको क्षेत्रफल	११९
७.१४	बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कृषि कर्जाको स्थिति	१२०
७.१५	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको सदस्य तथा ऋण लगानी	१२१
७.१६	पशुपालन र तरकारी खेती तथा ग्रामिण उद्यम कर्जाको स्थिति	१२२
७.१७	विभिन्न प्रकारका बीउ उत्पादन (खाद्यान्न, दलहन र तेलहन)	१२३
७.१८	वन पैदावार सङ्कलन स्थिति	१२४
७.१९	संरक्षित क्षेत्रमा भ्रमण गर्ने पर्यटक सङ्ख्या र राजस्व आम्दानीको स्थिति	१२५
७.२०	प्रमुख कृषि बालीको तीन वर्षको उत्पादन स्थिति	१२६
७.२१	विगत ६ बर्षको मत्स्य बीज उत्पादन	१२७
८. उद्योग, वाणिज्य, आपूर्ति, पर्यटन र संस्कृति		१२८-१४९
८.१	विगतका वर्षमा स्वीकृति प्राप्त उद्योगको विवरण	१२८-१२९
८.२	कुल विदेशी लगानी	१३०-१३१
८.३	औद्योगिक बौद्धिक सम्पति विवरण	१३२
८.४	स्टार्टअप कार्यक्रमको उपलब्धि	१३३
८.५	कम्पनी दर्ताको विवरण	१३४
८.६	औद्योगिक क्षेत्रको विवरण	१३५
८.७	विगत दश आर्थिक वर्षको आयात तथा बिक्री परिमाण	१३६
८.८	नापतौल तथा गुणस्तरसम्बन्धी विवरण	१३७
८.९	पर्यटक आगमन र बसाइ अवधि	१३८
८.१०	प्रमुख मुलुकगत पर्यटक आगमन सङ्ख्या	१३९
८.११	प्रदेशगत तारे होटलको सङ्ख्या	१४०
८.१२	पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्रा	१४१
८.१३	होटल र होटल शैय्या सङ्ख्या	१४२

८.१४	पर्वतारोहण दल र सङ्ख्या	१४३
८.१५	भ्रमणको उद्देश्य अनुसार पर्यटक आगमन सङ्ख्या	१४४
८.१६	ट्राभल, ट्रेकिङ, रयाफ्टीङ एजेन्सी, पर्यटक यातायात सेवा र टुर, ट्रेकिङ, रिभर गाइड विवरण	१४५
८.१७	नागरिक उड्डयनका प्रमुख सूचक	१४६
८.१८	त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सन् २०२५ मा सञ्चालन भएका अन्तर्राष्ट्रिय उडान तथा यात्रुको विवरण	१४७
८.१९	त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सन् २०२५ मा सञ्चालन भएका आन्तरिक उडान तथा यात्रुको मासिक विवरण	१४८
८.२०	आन्तरिक विमानस्थलबाट सन् २०२५ मा सञ्चालन भएका आन्तरिक उडान तथा यात्रुको विमानस्थलगत विवरण	१४९
९. शहरी विकास, आवास तथा ऊर्जा		१५०-१५२
९.१	विद्युत माग, खपत, उत्पादन एवं भौतिक संरचना	१५०
९.२	विद्युत उत्पादन तथा खपतको अवस्था	१५१
९.३	ऊर्जा खपतको विवरण	१५२
१०. भौतिक पूर्वाधार, यातायात तथा सञ्चार		१५३-१५६
१०.१	सवारी साधनहरूको विवरण	१५३
१०.२	भाषागत रूपमा दर्ता भएका पत्रपत्रिकाको विवरण	१५४
१०.३	दूरसञ्चार सेवाको अवस्था	१५५
१०.४	दूरसञ्चार सेवा संचालनको लागि अनुमतीपत्र प्राप्त संस्थाको विवरण	१५६
११. सामाजिक क्षेत्र		१५७-१८३
११.१	सामाजिक क्षेत्र विकासका परिसूचकहरू	१५७
११.२	मानव विकासको अवस्था	१५८
११.३	प्रमुख स्वास्थ्य सूचक र उपलब्धि	१५९

११.४	स्वास्थ्य संस्था, शैय्या र सरकारी सेवामा रहेका जनशक्तिको विवरण	१६०
११.५ (क)	राष्ट्रिय खोप कार्यक्रमअन्तर्गत खोप प्राप्त गर्ने बालबालिका तथा गर्भवती महिला	१६१
११.५ (ख)	स्वास्थ्य बीमा दावी र शोधभर्ना	१६२
११.६	स्वास्थ्यकर्मीको विवरण	१६३
११.७	नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका विशेषज्ञ चिकित्सकको विवरण	१६४-१६६
११.८	प्रजनन स्वास्थ्यको विवरण	१६७
११.९	प्रारम्भिक बाल शिक्षाको स्थिति	१६८
११.१०	विद्यालयका छात्रछात्रालाई उपलब्ध गराइएको छात्रवृत्ति	१६९-१७१
११.११	माध्यमिक शिक्षा परीक्षा, कक्षा १०-SEE (साविकको एस.एल.सी. परीक्षा) नियमिततर्फ सम्मिलित र उत्तीर्ण विद्यार्थीको विवरण	१७२
११.१२	शैक्षिक सूचक	१७३-१७४
११.१३	कक्षा ११ र १२ मा वार्षिक परीक्षामा सम्मिलित र उत्तीर्ण विद्यार्थीको सङ्ख्या	१७५
११.१४	आधारभूत र माध्यमिक विद्यालय र विद्यार्थीको सङ्ख्या	१७६
११.१५	विभिन्न तह र विषयमा छात्रवृत्तिमा अध्ययनार्थ मनोनयन भएका विद्यार्थीको संख्या	१७७-१७८
११.१६	विभिन्न विश्वविद्यालय अन्तर्गतका क्याम्पस र विद्यार्थी सङ्ख्या	१७९
११.१७	आधारभुत खानेपानी तथा सरसफाईको पहुँच	१८०
११.१८	बिगत दश बर्षमा हराएका, हराएका मध्ये फेला परेका र खोजतलास जारी रहेका बालवालिका सम्बन्धी अद्यावधिक विवरण	१८१
११.१९	विगत दश वर्षको सामाजिक सुरक्षा भत्ताको विवरण	१८२
११.२०	सामाजिक सुरक्षामा भएको विनियोजन र खर्च	१८३
१२. सुशासन र प्रशासन		१८४-१८७
१२.१	भिसाको विवरण	१८४

१२.२	लोकसेवा आयोगबाट समावेशी तथा खुला विज्ञापनबाट सिफारिस भएका उम्मेदवारको विवरण	१८५
१२.३	विभिन्न किसिमका विपदबाट मृत्यु भएको संख्या	१८६
१२.४	विपद् घटनाबाट भएको अनुमानित आर्थिक क्षति	१८७
१३. प्रदेश र स्थानीय तहको आर्थिक तथा सामाजिक स्थिति		१८८-२२८
१३.१	प्रदेशगत कुल मूल्य अभिवृद्धि (औद्योगिक वर्गीकरणअनुसार)- (प्रचलित मूल्यमा)	१८८
१३.२	प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना - (प्रचलित मूल्यमा)	१८९
१३.३	वृहत औद्योगिक वर्गीकरण अनुसारको प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना-(प्रचलित मूल्यमा)	१९०
१३.४	वृहत औद्योगिक वर्गीकरण अनुसारको प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर	१९१
१३.५	वृहत औद्योगिक वर्गीकरण अनुसार प्रदेशगत कुल गार्हस्थ्य उत्पादन, कुल गार्हस्थ्य उत्पादनको बार्षिक बृद्दिदर र मूल्य सूचकाङ्कको संरचना	१९२
१३.६	प्रदेशगत खर्च विवरण	१९३
१३.७	प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण	१९४-१९५
१३.८	आर्थिक वर्ष २०८१/८२ को स्थानीय तहको बजेट तथा खर्च स्थिति	१९६-२२८

अनुसूची १.१: कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर (औद्योगिक वर्गीकरण अनुसार)

(स्थिर मूल्यमा, आधार वर्षः २०६७/६८)

(प्रतिशतमा)

औद्योगिक वर्गीकरण	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२#	२०८२/८३*
कृषि, वन र मत्स्यपालन	५.१७	२.६१	५.१६	२.४३	२.८५	२.३५	३.०२	३.१०	३.०५	१.५८
खानी तथा उत्खनन्	१४.६०	९.४०	१७.६२	-२.२३	४.६५	८.८४	०.९१	३.३५	१.३९	३.५२
उत्पादनमूलक उद्योग	१६.८३	९.२१	६.५२	-९.०३	८.६६	६.७०	-१.७०	-२.०२	२.२७	२.८३
विद्युत, ग्यास, वाष्प, तथा वातानुकलित आपूर्ति सेवा	२२.८४	१०.३८	९.६१	१९.५१	४.१८	५२.६८	१९.७६	११.६१	१२.७१	२०.९३
पानी आपूर्ति, ढल फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरु	३.०३	४.५७	१.२२	२.१५	१.३५	३.०८	३.२२	१.२७	२.०५	१.९९
निर्माण	१८.६८	१२.१०	७.४८	-४.३९	७.००	६.९३	-१.४८	-२.२०	०.९६	२.२१
थोक तथा खुद्रा व्यापार, गाडि तथा मोटरसाइकल मर्मत सेवा	१०.७१	१७.२३	८.११	-११.३९	६.६४	७.४२	-४.१०	-०.३१	३.८८	४.५१
यातायात तथा भण्डारण	४.४१	११.६८	८.७७	-११.७९	४.४४	४.६०	१.४५	१३.४३	७.०७	५.७९
आवास तथा भोजन सेवा	१३.३९	१२.२१	९.९२	-३६.७८	१०.७३	१२.५६	१८.०३	२१.०३	४.६१	३.१२
सूचना तथा सञ्चार	१३.६५	२.१४	७.०५	२.०२	३.६७	४.१९	४.१५	४.९१	४.८८	५.५३
वित्तीय तथा बीमा क्रियाकलापहरु	९.८०	९.४३	६.३५	-०.३५	४.६६	६.९१	७.९२	९.९६	७.५५	९.१६
घरजग्गा कारोवारको सेवा	४.०५	१.५६	३.७५	२.०८	२.७७	१.७२	२.९१	२.२०	२.७७	२.६९
पेशागत वैज्ञानीक तथा प्राविधिक क्रियाकलापहरु	८.७१	४.९५	५.६१	१.५२	१.५१	३.५०	३.९३	४.१५	४.०३	३.२७
प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरु	१६.२८	१८.६२	६.४४	२.१९	२.३०	१.५८	५.०३	४.४८	३.७३	४.५२
सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा	८.०३	४.७१	५.१२	६.१६	३.३८	४.०८	५.४६	२.२५	३.००	०.२३
शिक्षा	७.२१	५.८३	५.९८	३.२०	३.९२	४.६६	३.९३	२.९८	२.३६	१.५०
मानव स्वास्थ्य तथा सामाजिक कार्य	७.४०	५.८७	६.६९	५.२०	६.६०	६.९९	६.५७	६.१३	४.६९	४.०४
